श्रीमद्भगवद्गीता रहस्य

मतिराज शर्मा भुसाल

श्री वाल्मिकि विद्यापीठ पुस्तकालयको निमित्त समर्पण

श्रीमद्भगवद्गीता रहस्य

मतिराज
ई०ई० 632

NEPAL SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Acc. 2562/2562

मतिराज शर्मा भुसाल

रत्न पुस्तक भण्डार
काठमाडौं, नेपाल

श्रीमद्भगवद्गीता रहस्य

मतिराज शर्मा भुसाल

प्रकाशक : रत्न पुस्तक भण्डार, काठमाडौँ, नेपाल
प्रथम संस्करण : वि.सं. २०७६ (सन् २०२०)
सर्वाधिकार : लेखकमा
कम्प्युटर सेटिङ : जिविजी कम्प्युटिङ
नेपालमा मुद्रित

Shreemadbhagawadgeeta Rahasya
(Geeta Secrets)

Matiraj Sharma Bhusal

ISBN : 978-9937-33-227-9

श्रीमद्भगवद्गीता रहस्य

गीता एक रहस्यात्मक दर्शन हो, पूर्वीय वाङ्मयको देदीप्यमान रत्न हो, मणि हो, गीता वेदान्त दर्शनको आत्मा हो, गीता आध्यात्मिक चिन्तन हो, आध्यात्मिक साहित्यमा यसको स्थान अत्यन्त सम्मानजनक छ । गीता श्रीकृष्णको दिव्य वाणी भएको हुँदा यसको स्थान उच्चतम छ ।

गीताको संक्षेपमा अर्थ भनेको 'तत्त्वमसि' महावाक्यको अर्थ नै गीताको अर्थ हो, रहस्य हो, गीता आफैँमा शास्त्र हो, पूर्ण हो, गीताले सत्य वस्तु ब्रह्म र जीवको विश्लेषण गर्दछ र जीवलाई ब्रह्ममा लय गराउँदछ ।

गीतामा भेदभाव छैन, गीता सनातन हो, अपौरुषेय हो

गीता स्वधर्ममा मात्र सीमित छैन परधर्ममा

पनि उत्तिकै सम्मान छ । गीतालाई धर्म

ग्रन्थ मात्र मान्नु भूल हुनेछ ।

रहस्य लेखक : **मतिराज शर्मा भुसाल**

श्री परम पूजनीय प्रातः स्मरणीय ब्रह्मनिष्ठ

स्वर्गीय पिता हरिलाल शर्मा भुसाल ज्यू

एवं

श्री परम पूजनीया परम श्रद्धेया ममतामयी

स्वर्गीय माता श्रीमती मित्रकला भुसाल ज्यूमा

सादर समर्पण

पुत्र मतिराज

प्रातः स्मरणीय



स्वर्गीय माता श्रीमती मित्रकला भुसाल

दुई शब्द

योगेश्वर श्रीकृष्णले अर्जुनलाई माध्यम बनाएर लोक एवं जीव कल्याणका लागि आफैंले प्रवचन गरेको गीता अमृतरूपी दिव्य वाणी हो। यसकारण अरू शास्त्रको भन्दा गीताको महत्त्व अत्यन्त उच्चकोटिको छ। गीता वेदान्त दर्शनको तीन प्रस्थानमध्ये स्मृति प्रस्थान भनेर प्रसिद्ध मानिन्छ। गीता वेदान्त भन्नेबित्तिकै उपनिषद् त्यसमा समावेश हुन्छ, त्यो रहस्यात्मक हुन्छ, विशिष्ट हुन्छ। त्यो वेदको शिरोभाग भएको हुँदा श्रीमद्भगवद्गीता त्यसको सार तत्त्व हो। 'शर्वोनिषदोगावो दोग्धा गोपाल नन्दन' अर्थात् उपनिषद्रूपी गाईबाट दूधरूपी गीता भगवान्ले निकाल्नुभएको हो। गीताले वेदका चरम सूक्ष्मभन्दा सूक्ष्म सिद्धान्तको दिग्दर्शन गराउँदछ। त्यसै कारण गीतालाई वेदान्त दर्शनको स्रोत भनिएको हो। गीता पूर्वीय दर्शनको देदीप्यमान रत्न हो, मणि हो। गीताले मनुष्यलाई अनुशासन गर्न सिकाउँदछ, कर्म गर्न प्रेरित गर्दछ। गीता आचार प्रधान ग्रन्थ हो। गीताले कर्तव्य र कर्ममा विशेष जोड दिएको छ। गीताले कर्मद्वारा जीवलाई आत्मज्ञान गराएर आफ्नो स्वरूपको ज्ञान गराउादछ। ब्रभ्ह्मसँग एकाकार गराउँछ। सत्य वस्तुको अन्वेषण गरेर पत्ता लगाउँदछ। सत्य वस्तु भनेको आत्मा हो। आत्माको अस्तित्व सधैं रहिरहन्छ। असत्य वस्तु नाशवान् छ, त्यसको अस्तित्व कहिले पनि रहँदैन। आत्मा स्थिर छ, शरीर अस्थायी छ नाशवान् छ, असत्यको अस्तित्व रहँदैन। यही ज्ञान गीताले प्रवाह गर्दछ। आत्मा सनातन छ, सबैमा छ, त्यसै कारण गीतालाई सनातन भनिन्छ। गीता संसारका मानव मात्रको शास्त्र हो। गीता अपौरुषेय हो। गीतामा साम्प्रदायिकता छैन, भेदभाव छैन। गीताले 'वशुधैव कुटुम्बकम्' को सिद्धान्त आत्मसात् गरेको छ। गीताले मुख्य केन्द्रमा आत्मालाई राखेर विवेचना गरेको छ। शरीर रहेसम्म वासना रहन्छ, मोह रहन्छ, अज्ञान रहन्छ। अज्ञान रहेसम्म जीवको कल्याण हुन सक्दैन। काम, क्रोध, ईर्ष्या, मोह, लोभ, रहिरहन्छन्। ती भनेका पापका वासस्थान हुन्। शत्रु पनि हुन्। यिनै आफू भित्रका शत्रुसँग लड्न युद्ध गर्न गीताले सिकाउँदछ। ज्ञान प्रदान गर्दछ। दया, करुणा, परोपकार, क्षमा, धर्मका वासस्थान हुन्। आफूमा प्रमातृत्व, कृतृत्व, भोक्तृत्व, यी त्रिपुट अन्तस्करणमा रहेसम्म जीवको कल्याण हुन सक्दैन। गीताले

गराउने ज्ञान भनेको बाहिरको ज्ञान, संसारको ज्ञान, वासनाको ज्ञान, शरीरको ज्ञान, जगत्को ज्ञान हैन त्यो अपरा ज्ञान हो । त्यो ज्ञान गरेर जीवको कल्याण हुन सक्दैन । बन्धनबाट मुक्त हुन पनि सक्दैन भनेर गीताले निर्देशन गर्दछ । पराज्ञान अन्तर्मुखी भएर गरिने ज्ञान हो । आत्माको ज्ञान हो त्यो गर्न गीताले प्रेरित गर्दछ । त्यो आत्माको ज्ञान गर्न गीता गुरु परम्पराबाट आएको हुँदा अर्जुनले पनि गीता २-७ मा "शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नं" भनेर मोह ग्रस्त अर्जुनले गुरु स्वीकारेपछि मात्र योगेश्वर कृष्णले अर्जुनलाई कर्म गर्न उद्यत गराउनु भएको छ र यज्ञ नै कर्म हो भनेर यज्ञका प्रकार द्रव्य यज्ञ, तप यज्ञ, योग यज्ञ, ज्ञान यज्ञ, कर्म, अकर्म, विकर्म, निष्काम कर्म, नियत कर्म, काम्य कर्म, प्रारब्ध कर्म, आदि कर्मको उपदेश गराएको पाइन्छ । कर्म, ज्ञान, उपासना भक्ति नै भगवान्लाई प्राप्त गर्ने मुख्य साधन हुन् त्यसमा ज्ञान र भक्ति नै दुई मुख्य हुन् तर कर्म बेगर त दुवै पूर्ण हुन सक्दैनन् । कर्म त दुवैमा अनिवार्य मानिएको छ । त्यस्तै गीतामा कर्म र क्षमता योग्यताको आधारमा नै वर्ण व्यवस्था गरिएको हो । न कि जातिपातीको आधारमा भनेर गीताले ज्ञान गराउँदछ । गीतले जीव र ईश्वरको एकत्व गराउँछ, त्यसैकारण जीवको प्रतीक अर्जुन र ईश्वरको प्रतीक श्रीकृष्ण भएर गुरुकै रूपमा उपदेश गरेर जीवको कल्याण, जीवलाई बन्धनबाट मुक्त गरी जीवको उद्धार गीताले गरेको छ । त्यो गर्न प्रथम षडङ्गले जीवको स्वरूपको ज्ञान गराउँछ । द्वितीय षड्गले ईश्वरको स्वरूपको ज्ञान गराउँदछ । त्यस्तै तृतीय षडङ्गले जीव र इश्वरको एकत्व गराएर गीता १८-६२ मा "त्वमेवशरणम् गच्छ सर्वभावेन भारत" भनेर अर्जुन तिमी ईश्वरका शरणमा जानु भनेर शरणागतिमा जोड दिएको छ । त्यस्तै १८-६६ मा सबै धर्म छोडेर मेरो उपासना गर मेरो कृपा प्राप्त हुन्छ र तिमी ममा नै प्राप्त हुनेछौ भनेर उपदेश गरेको हुँदा गीता अध्ययन गरेर पुस्तक साथमा राखेर त्यसै पुस्तकलाई ढोगेर मात्र केही लाभ छैन गीतालाई आत्मसात् गरेर आफ्नो जीवनमा व्यवहारमा उतार्न सके मात्र जन्म-मृत्यु चक्रबाट निवृत्त हुन सकिन्छ भनेर गीताले ज्ञान गराउँदछ । गीताले समाजलाई दिन खोजेको सन्देश पनि त्यही हो । गीताका टीका व्याख्या त संस्कृत भाषालगायत धेरै भाषासहित नेपालीमा पनि नभएका त हैनन् तर सर्वसाधारण सबैले बुझ्ने र गीताको मर्म र भावनालाई बुझेर आफ्नो जीवनमा उतार्न सक्ने किसिमको पुस्तक आजसम्म कुनै उपलब्ध नभएको महसुस गरी गीताका प्रेमी मुमुक्षु पाठक महानुभावहरूको जिज्ञासा मेटाउन यो पुस्तक अवश्य पनि फलदायक हुनेछ भन्ने विश्वास लिएको छु । यो पुस्तक लेखन प्रकाशनको क्रममा भएका कमीकमजोरी, अशुद्धिलाई सच्याई अध्ययन गरिदिई

सुझावको पनि अपेक्षा गरेको छु । ताकी अर्को संस्करण परिमार्जित परिष्कृत भएर आउन सकोस् । कमीकमजोरीका लागि क्षमाप्रार्थी छु । साथै यो पुस्तकका लागि शुभकामना प्रदान गर्न अनुरोध गर्दा बडो श्रद्धाका साथ शुभकामना प्रदान गर्ने राष्ट्रकवि श्री माधव घिमिरेज्यू एवं हरिहर संन्यास आश्रम परमानन्द गुरुकुलका अध्यक्ष पीठाधीश श्री १००८ स्वामी ज्ञानानन्द सरस्वतीज्यूमा पनि कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यस्तै यो पुस्तकको शुद्धाशुद्धि हेरि सम्पादन गरिदिने श्री बालमिकि विद्यापीठका सह प्रा. श्री नारायणप्रसाद पौडेलज्यू एवं सह प्रा. श्री लालमणि पाण्डेज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । त्यस्तै यो पुस्तक लेखनका लागि हर तरिकाले मेरो मनोबल उच्च गरिदिने प्रेरणा प्रदान गर्नुका साथै सहयोग गर्ने मेरी जीवन सँगिनी श्रीमती लक्ष्मी भुसाल, छोरा बुहारी इ. मोहन भुसाल, सुधा भुसाल, दिनेश भुसाल, शोभा भुसाल, दिपेन्द्र भुसाल, सीता भुसाल एवं छोरी माया भुसाल, ज्वाइं टेकराज पौडेल समेतमा शुभाशीषसहित धन्यवाद नदिई रहन सक्दिन ।

त्यस्तै पूर्वीय दर्शन वैदिक सभ्यता (संस्कृति) एवं अनुशासनको पाठ हाम्रा पूर्वज ऋषिमुनिहरूले आफ्नो तपस्या र अध्यात्म चिन्तनद्वारा आर्जन गरेको ज्ञान विश्वलाई शिक्षा दिने हाम्रो देश आज पाश्चात्य संस्कृतिको अतिक्रमणमा परेर आफ्नो सभ्यता र अध्यात्म चिन्तनलाई भुलेर भौतिक सम्पन्नता नै जीवनको सर्वोपरि लक्ष्य हो भन्ने ठान्ने आजको हाम्रो समाजमा रत्न पुस्तक भण्डारका सञ्चालक कर्मयोगी साधक श्री गोविन्दप्रसाद श्रेष्ठज्यूले वैदिक संस्कृतिको ज्ञान नगरेसम्म मनुष्यले आफ्नो अन्तिम लक्ष्य प्राप्त गर्न सक्दैन । अन्तिम लक्ष्य भनेको शान्ति र आनन्द नै हो भन्ने शाश्वत सत्यलाई आत्मसात् गरी सबैको कल्याण चिताई वैदिक धार्मिक पुस्तकहरू प्रकाशन गरी सबै मानिसले जन्म-मृत्यु चक्रबाट उन्मुक्ति पाऊन् भन्ने महान् उद्देश्यका साथ यो 'श्रीमद्भगवद्गीता रहस्य' नामक पुस्तक प्रकाशन गरेर सहयोगका साथै प्रशंसनीय कार्य गर्नुभएको हुँदा उहाँलाई पनि धन्यबाद दिन चाहन्छु ।

त्यस्तै यो पुस्तकको कम्प्युटर टाइप सेटिङ, डिजाइन गरी सहयोग गर्ने क्विन डिजाइन एन्ड प्रिन्टका श्री राजिब महर्जन र जिविजी कम्प्युटिङलाई पनि धन्यवाद दिन चाहन्छु ।

अस्तु ।

– मतिराज शर्मा भुसाल

शुभकामना

विद्वान् मतिराज शर्मा भुसालजीको 'श्रीमद्भगवद्गीता रहस्य' ग्रन्थभित्र के छ भनी लेखहरू सरसरी हेरें र लेखकको मुखबाट पनि केही सुन्ने मौका पाएँ । गीताका विषयवस्तु र गीताको मर्म भावनालाई केही हद्सम्म समेटेको पाइयो । गीता एक रहस्यात्मक विद्या हो । अरू धेरै ग्रन्थहरू मनुष्य कोटिका महापुरुषले रचना गरेका हुन् भने यो गीता साक्षात् भगवान्बाट अर्जुनलाई माध्यम बनाएर जीव कल्याणका लागि वाचन गरेको हुँदा यो भगवान्को महान् दिव्य वाणी हो । यसकारण यसको महत्त्व विशेष खालको उच्च कोटिको मानिन्छ ।

पूर्वीय दर्शनको स्रोत वेद हो भने त्यसैको निचोड सार तत्त्व गीता हो । गीता वेदान्त दर्शनको मुख्य प्रतिपादित विषय हो । वेदान्त दर्शनका प्रस्थान त्रयीमा उपनिषद्, ब्रह्मसूत्र, गीता भए तापनि गीताको महत्त्व अलग्गै छ । यसले ब्रह्मको उद्घाटित गर्दछ । जीव र ब्रह्मको विषयमा सूक्ष्म रूपले विश्लेषण गर्दछ । साथै सत्य वस्तुको खोजी गर्दछ । गीता हिन्दु सनातनीको मात्र नभै यो मानव मात्रको शास्त्र हो । गीता विश्वका धेरै भाषामा उपलब्ध छ । गीतामा भेदभाव छैन । गीता अपौरुषेय हो । यस श्रीमद्भगवद्गीता रहस्यबाट पाठकले गीता अध्ययन मात्र गरेर केही लाभ छैन । गीताको भावनालाई आत्मसात् गरी व्यवहारमा उतार्न सके मात्र त्यसको सार्थकता हुन्छ भन्ने गीताको मर्मलाई यस पुस्तकमा केन्द्रित भएको पाएँ । यो अत्यन्त सराहनीय विषय हो । यसबाट पाठकले अध्यात्म चिन्तन गरेर शान्ति प्राप्त गर्न फलदायी हुनेछ भन्ने ठानेको छु । सर्वसाधारणले बुझ्न सक्ने गरी यो पुस्तक पाठक सक्षम पुऱ्याउने प्रयास गर्नुभएकोमा रहस्यकर्तालाई शुभकामनासहित धन्यवाद दिन चाहन्छु ।

माधव घिमिरे

राष्ट्रकवि माधव घिमिरे

२०७६/०४/२२

शुभाशंसा

श्रीमद्भगवद्गीता पूर्वीय वाङ्मयको एक देदीप्यमान मणि हो । केवल हिन्दु धर्म ग्रन्थमा मात्र नभई विश्वका सम्पूर्ण आध्यात्मिक साहित्यमा यसको स्थान अत्यन्त उच्चतम छ । यो यस्तो गरिमायुक्त ग्रन्थ हो । जसको स्वदेश र स्वधर्ममा मात्र हैन, विदेश एवम् परधर्ममा पनि अत्यधिक सम्मन छ ।

आचार्यहरूले मोक्षरूप गन्तव्यका लागि तीन प्रस्थान तय गरेका छन् । गीता, उपनिषद् र ब्रह्मसूत्र तीनमा पनि साधारण मुमुक्षुका लागि गीता जति सुलभ, सुबोध छ त्यति दुई प्रस्थान छैनन् भन्दा अत्युक्ति हुँदैन । गीताका वक्ता भगवान् श्रीकृष्ण र श्रोता वीराग्रगण्य पाण्डुपुत्र अर्जुन, स्वयं नर र नारायणका अवतार नारायण ईश्वरका प्रतीक हुन् भने अर्जुन जीव, जीवमा जिज्ञासा रहन्छ जीवरूपी अर्जुनको जिज्ञासा निवृत्यही कृष्णले गरेको उपदेश नै श्रीमद्भगवद्गीता हो । वेदान्तका साधक मतिराज भूसालज्यूले केही न केही वेदान्त सम्बन्धी ग्रन्थको अध्ययन, लेखन कार्य नगरी बस्न रुचाउनु हुन्न, यो स्तुत्य पक्ष हो । स्वात्तः सुखाय होस् वा जिज्ञासुहरूको कल्याणार्थ, जेहोस् यसपटक भावप्रधान 'श्रीमद्भगवद्गीता रहस्य' मा चलाएका लेखनीको प्रशंसा गर्दै भविष्यमा पनि लेखनीले विश्राम नलिऊन् यही शुभाशंसा ।

स्वामी ज्ञानानन्द सरस्वती

स्वामी ज्ञानानन्द सरस्वती
श्रीहरिहर संन्यास आश्रम देवघाटधाम, तनहु

विषयसूची

क्र.सं.	विषय	पृष्ठ सं.
१)	श्रीमद्भगवद्गीता माहात्म्य	१
२)	श्रीमद्भगवद्गीता के हो ?	४
३)	प्रथमोऽध्याय	१४
४)	द्वितीयोऽध्याय	२५
५)	तृतीयोऽध्याय	४१
६)	चतुर्थोऽध्यायः	४९
७)	पञ्चमोऽध्यायः	५९
८)	षष्ठोऽध्यायः	६६
९)	सप्तमोऽध्यायः	७६
१०)	अष्टमोऽध्यायः	८७
११)	नवमोऽयायः	९७
१२)	दशमोऽध्यायः	१०७
१३)	एकादशोऽायायः	११९
१४)	द्वादशोऽध्यायः	१३५
१५)	त्रयोदशोऽध्यायः	१४१
१६)	चतुर्दशोऽध्यायः:	१५१
१७)	पञ्चदशोऽध्यायः	१५९
१८)	षोडशोऽध्यायः	१६७
१९)	सप्तदशोऽध्यायः	१७४
२०)	अष्टादशोऽध्यायः	१८२
२१)	उपसंहार	२०३

सन्दर्भग्रन्थ

१. ब्रह्मसूत्र

२. योगवाशिष्ठ

३. तत्त्वबोध

४. आत्मबोध

५ विवेकचूडामणि

६. सर्ववेदान्त-सिद्धान्त-सारसङ्ग्रह

७. श्रीमद्भगवद्गीता

८. ब्रह्मसूत्र (शाङ्करभाष्य)

९. गीता शाङ्करभाष्य

१०. श्रीमद्भागवद् महापुराण

११. रामायण

१२. नारदभक्ति दर्शन

१३. विविध उपनिषद्हरू

१४. अष्टावक्र गीता

श्रीमद्भगवद्गीता माहात्म्य

गीताशास्त्रमिदं पुण्यं यःपठेत् प्रयतः पुमान् ।
विष्णोःपदमवाप्नोति भयशोकादिवर्जितः ।।१।।

अर्थ - जुन मानिसले यस गीताशास्त्रलाई राम्रोसँग अध्ययन गर्दछ र गीताको उपदेशलाई आफ्नो जीवनमा उतार्दछ, त्यस्ता व्यक्तिले सबै दुःख-कष्टबाट मुक्ति पाउँदछ, विष्णुको पद यसै जीवनमा प्राप्त गर्दछ र सबै किसिमका भयशोकबाट पनि वर्जित हुन्छ। अथवा भयशोकबाट पनि मुक्त हुन्छ। त्यस्ताको अर्को जीवन पनि आध्यात्मिक हुनेछ, सुखमय हुनेछ।

गीताध्ययनशीलस्य प्राणायामपरस्यच ।
नैव सन्ति हि पापानि पूर्वजन्मकृतानि च ।।२।।

जसले अत्यन्त गम्भीर भएर निष्ठापूर्वक गीताको अध्ययन गर्दछ त्यस्तो मानिस भगवान्का कृपाले आफ्ना पूर्वजन्मका सम्पूर्ण दुष्कर्मका पापका प्रतिफलदेखि बच्दछ र सबै पाप नरहेपछि ऊ भगवान्मा नै मिल्दछ अथवा मुक्ति प्राप्त गर्दछ।

मलनिर्मोचनं पुंसां जलस्नानं दिने दिने ।
सकृद् गीताम्भसि स्नानं संसारमलनाशनम् ।।३।।

प्रत्येक दिन गङ्गाजलमा स्नान गर्नाले केवल शरीरको बाहिरको मयल मात्र सफा हुन्छ तर जीवनमा एकै पटक भए पनि गीतारूपी अमृत जलले स्नान गर्ने हो भने मानिसका सम्पूर्ण कल्मष, अन्तःकरणको मलदोषसहित आवरणदोष, विक्षेपदोष सदाका लागि पखालिन्छन्। त्यो स्नान भनेको गीताको अध्ययन, मनन, निदिध्यासन गर्नु हो। किनकि गङ्गाजी त भगवान्को अङ्गुष्ठाबाट उत्पन्न भएकी हुन् भने गीता त भगवान्को मुखारविन्दबाट उत्पन्न वाणी भएकाले गीताको स्थान शास्त्रहरूमा उच्चकोटिको मानिन्छ।

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिः सृता ।।४।।

गीता सुगीता भनेको गीताको राम्रोसँग अध्ययन गर्नु भनेको हो। गीता के हो भन्दा भगवद्गीता श्रीकृष्ण भगवान्का मुखारविन्दबाट निःसृत

भगवान्को दिव्य वाणी हो । त्यसैले यसको अध्ययन गरेपछि अन्य वैदिक साहित्यहरूको अध्ययन गरिरहनुपर्ने कुनै आवश्यकता छैन । वर्तमान युगमा मानिसहरू सांसारिक कार्यमा अति नै व्यस्त हुने हुनाले तिनीहरूलाई समस्त वैदिक साहित्यको अध्ययन गर्न सम्भव छैन, त्यस्तो गर्न अथवा अरू शास्त्र अध्ययन गर्न आवश्यक पनि छैन । तिनीहरूका लागि एउटै भगवद्गीता मात्र पर्याप्त छ किनभने यो नै सम्पूर्ण वैदिक ग्रन्थहरूको सार तत्त्व हो र यसको प्रवचन स्वयं भगवान्ले गर्नुभएको हो ।

भारतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिः सृतम् ।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ।।५।।

सामान्यतया गङ्गाको जल पान गर्ने व्यक्ति मुक्त हुन्छ भने भगवद्गीतारूपी अमृत जल पान गर्ने व्यक्तिको मुक्ति नहुने कुरै भएन । भगवद्गीता महाभारतको अमृतमय सार तत्त्व हो र यसलाई स्वयं भगवान् कृष्णले नै सुनाउनुभएको हो । अतः भगवद्गीता भगवान्का मुखारविन्दबाट निस्किएको दिव्यवाणी हो । त्यसै गरी गङ्गा भगवान्का चरणकमलबाट प्रवाहित भएको पावन जल हो । हुन त भगवान्का मुखारविन्द तथा चरणारविन्दमा कुनै विशेष अन्तर छैन तैपनि निष्पक्ष भएर भन्नु पर्दा, चरणबाट प्रवाहित भएको गङ्गाजलभन्दा मुखारविन्दबाट प्रवाहित भएको भगवद्गीतारूपी अमृत जल नै अधिक महत्त्वपूर्ण मानिन्छ, भनिएको पनि छ ।

सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः ।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ।।६।।

यो गीता समस्त उपनिषद्हरूको सार हो । त्यसैले गीतामा 'गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे' भनिएको हो अर्थात् भगवद्गीता सम्पूर्ण उपनिषद्हरूको निचोड हो, त्यसै कारण उपनिषद्हरू गाई हुन् भने यो गीता तिनै गाईहरूको अमृतमय दूध हो । अब त्यो दूध गाई छन् भन्दैमा त्यसै त भाँडामा आउँदैन, गाईलाई त दुहुनुपर्दछ । फेरि दुहुनका लागि त पगार्न बाछोबाछीको पनि आवश्यक पर्दछ । ग्वाला बालकका रूपमा प्रख्यात भगवान् श्रीकृष्णले यसलाई दुहुने काम गर्नुभएको छ र अर्जुन बाच्छो जस्ता बनेर दूध पगारिरहेका छन् । किनभने यहाँ अर्जुनले विभिन्न लोककल्याणकारी प्रश्न गरिराखेका छन्, सोधिराखेका छन् र श्रीकृष्णले बल्ल अमृतमय गीतारूपी दूध दोहन गर्नुभएको छ । यो अमृतमय दूध पान गर्ने जति सबै विद्वान् शुद्ध भक्तहरूले यो गीतारूपी अमृत पान गरिराखेका छन् ।

एकं शास्त्रं देवकीपुत्रगीतम् एको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि कर्माप्येकं तस्य देवस्य सेवा ।।७।।

वर्तमान युगका मानिसहरू एउटै शास्त्र, एउटै धर्म, तथा एउटै वृत्ति (कार्य) का लागि अत्यन्त उत्सुक भइरहेका छन् । अतःएव 'एकं शास्त्रं देवकीपुत्रगीतम्' भनिएको छ अर्थात् भगवद्गीता नै संसारभरिका मानिसहरूको एकमात्र शास्त्र होस् । 'एको देवो देवकीपुत्र एव' अर्थात् भगवान् श्रीकृष्ण नै सारा विश्वका मानिसका लागि एकमात्र उपासना गर्ने देव होऊन् । 'एको मन्त्रस्तस्य नामानि यानि' अर्थात् भगवान् श्रीकृष्णको नाम 'हरे कृष्ण हरे कृष्ण । कृष्ण, कृष्ण हरे हरे । हरे राम, हरे राम, । राम, राम, हरे हरे ॥' नै संसारभरिका मानिसहरूको एकमात्र मन्त्र बनोस् । 'कर्माप्येकं तस्य देवस्य सेवा' अर्थात् उनै श्रीकृष्ण भगवान्को सेवा गर्नु नै संसारभरिका मानिसहरूको एक मात्र कर्म बनोस् ।

श्रीमद्भगवद्गीता के हो ?

हे कृष्ण ! करुणासिन्धो ! दीनबन्धो ! जगत्पते ।
गोपेश ! गोपिकाकान्त ! राधाकान्त ! नमोऽस्तु ते ।।

हे करुणाले भरिएका करुणाका सागर दुःखीहरूका सबै किसिमका दुःख हरण गर्न सक्ने सखा संसारका मालिक गोपाल जनहरूका ईश्वर गोपिनीहरूका प्यारा राधिकाका प्रिय त्यस्ता परब्रह्मेश्वर श्रीकृष्णलाई नमस्कार एवं वन्दना गर्दछु ।

गीता एक रहस्यात्मक विद्या हो । गीता भन्नेबित्तिकै त्यो रहस्यात्मक हुन्छ विशेष हुन्छ । जस्तै श्रीमद्भगवद्गीता खास श्रीकृष्ण र अर्जुनको संवाद गीता हो । यसमा ३ षडङ्ग १८ अध्याय ७०० श्लोक छन् । ती सात सय श्लोकमध्ये श्रीकृष्णले वाचन गरेका श्लोक ५७५, अर्जुनले वाचन गरेका ८४ श्लोक र सञ्जयले वाचन गरेका ४० श्लोक छन् भने १ श्लोक धृतराष्ट्रले वाचन गरेको छ । यसैले यो गीता श्रीकृष्णको महावाणीको साथसाथै कृष्ण, अर्जुन, सञ्जय, धृतराष्ट्रको संवादको दस्तावेज पनि हो । प्रथम षडङ्ग १ अध्यायदेखि ६ अध्यायसम्मलाई भनिन्छ । ७ अध्यायदेखि १२ अध्यायसम्म द्वितीय षडङ्ग भनिन्छ । १३ अध्यायदेखि १८ अध्यायसम्म तृतीय षडङ्ग भनिन्छ ।

१) प्रथम षडङ्गले जीवको शुद्धीकरण गर्दछ ।

२) द्वितीय षडङ्गले कर्मफलको रहस्य बताउनुका साथै ब्रह्मको परिचय गराउँछ ।

३) तृतीय षडङ्गले मोक्षको उपाय बताउँदछ ।

तर गीता धेरै छन् । जस्तै श्रीमद्भगवद्गीता, रामगीता, देवीगीता, गणेशगीता, अष्टावक्रगीता, अद्भुतगीता भन्नेबित्तिकै त्यसमा कुनै न कुनै रहस्य घुसेको हुन्छ । उपनिषद् घुसेको हुन्छ । त्यसैले 'गीतासूपनिषत्सु ब्रह्मविद्यायां' भनेर प्रत्येक अध्यायमा उल्लेख गरेको पाइन्छ । गीता भगवान्को वाणी भएको हुनाले अरू विद्याभन्दा गीताको ठूलो महत्त्व मानिन्छ । किनकि शास्त्रहरू त धेरै छन् । गर्ग संहिता, मनुस्मृति, याज्ञवल्क्य संहिता, विभिन्न विद्वान्हरूका भाष्य महाभाष्य छन् । तर ती सबै मनुष्य

कोटिका महापुरुषहरूले रचना गरेको हुन्। तर गीता साक्षात् भगवान् श्रीकृष्णको वाणी भएको हुँदा गीतालाई एक विशेष प्रकारको अति महत्त्वपूर्ण शास्त्र मानिन्छ।

गीताको राम्रोसँग अध्ययन गरेको खण्डमा सबै ज्ञान गीताबाट प्राप्त हुन्छ। त्यसै कारण गीतामा सबै विषय समेटिएको छ। गीता कल्पवृक्ष हो। जसले जस्तो कल्पना गर्छ त्यसले त्यस्तै फल प्राप्त गर्न सक्दछ। गीता कामधेनु हो। जसलाई जे चाहिन्छ जसले जस्तो वस्तु प्राप्त गर्ने कामना गर्दछ उसले त्यस्तै फल प्राप्त गर्न सक्दछ। त्यसैले गीतालाई कामधेनु भनिएको हो। गीतालाई आफ्नो क्षमताअनुसार जसले जस्तो अर्थ गर्न सक्दछ त्यसले त्यही पाउन सक्दछ। गीता समुद्र हो जसले जस्तो जति मापदण्डको पात्र लिएर समुद्रमा जान्छ त्यति नै अनुपातमा जल लिएर आउँछ त्यस्तै गीताबाट पनि क्षमताअनुसारको ज्ञान मुमुक्षु पाठकले लिन सक्दछ। गीताको अर्थ त्यही हो यसको व्याख्या यति मात्र हो भनेर कुनै पनि विद्वान्ले आजसम्म भन्न सकेको अवस्था छैन। किनभने गीतालाई समुद्र भनेको समुद्रमा सबै प्रकारका निधिहरू छन्। जसले जति निधिहरू लिने क्षमता राख्दछ उसले त्यति नै प्राप्त गर्न सक्दछ, गीतामा पनि पाठकले क्षमताअनुसार ज्ञान प्राप्त गर्दछ।

गीता अध्ययन गर्न पात्रता चाहिन्छ। अनि भक्त हुनुपर्दछ। गीता अध्ययन गर्न साधन चतुष्टयको ज्ञान हुन आवश्यक छ। गीता अध्ययन मात्र गरेर केही लाभ छैन। त्यसलाई आफ्नो जीवनमा उतार्नु सक्नुपर्दछ। त्यसैले गीतामा जसले जस्तो चाहना गऱ्यो त्यस्तै प्राप्त गर्न सक्दछ भनेर कामधेनु भनेको हो। जे कल्पना गर्न आवश्यक पर्दछ त्यो गीतामा प्राप्त हुन्छ त्यसैले कल्पवृक्ष भनिएको हो। रामानुजाचार्यले गीतालाई शरणागति हो भनेर भन्नुभएको छ।

सर्वधर्मान् परित्यज्य गीता १८-६६ भनेर उदाहरण दिनुभएको छ। गीतामा साम्प्रदायिकता छैन। 'वसुधैव कुटुम्बकम्'को नीति गीतामा छ। संसारका मानिस हामीहरूका कुटुम्ब हुन् भन्ने गीताको मूल मन्त्र हो। गीताको सिद्धान्त सङ्कुचित घेराभित्र सीमित छैन। गीतामा खास बुझ्नुपर्ने कुरा के हो भने गीता सनातन हो। अब सनातन भनेको के हो भन्दा सनातन भनेको आत्मा हो। आत्मा कुनै सम्प्रदाय विशेष धर्म विशेष भनेर सीमित रहँदैन। आत्मा त इसाईमा पनि छ मुस्लिममा पनि छ अथवा बुद्धिस्ट एवं सनातन हिन्दुमा पनि छ। त्यसैले गीतामा भेद छैन। गीताले मुख्य केन्द्रमा

आत्मालाई राखेर विवेचना गरेको छ। आत्मा सबैमा छ मानिसमा अज्ञान रहेसम्म आफू म जान्ने छु भन्ने घमण्ड हुन्छ। यही नै मानिसको असफलताको मुख्य कारण हो। जब उसले केही ज्ञान हासिल गर्दछ। तब उसले पश्चात्ताप गर्न थाल्दछ। त्यसपछि उसले गुरुजनप्रति श्रद्धा गर्न थाल्दछ। तब उसमा पूर्ण ज्ञान हुन्छ। बल्ल उसले आफूभित्रै भएका शत्रु, काम, क्रोध, लोभ, मोह, ईर्ष्यालाई आफ्ना शत्रु हुन भन्ने जान्दछ। गीतामा अर्जुनको विषाद योग भनेकै मोहरूपी शत्रुले ग्रस्त पारेको हो।

गीताको प्रथमोऽध्यायःमा विषाद योगकै विषयमा विस्तृत रूपमा वर्णन गरिएको छ। साथै गीतामा मुख्यरूपमा दैवी सम्पदा अथवा भाव र आसुरी सम्पदा अथवा भावको विषयमा नै युद्ध भएको छ। त्यो दैविक शक्तिको प्रतीक आत्मा हो भने आसुरी शक्तिको प्रतीक शरीर र इन्द्रिय जन्य काम, क्रोध, लोभ, मोह, ईर्ष्या हुन्। ती सबै हाम्रो शरीरभित्रै छन्। भनेर गीता १३ अ. १ मा

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ।।

शरीर भनेको क्षेत्र र त्यो शरीरलाई जान्ने त्यसै शरीरभित्र बस्ने आत्मालाई क्षेत्रज्ञ भनेर बताइएको छ।

क्षेत्र र क्षेत्रज्ञको व्याख्या गरेर कृष्णले उपदेश गर्नुभएको छ। त्यस्तै गीताले धर्म र अधर्म बीचको युद्ध सत्य र असत्य बीचको युद्धको निचोड एवं सत्यको विजय असत्यको हार र धर्मको विजय अधर्मको हार भएको त्यस्तै आत्मा र अनात्माबीचको युद्ध र अनात्माको पराजय आत्मको विजय यही नै गीताले दिन खोजेको सन्देश हो। त्यसकारण गीताको माहात्म्यमा गीता सुगीता ... भनेर भनिएको छ। गीताको राम्रोसँग अध्ययन गरेको खण्डमा अरू शास्त्रको अध्ययन गर्ने आवश्यक पर्दैन। सबै हामीलाई आवश्यक पर्ने शास्त्र गीतामा छ। त्यस्तै गीतामा अध्यात्म विद्या र भौतिक विद्या अथवा ज्ञान र विज्ञानको पनि विवेचना गरेको छ। फरक यति मात्र हो ज्ञान चेतन छ। विज्ञान जड छ। यही ज्ञान गीताले दिन्छ।

गीतालाई योगशास्त्र पनि भनिन्छ। गीताले आध्यात्मिक ज्ञान आदि दैविक ज्ञान र आधिभौतिक ज्ञान गराउँदछ। जस्तै- गीताले निर्मल चैतन्य ब्रह्म सम्बन्धी ज्ञान गराउँदछ। गीता आध्यात्मिक शास्त्रमध्येको उत्कृष्ट

शास्त्र हो भनेर योगवाशिष्ठले बताएको छ। 'यत्सर्वं खल्विदं ब्रह्म तज्जलनिधि चतुष्टयम्' योग वाशिष्ठको अन्तिम श्लोकमा यसरी व्याख्या गरेको छ। ब्रह्मको यता, उता, दैविक, भौतिक जे जति रूप छ त्यो सबै ब्रह्मकै अंश हो। त्यसैमध्येको शास्त्र गीता हो। उपनिषद्हरूको निचोड पनि गीता हो भनेर भाष्यमा उल्लेख गरेको पाइन्छ। ज्ञान नै अन्तिम ब्रह्मसँग एकाकारको बिन्दु हो भनेर गीताले बताउँदछ। त्यस्तै निष्काम कर्मयोग गीताले सिकाएको छ, त्यसको व्याख्या गरेको छ। निष्काम कर्मको निचोड भनेको अहंकार, फलको आशारहित कर्म गर्नु भनेको हो। अर्को मुख्य शिक्षा गीताले के भन्दछ अथवा उपदेश गर्दछ भने कुनै पनि समाज होस्, राष्ट्र होस् अथवा घरै किन नहोस् त्यसको प्रमुख अथवा नायकले जस्तो आचरण व्यवहार गर्दछ त्यसैको सिको अथवा पथ प्रदर्शक त्यसभन्दा तलका पुस्ताले मान्दछन् र त्यसको प्रभाव त्यहाँ पर्दछ। त्यसै कारण जसले समाजको/राष्ट्रको अगुवा गर्दछ त्यसले राम्रो आचरण, व्यवहार गर्नुपर्दछ भनेर गीता ३-२१-२२ मा 'यद्यदाचरति श्रेष्ठः न मे पार्थास्ति कर्तव्यम्' भनेर मैले कर्म गरिन भने संसारले कर्म गर्न छोड्ने छ भनिएको छ।

त्यसको दोष ममा आउँदछ। तर मलाई तीनै लोकमा प्राप्त हुन नसक्ने वस्तु केही छैन तर पनि मैले कर्म गरेको छु कर्म छोडेको छैन भनेर समाजलाई ठूलो मार्गदर्शन गीताले गर्दछ। आफूमा भएको अहंकार आफूबाट निकालेर फालेको खण्डमा मात्र कर्म सफल हुन्छ। आफूमा म नै सबै गर्नेवाला हुँ, म नै जान्नेवाला हुँ भन्ने अहंकार रहेसम्म कर्म सफल हुन सक्दैन। म निमित्त मात्र हुँ माध्यम मात्र हुँ म केही होइन। गर्ने-गराउने परब्रह्मेश्वर हो भन्ने धारणा जसले लिन सक्दछ त्यो ज्ञान जसमा उदय हुन्छ त्यसको कर्म सफल हुन्छ। त्यो कर्म निष्काम हुनुपर्दछ। त्यो गीताले दिएको दर्शन हो। तर मानिसले आफ्नो प्रशंसा आफैँ गर्ने यो सबै मैले गरेको हो भन्ने छ। त्यसैले मानिसलाई अधः पतनतर्फ लगेको छ।

गीताले अर्को उपदेश के गर्दछ भने जो मानिसमा दोधारेपन छ त्यही हो कुरुक्षेत्र। यसो गरे हुन्छ कि उसो गरे हुन्छ कि भनी सङ्कल्प र विकल्प गरिराख्ने मन नै कुरुक्षेत्र हो। ती जो घोडा रथमा छन् ती इन्द्रिय हुन्। अर्जुन जीवको प्रतीक हुन्। श्रीकृष्ण ब्रह्मका प्रतीक हुन्। त्यस्तै काम क्रोध, लोभ, मोहको अहंकार रूप दुर्योधन हो। रथका दुइटा जो पाङ्ग्रा छन् तिनी धर्म र

अधर्मका प्रतीक हुन् । त्यही धर्म र अधर्मका दोसाँधमा विषाद मूढ भएर अर्जुनले आफ्नो कर्म छोडेर मोहले ग्रस्त भएर, म युद्ध गर्दिन ।

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ।। (गीता १-३५)

मलाई मारुन् बरु अथवा तीनै लोकको राज्य मिल्दछ भने पनि मैले युद्ध गर्दिन, यो पृथ्वीको राज्यको त के कुरा भनेर यस्तो विक्षिप्त अवस्थामा पुगेका जीवरूपी अर्जुनलाई धर्म र अधर्म रूपी रथका पाङ्ग्रालाई सही तरिकाबाट अगाडि लगेर जीवको स्वरूप के हो ? धर्म के हो ? अधर्म के हो ? ब्रह्म के हो ? शरीर र शरीरबाट हुने कार्य इन्द्रियहरू के हुन् ? मन के हो ? मनको विकृति त्यसबाट उत्पन्न हुने काम, क्रोध आदि विकारको विषयमा ज्ञान गराई तिमी भनेको शरीर हैन आत्मा हो, आत्मा मारेर मर्दैन भनेर उपदेश गरिसकेपछि गीता २-७ मा

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसम्मूढचेताः ।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ।।

ममा केही ज्ञान भएर म तपाईंको शिष्य पनि भएँ मलाई शरणमा पनि लिनुहोस् भनेर अर्जुनले भन्दछन् र अर्जुनलाई आफ्नो जीवको स्वरूपको ज्ञान गराउनुहुन्छ । गीता निष्क्रिय ज्ञान हैन सक्रिय ज्ञान हो । कर्मसहितको ज्ञान गीताले दिन्छ । ज्ञान युक्त बुद्धि गीताले प्रदान गर्दछ । गीताको जन्म गीताको उत्पत्तिका विषयमा भन्नु पर्दा द्वापर युगको तीर्थ क्षेत्र पवित्र धाम भनेको कुरुक्षेत्र हो । सत्य युगको नैमिषारण्य क्षेत्र जस्तै द्वापर युगको तीर्थ स्थान पवित्र स्थान कुरुक्षेत्र हो भनेर उपनिषद्ले बताएको छ । त्यस्तै पूर्णदृष्टि भएका कृष्ण, अर्धदृष्टि भएका अर्जुन, अल्पदृष्टि पाएका सञ्जय र दृष्टिविहीन धृतराष्ट्र यी सबैको संवाद गीतामा छ । यसकारण पनि गीता एक ज्ञान तत्त्व भनेकै अमृत गीता दर्शन हो । धृतराष्ट्र अन्धा भए पनि धेरै बाठा, चलाख, चतुर थिए, कपटी पनि थिए । उनी अधर्मी थिए तापनि हामीभन्दा धेरै ज्ञानी थिए । त्यो कुरा गीताको पहिलो श्लोक 'धर्मक्षेत्रे कुरुक्षेत्रे' बाट स्पष्ट हुन्छ । यहाँ उनले धर्मक्षेत्रको उच्चारण गर्दछन् । साथै जब वेदव्यासले दिव्य दृष्टि दिन्छु भन्दा धृतराष्ट्रले लिन मान्दैनन् र आफ्ना सहयोगी सञ्जयलाई दिलाउँखछन् । किनभने उनी ज्ञानी थिए आफ्नो विजय हुँदैन भन्ने ज्ञान

उनमा थियो । मैले अधर्म गर्दैछु धर्मको विजय हुन्छ, त्यसैले यो युद्ध मैले देख्न सक्दिन भनेर आफूले दिव्य दृष्टि नलिएका हुन् । साथै सञ्जयसँग पनि बडो कौतूहलताका साथ युद्धको जानकारी लिने कोसिस गरिराखेबाट पनि उनी ज्ञानी थिए भन्ने ज्ञान गीताबाट पाइन्छ । त्यसैले यो गीता एक धर्म ग्रन्थ मात्र हैन । यो आत्माको उद्धार ग्रन्थ हो । यो संसारको दिव्य दृष्टि हो । यो वेद वृक्षको पात जस्तो हो । संसारलाई ज्ञानरूपी छहारी दिएको छ । विषाद योगमा निराश भएका अर्जुनलाई गीता २-३१ मा

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ।।

भनेर आफ्नो स्वधर्म अथवा क्षत्रिय धर्मको ज्ञान दिएर अर्जुन युद्ध गर्न राजी भए भन्ने अर्थ बुझ्न त त्यति असजिलो छैन । अर्जुनको प्रश्न के छ भने मैले पहिले त यो युद्ध जितुँला अथवा हारुँला, त्यसमा पनि मैले कुटुम्ब मारेर यो राज्य जिते पनि मलाई त शान्ति त मिल्दैन । किनभने इष्टमित्र, कुल-कुटुम्ब भएर गरिने राज्य पो राम्रो हुन्छ । तर ती सबै नभएको राज्यको के काम किनभने राज्य प्राप्त भए पनि मेरो मनमा शान्ति र सन्तुष्टि हुन सक्दैन । हे केशव ! अब हजुर मेरो रथको मात्र सारथि नभएर मेरो मनको आत्माको पनि सारथि हजुर हुनुपर्दछ, मलाई मार्ग निर्देशन गर्नुहोस् भनेर अर्जुनले समर्पण भाव देखाइसकेपछि भगवान्ले हे अर्जुन, सबै मनुष्यमा धर्म, अर्थ, काम, मोक्षको चाहना हुन्छ । आत्मज्ञान भनेको त मोक्षको चाहना नै हो । तर त्यो गर्न पनि कर्म गर्नु नै पर्दछ भन्नुहुन्छ । त्यो कर्म कस्तो हुनुपर्दछ भने नियत कर्म, गीता ३-८ मा भनिएको छ-

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्धयेदकर्मणः ।।

शास्त्रविहित कर्म त जीवन रक्षाका लागि पनि गर्नुपर्दछ । तर आसक्तिरहित कर्म त्यसैलाई निष्काम कर्म भनिन्छ त्यो गर । कर्म गर्नु मनुष्यको कर्तव्य हो । आसक्तिबाट कर्म फलको इच्छा राखेर गरिने कर्मले मनुष्यलाई बन्धनमा पार्दछ । त्यसकारण निष्काम कर्म गर । त्यही कर्तव्य पनि हो र त्यही यज्ञ पनि हो । त्यस्तै यस लोकमा कर्मको फल चाहने सकाम गर्ने मनुष्यले देवताको पूजा गर्दछन् । कर्म फलको आशा राखेर गरिने कर्मबाट कोही पनि कहिले पनि माथि उठ्न अथवा मुक्त हुन सक्दैन । जो चार

वर्ण व्यवस्थामा ब्राह्मण पनि मुक्त छैन । क्षत्रिय, वैश्य, शूद्र, मैले बनाएको हो ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्धयकर्तारमव्ययम् ।। (गीता ४-१३)

आदि कर्मका आधारमा व्यवस्था गरिएको हो । नकि जातिपातीको रूपमा मैले वर्ण व्यवस्था गरेको हो । कर्म गर्न बस्दा श्वास-प्रश्वासका माध्यमबाट अथवा ध्यानको माध्यमबाट अथवा ज्ञानको माध्यमबाट तोकिएको नियत कर्म अथवा तोकिएको समय सीमाभित्र जसले जस्तो जस्तो श्रेणीमा पूरा गऱ्यो त्यसै मुताबिक, ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रको वर्ण व्यवस्था क्षमताका आधारमा भएको हो । ब्रह्मणले पनि ब्रह्मत्व प्राप्त गरिसकेपछि त्यो ब्राह्मणको स्थान रिक्त हुन्छ । फेरि त्यो स्थानमा अर्को जसले कर्म गर्दछ त्यही व्यक्ति जान्छ, त्यस्तै क्षत्रियले पनि ब्राह्मणलाई तोकिएको कर्म पूरा गऱ्यो भने ब्रह्मण हुन्छ, त्यस्तै वैश्य, क्षत्रिय हुन्छ, क्षेत्रीलाई तोकिएको कर्म पूरा गऱ्यो भने त्यस्तै वैश्यको स्थानमा वैश्यलाई तोकिएको कर्म, पूरा गरे शूद्र वैश्यमा जान्छ । शूद्रको स्थानमा फेरि अर्को त्यही कर्म गर्न आउँछ । त्यसरी शास्त्रयुक्त विधिबाट तोकिएको कर्मअनुसारको चार वर्ण व्यवस्था मैले गरेको हो ।

यो जातिपाती छुवाछुत कहाँबाट आयो हे अर्जुन । तिमीलाई वंश वर्णसङ्कर हुन्छ स्त्रीहरू कुलटा हुन्छन् भन्ने यो भ्रम अज्ञान कहाँबाट आयो । वर्णसङ्कर त जब मनुष्यले तोकिएको निष्काम कर्म गर्दैन त्यो प्रकृति र पुरुषको योनिमा सदाबहार जन्मने-मर्ने गर्दा त्यसको कहिले कुन योनिमा कहिले कुन योनिमा जन्मने-मर्ने गर्न थाल्यो भने त्यो वर्णसङ्कर हो । त्यो कहिले पनि मोक्ष हुन सक्दैन ।

किनभने त्यसको वर्णको त केही टुङ्गो नै भएन । त्यसैले त्यो वर्णसङ्कर ठहर्दछ भन्ने वर्ण व्यवस्थाको तात्पर्य हो । त्यसैले कर्म गर कर्ममा आसक्ति नहोऊ भनेर उपदेश गरेको पाइन्छ ।

त्यस्तै कर्म नै यज्ञ हो भन्दा अर्जुनले जिज्ञासा राख्दछन् र कृष्णले यज्ञको विषयमा गीता ४-२८ मा

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ।।

द्रव्ययज्ञ, तपयज्ञ, योगयज्ञ र ज्ञान यज्ञ भनेर चार प्रकारका यज्ञ बताउनु भएको छ । तिम्रो यज्ञ भनेको युद्ध गर्नु हो । त्यो पनि यज्ञ सरह हो । किनभने तिमी अधर्मका विरुद्ध युद्ध गर्दैछौ भनेर उपदेश गर्नुभएको छ । त्यस्तै प्रकृतिका गुण सत्त्व, रज, तम हुन् । तिनै गुणअनुसार सबै सञ्चित कर्म, क्रियमाण कर्म, प्रारब्ध कर्मको निर्धारण गरिन्छ । पुरुषार्थ भनेको धर्म, अर्थ, काम, मोक्ष हुन् । किनभने मानिसले धर्म गर्न पनि चाहना गर्दछ । त्यसपछि पैसा कमाउने पनि चाहना गर्दछ-हुन्छ । कामवासना भोग गर्ने पनि चाहना गर्दछ । अनि मनुष्यले मोक्षको पनि कामना गर्दछ ।

त्यसपछि निष्काम कर्म योग । यी सबै विषय एक किसिमका मानिसमा हुने क्रान्ति हुन् । त्यो धेरै दिनदेखिको सञ्चय भएर रहेको सञ्चित कर्म हो । समय आउँदा आउने हो । त्यसलाई संयम विवेक बुद्धिको उपयोग गर्नु पर्दछ भनिएको हो । त्यो निष्काम कर्मबाटै त्यो बुद्धि आउँछ । आत्मसंयम नै मनुष्यको ठूलो सफलता हो भनेर गीता अ. ६-५ मा भनिएको छ-

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।

आफ्नो उद्धार यो भव सागरबाट पार आफैँ गर्ने हो । किनभने आफैँ भित्र शत्रु पनि छन् । आफैँ भित्र मित्र पनि छन् । इन्द्रियलाई जित्न सक्नु नै मित्र हो भने इन्द्रियहरू छाडा भए त्यही शत्रु हो भनेर उपदेश गरेको पाइन्छ । त्यसैलाई पातञ्जल योगसूत्रमा चित्तवृत्तिनिरोध योग भनेर भनेको पाइन्छ । चित्त मनलाई संयम राख्न सक्नु नै योग हो ।

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ।। (गीता २-३८)

सुख-दुःख जय-पराजय, लाभ-हानि, जे जस्तो अवस्थामा पनि जसले समभाव राख्दछ त्यही स्थितप्रज्ञ मुनि हो । त्यही लोकले मन पराउँछ, त्यही तिमी बन, तिम्रो कर्म भनेको युद्ध गर्नु हो भनेर उपदेश गरेको पाइन्छ । त्यस्तै गीता २-१६ नासतो विद्यते .. जो सत्य वस्तुको अस्तित्व सधैँ रहन्छ, असत्य वस्तुको कहिल्यै पनि अस्तित्व हुन सक्दैन भनेर उद्घोष गरेको पाइन्छ । गीतारूपी ज्ञानले जसरी ठूलो सागर अथवा नदी नाउले पार गराउँदछ त्यस्तै पापरूपी भवसागर ज्ञानद्वारा पार गर्न सकिन्छ भनेर गीता ४-३६ ले प्रस्टसँग उपदेश गरेको पाइन्छ ।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ।। (गीता ६-४५)

यसले के निर्देश गर्दछ भने पहिले कति जन्मका पाप पनि गीताको संस्कारले गीताले निर्दिष्ट गरेको कर्म गर्दा सम्पूर्ण पापबाट रहित भएर तत्काल नै परम गति प्राप्त गर्न सकिन्छ त्यसकारण गीता अलौकिक शास्त्र हो । गीता मानव सबैको शास्त्र हो । गीताले दिने ज्ञान भनेको गीताको आचरण गर्ने ज्ञानी मेरै स्वरूप हुन् भनेर गीताले बताएको छ ।

गीता २-१६, ४-३६, ६-३७, ४५, ९-३०, ३२, गीता मानव मात्रको हो । ज्ञानी मेरो स्वरूप हो । क्षर, अक्षर, हो पुरुष, अपुरुष वाणी गीता हो । ९-२०, २२, १३-१ ।

वेदले बताएअनुसार सकाम कर्म मलाई स्मरण गरेर कर्म गर्ने व्यक्ति देवता सरह दिव्य स्वर्गको भोग गर्दछ भने निष्काम कर्म मलाई सम्झेर गर्ने व्यक्ति योग क्षेम प्राप्त गर्दछ । अथवा मलाई नै प्राप्त गर्दछ भनेर गीताले ज्ञान प्रदान गर्दछ । क्षेत्र, क्षेत्रज्ञको ज्ञान श्रेय मार्ग र प्रेय मार्गको ज्ञान गीताले दिन्छ । असत् वस्तुको कहिले अस्तित्व रहँदैन सत्य वस्तुको अस्तित्व कहिले मेटिँदैन ।

परिवर्तन हुनु प्रकृतिको देन हो भनेर गीताले बताउँछ । गीताले श्रेय वस्तु र प्रेय वस्तु दुवैको ज्ञान गराउँछ ।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ।। (गीता १६-१६)

यसले काम, क्रोध, लोभ, नरकका द्वार हुन् भनेर बताएको छ । आत्मा सनातन छ । त्यही अमृत तत्त्व त्यो कहिल्यै नाश हुँदैन । पापको वासस्थान मन र इन्द्रियहरू हुन् । जीवात्मालाई आत्मासँग जोड्नु पुण्य हो । आत्मासँग तोड्नु पाप हो । सबै जीवात्मा भगवान्का अंश हुन् भनेर गीता १५-७ ले बताउँछ । त्यस्तै सबै जीवका हृदयमा यन्त्र रूपले रहेर चलायमान गराउने म नै हुँ भनेर गीता १८-६१ मा भगवान्ले उद्घोष गर्नुभएको छ । यसबाट के बुझिन्छ भने यस संसारलाई सृष्टि गर्ने, पालनपोषण गर्ने एवं अन्तिममा प्रलय गराएर आफैँमा विलय गराउने तत्त्व नै ब्रह्म तत्त्व हो । त्यही कृष्ण तत्त्व हो भनेर गीताले ज्ञान गराउँछ । त्यही गीता दर्शनको निचोड हो ।

मङ्गलाचरण

ॐ भद्रं कर्णेभिः श्रृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवा सस्तनूभिर्व्यशेम देवहितं यदायुः ।।
स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ।।
ॐ शान्तिः शान्तिः शान्तिः ।

हे देवताहरू ! हामीहरू आफ्ना कानले शुभ लोक कल्याणकारी वचन मात्र सुन्न सकौं नराम्रा वचन सुन्न नपरोस् । हाम्रा आँखाले पनि राम्राराम्रा कल्याणकारी दृश्य देख्न सकून्, नराम्रा दृश्यतर्फ हाम्रो दृष्टि नपरोस् । हाम्रा शरीरका प्रत्येक अङ्गहरू हृष्टपुष्ट स्वस्थ तन्दुरुस्त रहून्, किनकि हाम्रो मन देवताहरूको आराधनामा लागोस् भोगविलासमा नलागोस् । हामीलाई यस्तो आयु मिलोस् कि सदासर्वदा भगवान्को कार्यमा लागिरहन सकौं ।

हे ज्ञानी देवराज इन्द्र ! हे सर्वज्ञ पूषा देवता ! हे अरिष्टनाशक गरुडदेवता ! हे बुद्धिका स्वामी बृहस्पति ! हजुरहरू सबैले हामीलाई सदा सर्वदा कल्याण गर्नुहोस् ।

हे कृष्ण ! करुणासिन्धो ! दीनबन्धो ! जगत्पते ।
गोपेश ! गोपिकाकान्त ! राधाकान्त ! नमोऽस्तु ते ।।

शङ्करं शङ्कराचार्यं केशवं बादरायणम् ।
सूत्रभाष्यकृतौ वन्दे भगवन्तौ पुनः पुनः ।।

अथ प्रथमोऽध्यायः

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः ।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ।।१।।

सञ्जय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ।।२।।

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपदपुत्रेण त्व शिष्येण धीमता ।।३।।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि ।
युयुधानो विराटश्च द्रुपदश्च महारथः ।।४।।

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान् ।
पुरुजित्कुन्तिभोजश्च शैव्यश्च नरपुङ्गवः ।।५।।

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान् ।
सौभद्रो द्रोपदेयाश्च सर्व एव महारथाः ।।६।।

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम ।
नायका मम सैन्यस्य सञ्ज्ञार्थं तान्ब्रवीमि ते ।।७।।

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः ।
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ।।८।।

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ।।९।।

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम् ।
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ।।१०।।

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः ।
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ।।११।।

तस्य सञ्जनयन्हर्षं कुरुवृद्धः पितामहः ।
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ।।१२।।

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः ।
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ।।१३।।

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ ।
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ।।१४।।

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः ।
पौण्ड्रं दध्मौ महाशङ्ख भीमकर्मा वृकोदरः ।।१५।।

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः ।
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ।।१६।।

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः ।
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ।।१७।।

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते ।
सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक् पृथक् ।।१८।।

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ।
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ।।१९।।

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः ।
प्रवृत्ते शस्त्रसम्पाते धनुरुद्यम्य पाण्डवः ।।
हृषीकेशं तदा वाक्यमिदमाह महीपते ।।२०।।

अर्जुन उवाच

सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ।।२१।।

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान् ।
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ।।२२।।

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ।।२३।।

सञ्जय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ।।२४।।

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ पश्यैतान्समवेतान्कुरूनिति ।।२५।।

तत्रापश्यत्स्थितान् पार्थः पितृनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातृन्पुत्रान्पौत्रान्सखींस्तथा ।।२६।।

श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि ।
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ।।२७।।

कृपया परयाविष्टो विषीदन्निदमब्रवीत् ।
दृष्ट्वेमं स्वजनं कृष्ण ! युयुत्सुं समुपस्थितम् ।२८।।

अर्जुन उवाच

सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।।
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ।।२९।।

गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ।।३०।।

निमित्तानि च पश्यामि विपरीतानि केशव ।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ।।३१।।

न काङ्क्षे विजयं कृष्ण ! न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द ! किं भौगैर्जीवितेन वा ।३२।

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाःसुखानि च ।
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ।।३३।।

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ।।३४।।

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ।।३५।।

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ।।३६।।

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ।।३७।।

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ।३८।।

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ।।३९।।

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ।।४०।।

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः ।।४१।।

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ।।४२।।

दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः ।।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ।।४३।।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरके नियतं वासो भवतीत्यनुशुश्रुम ।।४४।।

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ।।४५।।

यदि मामप्रतीकारम शस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ।।४६।।

सञ्जय उवाच

एवमुक्त्वार्जनः सङ्ख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ।।४७।।

श्रीमद्भगवद्गीता रहस्य
प्रथम षडङ्गले जीवको अवस्थाको ज्ञान गर्दछ ।

यस अध्यायलाई अर्जुन संशय विषाद योग नामले बुझिन्छ। गीता भगवान्को वाणी हो। गीता भन्नेबित्तिकै साधारण ज्ञानभन्दा विशेष रहस्यात्मक ज्ञान हुन्छ। साथै उपनिषद् पनि त्यसमा हुने हुनाले गीता रहस्यात्मक विद्या हो। त्यसैले गीतालाई राम्रोसँग अध्ययन गरेपछि अरू शास्त्र पढ्न, अध्ययन गर्न आवश्यक पर्दैन भनेर गीताको माहात्म्यमा 'गीता सुगीता कर्तव्या ...' भनेर भनिएको हो। गीतालाई एक धर्म ग्रन्थ मात्र हो भनेर सीमित गरियो भने गीता माथि अन्याय हुन जान्छ। गीतामा सबै विषय छन्। गीता पाठ गरेर मात्र अथवा गीताको पुस्तकलाई ढोगिदिएर मात्र केही हुनेवाला छैन। गीता अध्ययन गर्नु भनेको गीताको रहस्य तत्त्व बुझ्न सक्नु हो। त्यो बुझ्नका लागि त सर्वप्रथम गीतामा श्रद्धा भाव हुनु आवश्यक छ। त्यस्तै गीताको उत्पत्ति गुरु र शिष्य परम्पराबाट भएको हुँदा गीतामा गुरुको पनि महत्त्व छ। एवं गुरुप्रतिको श्रद्धा विश्वास पनि चाहिन्छ। जस्तो अर्जुनले कृष्णप्रति देखाएको श्रद्धा एवं विश्वास अब यहाँनिर गीताको प्रथमोऽध्यायःको विषयमा नै केही बुझ्ने र तत्त्व जान्ने विषयमा उल्लेख गर्न खोजिएको छ। गीताको सामान्य अर्थ र भाषा धेरै सरल छ। सामान्य संस्कृतको अध्ययन गरेको पाठकले त राम्रोसँग बुझ्न सक्दछ। तर त्यति बुझेर त्यहाँ भएका शब्दार्थको मात्र ज्ञान भएर गीताको रहस्य बुझ्न सकिँदैन। गीताभित्रको ज्ञान गर्न सर्वप्रथम त गीताले यो संसारलाई कस्तो ज्ञानको मार्गदर्शन गरेको छ अथवा गर्न खोजेको छ। त्यो बुझ्नु नै गीताको ज्ञान गर्नु हो। गीताले सारा संसारलाई के सन्देश दिन्छ भने गीताले कर्म गर्ने निष्ठा जगाउँछ। गीता एक पटक बुझिसकेपछि सधैँलाई पुग्दछ। जब महाभारतको युद्धको तयारी हुन्छ, दुवैतर्फबाट योद्धाहरू धर्मक्षेत्र, कुरुक्षेत्रमा आमने-सामने हुन्छन् त्यति बेला

मात्र शक्तिशाली अर्जुनले आफ्नै गुरुहरू र साथीहरूजस्ता अत्यन्त घनिष्ठ सम्बन्धीहरूलाई कुरुक्षेत्रको युद्ध भूमिमा सैनिकहरूको निरीक्षण गर्दा देखे । त्यहाँ युद्धमा जीवन उत्सर्ग गर्न तयार भएर उभिएका विपक्षी सैनिकहरूका बीचमा आफूलाई देख्दा उनी शोक र करुणाले विह्वल भई आफ्नो शक्ति गुमाउन पुग्दछन् । अर्को, अर्जुनको मन मोहग्रस्त हुन्छ र उनी युद्ध गर्ने सङ्कल्प तोडिदिन्छन् । बुझ्नुपर्ने कुरा यहाँ के छ भने अर्जुनमा त्यस्तो मोह कहाँबाट आयो भन्दा ब्रह्मले यो जगत्को अथवा संसारको सृष्टि गर्दा ब्रह्म बीज हो भने प्रकृति पृथ्वी रूप हो, त्यसैबाट चराचर जगत्को सृष्टि हुन्छ, त्यही प्रकृतिको मायाको स्वरूप नै भगवान्को शक्ति हो । त्यही मायाको कारण अर्जुन विषाद योग मोह, स्नेह र शोकले व्याप्त हुन पुग्दछन् । मैले यो युद्धमा युद्ध गरें भने सबै मेरा कुटुम्ब, इष्टमित्र धेरै जो मैले युद्ध मैदानमा देखें, गुरुहरू, पितामहहरू, मामाहरू, साला, जेठानहरू, दाजुभाइहरू, छोराहरू, नातिहरू, यी सबै मरे भने पितृहरूको पिण्डोदक रोकिन्छ । कुलको धर्म नष्ट हुन्छ । स्त्रीहरू कुलटा हुन्छन् । पछि जन्मने सन्तति वर्णसङ्कर हुन्छन् । यसबाट आसुरी शक्तिको बढावा हुन्छ, आदि मोहले नै ग्रस्त भएका छन् । त्यो आसुरी शक्तिको कारण माया हो । त्यस शक्तिले उत्पन्न गरेको मोह हो भनेर बुझ्नुपर्दछ । गीताले के सन्देश दिन खोजेको छ भने परमात्मा एक छ । त्यो परमात्मालाई प्राप्त गर्ने विधि पनि एकै छ । विश्वभरका साधकले बताएको पनि त्यही हो । तर शक्ति दुई छन् । एक आसुरी शक्ति, अर्को दैवी शक्ति । यहाँ गीतामा पनि त्यसैको ज्ञान गराउन खोजिएको छ । आसुरी शक्ति, निषाद प्रवृत्तिको प्रतिनिधित्व कौरवले गरेका छन् भने दैविक शक्ति एवं भगवद् प्रवृत्तिको प्रतिनिधित्व पाण्डवहरूले गर्दछन् । यहाँ बुझ्नुपर्ने कुरा यही हो । जो अर्जुनले कृष्णसँग प्रश्न गर्दछन् मोह ग्रस्त भएको देखाएका छन् । त्यो अवस्था अर्जुनको मात्र हैन । विश्वका मानव मात्रको प्रश्न र शङ्का हो । विषाद योगले ग्रस्त भएका विषय हुन् । अर्जुनले मानव मात्रको कल्याणका लागि प्रतिनिधि पात्रको रूपमा श्रेय मार्ग के हो, प्रेय मार्ग के हो ? अक्षय सुख के हो, ब्रह्म के हो, जीव के हो ? प्रकृति के हो ? संसार अथवा जगत् के हो ? शरीर के हो ? आत्मा के हो ? ब्रह्म ज्ञान गर्ने विधि के हो ? जीव र ब्रह्मको एकत्व कसरी कायम हुन्छ भन्ने नै अर्जुनका मुख्य प्रश्न थिए । अब कुरुक्षेत्र भनेको के हो भने अज्ञानरूपी धृतराष्ट्र, धर्मक्षेत्र भनेको ज्ञानरूपी युधिष्ठिर, सञ्जय भनेको संयमरूपी सञ्जयसँग अज्ञानले सोधिराखेको छ । युद्ध मैदानमा के भैराखेको छ भनेर । किनभने संशय त बलवान् छ । अज्ञानबाट

उत्पन्न हुने मोहरूपी दुर्योधन, अज्ञानबाट नै मोहको उत्पत्ति हुने हो । त्यही मोहबाट ईर्ष्या, लोभ उत्पन्न हुन्छ । त्यो दुर्योधनमा थियो नै । यो अज्ञान, मोह र ईर्ष्या यी तीन प्रकृतिका दोषहरू हुन् । कुरु भनेको अज्ञान, क्षेत्र भनेको शरीर रहेसम्म कुरुक्षेत्र रहिरहन्छ ।

त्यसैले गीता अध्याय १३ को १ मा इदं शरीर कौन्तेय ...

भनेर 'क्षेत्र र क्षेत्रज्ञ' को विषयमा चर्चा भएको छ । यसै हाम्रो शरीरभित्र सजातीय प्रवृत्ति भनेका पाण्डवहरू र विजातीय प्रवृत्ति भनेका कौरव हुन् । अज्ञानबाट आच्छादित मन कुरु हो, मोहरूपी दुर्योधन दूषित हो । त्यस्तै द्वैत आचरणको प्रतीक द्रोणाचार्य हुन् भने भीष्म पितामह विजातीय प्रवृत्तिका प्रतीक हुन् । किनभने उनमा आसक्तिरूपी मोह एवं भ्रम थियो । किनभने सबै यो युद्धमा मरे तर उनी त्यस्तो कष्ट भोगेर पनि जीवितै रहे वाणको शय्यामा । त्यही हो भ्रम त्यही हो मोह । जतिबेला भ्रम समाप्त हुन्छ तब मोह पनि समाप्त हुन्छ ।

त्यस्तै आसक्तिरूपी अश्वत्थामा आदि जति पनि कौरवतर्फका महारथीहरू थिए ती सबै आसुरी शक्तिका थिए । पाण्डव सेनामा जे जति योद्धा थिए ती सबै दैविक शक्तिका थिए । तीमध्ये जो सात्त्विक थिए तिनीहरूले द्यूत क्रीडामा पनि धर्मको आवाज निकालेका थिए । जति ज्ञानी छु विद्वान् छु आफूलाई भन्ने द्रोणाचार्य, भीष्म पितामहहरूमा धर्म थिएन किनभने तिनीहरू मौन रहे । मौन स्वीकृति लक्षणम् भनेर त्यत्रो अन्यायमा पनि मोह र भ्रम अज्ञानका कारण एक शब्द नबोली चुप रहे । त्यस्तै 'सात्यकि' युद्ध सुरु हुने बखत भए पनि अधर्म विजातीय, आसुरी शक्तिलाई परित्याग गरेर आफ्नो क्याम्प परिवर्तन गरेर धर्मको पक्षमा युद्ध गर्न आएर एक उदाहरण दिए । यी सबै प्रवृत्ति हामीभित्र नै छन् अन्त कहीँ खोज्नु पर्दैन । त्यस्तै भ्रमरूपी विजातीय रूपी भीष्मको शंख बजाउँदा वनको सिंह गर्जंदा जसरी सबै वनका भोलाभाला, सिदासादा जनावरहरू तर्सिन्छन् त्यसरी नै सबै तर्सिन्छन् । किनभने अज्ञानीलाई जन्ममृत्युको भए हुन्छ किनकि ती भीष्म बहुमुखी प्रवृत्तिका थिए एवं विजातीय प्रवृत्तिका थिए । जुन सेनाको नेतृत्व गरेका थिए भीष्मले त्यो कौरव सेना नै आसुरी शक्तिको प्रतीक थियो । त्यस्तै जुन पाण्डव सेना थिए त्यसको नेतृत्व दैवी शक्ति एवं सजातीय प्रवृत्तिको नायक स्वयं श्रीकृष्ण भए पनि सेनाको नेतृत्व दृढ मन भएका

दृष्टद्युम्नले गरेका थिए । उनी अन्तर्मुखी स्वभावका थिए किनभने उनको जन्म नै एक प्रयोजनका लागि अग्निबाट भएको थियो ।

त्यस्तै अलौकिक शंखको घोषणा, पाञ्चजन्य, देवदत्त आदि नामका शंखको उद्घोष हुँदा आसुरी शक्तिको हृदय सबैको खलबलियो र सबैको हृदय कम्पमान भयो । किनकि सबैलाई थाहा थियो हामीहरू अधर्मको पक्षमा लडिराखेका छौं भन्ने । त्यस्तै पाण्डव सेनामा प्रेम थियो, अनुशासन थियो, त्यस्तै आज्ञाकारिताले भरिएको थियो । त्यस्तै हनुमान्को चिह्न अङ्कित ध्वजा भएको रथ देख्दा सबैको हृदय अझ कम्पमान भयो । यस्तो देख्दादेख्दै पनि अर्जुनमा त्यो मोह कसरी आयो भन्दा जबतक परिवार हुन्छ तबतक वासना हुन्छ । जबतक शरीर हुन्छ, परिवार हुन्छ, वासना हुन्छ मोह हुन्छ, इष्टमित्र हुन्छन् नाता कुटुम्ब हुन्छन् । त्यो कति वेलासम्म हुन्छ भने- म भन्ने शरीर हो भन्ने अज्ञान रहेसम्म मोह हुन्छ । कर्तव्य पथबाट जीव बाहिर हुन्छ । त्यही हो वहिर्मुखी प्रवृत्ति भन्नु, अनुराग भन्नु ।

यस्तै अर्जुनका मनमा झैं प्रत्येकका मनमा यस्तै अनुराग छ । अर्जुनलाई के मात्र ज्ञान थियो भने परिवार, कुल कुटुम्बसँग गरिने राज्य, परिवारसँग बसेर गरिने सत्सङ्गत, परिवारसँग गरिने यावत् कार्यमा अथवा त्रिलोकको राज्य सुख भोगमा नै सबै कुरा छ । त्यसबाहेक अरू सुख केही छैन भन्नेमा नै उनी सीमित थिए । त्यसभन्दा माथि अथवा अरू पनि सुख छ भन्ने कुराको ज्ञान थिएन । त्यसभन्दा माथि उठ्नै सकेका थिएनन् । त्यस्तै स्थिति त्यस्तै मोह हामी सबैमा छ । अर्जुन त एक प्रतिनिधि पात्र मात्र हुन् ।

यसै अज्ञानबाट माथि जीव कसरी उठ्न सक्दछ ? यसै कुराको ज्ञान गीताले दिन खोजेको छ ।'निहत्था धृतराष्ट्रलाई मारेर अथवा धृतराष्ट्रका छोरा मोहरूपी कुटुम्ब बन्धुलाई मारेर के राज गर्ने ? बरु भिक्षा मागेर निर्वाह गर्न आनन्द हुन्छ भन्ने जस्ता अज्ञान ग्रस्त सोचले विरक्त भएर गाण्डीव धनु त्याग्नसम्म पुगे । उनमा धर्म के हो ? अधर्म के हो ? मेरो कर्तव्य के हो र अकर्तव्य के हो ? यही ज्ञान नहुँदा अर्जुनको जो दशा भयो । हामी सबैको त्यही दशा छ आज । वर्णधर्म व्यवस्था, वर्णसङ्कर जस्ता भ्रम सृजना भएर यसबाट सनातन धर्मको नाश हुन्छ भन्ने आदि कुरा मैले गुरुजनबाट सुनेको छु भन्ने जस्ता भ्रम मोहले ग्रस्त भएका अर्जुनलाई ज्ञान दिनका लागि श्रीकृष्णले १८ अध्यायसम्म गीताको प्रवचन गरेर सनातन भनेको आत्मा हो शरीर हैन, मर्ने मार्ने भनेको शरीर मात्र हो । शरीर मानिसले लुगा फेरे जस्तै

आत्माले फेर्दछ । आत्मा मारेर पनि मर्दैन । गीता २ को २२ र २३ श्लोक आदिको उदाहरण दिएर; त्यस्तै कर्म, अकर्म, विकर्मको उदाहरण दिएर गीता द्वितीय अध्यायमा; त्यस्तै प्रथम षडङ्गकै चतुर्थ, पञ्चम, षष्ठ अध्यायमा नियतकर्म यज्ञका प्रकार विधि एवं निष्काम कर्मयोग, ज्ञानयोग, भक्तियोग, संन्यास कर्म वर्णव्यवस्थाका उदाहरण दिएर ज्ञान दिनुभएको छ ।

यहाँनिर प्रथमोऽध्यायःको मात्र रहस्यको विषयमा पाठक वर्गलाई अध्ययन गर्न गीताको रहस्य बुझ्न सजिलो होस् भनेर संक्षिप्तमा विषयवस्तु मात्र उल्लेख गरिएको छ । यसको विस्तृत व्याख्या २, ३, ४, ५, ६ अध्यायको व्याख्या एवं त्यसको रहस्यमा उद्घोषित हुने नै छ । यस प्रथमोऽध्यायःमा प्रकृतिको मोह मायाले नै ग्रस्त पारेको हो भन्ने विषयमा नै जोड दिइएको छ । गीता के हो भन्दा मानिसलाई भौतिक संसारको अज्ञानताबाट उद्धार गर्ने साधन हो । यस संसारमा प्रत्येक मानिस अनेक प्रकारका विपत्तिहरूमा फसिरहेका छन् । अर्जुनले पनि कुरुक्षेत्रको युद्धमा एक किसिमको आपत्तिको सामना गर्दै थिए । त्यसै अवस्थामा अर्जुन कृष्णको शरणमा पुगे । फलस्वरूप गीताको प्रवचन प्रारम्भ भयो ।

अर्जुन मात्र हैन यस धर्तीका धेरै मानिस भौतिक जगत्मा अनेक समस्याबाट पीडित छन् । यथार्थमा हामी मृत्युबाट सदा भयभीत छौं । किनभने जन्मनेको मृत्यु त अवश्यम्भावी छ । त्यो जान्दाजान्दै पनि हामी भयभीत छौं । हाम्रो अस्तित्व सनातन हो । त्यो ज्ञान नहुँदा पनि हामी भयभीत छौं । त्यसैले संसारका मानिस भयभीत छौं । जो असत् वस्तु छ त्यसलाई हामी सत् मानिरहेका छौं । त्यसैले कष्ट भोगिराखेका छौं । हामीमध्ये थोरैले मात्र यो कष्ट मैले कुन कारणले भोगिरहेको छु भन्ने जिज्ञासा गर्दछन् ।

जसले जिज्ञासा गर्दछ, बल्ल त्यसले कष्टको कारण पत्ता लगाउँछ र ऊ त्यो कष्टदेखि मुक्त हुन्छ । गीताले सबै मानिसमा त्यो जिज्ञासा उत्पन्न गराई मानिसको दुःख, कष्ट, निवृत्त होस् भन्ने शिक्षा दिन खोजेको हो । त्यही नै गीतामा बुझ्नुपर्ने मुख्य विषय हो ।

ब्रह्मसूत्रमा पनि के उल्लेख गरेको पाइन्छ भने ब्रह्मसूत्रको पहिलो सूत्र 'अथातो ब्रह्माजिज्ञासा' भन्ने हो । मनुष्यका समस्त क्रियाकलापहरू तबसम्म असफल भएको मान्नुपर्दछ जबसम्म उसले ब्रह्मको स्वभावको विषयमा ज्ञान गर्न थाल्दछ । उसलाई आफ्नो विषयमा पनि ज्ञान हुन थाल्दछ । किनभने

मनुष्य ब्रह्मको अंश हो । ब्रह्मको स्वरूप भनेको सत् स्वरूप, चित् स्वरूप, आनन्द स्वरूप हो भने मनुष्यको पनि आफ्नो स्वरूप त्यही सत्, चित् आनन्द हो । जब मानिसले आफ्नो स्वरूपको पहिचान गर्दछ तब आफ्नो क्रियाकलाप सफल गर्दै जान्छ । दुःखको निवृत्ति भएपछि एकपछि अर्को गर्दै ऊ सुखी हुन थाल्दछ । गीताले दिन खोजेको ज्ञान यही हो ।

गीताको तत्त्व बुझ्न सम्झन सक्ने सुपात्र विद्यार्थी अर्जुन जस्तो चाहिन्छ । निष्ठावान् हुनुपर्दछ, श्रद्धावान् हुनुपर्दछ । जबजब मानिसले आफ्नो वास्तविक जीवनको प्रयोजन बिर्सिदिन्छ र ऊ अधर्ममा लाग्दछ र धर्मको नाश हुन्छ । अधर्मको वृद्धि हुन्छ । तबतब भगवान् धर्मको स्थापना गर्न अवतार लिनुहुन्छ भनेर गीता अ. ४-७ र ८ मा उल्लेख भएको छ । जबजब मानिसमा आसुरी शक्तिको बाहुल्य हुन्छ, धर्म मासिँदै जान्छ । त्यस अवस्थामा धर्मको स्थापना गर्न भगवान्ले अवतार लिनुहुन्छ ।

त्यस्तै असङ्ख्य जाग्रत् व्यक्तिहरूमध्ये कुनै एकाध व्यक्तिले मात्र वास्तवमा आफ्नो स्थिति जानेका हुन्छन् । यो भगवद् गीता तिनीहरूका लागि उपयोगी छ । वास्तवमा भन्ने हो भने हामी सबै अविद्यारूपी बाघद्वारा लखेटिएका छौं । तर भगवान् जीवात्मा मानव जातिप्रति अत्यन्त कृपालु हुनुहुन्छ । त्यसकारण भगवान् कृष्णले आफ्ना परम मित्र अर्जुन आफ्नो शिष्यलाई निमित्त बनाएर जीवको कल्याणका लागि गीताको प्रवचन दिनुभएको हो ।

श्रीकृष्ण नारायण र अर्जुन पहिलो जन्ममा नर थिए । यी दुवैले बद्रिका क्षेत्र अलकानन्द नदी वारि एक जनाले र पारि एक जनाले सँगै तपस्या गरेको हुनाले त्यही नर र नारायणको रूपमा कृष्णका सखा थिए । अर्जुन सबै प्रकारका अज्ञानबाट मुक्त थिए, ज्ञानी थिए । तर पनि कुरुक्षेत्रको युद्धस्थलमा अज्ञानी जस्तो बनेर उनले भगवान् श्रीकृष्णसँग जीवनका कठिनाइबारे अनेक प्रश्नहरू बारम्बार गरेर भगवान्बाटै जीवका मूलभूत समस्याहरूको समाधानसम्बन्धी व्याख्या भगवान्बाट भइदियो भने त्यसबाट आगामी पुस्ताका मानिस/जीवहरूको कल्याण हुनेछ । मानिसले कर्म गर्नेछन् र आ-आफ्नो जीवनको लक्ष्य पूर्ण गर्नेछन् भन्ने उद्देश्य अर्जुनको थियो । गीताले जीवको उद्धारका बारेमा स्पष्ट दिशा निर्देशन गरेको पाइन्छ । गीताको विषयवस्तु पाँच मौलिक सत्यमा आधारित भएको पाइन्छ । ईश्वर र विज्ञानको चर्चा । जीवको वैधानिकता एवं मूल स्वरूप । ईश्वर नियन्ता हो ।

जीव नियन्त्रित हुन्छ । ईश्वर भनेको के हो ? जीव के हो ? प्रकृति के हो ? जगत् के हो ? दृश्य के हो ? आदि विषय गीताले ज्ञान गराउँछ । गीतालाई मानिसले बडो हल्का तरिकासँग बुझ्न खोज्दछन् ।

गीताको मर्म हल्का तरिकाले गुरुको उपदेश ज्ञानको बेगर बुझ्न अलि कठिन छ । किनभने गीता रहस्यात्मक विद्या भएको र यो गीतामा उपनिषद् पनि घुसेको हुनाले रहस्यात्मक विद्या गीता बुझ्नलाई वेदान्त बुझ्न आवश्यक पर्दछ । किनभने वेदान्त उपनिषद्को ज्ञान गर्न प्रस्थान त्रयी भनेर बताएको छ । प्रस्थान त्रयी भनेको तीनोटा बाटो, ती तीन बाटो भनेका के के हुन् भन्दा (१) श्रुति प्रस्थान भनेर वेदको बाटो भनेको छ । (२) स्मृति प्रस्थान भनेर गीता धर्म शास्त्र भनेर गीताको बाटो भनेको छ । त्यस्तै (३) न्याय तथा तर्क प्रस्थान भनेर ब्रह्मसूत्रको बाटो बताइएको छ । यसरी तीनवटा बाटाबाट अध्ययन गर्दा जसबाट गरे पनि अध्ययन गर्ने बुझ्ने भनेको उपनिषद् वेदान्त नै हो । यस कारण गीतामा पूरा उपनिषद्, वेदान्त छ। त्यसकारण वेदान्त उपनिषद्को ज्ञानब्रह्म सूत्रको ज्ञान नभएसम्म गीताको वास्तविक अर्थ बुझ्न अलि कठिन छ ।

गीता अर्थ एक मात्र हुँदैन । हामीले गीताको सामान्य शब्दको अर्थमात्र बुझेर म गीता जान्दछु, मैले गीता पढेको छु भनेर आफूलाई लिन्छौं तर त्यो अधुरो ज्ञान हो । गीताको वास्तविक अर्थ कत्राकत्रा विद्वान् त्यागीले पनि यही हो भनेर ठोकुवा गर्न गाह्रो छ । त्यसैकारण हामी सर्वसाधारण मुमुक्षुहरूका लागि अलि परको कुरा छ ।

गीतालाई कल्पवृक्ष भनिएको छ । गीताको जस्तो कल्पना गरौं त्यस्तै ज्ञान अर्थ पाउँछौं । गीतालाई कामधेनु भनिएको छ । गीताबाट जस्तो कामना गऱ्यो त्यस्तै ज्ञान दिन्छ । कुनै विद्वान्हरूले गीतालाई समुद्र हो भनेका छन् । समुद्रमा धेरै रत्न हुन्छन् । अमृत पनि समुद्रमा हुन्छ । विष पनि समुद्रमा हुन्छ, हिरा पनि समुद्रमा हुन्छ, सिपी पनि समुद्रमा हुन्छ जसले जस्तो क्षमता राखेर खोज्न सक्दछ र फेला पार्न सक्दछ । गीता पनि समुद्र जस्तै भएको हुँदा आफ्नो क्षमताअनुसारको ज्ञान पाठक मुमुक्षुहरूले प्राप्त गर्न सक्दछन् । धेरैका हातहातमा गीताका किताब छन् तर गीताबाट ज्ञान हासिल गर्ने पाठक सीमित मात्रामा छन् ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे अर्जुन विषाद योग नामक गीता रहस्य प्रथमोऽध्यायः समाप्तम् ॥

ॐ श्रीपरमात्मने नमः

अथ द्वितीयोऽध्यायः

सञ्जय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ।।१।।

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ।।२।।

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ।।३।।

अर्जुन उवाच

कथं भीष्ममहं सङ्ख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ।।४।।

गुरुनहत्वा हि महानुभावा श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके ।
हत्वार्थकामांस्तु गुरुनिहैव भुञ्जीय भोगान्रुधिरप्रदिग्धान् ।।५।।

न चैतद्विद्मः कतरन्नो गरीयो यद्वा जयेम यदि वा नो जयेयुः ।
यानेव हत्वा न जिजीविषाम स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ।।६।।

कार्पण्यदोषोपहतस्वभावः पृच्छामि त्वां धर्मसम्मूढचेताः ।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ।।७।।

न हि प्रपश्यामि ममापनुद्या द्यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।
अवाप्य भूमावसपत्नमृद्धं राज्यं सुराणामपि चाधिपत्यम् ।।८।।

सञ्जय उवाच

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ।।९।।

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ।।१०।।

श्रीभगवानुवाच

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ।।११।।

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् ।।१२।

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ।।१३।।

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः ।
आगमापायिनोऽनित्यास्तांस्तितिक्षस्व भारत ।।१४।।

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सोऽमृतत्त्वाय कल्पते ।।१५।।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ।।१६।।

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम् ।
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ।।१७।।

अन्त्वन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ।।१८।

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम् ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ।।१९।।

न जायेत म्रियते वा कदाचि न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणो न हन्यते हन्यमाने शरीरे ।।२०।।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम् ।
कथं स पुरुषः पार्थ ! कं घातयति हन्ति कम् ।।२१।।

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा-न्यन्यानि संयाति नवानि देही ।।२२।।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।।२३।।

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ।।२४।।

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ।।२५।।

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ।।२६।।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुव जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ।।२७।।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तिनधनान्येव तत्र का परिदेवना ।।२८।।

आश्चर्यवत्पश्यति कश्चिदेन-माश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः शृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित् ।।२९।।

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ।।३०।।

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ।।३१।।

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ ! लभन्ते युद्धमीदृशम् ।।३२।।

अथ चेत्त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ।।३३।।

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम् ।
सम्भावितस्य चाकीर्तिर्मरणादतिरिच्यते ।।३४।।

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ।।३५।।

अवाच्यवादांश्च बहून्वदिष्यन्ति त्वाहिताः ।
निन्दन्तस्त्व सामर्थ्यं ततो दुःखतरं नु किम् ।।३६।।

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ।।३७।।

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ।।३८।।

एषा तेऽभिहिता साङ्ख्ये बुद्धिर्योगे त्विमां शृणु ।
बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ।।३९।।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ।।४०।।

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ।।४१।।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ।।४२।।

कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ।।४३।।

भोगेश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ।।४४।।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ।।४५।।

यावानर्थ उदपाने सर्वतः सम्प्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ।।४६।।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ।।४७।।

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ।।४८।।

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेत्वः ।।४९।।

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ।।५०।।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ।।५१।।

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोत्वयस्य श्रुतस्य च ।।५२।।

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ।।५३।।

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ।।५४।।

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्सर्वान्पार्थ ! मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ।।५५।।

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ।।५६।।

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ।।५७।।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।।५८।।

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्व निवर्तते ।।५९।

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ।।६०।।

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ।।६१।।

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ।।६२।।

क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ।।६३।।

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ।।६४।।

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ।।६५।।

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ।।६६।।

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ।।६७।।

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।।६८।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।।६९।।

आपूर्यमाणमचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे स शान्तिमाप्नोति न कामकामी ।।७०।।

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति ।।७१।।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ।।७२।।

श्रीमद्भगवद्गीता रहस्य

यस अध्यायलाई ज्ञान योग, कर्म जिज्ञासा योग अथवा सांख्य योग भनेर बुझिन्छ । गीताको प्रथमोऽध्यायःलाई विषाद योग भनेर भनिएको छ किनकि भगवद्गीताको मर्म भावना भगवद्गीताबाटै प्राप्त गर्न सकिन्छ तर त्यसलाई अध्ययन गर्ने विधि र प्रक्रिया बुझ्नमा नै फरक हो । जसले गीतालाई यो गीताशास्त्र मानव मात्रको कल्याणप्रद रहस्यात्मक विद्या हो भनेर दृढ विश्वासका साथ यसको अध्ययन गर्दछ । त्यस्ता मुमुक्षुले गीताबाट सबै चिज प्राप्त गर्न सक्दछ । त्यसैले यही गीता १८-७१ मा

श्रद्धावाननसूयश्च श्रृणुयादपि यो नरः ।
सोऽपि मुक्तः शुभांल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ।।

जो मनुष्यले श्रद्धा युक्त कुनै दोष दृष्टि नराखी कुनै शङ्का-उपशङ्का नराखी अध्ययन गर्दछ, श्रवण गर्दछ मनन गर्दछ अनि निदिध्यासन गर्दछ त्यसले प्राप्त गर्नुपर्ने फल सबै गीताबाट प्राप्त गर्न सक्दछ भनेर स्वयं श्रीकृष्णले भन्नुभएको छ ।

यस गीताको द्वितीय अध्यायलाई गीताको आत्मा हो भनेर पनि विद्वान् भाष्यकारहरूले उल्लेख गरेका छन् । गीताको यस अध्यायलाई कर्म जिज्ञासा नामक अध्याय भनेर भनिन्छ । साँचो पनि हो, सर्वप्रथम प्रथमोऽध्यायःले पारिवारिक मोहले गर्दा संशय युक्त विषाद योगले ग्रस्त भै अर्जुनले मुख्य रूपमा चार विषयमा प्रश्न गर्दछन् (१) परिवारको हत्या गरेपछि सनातन धर्म नष्ट हुन्छ । (२) स्त्री जातिहरू व्यभिचारी भएपछि वर्णसङ्कर सन्तान उत्पन्न हुन्छन् । (३) पितृहरूको पिण्डोदक क्रिया लोप हुन्छ । (४) गुरुजन मान्यजनको हत्या गरेपछि पाप भोग्नुपर्दछ । यी मुख्य अर्जुनका प्रश्नमा श्रीकृष्णले उत्तरको रूपमा उपदेश गर्दा यसै अध्यायबाट मात्र उत्तर समाप्त हुँदैन । यसको उत्तरमै १८ अध्याय गीता समाप्त हुन्छ । अगाडिका अध्यायहरूमा अरू प्रश्नहरू थपिँदै गए पनि मुख्य प्रश्न र विषय वस्तु भनेकै गीताका यिनै प्रश्न हुन् । यिनै प्रश्न गर्दै करुणाले भरिएका आँखाभरि आँसुले भरिएका शोकयुक्त मोहको बन्धनमा परेका हतियार त्यागेर रथमा बसेका अर्जुनलाई भगवान्ले भन्नुहुन्छ ।

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ।। (गीता २-२)

हे अर्जुन ! यस सङ्कटको घडी असमयमा तिमीमा यस्तो मोह कसरी आयो । यस्तो मोह श्रेष्ठ मानिसले गर्दैनन् यस्तो कार्य सभ्य मानिस सत्मार्गमा लागेका मानिसले पनि गर्दैनन् । आर्यहरूले पनि गर्दैनन् । यस्ता कार्यले न त स्वर्ग नै प्राप्त हुन्छ न त मर्त्य लोकमा यस्तो कार्यलाई सज्जन पुरुषले प्रशंसा नै गर्दछन् । न यसले कीर्ति नै बढाउँछ । यस्तो अज्ञान तिमीमा कसरी भयो ? यो कुरीतिको सिकार तिमी कसरी बन्यौ ? यस्तो अनुराग त मोह एवं पारिवारिक बन्धनमा हुन्छ । यसमा तिमी नफस । यस्तो कार्य त पुरुषले गर्दैनन् । नपुंसकले मात्र गर्दछन् । तिमी नपुंसक नबन । जसले आत्मालाई जान्दैन त्यो नपुंसक हो । जसले आत्मालाई जान्दछ त्यो पुरुषार्थ हो । गीताको अध्ययन गर्न शुद्ध हृदय र प्रेम भाव हुन आवश्यक पर्दछ । गीताले आत्मा र अनात्मको निर्णय गर्दछ । गीता एक सत् ग्रन्थ हो । गीता भगवान्का मुखारविन्दबाट निसृत भएको दिव्य वाणी हो । त्यसैले यसको अध्ययन गरेपछि अरू वैदिक साहित्यहरूको अध्ययन गरिराख्नुपर्ने कुनै आवश्यकता पर्दैन । वर्तमान युगमा मानिसहरू सांसारिक काममा अति व्यस्त हुने हुँदा तिनीहरूलाई समस्त वैदिक साहित्यको अध्ययन गर्न सम्भव

छैन । त्यसो गर्नु सजिलो पनि छैन । तिनीहरूका लागि एउटै मात्र गीताकै अध्ययन गर्न सके पर्याप्त छ । किनभने यो गीता सम्पूर्ण वैदिक ग्रन्थहरूको सार हो । र यसको प्रवचन स्वयं भगवान्ले गर्नुभएको हुनाले यसको महत्त्व पनि विशिष्ट खालको छ । यसको समग्र अध्ययन गर्न सकेको खण्डमा ब्रह्म ज्ञान गराउँदछ ।

तर गीताको अध्ययन गर्न अलि कठिन छ । किनभने गीतामा उपनिषद् वेदान्त घुसेको छ । त्यसैले गीताको प्रत्येक श्लोकको अन्तमा 'गीतासूपनिषत्सु' भनेर प्रस्टसँग उल्लेख गरिएको छ । हामीले गीतालाई साधारण पुराण अथवा इतिहासको अध्ययन गरे जसरी बुझ्न खोज्दछौँ तर त्यसरी अध्ययन गर्दा साधारण अर्थ बुझ्न सकिएला । तर गीताले दिन खोजेको ज्ञान गर्न सकिँदैन । त्यसको तात्पर्य यो हो गीताको विषय नै उपनिषद् वेदान्तको विषय हो । वेदान्तको स्रोत पनि गीता हो ।

वेदान्तको अध्ययन गर्न प्रस्थान त्रयी भनेर तीन बाटा अथवा प्रस्थान बताइएको छ । त्यसमा (१) श्रुति प्रस्थान भनेको उपनिषद् वेदको बाटो हो । (२) स्मृति धर्मशास्त्र प्रस्थान भनेर गीताको बाटो भनेर गीतालाई लिएको छ । (३) न्याय तथा तर्क प्रस्थान भनेर ब्रह्मसूत्रको बाटो भनेर ब्रह्मसूत्रलाई लिएको छ । यी तीनै विषयको बाटो भएर जाँदा बल्ल वेदान्त अथवा उपनिषद्को कुरा बुझ्न सकिन्छ र गन्तव्य भनेको ब्रह्म ज्ञान हो त्यहाँ पुग्न सकिन्छ । त्यस्तै उपनिषद् अथवा वेदको बाटोबाट अध्ययन गर्दा अथवा गीता स्मृति प्रस्थानबाट अध्ययन गर्दा अथवा ब्रह्मसूत्र न्याय तथा तर्क प्रस्थानको बाटोबाट अध्ययन गर्दा पनि बुझ्ने अध्ययन गर्ने भनेको त्यही उपनिषद् वेदान्त नै हो । ब्रह्मसूत्रले सात विषयमा निर्णय गरे जस्तै गीताले पनि सात विषयको निरूपण गर्दछ । सात विषय निम्न प्रकारका छन्- (१) अधिकारी निर्णय (२) गुरुपसदन (३) पदार्थ द्वय (४) तदैक्य ५) विरोधपरिहार (६) साधन (७) फल ।

आधिकारिक निर्णय भनेको साधन चतुष्टयको ज्ञान गर्नु हो । अर्जुनमा त्यो ज्ञान थियो नै किनकि पहिलो जन्ममा अर्जुन नर थिए । श्रीकष्ण नारायण थिए । त्यसैले अर्जुन आधिकारिक पात्र थिए नै । अब दोस्रो विषय गुरुपसदन भनेको अर्जुनले शिष्यास्तेऽहं शाधि मां त्वा प्रपन्नम् । (गीता २-७) भनेर गुरुका शरणमा पनि अर्जुन गएका छन् । त्यस्तै पदार्थद्वयं भनेको जीव र ब्रह्मको निरूपण हो । यहाँ जीव अर्जुन र ब्रह्म श्रीकृष्णको विवेचना पनि

गीताले गरेको छ । त्यस्तै तदैक्य भनेको जीव र ब्रह्मको एकत्व पनि कृष्णले अर्जुनलाई बह्म ज्ञान गराउँदा नै गीता १८ अध्याय सकिन्छ । त्यस्तै विरोध परिहार भनेको पनि गीतामा सगुण साकारवादीहरू र निराकारवादी एवं मूर्तिलाई मान्ने र मूर्तिको विरोध गर्ने आर्यसमाजीहरू यी सबैको गीतामा आ-आफ्ना तरिकाले निरूपण गरिएको छ । त्यस्तै द्वैत र अद्वैतवादीहरूको पनि गीतामा आ-आफ्नै तरिकाले निरूपण गरिएको छ । वैष्णवहरू, योगीहरूले अद्वैत स्वीकार गर्दैनन् । जीव ब्रह्म हुन सक्दैन भन्दछन् ।

त्यस्तै साधना कर्म, उपासन, ज्ञानकै साधनाबाट सबै विषयको निरूपण गरिन्छ । साधन त्यही भयो । अब रह्यो फल भनेको त्यही ब्रह्म ज्ञान प्राप्त गर्नु नै हो ।

त्यसैकारण गीताको रहस्य बुझ्न जीवनभर साधना गरेर वेदान्त, उपनिषद्, ब्रह्मसूत्रको पनि अध्ययन गरेर महापुरुषहरूले गीताको रहस्य बुझ्न सकेका छन् । र त्यसै गीतामा भाष्य लेखेका छन् । जस्तै- श्री आदिशंकराचार्य रामानुजाचार्य, आदि महापुरुषले भाष्य लेखिदिएर सबै जीवात्मा हामी जस्तालाई थोरै-धेरै ज्ञान हासिल गर्न सजिलो भएको छ। गीताको वास्तविक अर्थ बुझ्न जीवनभर लागिरहनुपर्दछ । साधना गरिराख्नुपर्दछ । तर हामीहरू एकपटक गीताको पुस्तक अध्ययन गरेर अब म गीता जान्ने भएँ । अथवा गीताको किताब मसँग छ भनेर सम्झनु अधुरो ज्ञान मात्र हो । त्यस्तै गीताको उत्पत्ति गुरु-शिष्य परम्पराबाट भएको हुँदा गीता ज्ञान हासिल गर्न श्रोत्रिय ब्रह्मनिष्ठ गुरुको पनि आवश्यकता पर्दछ। गुरुविनाको ज्ञान जति अध्ययन गरे पनि अधुरो र अपुग नै हुन्छ ।

गीताको द्वन्द्व कुनै बाहिरको द्वन्द्व बाहिरको युद्ध होइन । बाहिरका द्वन्द्व वाहिरका युद्ध ठूल्ठूला धेरै भएका छन् । एक थरीले जित्छन्, एक थरीले हार्दछन् । तर दुवै दुःखी छन् । त्यो युद्ध जित्ने पनि खुसी छैन । किनकि जवतक मानिसको आत्मामा शान्ति हुँदैन तबतक युद्ध जित्दैमा शान्ति हुँदैन । गीतामा भएको युद्ध बाहिरको युद्ध नभएर अन्तर्देशीय युद्ध हो । धर्म र अधर्मबीचको युद्ध हो । आसुरी भाव र दैविक भावबीचको युद्ध हो । सजातीय र विजातीयबीचको युद्ध हो । किनकि त्यसको प्रमाण गीतामा मारकाटको प्रसङ्ग कहीं पनि आउँदैन । यसबाट पनि बुझ्नुपर्ने कुरा के छ भने गीता क्षेत्र र क्षेत्रज्ञ बीचको अध्ययन हो अथवा आत्मा र शरीरको ज्ञान गर्ने विषय हो । त्यसैले जीवमा म शरीर हुँ भन्ने अहं बुद्धि रहेसम्म जीवको मुक्ति हुँदैन । जब

जीवले म शरीर हैन म आत्मा हुँ भन्ने ज्ञान हासिल गर्दछ। मेरो स्वरूप भनेको पनि सत् स्वरूप, चित् स्वरूप, आनन्द स्वरूप हो। जो ब्रह्म अथवा आत्माको स्वरूप हो त्यही स्वरूप मेरो हो भनेर बुझ्दछ तबमात्र जीवको मुक्ति हुन्छ।

गीताले दिन खोजेको ज्ञान पनि त्यही हो। जीवले यो ज्ञान प्राप्त गर्न जबतक म प्रमातृत्व कर्तृत्व, भोक्तृत्व, गर्ने अथवा म जान्नेवाला हुँ, म गर्ने वाला हुँ, म भोग्नेवाला हुँ भन्ने बुद्धिबाट माथि उठेर म जान्नेवाला, देख्नेवाला, गर्नेवाला हैन म शुद्ध आत्मद्रष्टा साक्षी भाव मात्र हुँ। मेरो शरीरसँग केही सम्बन्ध छैन। शरीर त मानिसले कपडा बदले जस्तो आत्माले शरीर बदल्छ भनेर गीता २-२२ मा

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा न्यन्यानि संयाति नवानि देही ।।

भनेर भगवान्ले अर्जुनलाई उपदेश गर्नुभएको छ। त्यही कुरा कृष्ण भन्नुहुन्छ- तिमी मार्नेवाला को हौ। ती सबै जो तिमीले मार्दिन भनेका छौ तिनीहरू मरिसकेका छन्। तिमी त केवल कर्म गर निमित्त मात्र बन त्यो कर्म पनि निष्काम भावले गर। तिम्रो कर्तव्य भनेको कर्म गर्नु हो। त्यही तिम्रो धर्म पनि हो। तिमी क्षत्री हौ त्यसैले तिम्रो क्षत्रियधर्म र स्वधर्म पनि त्यही हो युद्ध गर भनेर भन्नुभएको छ।

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ।।
अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ।। (गीता २-३१ : २-११)

हे अर्जुन तिमी कुरा त ज्ञानी पण्डितले जस्ता गर्दछौ तर शोक गर्न योग्य नै नभएका मानिसको शोक गर्दछौ। बुद्धिमान् मानिसले मरिसकेका अथवा मर्न बाँकी रहेका कसैको पनि शोक गर्दैनन्। किनकि मर्ने आत्मा हैन शरीर मात्र हो। जो जन्मन्छ त्यो मर्दछ, केको शोक। किनभने शरीर त जन्म र मृत्यु बीचको मात्र हो। हिजो तिमी थिएनौ, म पनि थिइनँ, यिनी राजाहरू पनि थिएनन्। आज छन् फेरि पछि नहुन पनि सक्दछन्। यस्तो नाशवान् शरीरको शोक गर्नु व्यर्थ हो।

यो शरीर बालक भयो, जवानी भयो, अनि वृद्ध भयो, त्यस्तै फेरि आत्माले अर्को शरीर धारण गर्दछ । हे कुन्तीपुत्र अर्जुन, सर्दी, गर्मी, सुख, दुःख यी सबै इन्द्रियहरूको संयोगले विषय भोगका लागि प्रकृतिबाट उत्पन्न भएका अनित्य हुन् विनाशशील हुन् । धीर पुरुषलाई यी इन्द्रियजन्य सुख-दुःखले केही विचलित गर्न सक्दैन । उक्त मोक्षको मार्गमा लागिरहन्छ । जसले सुख, दुःखलाई समान भावले देख्दछ । किनकि सत् वस्तुको अस्तित्व सधैं रहिरहन्छ । असत वस्तुको अस्तित्व एक छिन देखा पर्दछ । अनि हराउँदछ। यी दुवैको ज्ञान तत्त्व ज्ञानी महापुरुषलाई हुन्छ र उनीहरू देखिरहेका हुन्छन्। तिमी पनि अर्जुन तत्त्वदर्शी ज्ञानी बन ।

न जायते म्रियते वा कदाचि न्नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतोऽयं पुराणे न हन्यते हन्यमाने शरीरे ।। (गीता २-२०)

यो आत्मा न कहिले जन्म लिन्छ न त मर्दछ । यो सनातन नित्य अजन्मा हो पुरातन हो । यसलाई कसैले मारेर पनि मर्दैन । मर्ने शरीर मात्र हो। आत्माले शरीरलाई फेरिराख्दछ । यो आत्मालाई न शस्त्रले काट्न सक्दछ न त आगाले पोल्न सक्दछ । न त पानीले भिजाउन सक्दछ न त हावाले सुकाउन सक्दछ । त्यही सनातन आत्मा हो त्यो जान अर्जुन, आत्मा मर्दैन शरीर हो मर्ने । त्यस्तो शरीरको चिन्ता नगर । भनेर उपदेशात्मक रूपमा आत्मा र शरीरकै विषयमा उपदेश गर्नुभएको छ । अब एकएक गरेर उपदेश गर्नुहुन्छ । हे अर्जुन ! तत्त्वदर्शी महापुरुषहरू कोही यस आत्मालाई आश्चर्य मानेर देख्दछन् । कोही वर्णन गर्दछन् । आश्चर्य मानेर कोही आत्मालाई सुन्दछन् । सुनेर पनि जान्दैनन् । यस्तो अनुमानै गर्न नसकिने शरीरका लागि शोक गर्न उचित छैन । गीता २-३१ तिमी त आफ्नो धर्मलाई जानेर देखेर पनि यो युद्ध गर्न डराउन मिल्दैन । किनकि तिमी छेत्री हौ, छेत्रीलाई धर्मयुद्धभन्दा ठूलो कल्याणकारी कर्तव्य अर्को हुँदैन । त्यसैले पनि तिमी युद्ध गर । आफ्नो धर्म नगर्ने मानिस आफ्नो कीर्तिलाई गुमाएर पापमा पर्दछ । साथै आफ्नै मानिसले पनि निन्दा गर्दछन् । ठूला मानिसलाई मृत्युभन्दा पनि निन्दा अपमान बढी पीडादायक हुन्छ । जसले तिमीलाई महारथी भनेर मान्दथे, तिनीहरू पनि निन्दा गर्न थाल्नेछन्, अवाच्य बोल्नेछन् ।

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ।। (गीता २-३७)

यो युद्धमा तिमी विजय भयौ भने राज्य सुख भोग्ने छौ । हार्‍यौ भने पनि यो धर्मयुद्ध भएको हुँदा मोक्ष प्राप्त हुनेछ । त्यसकारण पनि हे अर्जुन ! युद्ध गर्ने निर्णय गरी धीर पुरुष सुख-दुःख, लाभ-हानिलाई समान मानेर युद्ध गर । यो युद्ध गर्दा तिमीलाई पाप लाग्दैन । तिमीलाई पुण्य नै हुन्छ ।

हे अर्जुन तिमीलाई अहिलेसम्म ज्ञान र उपदेश मात्र मैले गरेको थिएँ । अब तिमीलाई कर्मयोगको विषयमा पनि म बताउँछु सुन । कर्मयोगको विषय अ. ३-३ मा यसको विस्तृत रूपमा वर्णन भएको पाइन्छ । तर यहाँ कर्मयोगको विषय भनेकै निष्काम कर्म हो । यो निष्काम कर्मद्वारा यही ज्ञानमा रहेर कर्म गर्‍यौ भने तिमीले आफूलाई कर्म बन्धनबाट मुक्त गर्न सक्दछौ । यहाँ साङ्ख्य शब्दको उल्लेख भएको छ । र साङ्ख्य भनेको विश्लेषणात्मक अध्ययनद्वारा आत्माको ज्ञान गर्नु भनेर बुझ्नुपर्ने हुन्छ ।

वैदिक शब्दकोशअनुसार विस्तारपूर्वक वस्तुहरूको वर्णन गर्ने विद्यालाई 'साङ्ख्य' भनिन्छ । त्यो दर्शन हो जसले आत्माको साँचो स्वभावको व्याख्या विश्लेषण गर्दछ । अर्जुनको युद्ध नगर्ने विचार इन्द्रिय तृप्ति, विषय भोग, बन्धुहरूलाई मारेर भन्दा नमारेर पाइने सुख ठूलो हो भन्ने विचारले जितेको पाइन्छ ।

यसमा कृष्णले के भन्न खोज्नुभएको छ भने उनका पितामह, गुरुहरूको शरीर मरे पनि वास्तविक आत्मा मर्दैन । स्वयं भगवान् एवं जीवहरू भूतमा पनि थिए, वर्तमानमा पनि छन्, भविष्यमा पनि रहन्छन् । फरक यति मात्र हो पृथक् पृथक् अस्तित्वमा थिए । हामीले विभिन्न प्रयोजनका लागि विभिन्न शरीर धारण गरेको मात्र हो । यथार्थमा भौतिक परिवेशबाट मुक्त भए पनि पृथक् आत्मतत्त्वको अस्तित्व रहिरहन्छ । कृष्णले आत्मा र शरीरको स्पष्ट रूपमा विश्लेषण गर्नुभएको छ । आत्मा र शरीरको विश्लेषणात्मक ज्ञानलाई नै यहाँ आत्मा भनिएको हो त्यसैलाई साङ्ख्य भनिएको हो । पहिले भगवान् विष्णुकै कपिल अवतारमा कपिलले आफ्नो आमा देवहूतीलाई उपदेश गरेको प्रसङ्ग श्रीमद्भागवतमा पाइन्छ । त्यहाँ पनि देवहूतिलाई आत्मज्ञान गाउनुभएको छ । तर यहाँ साङ्ख्य दर्शन नास्तिक दर्शन पनि छ । यसमा साङ्ख्य भनेर दर्शनको व्यवस्था र व्याख्या गरेको छ । त्यसको यहाँ केही सम्बन्ध छैन । यहाँ साङ्ख्य योगको विषय नै श्रीकृष्णले अर्जुनलाई ज्ञान गराउन खोज्नुभएको छ ।

साङ्ख्य भनेको आत्मविश्लेषणात्मक ज्ञान योगले इन्द्रियहरूलाई नियन्त्रण गर्ने अर्थमा नै यसको व्याख्या गरेको पाइन्छ । गीताले के प्रस्ट गर्न खोजेको पाइन्छ भने यी सम्पूर्ण आत्माहरू इन्द्रिय तृप्तिका निमित्त भौतिक संसारमा कार्यरत छन् । र भौतिक शक्तिका वशमा परेर तिनीहरूले आफूलाई नै भोक्ता ठानिराखेका छन् । त्यस्तै मानसिकताले जीवात्मालाई मुक्ति हुनबाट रोकेको छ । यो नै मायाको अर्थात् इन्द्रिय तृप्तिजन्य मोहको अन्तिम पासो हो । यसैले जीवले धेरै जन्म व्यतीत गरिसकेपछि भगवान् गुरुको रूपमा प्रादुर्भाव भएर उपदेश गरेर जीवलाई आफ्नो वास्तविक स्वरूप आत्माको ज्ञान गराएर मुक्ति दिलाउँछन् । यस्तै यहाँ पनि जब अर्जुनले जब "शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम्" भनेर तपाईंको शिष्य पनि भएँ, म तपाईंको शरणमा पनि आएँ भनेपछि कर्म योग वृद्धि योगद्वारा निष्काम कर्म गर तर फलको आशा नगर । यसको मतलब निष्काम कर्मले कर्म बन्धनबाट मुक्त गर्दछ । कर्म फलको गन्ध हुनु हुँदैन । यो कर्म योगको बीज हुन्छ । बीज भनेको निष्काम कर्म हो । त्यसले उल्टो फलस्वरूप दोषबाट रहित भएर जन्ममृत्यु, जराव्याधिबाट थोरै भए पनि छुटकारा गर्ने कार्य गर्दछ । यहाँ अन्तर के छ भने निष्काम कर्म गर्नेको निश्चयात्मक बुद्धि एकै हुन्छ । उसको बुद्धि स्थिर हुन्छ । तर सकाम कर्म गर्ने व्यक्तिको बुद्धि अनेक हुन्छन् । विवेकहीन हुन्छ । यही अन्तर हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिम्रो कर्म गर्ने मात्र अधिकार छ । फलमा अधिकार छैन । जस्तै तिमीले वाण हान्यौ भने तिम्रो अधिकार निसाना लगाउनु वाण छोड्नु मात्र हो । तर त्यो (आखेट) अथवा मृगलाई लाग्दछ, लाग्दैन त्यो तिम्रो वशको कुरा होइन । वाण नलाग्न पनि सक्दछ । त्यस्तै तिम्रो अधिकार भनेको कर्म गर्नु मात्र हो । यहाँ पनि अर्जुनलाई भन्नुहुन्छ - तिमी युद्ध गर । तिमीले नै युद्ध जित्दछौ भन्ने केही ग्यारेन्टी छैन । तर कर्म गर तर कर्म गर्दा निष्काम कर्म गर, अहिलेको तिम्रो कर्म भनेको युद्ध गर्नु हो ।

जो कर्म फलका प्रशंसक सकाम कर्म गर्ने व्यक्ति जो वेदले लिएको लक्ष्य भनेको स्वर्ग अन्तिम हो । धेरै इन्द्रिय तृप्तिका लागि हुन्छन् । जन्म कर्म फलकै भोगमा नै रमाउनेको निश्चयात्मक बुद्धि हुँदैन । साथै प्रकृतिका तीन गुण कामना, भोग, शरीरमा मात्र न अल्झ आत्मालाई चिन, सत्त्व, रजः, तमः आदि प्रकृतिका तीन गुणदेखि माथि उठ । जो जय, पराजय, सिद्धि, असिद्धि दुःख-सुखलाई समान मानेर स्थित बुद्धिमा रहन्छ । त्यसलाई योगी भनिन्छ । त्यही योगी हो । सकाम कर्म अत्यन्त निम्न कोटिको मानिन्छ । त्यसैले बुद्धि

योग निष्काम कर्ममा ध्यान देऊ । जसले समत्व बुद्धि राखेर कर्म गर्दछ त्यसैलाई कर्म कौशल भनिन्छ । त्यही योगस्थ स्थित प्रज्ञ बुद्धिमान् मानिन्छ ।

पुनः यहाँनिर अर्जुनले प्रश्न गर्दछन् । यो स्थितप्रज्ञको लक्षण कस्तो हुन्छ । म साह्रै दोधारमा छु । मलाई ज्ञान प्रदान गर्नुहोस् भनेर भन्दछन् । किनकि यसबाट के बुझ्न सकिन्छ भने गीताले दिन खोजेको सन्देश भनेको मानिसमा भएका अन्तर्द्वन्द्वबाट मुक्त गराउनु नै गीताको उद्देश्य हो । अज्ञानले पीडित भएकालाई ज्ञानको प्रकाशबाट जन्म-मृत्युबाट माथि उठाउन खोजेको हो ।

जुन व्यक्तिले सम्पूर्ण कामनाको त्याग वासनाको त्याग गरेर इन्द्रिय जन्य कार्यलाई त्यागेर आफ्नो आत्ममा स्थित हुन्छ । त्यस समयदेखि त्यो स्थितप्रज्ञ मानिन्छ । जो व्यक्ति दुःखमा दुःखी हुँदैन, सुख हुँदा पनि रमाउँदैन जे भए पनि समान भावमा रहन्छ । आफ्नो बुद्धिलाई स्थिर राख्दछ । शरीर कछुवाले आफ्नो पखेटा शरीरभित्र खुम्च्याए जस्तै जो व्यक्तिले आफ्ना इन्द्रियहरूलाई काम, क्रोध, लोभ, मोहलाई आफ्नो वशमा पार्दछ त्यस्तालाई स्थितप्रज्ञ भनिन्छ ।

जो व्यक्ति इन्द्रियलाई वश गरेर आसक्ति त्याग गर्दछन् । त्यस्ता व्यक्तिले भगवान्को साक्षात्कार गर्न सक्दछन् । जसको आसक्ति नाश भएको छैन त्यस्ताको मन पनि आसक्तिले विचलित पार्दछ । त्यसकारण बुद्धिमान् मानिसले इन्द्रियलाई वशमा राख्न सक्दछन् । त्यही प्रज्ञ हो ध्यानस्थ हुनुपर्दछ । अन्यथा विषयको चिन्तन गर्ने व्यक्तिमा आसक्ति उत्पन्न हुन्छ । आसक्तिबाट कामना उत्पन्न हुन्छ । कामनाको पूर्ति नहुँदा क्रोध, उत्पन्न हुन्छ । क्रोधले बुद्धि भ्रष्ट गर्दछ । बुद्धि भ्रष्ट भएपछि स्मृति नाश हुन्छ । स्मृति नाश भएपछि सर्वनाश हुन्छ । इन्द्रियलाई वशमा गर्न नसक्ने व्यक्ति त नदीको हावाले नदीमा हिँडिरहेको नाउलाई जसरी उडाउँछ त्यसरी नै त्यसको बुद्धि हरण हुन्छ । जो व्यक्तिका आफ्ना इन्द्रियहरू वशमा छन् । जसका इन्द्रियहरू विषयदेखि अलग छन् । त्यही स्थितप्रज्ञ हो । त्यही मुनि हो ।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।। (गीता २-६९)

जो व्यक्तिले आफ्नो निहित स्वार्थदेखि माथि उठेर प्रकृतिको विषयमा चिन्तन गर्दछ । अरूको कल्याणको विषयमा चिन्तन गर्दछ । त्यसका लागि

रात हुन्छ। सांसारिक विषयभोगी व्यक्तिको मुनिको भन्दा अलग चिन्तन हुन्छ। सिद्ध पुरुषको सोच वस्तुनिष्ठ हुन्छ।

सामान्य पुरुषको सोच आत्मपरक हुन्छ। सत्य इन्द्रिय विषयदेखि पर हुन्छ, टाढा हुन्छ। त्यसैले सांसारिक मानिसले सत्य भेट्टाउन सक्दैनन्। मुनिले प्रकृतिलाई कसरी जोगाउने भन्ने सोच चिन्तन गर्दछन्। जो सांसारिकले प्रकृतिको वास्ता राख्दैन, उसले आफ्नो व्यक्तिगत लाभ-हानिको मात्र चिन्तन गर्दछ। सांसारिकको चिन्तनलाई रात्रीसरह मान्दछन् मुनिले। मुनिको चिन्तन लोक कल्याणका लागि हुन्छ त्यो दिनसरह हुन्छ। तर सांसारिकका लागि त्यो रातसरह हुन्छ। यही फरक छ। सांसारिक व्यक्ति साना नदी जस्ता हुन्। स्थितप्रज्ञ मुनि ज्ञानी समुद्रवत् अटल छन्। आफ्नो सीमा परिवर्तन गर्दैनन्। तर विषय पुरुष इन्द्रियहरूका वासनाको कारण खहरे खोला नदी जस्तै चञ्चल छन्। आखिर सबै नदी त्यही समुद्रमा समाहित हुन्छन्। यो अध्यायलाई कर्म जिज्ञासा योग भनिएको छ। यस अध्यायले कर्मको जिज्ञासालाई उजागर गरेको छ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगेशास्त्रे ज्ञान कर्म जिज्ञासा साङ्ख्य योग नामक गीता रहस्य द्वितीयोऽध्यायः समाप्तम्।

ॐ श्रीपरमात्मने नमः

अथ तृतीयोऽध्यायः

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ।।१।।

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ।।२।।

श्रीभगवानुवाच

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगीनाम् ।।३।।

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च सन्न्यसनादेव सिद्धिं समधिगच्छति ।।४।।

न हि कचित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ।।५।।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ।।६।।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ।।७।।

नियतं कुरु कर्य त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ।।८।।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय ! मुक्तसङ्गः समाचर ।।९।।

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेक प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ।।१०।।

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ।।११।।

इष्टान्भोगान्हिवो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ।।१२।।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ।।१३।।

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ।।१४।।

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ।।१५।।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ ! स जीवति ।।१६।।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ।।१७।।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यापाश्रयः ।।१८।।

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ।।१९।।

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसङ्ग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ।।२०।।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ।।२१।।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्तमवाप्त्वयं वर्त एव च कर्मणि ।।२२।

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः ।।२३।।

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।
सङ्करस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ।।२४।।

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसङ्ग्रहम् ।।२५।।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ।।२६।।

प्रकृतेः क्रियामाणानि गुणैः कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ।।२७।।

तत्त्ववित्तु महाबाहो ! गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ।।२८।।

प्रकृतेर्गुणसम्मूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न बीचालयेत् ।।२९।।

मयि सर्वाणि कर्माणि सन्न्यस्याध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युद्धयस्व विगतज्वरः ।।३०।।

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ।।३१।।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ।।३२।।

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ।।३३।।

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ।।३४।।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।।३५।।

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ।।३६।।

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ।।३७।।

धूमेनाव्रियते वह्निर्न्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ।।३८।।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय ! दुष्पूरेणानलेन च ।।३९।।

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ।।४०।।

तस्मात्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ।।४१।।

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ।।४२।।

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ।।४३।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई कर्म योग अन्तः शत्रु विनाश नामले बुझिन्छ। शास्त्रको रचना दुई प्रकारबाट गरिएको छ। एक सांस्कृतिक-सामाजिक मर्यादा कायम राख्न र अर्को शाश्वत ज्ञान, आध्यात्मिक ज्ञान एवं भौतिक

ज्ञान हासिल गर्न । तर गीता एक दिव्य सन्देश हो । जब द्वितीय अध्यायमा कर्म जिज्ञासा योगको ज्ञान एवं गीताको सारसंक्षेपको ज्ञान गराइसकेपछि कर्म योगको विषयमा यस अध्यायले ज्ञान गराएको पाइन्छ । ज्ञान योग र निष्काम कर्म योग बताइसकेपछि कृष्णलाई अर्जुनले भन्नुहुन्छ कि निष्काम कर्म योग, ज्ञान योग, भनेको के हो ? मलाई ज्ञान योगको सुगम मार्गमा नलगाएर यो कर्म योग भनेर किन भन्नुहुन्छ ? म दोधारमा परें । मलाई एकै मार्ग जसमा सुगम पनि होस् त्यो बताउनुहोस् ।

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगीनाम् ।। (गीता ३-३)

यसमा भगवान् श्रीकृष्णले भन्नुहुन्छ, हे अर्जुन मैले प्रतिपादन गरेका ज्ञानका दुई मार्ग नै छन्- एक कर्मयोग अर्को ज्ञानयोग त्यही ज्ञान योग नै साङ्ख्य योग, संन्यास योग नामले प्रख्यात छ । दोस्रो हो निष्काम कर्मयोग, कुनै पनि फलको आसक्तिलाई त्याग गरेर भगवान्को आज्ञाअनुसार केवल भगवान्मा नै समत्व एकत्व भाव राखेर (अथवा स्थिर बुद्धि गरेर दोधारे नभई) गरिने कर्मको नाम निष्काम-कर्मयोग हो । समत्व योग, बुद्धियोग, कर्मयोग, तदर्थ कर्मयोग, मदर्थ कर्मयोग, मत्कर्मयोग आदि नामले प्रसिद्ध छ । त्यसैलाई वेदले निर्दिष्ट गरेको कर्मकाण्ड, भक्ति उपासनाकाण्ड र ज्ञानकाण्डमध्ये भक्ति तथा उपासना पनि यही निष्काम कर्मयोग मानिन्छ ।

जो मायाबाट उत्पन्न हुने सत्त्व, रज, तमोगुण र मन, इन्द्रिय, बुद्धिद्वारा गरिने ज्ञान हुने सम्पूर्ण क्रियाकलापबाट उत्पन्न हुने अभिमान प्रमातृत्वभाव, कर्तृत्वभाव, भोक्तृत्वभावबाट रहित भएर सर्वव्यापी भगवान् सच्चिदानन्द परमात्मामा स्थित भएर गरिने कर्म नै ज्ञानयोग हो । त्यसैलाई नै साङ्ख्य योग, संन्यास योग भनिएको हो । यहाँनिर मुमुक्षु पाठकले मुख्य बुझ्नुपर्ने कुरा के छ भने निष्काम कर्मयोगी उपासना एवं भक्तिद्वारा भगवान्मा नै आश्रित हुन्छन् । तर ज्ञानमार्गी संन्यासमार्गी आफैँ आफूमा निर्भर रहन्छन् । फरक यतिमात्र हो ।

गीताले दिन खोजेको ज्ञान कर्मयोगको प्रेरणा पनि यही हो । ज्ञानीका लागि ज्ञान मार्ग, निष्काम कर्मयोगीका लागि निष्काम कर्म तर दुवैमा कर्म अनिवार्य हुन्छ । शुभाशुभ कर्मको अन्त्य कहिल्यै हुँदैन । कोही पनि पुरुष कार्य नगरी रहन सक्दैन । ज्ञानरूपी अग्निले सबै पापलाई भस्म गरिदिन्छ ।

कर्मेन्द्रियहरूलाई रोकेर मनले चिन्तन गर्नु मूर्खता हो। इन्द्रियहरूलाई देखाउने हैन वशमा राखेर कर्म गर्ने मुमुक्षु नै ज्ञानी हो। श्रेष्ठ पुरुष हो।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्धयेदकर्मणः ।। (गीता ३-८)

शास्त्र निहित कर्म नियत कर्म गर्नु नै पर्दछ। कर्म त शरीरको यात्रा हो। शरीरका लागि पनि कर्म त गर्नु नै पर्ने हुन्छ।

जीव शरीरमा कर्म गर्दै यात्रा गर्दछ। जब यात्राको पूर्णता हुन्छ तब ऊ गन्त्वयमा पुग्दछ। त्यो गन्त्वय भनेको मुक्ति हो।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थकर्म कौन्तेय मुक्तसङ्गः समाचर ।। (३-९ गीता)

यज्ञका लागि कर्म गर्नुपर्दछ। आसक्तिरहित कर्मले बन्धनमा पर्दैन त्यसैले आसक्तिरहित कर्म गर्नुपर्दछ। यज्ञ नै कर्म हो। कर्म नै यज्ञ हो। निर्धारित कर्म भनेको मोहबाट छुटकारा गराउने कर्म हो त्यसैले मुक्ति प्रदान गराउँदछ नकि सांसारिक कर्मले। यहाँ श्रीकृष्णले कर्ममा के प्रकाश पार्न खोज्नुभएको छ भने यज्ञलाई कार्यरूप दिनु नै कर्म हो। कर्म भनेर हामीले बुझेको समाज सेवा, लोकको सेवा हो, यो कर्म यसै लोकको बन्धनकारी कर्म हो। यहाँ श्रीकृष्णले भनेको कर्म त्यो हैन। त्यो त संसारको बन्धनबाट छुटकारा पाउने कर्मलाई यहाँ कर्म भनिएको हो।

यहाँ बुद्धि नै ब्रह्म हो बुद्धि नै आत्मा हो। बुद्धिविद् आत्मा नै ब्रह्म हो। सबै प्राणी अन्नबाट उत्पन्न हुन्छन्। अन्न यज्ञबाट उत्पन्न हुन्छ। यज्ञबाटै वृष्टि हुन्छ। कर्म वेदबाट निर्दिष्ट छ। वेद अपौरुषेय हो। त्यसै यज्ञबाट बचेको यज्ञ शेष अन्न खाने पुरुष पापबाट मुक्त हुन्छ। यसैले यज्ञ नै कर्म हो र कर्म नै यज्ञ हो भनिएको हो। अर्जुन त्यही कर्म तिमीलाई गर भनिएको हो। तिम्रो क्षत्रिय धर्म स्वधर्म पनि त्यही हो। त्यसकारण युद्ध गर। यहाँ कृष्णले बताएको कर्म आत्मतृप्ति हुने यज्ञ हो।

इन्द्रिय तृप्तिका लागि गरिने यज्ञ भनेको हैन। विकार निवृत्ति गरिने यज्ञ नै यज्ञ हो। त्यही नियत कर्म कार्य पनि एउटै हो। यहाँ प्रजाति भन्ने वस्तु केही छैन। ब्रह्मविद् बुद्धिलाई नै ब्रह्म भनिएको हो।

धर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसङ्ग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ।। (गीता ३-२०)

आसक्तिरहित कर्मद्वारा सिद्धि प्राप्त गर्ने लोकजनहरूलाई देखेर पनि तिमीलाई कर्म गर्न राम्रो हुन्छ । तिमी कर्म गर किनकि लोकमा ज्येष्ठ पुरुषले जस्तो कर्म गर्दछ त्यस्तै आचरण अन्य पुरुषले गर्दछन् । त्यसैलाई प्रमाण मानेर गर्दछन् । त्यसैले मैले पनि कर्म गर्दैछु ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ।। (गीता ३-२२)

मलाई तीनै लोकमा अप्राप्य वस्तु केही छैन । तर पनि मैले कर्म गर्दैछु । किनभने मैले कर्म गरिन भने मेरो सिको सबै लोकले गर्नेछन् । त्यसबाट कर्म नै लोप हुनेछ । त्यस दोषको भागी म बन्नुपर्दछ । त्यसैले मैले कर्म गर्दैछु । त्यसकारण तिमी कर्म गर । तिम्रो कर्म भनेको युद्ध गर्नु हो । किनकि यो युद्ध धर्मयुद्ध हो । त्यस्तै गीता ३-२५ मा

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसङ्ग्रहम् ।।

जसरी आसक्ति भएर अज्ञानी व्यक्तिले कर्म गर्दछ । फलमा आसक्ति राखेर गर्दछ तर विद्वान्को कर्म आसक्तिरहित फलमा आशा नराखी अज्ञानी मानिसलाई सही बाटोमा ल्याउन कर्म गर्दछ । फरक त्यही हो । उद्देश्य चाहिं फरक छ । त्यसैले नियत कर्म, अनासक्त कर्म गर्नुपर्दछ । आत्माको शुद्ध वस्तु नै ब्रह्म हो । माता पिताका कारणले सन्तान वर्णसङ्कर हुँदैन । स्त्रीहरू दूषित हुनाले वर्णसङ्करसँग केही सम्बन्ध छैन । प्रकृतिमा भट्कनु नै वर्णसङ्कर हो भनेर कृष्णले उपदेश गरेको पाइन्छ ।

महापुरुषको कारणबाट पछाडिका पिँढीमा केही असर नपरोस् त्यसलाई आत्मासात् गरेर महापुरुषहरूले कर्म गर्नुपर्दछ । स्थिर भएर तैलधारावत भएर ध्यान एवं चिन्तनमा लागिरहनुपर्दछ । साधकमा अहंकारको लेश पनि हुनु हुँदैन । आरम्भदेखि अन्त्यसम्म प्रकृतिका गुणअनुसार नै ध्यानस्थ हुनुपर्दछ । गुण एवं कर्तापनमा अहंकार हुनु हुँदैन । किनभने तामसी गुणको प्रभावले आलस्य ल्याउँछ । राजसगुणले स्वामित्वको बोध एवं अहंकार भाव ल्याउँछ । सत्त्वगुणले धारावाही चिन्तन गराउँछ । गुणले आ-आफ्नो कार्य गराउँछ । तर आसक्त कर्म फलको इच्छाको कर्म हुनु हुँदैन । निष्काम कर्म

गर्ने साधकलाई कर्म र गुणको परिवर्तन देख्ने अवस्था आउँदैन । यसकारण अध्यात्ममा चित्त लगाएर सबै कर्मका सबै भाव ममा अर्पण गर र तिमी युद्ध गर । सबै आशा निराशा आसुर भाव सबै ध्यानमा समेट्नु नै युद्ध हो । यो युद्ध आफूभित्रको हो । तिमी युद्ध गर यो युद्ध अन्तर्देशीय युद्ध हो ।

धर्मक्षेत्र कुरुक्षेत्र आसुरीभाव र दैविकभाव बीचको युद्ध हो । आशा, ममता, राग, द्वेषको व्यवस्था गर्न नसक्नेको शत्रु आफूभित्र छ । प्रत्येक इन्द्रियका विषयमा राग द्वेष, काम, क्रोध बसेका छन् । तिनीहरूका वशमा पर्न हुँदैन । तिनी शत्रु हुन् । तिनले कल्याणको मार्ग रोक्दछन् ।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।। (गीता ३-३५)

अरूलाई तोकेको कर्म राम्रो र आफूलाई तोकेको काम नराम्रो भए पनि आफ्नै कर्म र आफ्नै धर्म राम्रो हुन्छ, स्वधर्मभन्दा राम्रो अरू केही छैन । त्यही श्रेयस्कर हुन्छ । आफ्नो धर्ममा दुःख भए पनि अरूको धर्म सुख मान्नुभन्दा आफ्नै धर्ममा रमाउनु राम्रो हो । त्यही कल्याणकारी हुन्छ । त्यसैले तिम्रो स्वधर्म भनेको तिमी छेत्री भएकाले छेत्रीको धर्म भनेको युद्ध गर्नु नै श्रेयस्कर र उत्तम छ । त्यसै कारण तिमी युद्ध गर । रजोगुणबाट उत्पन्न हुने काम, क्रोध, ईर्ष्या कहिल्यै सन्तुष्ट नहुने पापी छन् । विषयी हुन् । तिनीहरूलाई शत्रु जान । ती कस्ता हुन् भने धुवाँले अग्निलाई ढाक्दछ । धुलोले ऐनालाई ढाक्दछ । सालले जन्मन लागेको बच्चालाई ढाक्दछ । त्यस्तै कामना विषय वासनाले ज्ञानलाई ढाकिदिन्छ । त्यसैले विषय वासनादेखि सतर्क हुनुपर्दछ । आगो सरह कहिले तृप्त नहुने कामनालाई शत्रु जान । इन्द्रियहरूले नै जीवात्मालाई अज्ञानले ढाकिदिन्छ । ज्ञान गर्न सक्दैन । इन्द्रियदेखि पर मन छ, मनदेखि पर बुद्धि छ, बुद्धिभन्दा पर आत्मा छ त्यो आत्मालाई तिमी जान, त्यस आत्माको ज्ञान यस अध्यायले गराउँदछ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे कर्मयोग नामक गीता रहस्य तृतीयोऽध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ चतुर्थोऽध्यायः

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ।।१।।

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ।।२।।

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ।।३।।

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः ।
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ।।४।।

श्रीभगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि त्व चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ।।५।।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ।।६।।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।७।।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।।८।।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ।।९।।

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ।।१०।।

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ ! सर्वशः ।।११।।

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ।।१२।।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ।।१३।।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ।।१४।।

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ।।१५।।

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ।।१६।।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ।।१७।।

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ।।१८।।

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः ।
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ।।१९।।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ।।२०।।

Acc. 25562/2562

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ।।२१।।

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ।।२२।।

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ।।२३।।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ।।२४

दैवमेवापरे यज्ञं योगीनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ।।२५।।

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ।।२६।।

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ।।२७।।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ।।२८।।

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।
प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ।।२९।।

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ।।३०।।

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम् ।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ।।३१।।

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ।।३२।।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्वं कर्माखिलं पार्थ ! ज्ञाने परिसमाप्यते ।।३३।।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ।।३४।।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ।।३५।।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ।।३६।।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ।।३७।।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ।।३८।।

श्रद्धावा''ल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ।।३९।।

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ।।४०।।

योगसन्न्यस्तकर्माणं ज्ञानसञ्छिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ।।४१।।

तस्मादज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ।।४२।।

श्रीमद्भगवद्गीता रहस्य

यस अध्यायलाई ज्ञान कर्म संन्यास एवं यज्ञ कर्म स्पष्टीकरण योग भनिन्छ । गीताको प्रतिपाद्य विषयवस्तु भनेको 'तत् त्वम् असि' हो । अर्जुनका

प्रश्न पहिलेको युगमा पनि त्यति कै सान्दर्भिक थिए । अहिलेको युगमा पनि समसामयिक छन् र आउने युगमा पनि त्यतिकै सान्दर्भिक रहने छन् । ती प्रश्न अर्जुनका मात्र थिएनन् । प्रत्येक मानिसका मनमा विद्यमान छन् । गीता कुनै व्यक्तिविशेष, जातिविशेष, धर्मविशेष, सम्प्रदायविशेषको हैन । गीता सम्पूर्ण मनुष्य जातिको शास्त्र हो । कर्म बन्धनबाट मुक्त गराउने विद्या गीता हो । कर्म बन्धन ज्ञानयोगले पनि हटाउँछ र कर्मयोगले पनि हटाउँछ ।

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ।। (गीता ४-१)

कल्पको आरम्भमा मैले यो अविनाशी ज्ञान सूर्यलाई बताएँ । सूर्यले आफ्ना पुत्र मनुलाई बताए । वैवस्वत मनुले आफ्ना छोरा इक्ष्वाकुलाई बताए । यसरी परम्परा हुँदै राजर्षिसम्म आइपुग्दा यो योग चलेर आएको थियो । त्यसपछि यो लोप भयो । त्यही योग अब मैले तिमीलाई बताउँछु । किनभने तिमी मेरा प्रिय सखा हौ । तिमी मेरो शिष्य पनि हौ र मेरो भक्त पनि हौ । त्यसै कारण यो रहस्यमय योग छ । यसलाई गोप्य पनि राख्नुपर्ने हुन्छ भनेर स्वयं भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश गरेको पाइन्छ । सूर्य भनेको स्वयं प्रकाश सूर्य, मन, इक्ष्वाकु हुँदै राजर्षिसम्म आइपुग्दा यो योग लोप हुँदै गयो । अब तिमी राजर्षि कोटिका छौ, तिमी यो ज्ञान ग्रहण गर भन्दा अर्जुन भन्दछन्- हजुरको जन्म अहिले भएको हो । सूर्यको जन्म कल्पको आरम्भमा भएको हो । तपाईंले ज्ञान सूर्यलाई दिनुभयो भन्दा म कसरी विश्वास गरौं ।

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ।। (गीता ४-५)

हे अर्जुन ! तिम्रा र मेरा जन्म धेरै भए । त्यो कुरा तिमी जान्दैनौ म जान्दछु । किनभने म स्वरूप जन्ममा प्रकट हुन्छु । शरीर रहित प्रकट हुन्छु । कसरी भने एक माया छ प्रकृतिको माया त्रिगुणात्मक अविद्यारूपी माया त्यसलाई वशमा गरेर । अर्को माया छ विनाशरहित आत्मा माया जसलाई योग माया भनिन्छ । त्यसले स्वरूपलाई स्वतः आत्मासँग जोड्दछ र स्वरूपको ज्ञान हुन्छ । त्यसै आत्मालाई मैले रच्न थाल्दछु ।

यो स्वरूपको जन्म अथवा प्रकट पिण्डरूपमा हुँदैन । अनुरागी समर्पण भक्तलाई मात्र ज्ञान हुन्छ म अजन्मा अविनाशी भएर पनि सबैको ईश्वर भएर पनि प्रकृतिलाई आ-आफ्ना अधीनमा गराएर प्रकट हुन्छु ।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्वं कर्माखिलं पार्थ ! ज्ञाने परिसमाप्यते ।।३३।।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ।।३४।।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ।।३५।।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ।।३६।।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ।।३७।।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ।।३८।।

श्रद्धावा"ल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ।।३९।।

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ।।४०।।

योगसन्यस्तकर्माणं ज्ञानसञ्छिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ।।४१।।

तस्मादज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ।।४२।।

श्रीमद्भगवद्गीता रहस्य

यस अध्यायलाई ज्ञान कर्म संन्यास एवं यज्ञ कर्म स्पष्टीकरण योग भनिन्छ । गीताको प्रतिपाद्य विषयवस्तु भनेको 'तत् त्वम् असि' हो । अर्जुनका

प्रश्न पहिलेको युगमा पनि त्यति कै सान्दर्भिक थिए । अहिलेको युगमा पनि समसामयिक छन् र आउने युगमा पनि त्यतिकै सान्दर्भिक रहने छन् । ती प्रश्न अर्जुनका मात्र थिएनन् । प्रत्येक मानिसका मनमा विद्यमान छन् । गीता कुनै व्यक्तिविशेष, जातिविशेष, धर्मविशेष, सम्प्रदायविशेषको हैन । गीता सम्पूर्ण मनुष्य जातिको शास्त्र हो । कर्म बन्धनबाट मुक्त गराउने विद्या गीता हो । कर्म बन्धन ज्ञानयोगले पनि हटाउँछ र कर्मयोगले पनि हटाउँछ ।

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ।। (गीता ४-१)

कल्पको आरम्भमा मैले यो अविनाशी ज्ञान सूर्यलाई बताएँ । सूर्यले आफ्ना पुत्र मनुलाई बताए । वैवस्वत मनुले आफ्ना छोरा इक्ष्वाकुलाई बताए । यसरी परम्परा हुँदै राजर्षिसम्म आइपुग्दा यो योग चलेर आएको थियो । त्यसपछि यो लोप भयो । त्यही योग अब मैले तिमीलाई बताउँछु । किनभने तिमी मेरा प्रिय सखा हौ । तिमी मेरो शिष्य पनि हौ र मेरो भक्त पनि हौ । त्यसै कारण यो रहस्यमय योग छ । यसलाई गोप्य पनि राख्नुपर्ने हुन्छ भनेर स्वयं भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश गरेको पाइन्छ । सूर्य भनेको स्वयं प्रकाश सूर्य, मन, इक्ष्वाकु हुँदै राजर्षिसम्म आइपुग्दा यो योग लोप हुँदै गयो । अब तिमी राजर्षि कोटिका छौ, तिमी यो ज्ञान ग्रहण गर भन्दा अर्जुन भन्दछन्- हजुरको जन्म अहिले भएको हो । सूर्यको जन्म कल्पको आरम्भमा भएको हो । तपाईंले ज्ञान सूर्यलाई दिनुभयो भन्दा म कसरी विश्वास गरौं ।

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ।। (गीता ४-५)

हे अर्जुन ! तिम्रा र मेरा जन्म धेरै भए । त्यो कुरा तिमी जान्दैनौ म जान्दछु । किनभने म स्वरूप जन्ममा प्रकट हुन्छु । शरीर रहित प्रकट हुन्छु । कसरी भने एक माया छ प्रकृतिको माया त्रिगुणात्मक अविद्यारूपी माया त्यसलाई वशमा गरेर । अर्को माया छ विनाशरहित आत्मा माया जसलाई योग माया भनिन्छ । त्यसले स्वरूपलाई स्वतः आत्मासँग जोड्दछ र स्वरूपको ज्ञान हुन्छ । त्यसै आत्मालाई मैले रच्न थाल्दछु ।

यो स्वरूपको जन्म अथवा प्रकट पिण्डरूपमा हुँदैन । अनुरागी समर्पण भक्तलाई मात्र ज्ञान हुन्छ म अजन्मा अविनाशी भएर पनि सबैको ईश्वर भएर पनि प्रकृतिलाई आ-आफ्ना अधीनमा गराएर प्रकट हुन्छु ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजनाम्यहम् ।।
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ।। (गीता ४-७, ८)

म साधु सज्जनको उद्धार गर्न एवं पापीहरूलाई नष्ट गर्न जबजब धर्मको हानि हुन्छ लोप हुन्छ अधर्मको वृद्धि हुन्छ त्यस अवस्थामा म साकार रूपमा नै प्रकट हुन्छु र पुनः धर्मको स्थापना गर्दछु। यस प्रयोजनका लागि म युगयुगमा पटकपटक कुनै न कुनै रूपमा जन्म लिन्छु अथवा प्रकट हुन्छु। त्यो कुरा हे अर्जुन तिमी जान्दैनौ म जान्दछु। मेरो जन्म दिव्य अलौकिक निर्मल हुन्छ। जुन मानिसले सर्वशक्तिमान् सच्चिदानन्द परमात्मालाई अविनाशी, सबै प्राणीहरूको रक्षक, संसारका उद्धारकर्ता, आफ्नै योग मायाबाट प्रकट हुने, जस्तोसुकै कष्टको निवारण गर्ने, अत्यन्त पापीलाई पनि मुक्ति प्रदान गर्न समर्थ हुनुभएका भगवान् प्रभुका अनन्य भावबाट आसक्तिरहित भएर चिन्तन गर्दछ। भगवान्को तत्त्वलाई जान्दछ, त्यस्तो पुरुषले यसै घडी यस पृथ्वीमा जन्म लिँदैन। त्यो सिधै मेरो धाममा प्रवेश गर्दछ। यस्ता धेरै ज्ञानी ममा आश्रित ज्ञान स्वरूप तपद्वारा त्यस्ता पुरुष पनि मेरो स्वरूपमा नै प्राप्त हुन्छन्। हे अर्जुन ! तिमी पनि ममा आश्रित होऊ। मैले भनेको मान, आफ्नो कर्म गर, त्यो भनेको युद्ध गर्नु हो।

युगे युगे भनेर जो भनिएको छ। त्यो सत्य त्रेता द्वापर युग भनेको हैन। समयको प्रभावअनुसार प्रकृतिका मायाका गुणहरू आवश्यक पर्दा तमोगुण र रजोगुणको प्रभाव बढ्दछ। पाप र असत्यको वृद्धि हुँदै जान्छ। त्यस्तै सत्त्व गुणको वृद्धि हुँदा धर्म र सत्यको प्रभाव बढ्दै जान्छ। तमोगुणको प्रभावलाई कलियुग भनिएको हो। रजः तमः सत्त्वको मिश्रण भएको अवस्थालाई द्वापर भनिएको हो।

रजोगुण र सत्त्वगुणको प्रभाव बढेमा त्रेता युग भनिएको हो। सत्त्व गुणको प्रभाव रहेको अवस्थामा सत्ययुग भनिएको हो। त्यसैलाई अधम, मध्यम, उत्तम र अतिउत्तम पनि भनिन्छ। मेरो जन्म मेरो कर्म साध्य वस्तु हो। सत्यलाई ज्ञान गराउनु हो। सत्य वस्तु के हो भन्दा सत्य कहिले हराउँदैन अस्तित्वमा नै रहन्छ। असत्य वस्तुको अस्तित्व हुँदैन। त्यो कुरा तत्त्वदर्शीले मात्र देख्न सक्दछन्, ज्ञान गर्न सक्दछन्। तत्त्वदर्शीको पुनः जन्म हुँदैन। जबजब धर्म सङ्कटमा पर्दछ कुनै न कुनै रूपमा महापुरुष प्रकट हुन्छन्

र महापुरुषलाई कुनै धर्म सम्प्रदायले जस्तै शङ्कराचार्य, वेदव्यास आदि महापुरुषहरू प्रकट भएर धर्मको स्थापना सत्यको स्थापना गरे । अधर्मको नाश असत्यको नाश गर्नका लागि भगवान्कै रूपमा गुरुका रूपमा उपदेश गर्दछन् । गीताले दिन खोजेको सन्देश यही हो । गीताले कर्मयोगमा नै बढ्ता जोड दिएको छ । ज्ञानयोग होस्, कर्मयोग होस् दुवैमा कर्मको अनिवार्यता छ । कर्म त जीवन निर्वाहका लागि पनि आवश्यक छ । कर्म वेगर त संन्यास योगको पनि पूर्ण हुँदैन । नियत कर्म नगरीकन त्याग हुनै सक्दैन । कर्ममा नियत कर्मको अन्त्य नै छैन ।

कर्म फलको आसक्ति राखेर गरिने कर्मको निषेध गरेको छ । कर्म सकिनेबित्तिकै त तुरीय अवस्था अथवा ब्रह्म मै विलीन हुन्छ । यही गीताले दिन खोजेको ज्ञान हो ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्धयकर्तारमव्ययम् ।। (गीता ४-१३)

यो चार वर्ण ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यसको व्यवस्था प्रकृतिका तीन गुण सत्त्व रजः, तमः कर्मका आधारमा मैले बनाएका हुन् जातका आधारमा होइन । सृष्टिमा सबै मानिस समान हुन् । साधना गर्दा जसले सत्त्व गुणको अवस्था प्राप्त गरेर तोकिएको कर्म, तोकिएकै समयमा पूरा गर्न समर्थ भयो । त्यसलाई ब्रह्मज्ञान गर्न योग्य मानेर ब्राह्मणकोटिमा राखियो ।

जसले साधना तोकिएको समय तोकिएको कर्म पूरा गर्न रजोगुणको अवस्था मात्र प्राप्त गर्न समर्थ भयो । त्यसलाई प्रशासक अथवा रक्षकको कोटि क्षत्रिय कर्म निश्चित गरी यो त्यस्तै साधना गर्दा रजोगुण तमोगुणमा व्यवस्थित भयो । त्यसलाई वैश्यकोटि अथवा सबैको पालन पोषण गर्ने कर्म तोकियो । जसले साधना गर्दा उक्त समयावधिमा तमोगुणमा मात्र सीमित रह्यो । त्यस्तालाई कर्म सबैको सेवा गर्ने गरी त्यस्तालाई शूद्रकोटिमा निश्चित गरिएको हो । जातिपातीका आधारमा होइन यो जातपात छुवाछुत कुरीति विकृति भएर चलनमा आएको हो । गीता सबै जाति, सबै लिङ्ग, सबै वर्णले समान भावमा अध्ययन गर्ने ज्ञान हासिल गर्ने र यो मनुष्य जन्म कर्म गरेर सफल पार्न प्रेरणा सबैलाई गीताले प्रदान गर्दछ । यही ज्ञान दिन खोजेको गीताले हो । कर्म गर कर्म फलमा आसक्ति नराख, निष्काम कर्म गर म कर्ता भएर यो सृष्टि गरेर पनि म अकर्ता नै छु । मलाई त्यही जान, अर्जुन तिमी काम गर फलको आशा नराख । जसले कर्ममा लिप्सा आसक्ति राख्दैन

त्यसलाई कर्म बन्धनले बाँध्दैन । त्यो मुक्त हुन्छ । पूर्वकालमा पनि जो जसले मुमुक्षु प्राप्त गरे तिनीहरू पनि कर्ममा आसक्ति गरेनन् र कर्म बन्धनबाट मुक्त नै रहे । महापुरुषहरूको इतिहास पनि सबैको त्यस्तै छ ।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ।।
कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः ।
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ।। (गीता ४-१७-१८)

कर्मण्यकर्म यः ... कर्म गर्नका लागि कर्मका स्वरूप पनि अनिवार्य जान्नुपर्ने हुन्छ । कर्म के हो, अकर्म के हो, विकर्म के हो भनेर जब अर्जुनले प्रश्न गर्दछन् तब भगवान् श्रीकृष्णले बताउनुहुन्छ, कर्म भनेको कर्म हो, अकर्म भनेको निष्काम कर्म अथवा फलको आशा नराखीकन गरिने लोकको हित हुने कर्म हो । विकर्म भनेको निषेध कर्म हो त्यसलाई विकल्पशून्य वर्जित कर्म पनि भनिन्छ । त्यस्तो कर्म न आफ्नो हितमा हुन्छ न लोकको हितमा नै हुन्छ । त्यस्तो कर्मलाई निषेध कर्म भनिएको हो किनभने कर्मको गति गहन छ अथवा कर्मको ठूलो महत्त्व छ ।

किनकि कर्म त सबैले अनिवार्य रूपमा गर्नु नै पर्ने हुन्छ । कर्म त दैनिक जीवनयापन गर्नका लागि पनि गर्नु नै पर्ने हुन्छ । कर्मले नै संसारको बन्धनदेखि छुटकारा गराउँदछ । तर आफ्ना मन इन्द्रियलाई वशमा गरेर गरिने कर्म नै यज्ञ हो । त्यही नियत कर्म हो । त्यसै कर्मले कर्म बन्धनबाट मुक्त गर्दछ ।

कर्म, अकर्म, विकर्म के हो भन्नुभन्दा पनि आत्मा स्थित भएर अरूको हितमा कल्याणार्थ गरिने कर्म नै अकर्म हो । त्यसको महत्त्व छ कर्म भनेको वास्तवमा आराधना हो । कर्म मैले गर्ने हैन । भगवान्ले नै गराउने हो भन्ने व्यक्ति बुद्धिमानी हो । अब कर्ममा अकर्म देख्ने अकर्ममा कर्म देख्ने भनेको के हो भने । कर्म पहिलो कर्म नै हो अकर्म भनेर आत्मालाई बुझाउँछ । किनकि आत्मा त द्रष्टा साक्षीभाव मात्र हो । आत्माले त कुनै कर्म गर्दैन । त्यसकारण कर्मलाई अकर्म देखेको हो । त्यस्तै अर्को अकर्मको अर्थ कर्म गर्न त शरीर चाहिन्छ इन्द्रियहरू मन, प्राण, बुद्धि यिनका देवतासहित पाँच वस्तु नभएसम्म त कर्म सम्भव छैन । त्यसकारण आत्मामा ती केही छैनन् । त्यसैले त्यो अकर्मलाई कर्म देख्दछ । ज्ञानी आत्मा द्रष्टा मनुष्यमा श्रेष्ठ मानिन्छन् । अनि बुद्धिजीवी पनि मानिन्छन् । जब कर्म छोडेर बस्ने मानिस आत्मज्ञानी हो ।

त्यसलाई कर्म गर्न आवश्यक पर्दैन । त्यसैले उसले अकर्मलाई नै कर्म देख्दछ ।

त्यस्तै सिद्धि-असिद्धि, सुख-दुःख, लाभ-हानि, मान-अपमान सबैमा समान देख्दछ । कुनै कर्ममा आसक्ति राख्दैन, भगवान्‌मा लीन हुन्छ । इच्छाविना जे पाउँछ त्यसैमा आफूलाई सन्तुष्ट मान्दछ । त्यस्ता व्यक्तिलाई कर्मले बन्धनमा पार्न सक्दैन । आशारहित ममता रहित केवल यज्ञ गर्नमा नै रमाउँछ । त्यस्ताका वासना हराइसकेका हुन्छन् । जो यज्ञमा अर्पण गरिने सामग्री, होमन गर्ने द्रव्य, यज्ञ सम्पन्न गर्नेवाला, गरिने कर्म प्राप्त हुने फल, सबै आत्मरूप ब्रह्म हो । यज्ञको वर्णन गर्दा त यज्ञ धेरै छन् । तर यहाँ यज्ञको स्वरूप यस प्रकार उल्लेख गरिएको छ ।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।
स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ।। (गीता ४-२८)

द्रव्य यज्ञ, तप यज्ञ, योग यज्ञ, ज्ञान यज्ञ, भनेर चार प्रकारका यज्ञको विधानलाई गीताले महत्त्व दिएको छ । द्रव्य यज्ञ भनेको द्रव्य खर्च गरेर गरिने स्वाहा आदि चरुबाट गरिने यज्ञलाई अथवा सञ्चित द्रव्य परोपकारमा असाध्य उद्धारका लागि जीवको लोक कल्याण गरिने उद्धार गरिने यज्ञलाई द्रव्य यज्ञ भनिन्छ । स्वधर्म पालन गर्नु तपोयज्ञ हो । त्यस्तै तपस्या रूप यज्ञ तप गरेर इन्द्रियलाई आत्मारूपी यज्ञमा होम नगरेर गर्ने यज्ञलाई पनि तपोयज्ञ भनिन्छ । कतिपय योगीहरू योग यज्ञ गर्नेवाला पनि छन् । ती योगीहरू योग साधनाद्वारा श्वास-प्रश्वासद्वारा इन्द्रियहरूलाई वशमा राखेर योग यज्ञ सम्पन्न गरेर ब्रह्मको अनुभव गर्दछन् । त्यसलाई योग यज्ञ भनिन्छ । त्यस्तै कतिपय महापुरुषहरू तीक्ष्ण सूक्ष्म अहिंसाको व्रत गरेर सबै पदार्थको त्याग गरेर यत्नपूर्वक स्वाध्यय गरेर त्यसैलाई ज्ञान यज्ञद्वारा आफ्नो लक्ष्य अथवा ब्रह्मज्ञान प्राप्त गर्दछन् । कतिपय योगीजन प्राणलाई अपानमा अपानलाई प्राणमा श्वास-प्रश्वासको माध्यमद्वारा नै यज्ञ गर्दछन् । त्यसैबाट सबै पापलाई नष्ट गर्दछन् ।

हे अर्जुन ! तिमी पनि आफ्नो स्वधर्मको पालना गरेर गर्ने युद्ध तिम्रो कर्म हो । त्यही तिम्रो यज्ञ हो । युद्ध गर भनेर भगवान्‌ले उपदेश गरेको पाइन्छ । तर यी सबै यज्ञमा द्रव्यमय यज्ञभन्दा ज्ञानमय यज्ञ नै श्रेष्ठ यज्ञ उत्तम यज्ञ मानिन्छ । ज्ञानरूपी अग्निले सबै किसिमका कलुषित अज्ञानरूपी पाप कर्म भस्म गर्दछन् । सबै कर्म ज्ञानमा गएर समाप्त हुन्छन् ।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्व कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ।। (गीता ४-३३)

भनेर कर्मको विसर्जन गरिन्छ। आसुरीभावलाई ज्ञानले नै समाप्त पार्दछ। यस्तै यज्ञबाट बचेको यज्ञ शेष अमृतको अनुभव गर्ने योगीहरू सनातन परमात्मामा लीन हुन्छन्। तर यज्ञ नगर्ने मानिस यस जन्ममा अनि अर्को जन्ममा पनि दुःखै दुःखमा रहन्छन्।

यज्ञबाट जसको पाप नाश भएको छ त्यो ब्रह्म हो। यज्ञ त त्यस्तो कर्म हो यज्ञ सम्पन्न हुनेबित्तिकै ब्रह्मत्व प्राप्त हुन्छ। कर्मको शुद्ध अर्थ आराधना हो। निष्काम कर्म निर्धारित कर्म नै यज्ञ हो। सांसारिक यज्ञको यहाँ केही प्रयोजन छैन। यहाँ त ज्ञान यज्ञ तपो यज्ञ, योग यज्ञ, आत्मज्ञान सम्बन्धी। यज्ञ नै गीताले कल्पना गरेको यज्ञ हो। श्वास-प्रश्वासको यज्ञ हो। इन्द्रिय वश गर्ने यज्ञ हो मन निग्रह गर्ने यज्ञ हो। शम, दम, निग्रह काम, क्रोध, ईर्ष्या, लोभ, इच्छा, आकांक्षा, सङ्ग्रह, परिग्रहको त्याग नै गीताले बताएको यज्ञ हो। त्यसबाट प्राप्त हुने आत्मज्ञान नै यज्ञको महत्त्व हो।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे ज्ञान कर्म संन्यास योग नामक गीता रहस्य चतुर्थोऽध्यायः समाप्तम्।

ॐ श्रीपरमात्मने नमः

अथ पञ्चमोऽध्यायः

अर्जुन उवाच

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ।।१।।

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ।।२।।

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ।।३।।

साङ्ख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ।।४।।

यत्साङ्ख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति ।।५।।

सन्न्यासस्तु महाबाहो ! दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म न चिरेणाधिगच्छति ।।६।।

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ।।७।।

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ।।८।।

प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ।।९।।

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ।।१०।।

कायेन मनसा बुद्धया केवलैरिन्द्रियैरपि ।
योगीनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ।।११।।

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ।।१२।।

सर्वकर्माणि मनसा सन्न्या स्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ।।१३।।

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ।।१४।।

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्त्वः ।।१५।।

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं पकाशयति तत्परम् ।।१६।।

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ।।१७।।

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ।।१८।।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ।।१९।।

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।
स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ।।२०।।

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ।।२१।।

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्त्वन्तः कौन्तेय ! न तेषु रमते बुधः ।।२२।।

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ।।२३।।

योऽन्तः सुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ।।२४।।

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ।।२५।।

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ।।२६।।

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ।।२७।।

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ।।२८।।

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ।।२९।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस पञ्चम अध्यायलाई कर्म संन्यास यज्ञ भोक्ता महापुरुषस्थ योग नामले बुझिन्छ। किनकि चतुर्थ अध्यायसम्म ज्ञान साङ्ख्य योग, निष्काम कर्म योगको विषयमा चर्चा भएको थियो। यस अध्यायमा ज्ञान योग र निष्काम कर्म योगका साथै कर्म संन्यासको पनि महत्त्वलाई प्रकाश पारिएको हुनाले कर्म संन्यास भनिएको हो। गीता मानव मात्रको कल्याणकारी दिव्य सन्देश हो। जब अर्जुनले तृतीय अध्यायमा मलाई ज्ञान योग र कर्म योगमध्ये जुन सुगम मार्ग छ त्यही मार्ग मलाई बताउनुहोस् भनेर प्रश्न गरेका थिए र अर्जुनले यतिसम्म बुझेका थिए कि हारे स्वर्ग, युद्धमा जिते

राज्यको भोग । त्यो त ज्ञान मार्गबाटै पनि प्राप्त हुँदो रहेछ । अब यो निष्काम कर्म मार्गतर्फ किन लाग्नु आवश्यक पर्दछ भन्ने उनका मनमा थियो । तर यहाँसम्म आउँदा अर्जुनले धेरै ज्ञान हासिल गरिसकेका थिए । यहाँ अर्जुन पुनः श्रीकृष्णसँग सोध्दछन् । हे कृष्ण ! तपाईं कर्म संन्यासको पनि प्रशंसा गर्नुहुन्छ । निष्काम कर्मयोगको पनि प्रशंसा गर्नुहुन्छ । म दोधारमा परें । मलाई एक सुगम मार्ग बताउनुहोस् ताकि मलाई सजिलो होस् । गन्तब्यमा पुग्न त दुई बाटा भए पनि जुन सुगम हुन्छ त्यसैबाट जानुपर्दछ ।

संन्यासः कर्मयोगश्च निःश्रेययसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ।। (गीता ५-२)

कर्म संन्यास र कर्म योग दुवै परम कल्याणकारी मार्ग छन् । परन्तु कर्म संन्यासभन्दा निष्काम कर्मयोग सुगम हुनु भन्दा पनि उत्तम मानिन्छ । ज्ञान योग कर्म योग निष्काम कर्म रागद्वेषबाट मुक्त भएर आकांक्षारहित भएर कर्म गर्ने एउटै हो । ज्ञान योग साङ्ख्य योग, निष्काम कर्मयोगबिना संन्यास हुन असम्भव हुन्छ । त्यस्तै ज्ञान योगमा पनि निष्काम कर्म योग त गर्ने पर्ने हुन्छ । कर्मको त्याग कहीं पनि छैन । जस्तै- शरीरदेखि पर मन छ, मनदेखि पर बुद्धि छ, बुद्धिदेखि पर इन्द्रियहरू छन् । सबैले अनुभव गर्ने एउटै स्वरूप आत्माको हो त्यस्तै कर्मयोग ज्ञान योगको क्रिया पनि एकै हों । परिणाम पनि एकै हो । कर्म नगरी केही हुँदैन । यदि कर्म योग नगरी कुनै फल प्राप्त हुने भए श्रीकृष्णका त्यस्ता अति प्रिय सखा अर्जुनलाई यो गीताको उपदेश गर्नुपर्ने आवश्यकता नै हुने थिएन । त्यसैकारण कर्म त अनिवार्य रूपमा गर्नु नै पर्दछ । इन्द्रिय तृप्तिको चाहना गर्नु नै भव बन्धनको कारण हो । इन्द्रिय तृप्तिका पछि लागेर मानिस पागल हुन्छन् । मानिसले जबसम्म आफ्नो वास्तविक स्वरूपको ज्ञान गर्न जिज्ञासा गर्दैन तबसम्म जीवनलाई असफल मान्नुपर्दछ । त्यसकारण आफ्नो स्वरूपको ज्ञान गर्नुपर्दछ । जीव (मानिस) जब मन इन्द्रियका वासनाबाट आसक्तिबाट मुक्त हुन्छ तब मात्र उसले ब्रह्म ज्ञान प्राप्त गर्न सक्दछ । सम्पूर्ण प्राणीको मूल तत्त्व भनेको ब्रह्म हो । उसमा एकत्व हुन्छ । योग युक्त मानिस कर्म फलमा लिप्त हुँदैन । परमतत्त्व साक्षात्कार जान्ने व्यक्ति साङ्ख्य योगी आफूले खाँदा, हेर्दा, बोल्दा, सुन्दा आदि क्रिया गर्दा पनि यो कर्म मैले गरेको हैन । सबै परमात्माको कृपा हो भनेर त्यसैमा मस्त हुन्छ । त्यही चिन्तन गरिराख्दछ । आत्मामा नै रमाउँछ । कर्म योगबिना मन, इन्द्रिय, संन्यास सबै कर्तापनको त्याग सम्भव हुँदैन । जसको

मन र इन्द्रिय आफ्नो वशमा छ । अन्तस्करण शुद्ध छ यस्तो व्यक्ति कुनै पनि कर्ममा लिप्त हुँदैन ।

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ।। (गीता ५-१०)

जुन व्यक्ति महापुरुषले सबै कर्म परमात्मामा समर्पण गर्दछ । त्यस व्यक्तिले आसक्ति स्वतः त्याग्दछ । त्यो व्यक्तिले कर्म गर्दागर्दै पनि कुनै कर्मफलमा आसक्ति राख्दैन । जस्तै : कमल पानीको हिलोमा भएर पनि कमलको पातमा पानीले भिजाउन सक्दैन । त्यस्तै शुद्ध हुन्छ । कर्मयोगी मन इन्द्रिय तृप्तिका लागि कर्म नगरेर आत्माका लागि कर्म गर्दछन् । कर्मयोगी कर्म फलको त्याग गरेर भगवान्लाई प्राप्त गरेर शान्तिको अनुभव गर्दछ । तर सकामी पुरुष कर्ममा आसक्ति गर्दछ । कर्म बन्धनमा बाँधिन्छ । फरक यही हो ।

सर्वकर्माणि मनसा सन्न्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ।। (गीता ५-१३)

जसले मन इन्द्रियलाई वशमा राखेको छ । अन्तस्करण शुद्ध छ । त्यस्तो व्यक्ति नौ ढोका भएको घररूपी शरीरमा बसेर पनि साङ्ख्य योगको आचरण गरेर सबै कर्म मनबाटै त्याग गरेर परमात्मा स्थित हुन्छ ।

जसले तत्त्व बुझिसकेको छ । जसको प्रकृति जस्तो छ । सात्त्विक, राजस, तामस, त्यस्तै त्यसको स्वभाव हुन्छ । त्यो स्वरूप कुनै भगवान्ले कसैको गराउने हैन । त्यसको भावले र कर्मकै आधारमा हुने हो । वैभव सम्पन्न भगवान्ले गराउँछन् भन्नु अज्ञान हो । जसको ज्ञानलाई अज्ञानरूपी मोहले ढाकेको छ । जसको अन्तस्करण शुद्ध छैन । त्यस्तालाई महापुरुषहरूको उपदेश ज्ञानले उसमा सूर्यका जस्तो प्रकाश प्रदान गर्दछ । तब मात्र ऊ निष्काम कर्मयोगी हुन्छ । तब ऊ भगवान्मा विलय हुन्छ ।

ज्ञानद्वारा जब परम तत्त्व परमात्माको जस्तो बुद्धि जसको हुन्छ । मन त्यस्तै हुन्छ । त्यसैको नाम ज्ञान हो । त्यसैले परम गति प्राप्त गर्दछ । त्यस्ता महापुरुषले पण्डित, चाण्डाल, गाई, कुकुर, हात्तीमा कुनै फरक देख्दैनन् । त्यस्ताको बुद्धिले बाहिर छालामा हेर्दैन । हृदयमा हुन्छ । ती ज्ञानी समदर्शी हुन्छन् । गाईको महत्त्व धार्मिक दृष्टिले गुणका दृष्टिले आफ्ना स्थानमा होला

तर यहाँ गीतामा श्रीकृष्णले सबै जीवलाई समान भावले देख्नुपर्दछ भनेर उपदेश गरेको र गीताले दिन खोजेको सन्देश पनि यही हो ।

जसको मन संयममा आफ्नो कन्ट्रोलमा हुन्छ समभावमा हुन्छ । उसले इन्द्रियलाई वशमा गरेको छ । त्यस्ता महापुरुषले जीवितै सबै संसारलाई जितेको हुन्छ । किनकि भगवान् समभावमा हुनुहुन्छ । त्यस्ता व्यक्ति भगवान्मा नै स्थित हुन्छन् । जो व्यक्ति प्रिय वस्तु प्राप्त गरेर हर्षित हुँदैन अप्रिय वस्तु प्राप्त गरेर दुःखी पनि हुँदैन । त्यस्ता व्यक्ति पनि भगवान्मा स्थित हुन्छन् । जुन व्यक्ति बाहिरी विषयको आसक्ति त्यागेर अन्तस्करणमा रमाउने साधक आत्मामा स्थित व्यक्तिले परमात्मालाई प्राप्त गर्दछ र अक्षय आनन्दको अनुभव गर्दछ । जसले इन्द्रियलाई वशमा राख्न सक्दैन । इन्द्रिय र विषयबाट उत्पन्न हुने भोगलाई नै प्रिय मान्दछ । त्यस्तो पुरुष दुःखैदुःखमा परिणत हुन्छ । त्यसै कारण बुद्धिमानी मानिस विवेकी मानिस इन्द्रियबाट हुने सुखमा रमाउँदैनन् ।

जुन व्यक्ति साधक यस मनुष्य शरीर नाश नहुँदै काम, क्रोधबाट उत्पन्न हुने विकारलाई सहन गर्न अथवा तिनी विकारलाई परास्त गर्न समर्थ हुन्छन् । तिनै योगी हुन् तिनै योगी खुसीमा रमाउँछन् ।

जसको पाप सबै नष्ट भैसकको छ । सबै संशय शङ्का-उपशङ्का, अज्ञान-ज्ञानद्वारा नष्ट भएको छ । सबै प्राणीहरूमा दया, करुणा, एवं कल्याण सोच्दछ । त्यस्तो व्यक्ति काम, क्रोधबाट रहित छ इन्द्रियहरूलाई संयम गर्न सफल छ । त्यस्तो महापुरुष ब्रह्ममा स्थित हुन्छ । आनन्द प्राप्त गर्दछ ।

जुन व्यक्तिले काम, त्रोध, मन, इन्द्रियलाई वशमा राखेको छ । त्यस्ता साधकले अथवा योगीले आँखाको दृष्टिलाई भृकुटीको सिधा नाकलाई सिधा गरेर परमात्माको स्वरूपको ध्यान गरेर श्वास-प्रश्वासको होमन आहुति प्राणको अपानमा अपानको प्राणमा गर्दछ । श्वास कतिबेर भित्र रोक्न सक्दछ । कतिवेर बाहिरको भोग बाहिर रोकिन्छ । भित्रको कलुषित विजातीय तत्त्व बाहिर निक्लिन्छ । त्यस अवस्थामा न भित्र मनमा सङ्कल्प आउँछ न त बाहिर विकल्प नै उत्पन्न हुन्छन् न त बाहिरको भोगको नै इच्छा आकांक्षा हुन्छ । त्यही स्थित अवस्था नै म हुँ । त्यही शान्ति हो । त्यही संन्यास आत्माको पनि आत्मा ईश्वरको पनि ईश्वर म हुँ जो मेरो भक्त स्थित पुरुष मलाई जान्दछ त्यो म सरह नै हो । हे अर्जुन ! त्यसकारण तिमी ममा विश्वास गर । म मा आश्रित होऊ सबै चिन्ता छोडेर ती चिन्ता मलाई समर्पण गर ।

निश्चित भएर कर्म गर । कर्म भनेको तिम्रो यहाँ अहिले युद्ध गर्नु हो भनेर यस अध्यायमा गीताले दिएको सन्देश यही हो ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे कर्म संन्यास योग नामक गीता रहस्य पञ्चमोऽध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ षष्ठोऽध्यायः

श्रीभगवानुवाच

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ।।१।।

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डवः ।
न ह्यसन्न्यस्तसङ्कल्पो योगी भवति कश्चन ।।२।।

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ।।३।।

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।
सर्वसङ्कल्पसंन्यासी योगारूढस्तदोच्यते ।।४।।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।।५।।

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ।।६।।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ।।७।।

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ।।८।।

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ।।९।।

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ।।१०।।

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ।।११।।

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ।।१२।।

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ।।१३।।

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ।।१४।।

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ।।१५।।

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चातिस्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ।।१६।।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ।।१७।।

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ।।१८।।

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगीनो यतचित्तस्य युञ्जतो योगमात्मनः ।।१९।।

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ।।२०।।

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ।।२१।।

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि बीचाल्यते ।।२२।।

तं विद्याद् दुःखसंयोगवियोगं योगसञ्ज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ।।२३।।

सङ्कल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ।।२४।।

शनैः शनैरूपरमेद्बुद्धया धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ।।२५।।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ।।२६।।

प्रशान्तमनसं ह्येनं योगीनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ।।२७।।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ।।२८।।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ।।२९।।

यो मांपश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।।३०।।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ।।३१।।

श्रीभगवानुवाच

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ।।३२।

अर्जुन उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चचलत्वात्स्थितिं स्थिराम् ।।३३।।

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ।।३४।।

श्रीभगवानुवाच

असंशयं महाबाहो ! मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय ! वैराग्येण च गृह्यते ।।३५।।

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ।।३६।।

अर्जुन उवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण ! गच्छति ।।३७।।

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ।।३८।।

एतन्मे संशयं कृष्ण ! छेत्तुमर्हस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ।।३९।।

श्रीभगवानुवाच

पार्थ ! नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ।।४०।।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ।४१।।

अथवा योगीनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ।।४२।।

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ।।४३।।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मात्वर्तते ।।४४।।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ।।४५।।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ।।४६।।

योगीनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ।।४७।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई आत्मसंयम अभ्यास योग तथा ध्यानयोग नामले बुझिन्छ। पूजा पद्धति एवं समाजमा विकसित भएका कुरीतिको प्रभावबाट प्रभावित मन, मस्तिष्कलाई कर्मफलको त्याग एवं निष्काम कर्म जस्ता गीताका अन्तर्वस्तुलाई आत्मासात् गर्न असहज हुनु स्वाभाविकै हो। अर्जुन विषाद योग, ज्ञान सांख्य योग, कर्म योग, ज्ञान कर्म संन्यास योग, कर्म संन्यास योग हुँदै अथवा अध्ययन गर्दै आत्मसंयम योग र ध्यान योगसम्म प्रवेश गर्दा मुमुक्षुले आत्मसंयम गर्न सकून् भन्ने नै गीताको उद्देश्य हो। यस पुस्तकमा पनि पाठकलाई गीताको केही भए पनि रहस्य बुझ्न सजिलो होस् भनेर बुझाउने प्रयास गरिएको छ।

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ।। (गीता ६-१)

जुन साधकले कर्मफलमा आसक्ति नभई निष्काम कर्म गर्दछ। त्यही संन्यासी हो त्यही कर्म योगी हो। कुनै प्रकारको फलको आश्रय नलिई लौकिक, अलौकिक कुनै प्रकारका आशारहित जो कार्य जसले गर्दछ त्यही योगी पनि हो। अग्निलाई त्यागेर कर्मलाई त्यागेर मात्र फलको आशा रहिरह्यो भने पनि त्यो संन्यासी हुन सक्दैन। योगी हुन पनि सक्दैन।

जसलाई संन्यासी भनिन्छ। त्यसलाई योगी पनि भनिन्छ। कर्म फलमा अनासक्त रहने आफ्नो कर्तव्यको पालना गर्ने व्यक्ति नै असली संन्यासी वा योगी हो। भगवान् श्रीकृष्णले यहाँ कर्मलाई बढी जोड दिनुभएको पाइन्छ। किनभने व्यक्तिले फलको आशा नभई कर्म प्राय गर्दैनन्। त्यसै कारण यहाँ निष्काम कर्म कर्म फलको त्याग भनेर बारम्बार यसमा जोड दिनुभएको पाइन्छ। जति पनि कर्म गरिन्छ त्यो सांसारिक इन्द्रिय तृप्तिका लागि गरिन्छ तर यहाँ इन्द्रिय तृप्तिका लागि कर्म नगरेर आत्मा तृप्तिका लागि कर्म गर्न जोड दिएको पाइन्छ। आत्मा भनेको परमात्मा हो त्यही अमृत तत्त्व पनि हो। त्यो प्राप्त गर्नका लागि योगमा आरूढ हुन इच्छा राख्ने मुमुक्षु पुरुषका लागि योग प्राप्त गर्न निष्काम कर्म नै मुख्य मानिन्छ। जब ऊ योगमा आरूढ हुन्छ स्थित हुन्छ त्यस्ता महापुरुषका सबै सङ्कल्प विकल्प नाश भएर जान्छन्। त्यसपछि ऊ संन्यासी हुन्छ। त्यही योगी पनि कहिन्छ। जसको इन्द्रियहरूको भोगमा एवं कर्मफलमा पूर्णतया आसक्ति हटेको हुन्छ। त्यो योगी हो।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ।। (गीता ६-५)

मनुष्यले आफ्नो उद्धार आफैं गर्न समर्थ हुन्छ अथवा हुन सक्दछ। आफैंभित्र सबै चिज छ। जसले आफ्ना इन्द्रियहरूलाई संयम गर्न सक्छ। मनलाई निग्रह गर्न समर्थ हुन्छ। त्यस्तो मनुष्य संसाररूपी भवसागरबाट सहजै पार हुन्छ। त्यही भित्र हो। जसले इन्द्रियहरूलाई छाडा छोड्दछ, मनलाई सङ्कल्प विकल्प गर्न खुला छोड्दछ त्यो बन्धनमा पर्दछ। त्यसको शत्रु त्यही आफैं हुन्छ।

आत्मालाई न शस्त्रले काट्दछ न मारेर मर्दछ। न सुक्दछ न पानीले भिजाउन सक्दछ। त्यही अजम्बरी आत्मा म नै हुँ। जुन पुरुषले सुख-दुःख, मान-अपमान, जाडो-गर्मीमा पनि केही विचलित नभै समान रूपले अनुभव गर्दछ। जसको अन्तस्करणको वृत्ति शान्त छ। त्यस्तो मुमुक्षुले भगवान्मा मन स्थित गर्दछ। त्यस्ताको आत्मा सदा परमात्मामा नै लीन हुन्छ। त्यस्तालाई ज्ञान-विज्ञानको तृप्ति भएको हुन्छ। त्यसले आफ्ना इन्द्रियहरूलाई जितेको हुन्छ। त्यो विकाररहित हुन्छ। त्यस्ता ज्ञानीले माटो, सुन, ढुङ्गा, सबै समान देख्दछ। त्यो योग युक्त योगीले भगवान्लाई प्राप्त गर्दछ। त्यस्तालाई योगी भन्दछन्। त्यस्ता योगीले आफूभित्र, शत्रुभित्र दुवै देख्न सक्ने पक्षपाती, धर्मात्मा, पापी सबैलाई समान देख्ने व्यक्ति अत्यन्त श्रेष्ठ मानिन्छ। इन्द्रिय

र मनलाई वशमा गरेको आसक्ति रहित आकांक्षा, संग्रह रहित भएका महापुरुषले कुशको शुद्ध आसन बिछ्याएर न अग्लो न होचो ठीक आसनमा बसेर शरीर सिधा गरेर मनको निग्रह गर्न योग साधनाको अभ्यास गर्नुपर्दछ। धेरै अग्लो आसन भयो भने त्यसले अहंकार बढ्दछ। साह्रै तल आसन भए हीनताबोध हुन्छ। त्यसकारण ठिक्कको न अग्लो न होचो आसनमा बसेर योग साधनामा लाग्नुपर्दछ भनेर ध्यानको विधि यस अध्ययनमा बताएको पाइन्छ।

यसभन्दा पहिले तृतीय अध्यायमा कर्म गर्ने क्रिया नै यज्ञ हो भनेर बताइसकिएको छ। त्यस्तै चतुर्थ अध्यायमा यज्ञको स्वरूप द्रव्ययज्ञ, तपोयज्ञ, योगयज्ञ, ज्ञानयज्ञ भनेर बताइसकिएको छ। त्यस्तै यज्ञको कर्म गर्ने विधिको विषयमा पञ्चम अध्यायमा उल्लेख भएको छ। यस षष्ठ अध्यायमा ध्यानका लागि आत्मसंयम नै हुनुपर्दछ किनकि आत्मसंयम इन्द्रिय वश गर्न मन निग्रह गर्न कस्तो स्थान, कस्तो आसन, कसरी आसनमा ध्यानमा बस्ने अनि के के नियम पालना गर्नुपर्ने विषयमा विस्तृत रूपमा उल्लेख गरिएको छ।

ध्यानमा बस्न ब्रह्मचर्य पालना गर्नुपर्ने भनेर पनि महत्त्व दिइएको छ। सामान्यतया आम मानिसको बुझाइ ब्रह्मचर्य भनेको ज्ञानेन्द्रियलाई वशमा गरेर मात्र ब्रह्मचर्य पूरा हुन्छ भन्ने छ। तर ब्रह्मचर्य भनेको 'ब्रह्मणे वेदार्थ चर्यम् आचरणीयम्' ब्रह्मचर्य भनेको स्पर्श त्याग, चक्षु त्याग, कर्म त्याग, मन त्याग सबै इन्द्रिय ब्रह्मको आचरण नै ब्रह्मचर्य हो। त्यसका लागि उक्त आहार-विहार, सन्तुलित भोजन, सादा दिनचर्या, सात्त्विक जीवनयापन गर्ने योगी नै ध्यानमा अभ्यास गरेर इन्द्रियहरू र मनलाई वशमा गर्न सफल हुन्छन्। त्यस्तो इन्द्रिय र मनलाई आफ्नो कन्ट्रोलमा राख्न सक्ने योगी परमात्मालाई प्राप्त गर्न सफल हुन्छ र शान्ति प्राप्त गर्दछ। त्यो योगी हावा नलागेको स्थानमा राखेको दीपक जसरी स्थिर हुन्छ त्यागी पनि आत्मामा स्थिर हुन्छ। जसले इन्द्रियहरू सहित मन र चित्तलाई आफैँमा स्थिर राख्न सफल हुन्छ र त्यस्तो योगी आफैँमा निरुद्ध मन र चित्तलाई राख्न सक्ने साधक नै योग अभ्यासमा सफल हुन्छ। त्यस्ता योगीले आफ्नै आत्मामा शाश्वत अजर अमर ईश्वर शक्तिको अनुभव गर्दछ। इन्द्रियजन्य वासना रहित बुद्धि चित्त नै योगमा सफल हुन्छ। त्यस्ता योगी परमात्मलाई प्राप्ति गर्नु नै उसको एक मात्र लाभ ठान्दछ।

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ।। (गीता ६-२२)

त्यो ईश्वर प्राप्ति लाभ प्राप्त भएपछि अरू कुनै पनि लाभको आशा इच्छा राख्दैन । त्यस्तो योगी जति जस्तो ठूलो-सानो दुःख-कष्टबाट विचलित पनि हुँदैन । त्यस्ता योगीको एक मात्र लक्ष्य ईश्वर प्राप्ति एवं शान्ति प्राप्ति मात्र हुन्छ । विषय इन्द्रियजन्य सुखमार्गलाई मनद्वारा संयममा राखेर क्रमबद्ध रूपमा निरन्तर योग अभ्यासमा मनलाई लगाउँछ र जो गुण रहित सङ्कल्प विकल्प रहित भएको मनले परब्रह्म प्राप्त गरेर आनन्द प्राप्त गर्दछ । त्यस्तो शान्ति प्राप्त गरेको त्यस्ताको रजोगुण शान्त भैसकेको हुन्छ । त्यस्तो योगी ब्रह्मसँग एकाकारको अनुभव गर्दछ । त्यो योगी पापरहित हुन्छ र निरन्तर आत्मामा परमात्माको अनुभव गरेर सुखको अनभूति प्राप्त गर्दछ । त्यस्ता योगीले आत्ममा सबै भूत प्राणीलाई समान भावले देख्दछन्, आफैँमा देख्दछन् ।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।। (गीता ६-३०)

त्यस्तो महापुरुष जसले सम्पूर्ण चराचर जगत् सबैका आत्मामा एवं आफ्नै आत्मा सबै ठाउँमा मलाई देख्दछ । सबैलाई ममा देख्दछ त्यस्ता योगीका लागि म कहिल्यै अदृश्य हुन्न । न त मेरा लागि ऊ अदृश्य नै हुन्छ । त्यस्ता भक्तका साथमा म सधैँ छु । त्यस्ता आत्मज्ञानी व्यक्तिले ब्रह्म बेगर अथवा यहाँ कृष्ण बेगर केही सत्ता छैन भन्ने बुझेको छ ।

यत्र तत्र सर्वत्र ब्रह्मकै सत्ता छ । यो चराचर जगत् ब्रह्ममय छ, जस्तै माटाको घडाबाट माटो निकालेको खण्डमा घडाको अस्तित्व रहँदैन । कपडाबाट धागो अलग गर्दा कपडाको अस्तित्व हुँदैन । त्यस्तै यो चराचर सृष्टिमा ब्रह्मको अस्तित्व नहुने हो भने कुनै चिजको अस्तित्व हुँदैन । जसले यो वास्तविक ब्रह्मको तत्त्व बुझेको हुन्छ । त्यो मेरो शरणागति एवं सर्मणभावमा रहने भक्तको म पनि अधीनमा हुन्छु । हे अर्जुन तिमी पनि आत्मा ज्ञानी बन । निष्काम कर्म गर । तिम्रो कर्म र कर्तव्य भनेको अधर्मका विरुद्ध युद्ध गर्नु हो, युद्ध गर ।

अर्जुन भन्दछन्- हे कृष्ण यो मन धेरै चञ्चल छ । यस मनलाई मैले योगीले जस्तो कन्ट्रोल गर्न सक्दिनँ । मनलाई वशमा गर्न त सकिँदैन ।

चञ्चल स्वभावमा दृढ छ। वायु (हावा)लाई जस्तै मनलाई नियन्त्रण गर्न अत्यन्त कठिन छ। मैले त अत्यन्त कठिन मानेको छु। भगवान् भन्नुहुन्छ- हे अर्जुन ! मन त चञ्चल छ नै तर यसलाई वशमा गर्न बारम्बार प्रयास गर्नुपर्दछ। अभ्यास गर्नुपर्दछ। मनका सङ्कल्प विकल रोक्नुपर्दछ। हे महाबाहु ! वैराग्यद्वारा मनलाई वशमा गर्न सकिन्छ। जसको मन वशमा छैन त्यसलाई योग धेरै कठिन छ। तर जसले मनलाई वशमा गर्न सक्दछ त्यस्ता पुरुषलाई साधन गर्न एवं योग प्राप्त गर्न सजिलो हुन्छ। यही उपाय हो। यदि तिम्रो मन ममा लाग्दैन भने योग अभ्यासद्वारा नै लाग्न सकिन्छ। योगको अभ्यास गर।

हे कृष्ण ! जो पुरुष योगमा श्रद्धा राख्दछ प्रयास पनि गर्दछ तर पनि असफल हुन्छ अथवा योगदेखि विचलित हुन्छ। त्यस्ताको अन्तिम समयमा के गति हुन्छ भनेर अर्जुन प्रश्न गर्दछन्। के त्यो पुरुष आकाशमा भएको बादलको टुक्रा बतासले छिन्नभिन्न पारे जस्तो त हुँदैन यसको गति के हुन्छ। मेरो यो संशय अथवा शङ्काको निवारण गर्ने हजुरभन्दा अरूबाट सम्भव छैन।

हे तात ! हे पार्थ ! आत्मा उद्धार गर्ने भगवत प्राप्त गर्न निष्काम कर्म गर्ने मनुष्यको कहिल्यै पनि दुर्गति हुन सक्दैन।

योग भ्रष्ट व्यक्तिले पनि कर्म गरेकै हुन्छ। फरक के हो भने उसले कर्म फलको आशाले गरेको हुन्छ। योगीले निष्काम कर्म गर्दछ। त्यसकारण त्यसले त्यो कर्मको फल भोग गर्न स्वर्ग प्राप्त गर्दछ र कर्मअनुसारको फल सुख भोग गर्दछ र फेरि राम्रो कुल अथवा महापुरुषका कुलमा जन्म लिन्छ। राम्रो संस्कार हासिल गर्दछ र अर्को जन्ममा योगमा सफल हुन्छ। प्रयत्नपूर्वक अभ्यास गर्दछ र परमगति प्राप्त हुन्छ। फरक के मात्र हो भने योगी एकै जन्ममा परम गतिमा प्राप्त हुन्छ। तर योगबाट विचलित पुरुष अनेक जन्मको संस्कारले परम गति प्राप्त गर्दछ। तर कर्म संस्कार कसैको पनि त्यसै खेर जाँदैन। त्यसकारण हे अर्जुन ! तिमी निष्काम कर्म गर। कर्म भनेको वीज हो। बीजको नाश त्यसै हुँदैन कहिल्यै पनि।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ।। (गीत ६-४६)

हे अर्जुन ! यो गीता कस्तो हो भने तपस्वीहरूमा पनि योगी श्रेष्ठ मानिन्छ । शास्त्रको ज्ञानीमा पनि योगी श्रेष्ठ मानिन्छन् । सकाम कर्म गर्नेहरूमा पनि सर्वश्रेष्ठ योगी नै मानिन्छन् । त्यसकारण तिमी योगी बन । हे अर्जुन ! योगीहरूमा पनि जसले अन्तरात्मादेखि नै ममा श्रद्धा राखेर निष्काम भावले मेरो चिन्तन मनन गर्दछ निरन्तर मेरो भजन गर्दछ, ध्यान गर्दछ त्यस्तो योगी मैले परम श्रेष्ठ भक्त मान्दछु ।

गीताको प्रथम षडङ्गले जीवका अशुद्ध पदार्थ पञ्चकोश हुन्छन् । ती अन्नमय कोश (स्थूल शरीर) मनोमयकोश प्राणमय कोश, विज्ञानमय कोश र आनन्दमय कोशहरू हुन् । यी कोशहरूलाई कर्म योगद्वारा हटाइसकेपछि मात्र जीव शुद्ध हुन्छ । त्यसकारण यी कोषहरूलाई त्यागेर असङ्ग अवस्थामा नआएसम्म जीव ब्रह्मसँग एकत्व हुन सक्दैन । त्यस्तै ब्रह्मको अशुद्धि पन भनेको मायालाई लिएर बसेसम्म ब्रह्म पनि अशुद्धि हुन्छ ब्रह्मले पनि मायालाई परित्याग गरिसकेपछि ब्रह्म शुद्ध हुन्छ तब मात्र जीवसँग एकाकार हुन सक्दछ । यही जीवले निष्काम कर्मयोग, भक्ति उपासना र ज्ञान योगद्वारा पञ्चकोश त्याग गर्न सक्दछ भनेर प्रथम षडङ्गले बताएको छ । यस षडङ्गले विभिन्न तरिकाले जीवको स्वरूपको नै वर्णन गरेको छ । जीवको स्वरूपको ज्ञान भएपछि मात्र जीवको ब्रह्मसँग एकाकार हुन सक्दछ । यही नै ज्ञान गर्नुपर्ने हुन्छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे आत्मसंयम योग नामक गीता रहस्य षष्ठोऽध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ सप्तमोऽध्यायः

श्रीभगवानुवाच

मय्यासक्तमनाः पार्थ ! योगं युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ।।१।।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञात्वयमवशिष्यते ।।२।।

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ।।३।।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ।।४।।

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ! ययेदं धार्यते जगत् ।।५।।

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।
अहं कृत्स्न्नस्य जगतः प्रभवः प्रलयस्तथा ।।६।।

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ।।७।।

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ।।८।।

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ।।९।।

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ।।१०।।

बलं बलवतां चाहं कामरागविवर्जितम् ।
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ! ।।११।।

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ।।१२।।

त्रिभिर्गुण मयैर्भावैरेभिः सर्वमिदं जगत् ।
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ।।१३।।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ।।१४।।

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ।।१५।।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।।१६।।

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ।।१७।।

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ।।१८।।

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ।।१९।।

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ।।२०।।

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ।।२१।।

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
तभते च ततः कामान्मयैव विहितान्हि तान् ।।२२।।

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ।।२३।।

अव्यक्तं व्यक्तमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ।।२४।।

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ।।२५।।

वेदाहं समतीतानि वर्तमानानि चार्जुन !
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ।।२६।।

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत !
सर्वभूतानि सम्मोहं सर्गे यान्ति परन्तप ! ।।२७।।

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ।।२८।।

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ।।२९।।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ।।३०।।

श्रीमद्भगवद्गीता रहस्य
द्वितीय षडङ्गले ब्रह्मको स्वरूपको ज्ञान गर्दछ ।

यस अध्यायलाई ज्ञान-विज्ञान योग अध्याय भनेर बुझिन्छ। यस अध्यायमा ज्ञान-विज्ञान विषयको चर्चा गर्नुका साथै सम्पूर्ण पदार्थमा कारण रूपले भगवान्को व्यापकताको वर्णन गर्दै आसुरी शक्ति र दैवी शक्तिको विवेचना ब्रह्मको स्वरूपको ज्ञान गराइएको छ। एक ब्रह्मदेखि अरू कुनै देवता नामको वस्तु छैन। त्यो ब्रह्म नै हुँ म भनेर श्रीकृष्णले अर्जुनलाई उपदेश गरेको पाइन्छ। गीताका अगिल्ला अध्यायहरूमा विषादयोग वर्णसङ्कर सन्तान उत्पन्न हुने तथा पिण्डोदकक्रिया अवरुद्ध हुन जाने, कुटुम्ब मान्य जन

आदिको हत्याबाट पापको भागीदार भइन्छ, आदि प्रश्नहरूको समाधान गर्दै प्रथम षडङ्गको उपदेशमा लोक हितार्थ नियत कर्म, निष्काम कर्म, क्रिया कर्म, योग कर्म, यज्ञ कर्म, यज्ञका प्रकार, चतुवर्णको सृष्टि कर्म भनेको बीज हो कर्म अथवा बीजको नाश हुँदैन । एक जन्मपछि अर्को जन्ममा पनि त्यसले फल प्राप्त गर्दछ भन्दै षष्ठ अध्याय समाप्त हुन्छ ।

मय्यासक्तमनाः पार्थ योग युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ।। (गीता ७-१)

हे अर्जुन ! तपस्वीहरूमा पनि योगी श्रेष्ठ मानिन्छ, शास्त्रवेत्ता ज्ञानीजनमा पनि निष्काम कर्मयोगी नै सबैभन्दा श्रेष्ठ योगी मानिन्छ । तिमी योगी बन । तिमी योगी बन्नका लागि अनन्य भावबाट अथवा आत्मैदेखि ममा प्रेम राख । ममा आसक्ति होऊ । चित्त ममा नै लगाऊ । किनभने ममा सम्पूर्ण विभूति सम्पूर्ण गुण, सम्पूर्ण ऐश्वर्य छन् । संशय रहित शङ्का नगरिकनै सङ्कोच नमानी मलाई जान्यौ भने संसारमा तिमीले जान्नुपर्ने विषय बाँकी केही हुँदैन । मैले तिमीलाई विज्ञानसहित तत्त्व ज्ञान जति जान्न योग्य छ तिमीलाई बताउँछु ।

हजारौं मानिसमा कोही एकाध दुईचार मानिसमात्र मलाई पाउन प्रयत्न गर्दछन् । तिनीहरूमा पनि योग साधनामा सफलता पाउने एकाध योगीले मात्र मलाई यथार्थ रूपमा जान्दछन् पाउन सक्दछन् ।

त्यस्ताले ब्रह्मतत्त्व यज्ञ सृष्टिदेखि नै प्राप्त गर्न सक्दछन् । परम तत्त्व जान्नु ज्ञान हो । जान्ने जो क्षमता हुन्छ त्यो कार्य प्रणालीको नाम विज्ञान हो । त्यो ज्ञान सुनेर मात्र हासिल गर्न सकिँदैन । त्यो जान्नुपर्दछ ।

तर जान्नेको सङ्ख्या ज्यादै थोरै छ । हजारौंमा दुई-चार जना मात्र जान्ने छन् । ती जान्नेहरूमध्ये पनि मेरो तत्त्व जान्ने एकाध मात्र हुन्छन् ।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ।।
अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ।। (गीता ७-४-५)

भगवान् श्रीकृष्ण भन्नुहुन्छ- मेरा ८ प्रकारका अपरा प्रकृति छन् । ती हुन्- पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि र अहंकार, यी हुन् जड प्रकृति । ती भौतिक शक्ति विभिन्न प्रकृति हुन् । तिनैबाट चराचर जगत्

सम्पूर्णको उत्पत्ति हुन्छ । परा प्रकृति भनेको चेतनरूप छ । त्यसैले चराचर जगत्लाई धारण गरेको छ । त्यो उत्पन्न गर्ने म नै हुँ । मूल कारण एवं प्रलय गराउने पनि म नै हुँ । यो मेरो चराचर प्रकृति कसैले थाहा पाउन सक्दैन। त्यसकारण प्रलयकालमा कसैले यो पृथ्वी सबै जलमा डुब्दछ र प्रलय हुन्छ भन्दछन् केही रहँदैन भन्दछन् । कसैले सूर्य तल आएर पृथ्वीलाई जलाउँछ त्यही प्रलय हो भन्दछन् । तर यहाँ प्रलय गराउने पनि म नै हुँ भनेर भगवान्ले स्वयं भनेको पाइन्छ । यसै प्रलयको प्रसङ्गमा श्रीमद्भागवतको १२ स्कन्धको ८ र ९ अध्यायमा मृकण्ड ऋषिका छोरा मार्कण्डेय ऋषिले समयोचित विधिपूर्वक वेदको अध्ययन, तपस्या, स्वाध्याय सबैबाट सम्पन्न थिए । अनि आजीवन ब्रह्मचर्य व्रतको पनि पालना गरेका थिए । उनले रुखका बोक्राका कपडा र यज्ञोपवीत (जनै) धारण गर्दथे । उनको सम्पत्ति भनेको एक कमण्डलु, रुद्राक्ष माला, मृगचर्म र कुशासन मात्र थियो ।

उनले प्रातःकाल, मध्याह्न काल, सायंकाल त्रिकाल सन्ध्योपासन, अग्निहोत्र, सूर्य प्रस्थान, गुरुवन्दना, ब्राह्मण सत्कार गरेर आफूलाई धन्य ठान्दथे । उनको लक्ष्य भनेको परब्रह्मेश्वर भगवान्लाई साक्षात्कार गर्नु एक मात्र थियो । उनको कल्मष दोष, विक्षेप दोष, आवरण दोष, सबै प्रायशः नष्ट भैसकेका थिए । उनले करोडौं वर्ष तपस्या ध्यान गरेको कारण मृत्युलाई पनि बुझिसकेका थिए । उनको त्यस्तो कठोर तपस्या देखी देवराज इन्द्र पनि सशङ्कित थिए । उनको तपस्या भङ्ग गर्न स्वर्गका अप्सरा, कामदेव आदिलाई पठाएर तपस्या भङ्ग गर्ने कोसिस सबै विफल भएर मार्कण्डेय मुनिको तपस्याको प्रभावले कामदेव र अप्सराहरू भस्म हुने डरले सानो बालक सर्प देखेर डरले भागे जस्तै भागेर आफ्नो ज्यान बचाएर भागे ।

मार्कण्डेय मुनि इन्द्रियसहित मन जितेर सांसारिक मोहबाट टाढा भइसकेका थिए । मार्कण्डेय मुनिले योगबलद्वारा आफ्नो चित्त भगवान्सँग जोडिसकेका थिए । किनकि उनले लगातार छ मन्वन्तरसम्म तपस्या गर्दागर्दै आत्मा निर्मल, स्वच्छ भै सकेको थियो । भगवान्को स्वरूपभन्दा अरू उनको चित्तमा केही थिएन । यस्तो जानेर त्रिकालदर्शी अन्तर्यामी भगवान् नारायणले मुनिलाई कृपा गर्नका लागि स्वयं मुनिको आश्रममा प्रकट हुनुभयो । त्यस अवस्थामा समाधिबाट जाग्दा त आफ्ना अगाडि साक्षात् जसको ध्यान गरेका थिए ती भगवान्लाई पाउँदा उनको खुसीको सीमा रहेन । हर्षका आँसु बगाउँदै साष्टाङ्ग दण्डवत् प्रणाम गरेर यथोचित रूपमा भगवान्का पाउ धोएर

स्वागत सत्कार पूजा आरती गरी उच्च आसनमा राखी प्रार्थना गर्दछन् कि हे प्रभु ! हजुर अन्तर्यामी होइबक्सिन्छ । हामी जस्ता अल्पज्ञानी जीवले हजुरको महिमाको वर्णन गर्न त के सकिन्छ ।

ब्रह्मा, शङ्कर आदि पनि हजुरको महिमाको वर्णन गर्न व्याख्या गर्न असमर्थ छन् । प्रभु हजुरको महिमा अपार छ । हजुर आफ्नो भक्तको बन्धनमा आफैं पर्नुहुन्छ र भक्तको उद्धार गर्नुहुन्छ । विश्वको चराचरको कल्याण गर्नका लागि मत्स्य, कुर्म, वराह आदि अवतार धारण गरेर त्रिलोकको कल्याण गर्नुहुन्छ आदि स्तुति गरेर जब मुनिले प्रार्थना गरे । भगवान् प्रसन्न भएर आज्ञा गर्नुहुन्छ - हे ब्रह्मणमा श्रेष्ठ मुनि, तिमीदेखि म प्रसन्न छु वर माग भन्दा ऋषि भन्दछन्- प्रभु मेरो लागि त हजुरको दर्शन नै सबभन्दा ठूलो वरदान हो । प्रभुले बारम्बार वर माग भनेपछि मैले दर्शनबाट सबै पाइसकें तर हजुरको मोहिनी रूपको दर्शन गर्ने इच्छा छ प्रभु भन्दा त्यस्तै होओस् तथास्तु भनेर भगवान् अन्तर्ध्यान हुनुभयो । मार्कण्डेय ऋषि पनि आफ्नो ध्यानमा लागे ।

मार्कण्डेय मुनिले ध्यान गर्दागर्दै उनको आश्रम जलमग्न भएको र सारा पृथ्वीलाई डुबाइसकेको ठूलो आँधीबेहरी बतास लागिरहेको देखे । गड्याङगुडुङ गर्दै आकाश गर्जिराखेको छ । मुसलधारे पानी परिराखेको छ । जताततै कोलाहल मच्चिएर रोएका छन् चिच्चाएका छन् । पृथ्वी, हिमाल, स्वर्ग सबै समुद्रले डुबाएको छ । समुद्रको छालले मार्कण्डेय मुनिलाई पनि यताबाट उता उताबाट यता समुद्रका छालले उतारिहेको अनुभव गरें । ठूल्ठूला अजिँगरहरूले जनावरलाई निलिरहेको खाइराखेको दृश्य देखे । मुनिलाई पनि कहिले वल्ला किनार कहिले पल्ला किनारमा पानीले पुऱ्याइएको थियो । त्यस्तैमा पर एक बरको रुख देखे तर त्यता जान खोज्दछन् सक्दैनन् । समुद्रका छालले नै बगाएर अलि पर नजिक पुऱ्यायो । त्यो वरको रुखको पातमा एक राम्रो श्याम वर्णको बालमुकुन्द भगवान्को दर्शन पाए । त्यो बालकलाई देखिसकेपछि मार्कण्डेय ऋषिको सबै थकाइ मेटियो र आनन्दित भए । त्यस्तो भएपछि फेरि समुद्रको छालले यता र उता गराउँदा सबै त्राहित्राहि भए । जताततै जलमग्न छ । मार्कण्डेय त्यही बरको रुखतर्फ जान प्रयास गर्दछन् र गएर त्यो बालमुकुन्द भगवान्लाई आलिङ्गन गर्ने उनलाई इच्छा हुन्छ । र प्रयास गर्दागर्दै ती बालक अन्तर्ध्यान हुन्छन् । बालक अन्तर्ध्यानसँगसँगै सबै समुद्र जल पनि साम्य हुन्छ । मार्कण्डेय आफ्नै

आश्रममा नै ध्यानबाट जाग्दा त पुष्पदन्त नदीको किनारमा पहिलेकै अवस्थामा आफूलाई पाउँदछन् । प्रलयको प्रसङ्ग गीता ७-६ मा छ ।

एलद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।
अहं कृत्स्जस्य जगतः प्रभवः प्रलयस्तथा ।।

जस्तै हे अर्जुन ! तिमी यस्तो जानकि यो सम्पूर्ण चराचर जगत्को उत्पन्न गर्ने पनि म नै हुँ । जगत् ममा नै स्थिर छ । प्रलय गराउने पनि मैले नै हो । यो सम्पूर्ण चराचरको मूल कारण पनि म नै हुँ भनेर अर्जुनलाई भगवान्ले उपदेश गर्नुभएको थियो । त्यस्तै मार्कण्डेय मुनिले प्रत्यक्ष प्रलयको अनुभव गरे देखे भोगे जसले आफ्नो मन इन्द्रिय वशमा गरेको छ । काम, क्रोध, मोहलाई जितेको छ ।

जसले परा विद्याको ज्ञान गरेको छ । जसले अक्षर ब्रह्म एवं आत्मालाई जानिसकेको छ । त्यस्ता तत्त्वज्ञानी महापुरुषले मात्र मैले ममा नै प्रलय गराएको अनुभव गर्दछन् । प्रत्यक्ष देख्दछन् । साथै मेरो प्रत्यक्ष दर्शन साक्षात्कार पनि गर्न सक्दछन् भनेर भगवान्ले अर्जुनलाई उपदेश गर्नुभएको छ ।

हे धनञ्जय ! मदेखि भिन्न मभन्दा बाहेक केही छैन यो जगत्मा जस्तो मणिको माला सबै एक धागोमा उनिएको हुन्छ अथवा अडिएको हुन्छ । त्यस्तै यो सम्पूर्ण संसार ममा नै आधारित छ अडिएको छ ।

हे कौन्तेय ! जलमा म रस तत्त्व हुँ । सूर्य र चन्द्रमामा म प्रकाश हुँ । वेदमा म ॐकार हुँ । आकाशमा म शब्द हुँ । पृथ्वीमा गन्ध हुँ । अग्निमा तेज, तपस्यामा तप, बुद्धिमान्मा बुद्धि, तेजस्वीमा तेज, बलवान्मा बल पनि म नै हुँ । कामना रहित आसक्ति रहित धर्म अनुकूल, शास्त्र अनुकूल सम्पूर्ण प्राणीहरूमा कामना पनि म नै हुँ । मनुष्यहरूमा सत्त्वगुणबांट उत्पन्न हुने सात्त्विक भाव, रजोगुणबाट उत्पन्न हुने मोह आदि भाव, तमगुणबाट उत्पन्न हुने आलस्य आदि तमोगुणी भाव यी सबै मबाटै उत्पन्न हुने भाव हुन् । तर ती सत्त्व, रज, तम मैले सबैमा प्रवाह गरेको छु तर ममा छैनन् । म यी तीनै गुणभन्दा पर छु । तिनले मलाई छुन सक्दैनन् । म अविनाशीलाई जान्दैनन् । तिनीहरू मायाबाट मोहित छन् । मेरा त्रिगुणमयी मोह माया धेरै शक्तिशाली छन् । सारा संसार प्राणीलाई मोहित गर्दछन् तर जसले मेरो निरन्तर भजन

गर्दछ तिनीहरूलाई मायाले प्रभावमा पार्न सक्दैन । त्यस्ता पुरुषले यो भव सागर पार गर्दछन् ।

जो मूढ छन् नास्तिक छन् । मेरो भजन गर्न मन गर्दैनन् त्यस्ता आसुरी स्वभावका व्यक्तिको मायाद्वारा बुद्धि हरण भएको हुन्छ । तिनीहरू मनुष्यमा नीच दूषित कर्म गर्दछन् ।

चतुर्विद्या भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।। (गीता ७-१६)

मेरा भक्तहरू चार प्रकारका छन् । संसारको पदार्थ प्राप्त गर्ने इच्छा राखेर जसले मलाई भज्दछ । त्यो अर्थार्थी हो । जसले सङ्कटको निवारण गर्नका लागि मेरो भजन गर्दछ त्यो आर्त कोटीको हो ।

जसले मलाई यथार्थ रूपमा जान्ने इच्छा राखेर मेरो भजन गर्दछ त्यो जिज्ञासु कोटीको भक्त हो । जो ज्ञानी छ त्यसले जान्दछ । निष्काम भावले भज्दछ त्यो मेरो उच्च कोटीको भक्त कहलिन्छ । मेरो तत्त्व उसमा निरन्तर हुन्छ । ऊ ममा हुन्छ । त्यस्तो ज्ञानी मेरो प्रिय हुन्छ । त्यस्ताले मेरो निरन्तर भजन गर्दछ । त्यो ज्ञानी मेरै स्वरूप हो । ममा नै स्थित हुन्छ । धेरै जन्मतक सबै थोक वासुदेव कृष्ण नै हो अरू संसारमा केही छैन भनेर मेरो भजन गर्ने भक्त भेट्टाउन प्राय दुर्लभ छ । जसमा ज्ञानको कमी छ तिनीहरू अरू अरू देवताको भजन गर्दछन् तर श्रद्धाले गर्दछन् र सकाम भावले गर्दछन् भने पनि मैले उसै देवतामा तिनीहरूलाई स्थित गराउँछु र मद्वारा गराएको नियमअनुसार आराधना, पूजा गर्दछन् भने त्यस्ता भक्तले इच्छाअनुसारको फल प्राप्त गर्दछन् । त्यो फल दिने म नै हुँ । श्रेय, प्रेय, भुक्ति, मुक्ति सबै म श्रीकृष्णबाटै प्राप्त हुन्छन् । फरक यति मात्र हो । सकाम भावले अरू देवताको पूजा गर्ने भक्तको फल सबै नष्ट हुन्छन् । देवताहरू पनि नष्ट हुन्छन् । ती सबै अस्थिर हुन् । अन्य देवता पूजा गर्ने विधि नै अव्यक्त हो, नाशवान् हो । व्यक्त सत्, चित्, आनन्द स्वरूप कृष्ण मात्र हो । जसलाई अक्षर ब्रह्म भनिन्छ । किनकि कृष्ण प्रत्येक मानिसका हृदयमा ईश्वर परमात्मा रूपले विराजमान हुनुहुन्छ । यदि कसैले कुनै देवताको पूजा गर्दछ अथवा पूजा गर्ने इच्छा राख्दछ भने पनि म उनै देवताको भक्ति गर्न सकोस् भनेर मैले उनै देवतामा त्यस भक्तको श्रद्धा स्थित गरिदिन्छु । तर त्यसको फल मैले नै प्रदान गर्दछु । यो मैले किन गरेको हो भने विराट् स्वरूपमा मैले सबै देवता ममा भएको रूप तिमीले जान्न सक्नेछौ भनेर अर्जुनलाई उपदेश

गरेको पाइन्छ । जुन मानिस मूढ छन्, अज्ञानी छन्, तिनीहरूको बुद्धि मेरो मायाले ढाकेको छ । तिनीहरू पूजाआजा केही गर्दैनन् । जो अल्पबुद्धिका मानिस छन् तिनीहरू अरू देवताहरूको पूजा गर्दछन् । क्षणिक फल प्राप्त गर्दछन् र अन्त्यमा देवलोक प्राप्त गर्दछन् । पुण्य क्षीण भएपछि पुनः मर्त्य लोकमा आएर जन्म लिन्छन् । जो मेरा भक्तहरू निष्काम कर्म, नियत कर्म, यज्ञ कर्म गर्ने व्यक्ति परम धाम मेरा धाममा आइपुग्दछन् । तिनीहरूलाई कहीं फर्कनु पर्दैन । अथवा जन्ममृत्यु जराव्याधिको चक्करमा आउनु पर्दैन ।

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ।। (गीता ७-२४)

बुद्धिहीन मानिस जो रजोगुण र तमोगुणको प्रभावमा एवं वशमा परेका छन् आसुरीभावले व्याप्त छन् । जो अभक्त छन् त्यस्ता मानिसले कृष्णलाई चिन्न सक्दैनन् । व्यास, नारद, शङ्कराचार्य जस्ता महापुरुषले मात्र कृष्ण तत्त्व बुझ्दछन् । अज्ञानी मानिसले कृष्णलाई बुझ्न सक्दैनन् । कृष्ण मन इन्द्रियभन्दा पर अविनाशी रूपमा प्रकट हुन्छन् । तर जो तत्त्वदर्शी ज्ञानी छैनन् मेरो तत्त्व मेरो शक्तिलाई जान्दैनन् र सामान्य मनुष्य सरह मान्दछन् । जसमा भक्तिभाव छैन । वेदान्त आदि शास्त्रको अध्ययन गरे पनि तिनीहरू कृष्णको शक्तिलाई नजानेर देवकी-वसुदेवका छोरा एक राजकुमारमात्र मान्दछन् । त्यस्ता व्यक्तिको ज्ञान अधुरो ज्ञानमात्र हो । किनकि श्रीकृष्णलाई अज्ञानीले चिन्न सक्दैन ।

श्रीकृष्णले आफ्नै योग मायाद्वारा आफ्नो शक्ति लुकाउनुहुन्छ । जो ज्ञानी छन्, मेरो भक्त छन् तिनीहरूले मलाई चिन्दछन् । अज्ञानी मानिसको ज्ञान मायाले ढाकिएको हुनाले अविनाशी कृष्णलाई जान्न सक्दैनन् । परम सत्यलाई तिनीहरू जान्न सक्दैनन् । उहाँ बाहिर प्रकाशरूपले चिनिनु हुँदैन । तत्त्वदर्शीले मात्र चिन्दछन् ।

श्रीकृष्ण भन्नुहुन्छ, हे अर्जुन ! मैले भूतकाल अवस्थामा भएको कुरा र वर्तमानमा भइरहेको एवं भविष्यमा जो हुनेवाला छ त्यो म सबै चराचर जगत्लाई जान्दछु । तर मलाई कसैले जान्दैनन् । किनकि संसारका मानिस अज्ञानका कारणले इच्छा, आकांक्षाबाट द्वेष, द्वन्द्व, मोहमा उत्पन्न भएकाले अत्यन्त दुखी छन् ।

जुन व्यक्ति निष्काम भावबाट कर्म गर्दछन् कर्मको आचरण गर्दछन् त्यस्ता व्यक्तिको राग, द्वेष, मोह छुट्दछ र दृढ भक्त भएर मेरो भजन गर्दछन् । त्यस्ता व्यक्ति पापदेखि पनि मुक्त हुन्छन् । त्यस्ता व्यक्ति मेरो शरणमा आएर जन्ममृत्यु जराव्याधिबाट छुटकारा पाउने यत्न गर्दछन् त्यस्ता व्यक्तिले सम्पूर्ण अध्यात्म कर्मको पनि ज्ञान राख्दछन् । तिनै व्यक्तिहरू अधिभूत, आधिदैविक शक्तिसहित तथा अधियज्ञसहित सबैका आत्मरूपमा अन्त्यकालमा पनि ममा चित्त लगाउन सफल हुन्छन् र मलाई प्राप्त गर्दछन् ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे ज्ञान-विज्ञान योग नामक गीता रहस्य सप्तमोऽध्याय समाप्तम् ॥

ॐ श्रीपरमात्मने नमः

अथ अष्टमोऽध्यायः

अर्जुन उवाच

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ।।१।।

अधियज्ञःकथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ।
प्रयाणकाले च कथं त्रेयोऽसि नियतात्मभिः ।।२।।

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञितः ।।३।।

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ।।४।।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ।।५।।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ।।६।।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ।।७।।

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयम् ।।८।।

कविं पुराणमनुशासितार मणोरणीयांसमनुस्मरेद्यः
सर्वस्य धातारमचिन्त्यरूप मादित्यवर्णं तमसः परस्तात् ।।९।।

प्रयाणकाले मनसाचलेन भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक् स तं परं पुरुषमुपैति दिव्यम् ।।१०।।

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं सङ्ग्रहेण प्रवक्ष्ये ।।११।।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ।
ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ।।१२-१३।।

अनन्यचेताः सततं यो मां स्मरति नित्यः ।
तस्याहं सुलभ पार्थ नित्ययुक्तस्य योगीनः ।।१४।।

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ।।१५।।

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ।।१६।।

सहस्त्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः ।
रात्रिं युगसहस्त्रान्तां तेऽहोरात्रविदो जनाः ।।१७।।
अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्रयागमे प्रलीयन्ते तत्रैवाव्यक्तसञ्ज्ञके ।।१८।।

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।
राज्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ।।१९।।

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः ।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ।।२०।।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ।।२१।।

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम् ।।२२।।

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगीनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ।।२३।।

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्त ब्रह्म ब्रह्मविदो जनाः ।।२४।।

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ।।२५।।

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ।।२६।।

नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन ।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ।।२७।।

वेदेषु यज्ञेषु तपः सु चैव दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा योगी परं स्थानमुपैति चाद्यम् ।।२८।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यो अध्याय अक्षर ब्रह्म योग नामले चिनिन्छ। उपनिषद्को स्रोत सार गीता हो भनेर मानिएको छ। त्यस्तै गीता मोक्ष सम्वृद्धिको स्रोत हो। सात अध्यायको अन्त्यमा श्रीकृष्ण योगेश्वरले भन्नुभएको छ कि नियत कर्म गर्ने, निष्काम कर्म गर्ने, यज्ञ कर्म गर्ने योगी सबै पाप मुक्त भएर अधिभूत, अधिदैव, अधियज्ञसहित सबैको आत्मरूप मलाई जान्दछन् र अन्तकालमा मलाई सम्झेर ममा नै प्राप्त हुन्छन् भनेर श्रीकृष्णले भन्नुभएको हुनाले यस अध्यायमा अर्जुनले प्रश्न गर्दछन्।

किं तद्ब्रह्म किमध्यात्म किं कर्म पुरुषोत्तम ।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ।। (गीता ८-१)

हे पुरुषोत्तम त्यो ब्रह्म भनेको के हो ? अध्यात्म भनेको के हो ? कर्म भनेको के हो ? अधिभूत भनेको के हो ? अधिदैव भनेको के हो ? अधियज्ञ भनेको के हो ? त्यो शरीरमा कसरी रहन्छ र अन्तकाल प्राण त्याग्ने समयमा त्यसले हजुरलाई कसरी सम्झन सक्दछ ? म त अलमल्लमा परें, मेरो मन पनि विचलित भैरहेको छ, यसको ज्ञान म कसरी गर्न सक्दछु भनेर जब अर्जुन भन्दछन् तब भगवान् श्रीकृष्णले अर्जुनलाई यस प्रकार उपदेश गर्नुभएको छ ।

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञितः ।। (गीता ८-३)

हे मनुष्यमा श्रेष्ठ अर्जुन ! ब्रह्म भनेको कहिले नाश नहुने अविनाशी सनातन न जन्म लिने न मृत्यु हुने हिजो पनि थियो आज पनि छ भोलि पनि रहन्छ । जो नित्य छ त्यही ब्रह्म हो । ब्रह्मको सत्ता छ सत् चित् आनन्द स्वरूप छ तर देखापर्दैन, त्यो दिव्य छ चेतन छ त्यही ब्रह्म हो । त्यसलाई अक्षर ब्रह्म भनिन्छ । यो पहिलो प्रश्नको उत्तर यही हो । अर्जुनको दोस्रो प्रश्न छ अध्यात्म के हो ? अध्यात्म भनेको ब्रह्मबाट जो चेतन शक्ति प्राप्त गर्दछ । ब्रह्मकै शक्ति मायाबाट प्रकृतिबाटै सबै भौतिक तत्त्व मिलेर जुन जीवात्मा बनेको हो त्यसलाई अध्यात्म भनिन्छ । यही दोस्रो प्रश्नको उत्तर हो । जसमा आत्माको आधिपत्य हुन्छ त्यही अध्यात्म हो । तेस्रो प्रश्न छ कर्म के हो ? कर्म भनेको भूत भाव अथवा जीव भावले उत्पन्न गर्ने अनेक वासनाको त्याग हो । अर्को शब्दमा भन्दा आराधना नै कर्म हो । कर्म राम्रो, नराम्रो सङ्कल्प, विकल्प, संस्कार, सकाम कर्म, निष्काम कर्म, नियत कर्म, क्रियात्मक कर्म, चिन्तन आदि नै कर्मको अर्थ हो । तर यहाँ नियत कर्म र निष्काम कर्मलाई नै कर्म भनेर विशेष जोड दिएको छ । यही हो तेस्रो प्रश्नको समाधान । उत्पन्न हुने, नाश हुने जीवहरूको भौतिक शरीर र भौतिक जगत्लाई अधिभूत भनेर बताइएको छ । अधिदैव कर्म भनेको हिरण्यमय पुरुष हो । जस्तै- देवताहरू ब्रह्मा प्रजापति आदिलाई अधिदैविक भनिन्छ । यसै शरीरमा अन्तर्यामी रूपले रहने जो आत्मतत्त्व छ जसले शरीरमा आँखालाई देख्ने शक्ति प्रदान गर्ने, कानलाई सुन्ने शक्ति प्रदान गर्ने, छालालाई थाहा पाउने शक्ति प्रदान गर्ने गर्दछ त्यो तत्त्व ब्रह्म तत्त्व हो । त्यो तत्त्व म वासुदेव नै हुँ त्यही हो अधियज्ञ भनेर श्रीकृष्णले अर्जुनलाई उपदेश गर्नुभएको छ ।

अन्ताले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ।।
यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ।। (गीता ८-५ र ६)

अन्तकालमा जुन मानिसले केही संशय शङ्का-उपशङ्का नगरी मेरो स्मरण गर्दै शरीरलाई त्याग गर्दछ त्यसले तत्काल मेरो स्वभाव अथवा साक्षात्कार स्वरूपलाई प्राप्त गर्दछ। हे कुन्ती पुत्र अर्जुन ! शरीर छोड्ने अवस्था अन्त्य समयमा मानिसले जस्तो चिन्तन गर्दछ, जस्तो भावले चिन्तन गर्दछ। त्यसले त्यही प्राप्त गर्दछ। अन्तकाल मात्र मैले सम्झन्छु भनेर त्यो सम्भव छैन। यसका लागि साधनाको आवश्यक पर्दछ। जस्तै- अन्तर्मुखी साधन, नित्यानित्यवस्तु, विवेक आदि साधन चतुष्टयको ज्ञान हुन आवश्यक छ। त्यस्तै बाह्य साधन मनसहित इन्द्रिय संयम त्यसबाट उत्पन्न हुने काम, क्रोध, रागद्वेष आदि विकारलाई शमन गर्न सक्नुपर्दछ। निरन्तर कृष्णको चिन्तन गर्न सक्नुपर्दछ। साथै भगवान्मा नै आफूलाई अर्पण गर्न सक्नुपर्दछ। यहाँ 'स्मरण शब्द' महत्त्वपूर्ण छ। जसको अन्तस्करण शुद्ध छैन। त्यसले निरन्तर कृष्णको स्मरण गर्न सक्दैन। त्यसका लागि मानिसले जीवनको प्रारम्भिक चरणदेखि नै भगवान्को नाम संकीर्तन जप गर्ने अभ्यास गर्नुपर्दछ। धेरै जन्मको प्रयास निरन्तर स्मरण, नियत कर्मको प्रभाव सहित ध्यान आराधनाबाट बल्ल जीवनको अन्त्यतर्फ जाँदा अथवा पुग्दा त्यो अभ्यास अटल भएर जाग्दछ। त्यसैकारण अन्त्यकालमा पनि नाम स्मरण होस् अथवा रहोस् भनेर 'हरे राम हरे राम, राम राम हरे हरे, हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे' यो महामन्त्रको जपको कीर्तनको व्यवस्था गरिएको हो। यो महामन्त्र निरन्तर जपिरहँदा हाम्रो शरीरमा विजातीय तत्त्व आसुरी स्वभाव पूरा नष्ट भई दैविक तत्त्व सजातीय स्वभाव विकास हुन्छ। दैविक तत्त्वले स्थान हाम्रो मनमा बनाइराखेपछि मात्र अन्त्यकालमा शरीर त्याग गर्ने समयमा श्रीकृष्णको स्मरण हुन सक्दछ। त्यस्तो मुमुक्षु भगवान् श्रीकृष्णको साक्षात्कार गर्न सक्दछ। जस्तो जस्तो कर्म त्यस्तै भाव हुन्छ। त्यसै मुताबिक उसले आफ्नो कर्म फल भोग गर्दछ।

त्यसैकारण हे अर्जुन ! तिमीले निरन्तर मेरो चिन्तन स्मरण गर। साथै युद्ध पनि गर। युद्ध भनेको यहाँ आफ्ना शत्रु इन्द्रिय मन, काम, क्रोध, द्वेष, ईर्ष्या, मोह आदिलाई परास्त गर्नु हो। त्यो गर्दै मेरो चिन्तन गर। युद्ध गर

त्यसैमा तिम्रो कल्याण छ। सबै कर्म गरेर ममा नै अर्पण गर। तिमी ममा नै प्राप्त हुनेछौ। रजोगुण र तमोगुण मनमा आउन नदेऊ। हे अर्जुन जुन व्यक्ति योगले युक्त भएर यताउति चित्त नगराई निरन्तर भगवान्को चिन्तन गर्दछन् त्यस्ता व्यक्ति परमेश्वरको दिव्य प्रकाश रूपको साक्षात्कार गर्न समर्थ हुन्छन्।

जसले निरन्तर सूक्ष्मभन्दा सूक्ष्म सूर्यका किरणभन्दा पनि सूक्ष्म प्रकाशरूप सबैका सृष्टिकर्ता, पालनकर्ता, सच्चिदानन्द परमेश्वरको निरन्तर चिन्तन गर्दछ। आफ्नो योगबलले आफ्नो भृकुटिमा प्राणलाई स्थित गरेर भगवान्को चिन्तन गर्दछ। त्यस्ताले अन्तकालमा पनि भगवान्लाई भुल्न सक्दैन। त्यस्तो पुरुषले भगवान्को प्रकाशरूपी दिव्यधाम प्राप्त गर्दछ।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ।। (गीता ८-१३)

हे अर्जुन! तिमीलाई मैले संक्षेपमा त्यो विधि बताउँछु। जसद्वारा मानिसले मुक्तिको लाभ हासिल गर्दछन् त्यो विधि जान्नका लागि वेद जान्नेहरू ॐ को जप गर्दछन्। जो ब्रह्मज्ञानी ऋषिहरू संन्यासीहरू ब्रह्ममा लीन हुन्छन्। त्यस्तै ब्रह्मचारीहरू ब्रह्मचर्यको आचरण गरेर त्यो विधि सिक्न प्रयास गर्दछन्। जसले सबै इन्द्रियहरूका सबै बाह्यद्वार बन्द गरेर मनलाई हृदयमा स्थित गरेर त्यो मनलाई जितिसकेपछि त्यसै मनको माध्यमद्वारा प्राणलाई मूलाधार चक्र, स्वाधिष्ठान, चक्र, मणिपुर चक्र, हृदय चक्र, विशुद्धि चक्र समेतमा स्मरण गर्दै आज्ञा चक्रमा लगेर मनलाई स्थित गर्ने सबै इन्द्रियहरूलाई भोग विषयबाट आँखा, कान, नाक, जिब्रो तथा छाला यी पाँच ज्ञानेन्द्रिय यिनका वासनालाई पूरा वशमा राखेर तृप्तिमा लिप्सा हुन नदिएपछि यसो गर्दा हृदय निवासी परमात्मा आत्मा, मनलाई केन्द्रित गर्न सकिन्छ। त्यसपछि प्राण वायुलाई सहस्र चक्र शिरमा स्थित गर्न सकिन्छ। यस विधिलाई प्रत्याहार भनिन्छ। यो विधिअनसार एक चित्त भएर मेरो स्वरूपको ध्यान गर्ने र जप भने ॐ ब्रह्मको गर्ने। त्यसको अर्थ स्वरूप निर्गुण ब्रह्मको चिन्तन गर्ने किन भने म धर्मको स्थापना गर्न र मनुष्य रूपमा अधर्मको नाश गर्न प्रकट भएर आउँदछु।

त्यस्तै मेरा भक्तहरूको आशय बुझेर साकार सगुण रूपमा अवतार लिन्छु। तर सृष्टि चलाउने क्रममा निर्गुण निराकार रूपमा सदावहार छु। अज्ञानीले मेरो लीला एवं मेरो शक्ति थाहा न पाएकाले मलाई यो मनुष्य हो

भनेर भन्दछन् । ती अज्ञानीको बुद्धि मेरो मायाका रजोगुण र तमोगुणले ढाकिदिएको छ । त्यसकारण मलाई अज्ञानीले चिन्दैनन् । जसले मलाई चिन्दछ मेरो निरन्तर चिन्तन गर्दछ, त्यो योगीले प्राण त्याग गर्दा पनि मलाई भुल्दैन । स्मरण गर्दछ र त्यो परम गति प्राप्त गर्दछ । त्यस्ता अनन्य भावबाट मेरो चिन्तन स्मरण गर्ने योगी भक्तका लागि म जति बेला पनि सुलभ छु। यसमा परम सिद्धि प्राप्त गरेका महात्माहरू मलाई प्राप्त गरेर पुनर्जन्म लिँदैनन् । उनीहरूले परम गति मोक्ष प्राप्त गर्दछन् । त्यस्ता भक्त निरन्तर महामन्त्र हरे राम, हरे कृष्ण जप्दछन् ।

हे अर्जुन ! यस मर्त्यलोकदेखि ब्रह्मलोकसम्म सबै लोक पुनरावृत्ति हुन्छन् । पुनर्जन्म हुन्छ । तर मेरो धाम कालातीत नित्य छ मेरो धाममा गएपछि फेरि फर्कन पर्दैन । ब्रह्मलोक अनित्य छ । सीमित छ । त्यसकारण मेरो धाममा जाने प्रयास गर ।

सहस्त्रयुगपर्यन्तमहर्यद्ब्रह्मणे विदुः ।
रात्रिं युगसहस्त्रान्तां तेऽहोरात्रविदो जनाः ।। (गीता ८-१७)

मनुष्यको गणनाअनुसार ब्रह्माजीको एक दिन एक हजार युग मिलेर गन्दा हुन्छ । मनुष्यको त्यति नै समय गणना गर्दा ब्रह्माजीको एकरात हुन्छ। जसलाई कल्प भनिन्छ । त्यो ब्रह्माको एक दिनमा सत्य, त्रेता, द्वापर र कलिका एक हजार युग हुन्छन् । सत्य युगमा सदाचार, ज्ञान तथा धर्मको प्रभाव बढी हुन्छ र पाप र अज्ञानको अभाव हुन्छ । यो युग १७,२८००० (सत्र लाख अट्ठाइस हजार वर्ष) चल्दछ । त्यस्तै त्रेता युगमा पापको प्रारम्भ हुन थाल्दछ । यो युग १२९६००० (बाह्र लाख छयानब्बे हजार) वर्ष चल्दछ। त्यस्तै द्वापर युगमा सदाचार तथा धर्मको ह्रास हुँदै जान्छ र पाप बढ्दछ । यो युग ८ लाख ६४ हजार वर्षसम्म चल्दछ । यसपछि कलियुग आउँछ । यसमा कलह, अज्ञान, अधर्म तथा पापको प्रधानता रहन्छ र सदाचार तथा धर्मको लोप हुँदै जान्छ । यो युग ४ लाख ३२ हजार वर्ष चल्दछ । विगत पाँच हजार वर्षदेखि हामी यो युग भोगिरहेका छौँ । यस युगमा पापाचार बढेर चरम सीमासम्म पुग्दछ र फलस्वरूप भगवान् स्वयं कल्कि अवतार धारण गरेर प्रकट हुनुहुन्छ र आसुरी भावलाई परास्त गरेर धर्मको स्थापना गर्नुहुन्छ दुष्टलाई संहार सज्जनको उद्धार गर्नुहुन्छ । अर्को सत्ययुगको आरम्भ गर्नुहुन्छ । यसै गरी निरन्तर यो संसारको प्रक्रिया चलिरहन्छ । यी चारै युग एक हजार वर्ष दोहरिंदा ब्रह्माको एक दिन बराबर हुन्छ र यति नै बराबर

समय उहाँको एकरात्री हुन्छ। ब्रह्मा यस्ता एक सय वर्षसम्म जीवित रहनुहुन्छ र त्यसपछि उहाँको मृत्यु हुन्छ। ब्रह्माजीका यी एक सय वर्ष मनुष्यका गणनाअनुसार पृथ्वीका ३१ खरब ११ अरब ४० करोड वर्ष बराबर हुन्छ। यो आयु हेर्दा सङ्ख्याको दृष्टिले विचित्र समाप्तै हुन नसक्ने जस्तो देखिन्छ तर नित्यताको हिसाबले हेर्दा यो समय क्षणिक जस्तो छ। यस्ता ब्रह्माहरू कति आए कति गए केही गणना छैन। यो भौतिक ब्रह्माण्डमा ब्रह्माजी पनि जन्मने, युवा हुने, वृद्ध अवस्था हुने, रोग लाग्ने तथा मृत्युबाट मुक्त छैनन्। यो ब्रह्माण्डको व्यवस्था मिलाउन ब्रह्माजी भगवान्कै प्रत्यक्ष सेवामा निरन्तर लागिरहनुभएको छ। त्यसको फलस्वरूप ब्रह्मा तुरुन्त मुक्त हुन पनि सक्नुहुन्छ। ब्रह्मलोक यो ब्रह्माण्डको सर्वोच्च लोक हो यो स्वर्गलोकभन्दा माथि छ। तर पनि समयको गतिसँगै ब्रह्माजी ब्रह्मलोकका निवासीहरूको पनि मृत्युका भागीदार बन्नुपर्दछ। त्यसैले हे अर्जुन, तिमी त्यो जन्म-मृत्युदेखि माथि उठ्ने कोसिस गर। तिमी मेरा प्यारा सखा हौ। शिष्य पनि भएकाले यो विधि नियम यो त्रियुगको संक्षेपमा वर्णन गरेर तिमीलाई बताएको हुँ। अब तिमी मैले भनेको मान। मेरो शरणमा आऊ। तिम्रो नियत कर्म भनेको युद्ध गर्नु हो। युद्ध गर भनेर त्रियुगको वर्णन गरेर बताएको उपदेश गरेको पाइन्छ।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ।। (गीता ८-२१)

त्यस्तै सम्पूर्ण चराचर जगत्का जीवहरू ब्रह्माको दिन हुँदा अव्यक्त रूपमा ब्रह्माको सूक्ष्म शरीरबाट उत्पन्न हुन्छन्। त्यस्तै बह्मको रात्रि अथवा रात हुँदा ब्रह्मामा नै विलय हुन्छन्। त्यस्तै बारम्बार प्रकट हुने फेरि विलीन हुने क्रम चलिरहन्छ। त्यसैले ८-१९ मा 'भूत्वा भूत्वा प्रलीयते' भनेर उल्लेख गरेको छ जन्म हुने नष्ट हुने हुन्छ। त्यो के हो भने अल्पज्ञानीहरू कुनै लोकमा कर्मको फलले गर्दा गैहाले पनि मर्त्य लोकमा नै जन्म लिन चाहन्छन्।

कल्पैपिच्छे त्यस्तै भै राख्दछन्। तर यसबाहेक पनि एक शक्ति छ भगवान्को त्यो परा शक्ति हो। संसार नष्ट हुँदा पनि त्यो नष्ट हुँदैन। त्यो परा शक्ति र अपरा शक्तिको विवेचना सप्तमोऽध्यायःमा गरिसकिएको छ। त्यो परा शक्ति ज्ञानी मेरा भक्त वेदान्तीहरूले बुझेका छन्। जसलाई 'अव्यक्ताक्षर' भनिन्छ त्यसैलाई अविनाशी पनि भनिन्छ। त्यो मेरो परम धाम

हो । त्यहाँ पुगेपछि फर्केर आउनु पर्दैन । त्यसको व्याख्या कठोपनिषद्मा यसरी गरिएको छ ।

कठोपनिषद् १-३-११ मा "पुरुषान्न परं किञ्चित्सा काष्ठा परमा गति" भनेर भगवान्को धामभन्दा श्रेष्ठ अरू केही छैन त्यही धाम नै जीवको परम गन्त्वय हो भनेर भनिएको छ। भगवान् सबैभन्दा महान् हुनुहुन्छ। भगवान्लाई अनन्त्य भक्तिले मात्र प्राप्त गर्न सकिन्छ । भगवान् जहाँ भए पनि सर्बव्यापी रूपले सबैमा व्याप्त हुनुहुन्छ । हे अर्जुन ! कति मानिस शरीर त्यागेर पनि फेरि जन्म लिन्छन् । कति पुण्यात्म मोक्ष प्राप्त गर्दछन् । त्यो पनि म तिमीलाई भन्दछु सुन । ती दुवैथरीका दुई मार्ग छन्- एक शुक्ल मार्ग अर्को कृष्ण मार्ग । जसको मृत्यु शुक्ल पक्षमा एवं उत्तरायणमा हुन्छ त्यो मोक्ष हुन्छ । जसको मृत्यु कृष्ण पक्ष दक्षिणायनमा हुन्छ उसको पुनर्जन्म हुन्छ भनेर गीता ८-२४ मा

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ।।

भनेर भनिएको छ । जसको अभिमानी देवताका प्रभावमा उज्यालो हुन्छ। प्रकाश हुन्छ दिनको शुभ क्षणमा शुक्ल पक्षमा र सूर्य उत्तरायण भएको ६ महिनामा शरीर त्याग गर्ने ब्रह्मज्ञानीले ब्रह्म प्राप्त गर्दछन् । त्यस्तै धुवाँ रात्रि कृष्णपक्ष र सूर्य दक्षिणायन भएको समयमा शरीर त्याग्ने योगी चन्द्रलोकसम्म पुगेर फेरि पुनर्जन्म भएर मर्त्यलोकमा नै आउँदछन् भनेर भनिएको छ । तर पहिले वर्णन गरी सकियो कर्मअनुसारको कर्म फल भोग गर्नै पर्दछ ।

सकाम कर्म गर्ने व्यक्ति कर्म फलको भोग गरिसकेपछि फेरि जन्मन आउँछ । निष्काम कर्म, नियत कर्म, यज्ञकर्म, क्रियात्मक कर्म गर्ने योग साधना ध्यान गर्ने योगी जसले आफ्नो मनसहित इन्द्रियलाई आफ्नो वशमा गर्न सकेको छ आसुरी शक्तिलाई जस्तै काम, क्रोध, लोभ, मोह, द्वेष, रागलाई पूरा शमन गरेको छ । प्रकृतिका मायाबाट उत्पन्न हुने रजोगुण, तमोगुणको भावलाई आफूमा प्रभाव जमाउँन दिँदैन । त्यस्ता योगीले विद्या भनेको दिन हो, सत्त्व गुणको प्रभाव हो प्रकाश हो, ज्योति हो भनेर जसले बुझेको छ। त्यो योगीले योग बल एवं साधनाको प्रभावले आफ्नो शरीर त्याग गर्ने समय योगेश्वर श्रीकृष्णको अक्षर ब्रह्मको चिन्तन हरे राम, हरे कृष्णको नाम सङ्कीर्तनको प्रभावले त्यस्ता मुमुक्षुको कलिमल दोष हटिसकको हुँदा उसमा ब्रह्म ज्ञान भैसकेको हुन्छ र भगवान्को साक्षात्कार गर्दछ । जसले सकाम

कर्म गरेको छ त्यसले कर्म फल भोग गरेर पुनर्जन्ममा आउँछ तर कर्म भनेको बीज हो त्यो बीजको नाश त्यसै हुँदैन । अर्को जन्ममा निष्काम कर्म आदि साधना पूरा गरेर मोक्ष प्राप्त गर्दछ ।

त्यस्तै दुई मार्ग शुक्ल मार्ग कृष्ण मार्ग जसलाई देवयान र पितृयान पनि भनिन्छ । विद्वान्हरूले मान्दछन् एउटा बाटो जो शुक्ल छ त्यसबाट जाने पुनर्जन्ममा आउँदैन । अर्को कृष्णमार्गगामी पुनर्जन्ममा आउनुपर्दछ । यसप्रकार यी दुवै मार्गको तत्त्व जान्ने योगी कुनै पनि कर्म फलमा मोहित हुँदैन ।

जसले ब्रह्म तत्त्व जान्दैन तिनीहरू अलमलमा पर्दछन् । हे अर्जुन ! तिमी त्यही तत्त्व बुझेर मोहमा नफस । निष्काम कर्म गर । योगी बन । निरन्तर मेरो चिन्तन गर । मैले बताएअनुसार कर्म गर । तिम्रो कर्म भनेको अधर्मका विरुद्ध युद्ध गर्नु हो । धर्मको मर्यादा कार्य गर्नु हो । यसकारण युद्ध गर । तिमीमा शान्ति आउँछ ।

वेदेषु यज्ञेषु तपः सु चैव दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा योगी परं स्थानमुपैति चाद्यम् ।। (गीता ८-२८)

जुन योगीले कृष्णको तत्त्व बुझेको छ । भक्तिको रहस्य बुझेको छ । त्यस्ता व्यक्तिले वेदको अध्ययनद्वारा यज्ञ, तप, दानको महत्त्व त्यसबाट प्राप्त हुने फल पुण्य जो बताइएको छ त्यसलाई पनि उसले गौण मान्दछ । किनभने त्यो वेदले बताएको पुण्य फल, स्वर्ग प्राप्ति आदिसम्म मात्र हो । त्यो फल क्षीण भएपछि पुनः मर्त्यलोकमा जन्म हुन्छ भन्ने कुरा बुझेको हुनाले परमपद प्राप्त गर्नका लागि प्रयास गर्दछ । तर त्यो मुमुक्षु योगी सकाम कर्म गर्दा प्राप्त हुने फलबाट वञ्चित हुँदैन । तर पनि त्यो योगी परमपद दिव्यधाम प्राप्त गर्न निष्काम कर्म, नियत कर्म, क्रियात्मक कर्म, यज्ञ कर्म, गर्दै नित्य ध्यान आराधनामा लागिरहन्छ र उसले आफूभित्र भएका आसुरी भावलाई श्रीकृष्णको भक्तिद्वारा निर्मुल गर्दछ । त्यस आसुरीभावबाट उत्पन्न हुने काम, क्रोध, लोभ, मोह, द्वेषहरूबाट मन, इन्द्रियलाई समेत वशमा राख्न सफल हुन्छ र ऊ सांसारिक क्रियाकलापमा अनासक्त हुन थाल्दछ अनि सबै कुरा भगवान् कृष्ण नै हो भन्ने ज्ञान उसमा बिस्तारै जागृत हुँदै जान्छ र उसले परम आनन्द प्राप्त गर्दछ ।

यस श्लोकको व्याख्या जति गर्दा पनि पूर्ण हुन्न किनभने यसमा सप्तमोऽध्यायःको ज्ञान विज्ञान योग र अष्टमोऽधयायःको अक्षरब्रह्मयोगको सारसंक्षेप यसमा पाइन्छ। यसमा सबै कुरा कृष्णको तत्त्व जान्ने योगीले बुझ्दछ । अनुभव गर्दछ। अरूबाट यो पार हुन सक्दैन। कृष्णको तत्त्व ब्रह्मको तत्त्व बुझ्न, ब्रह्म सनकादि ऋषिमुनि एवं कत्राकत्रा महापुरुषले पनि पार पाउन सकेका छैनन् भने हामीले पनि पूर्ण जान्न त कठिन छ तर पनि समुद्रको जल लिन जत्रो क्षमताको पात्र लिएर समुद्रमा गइन्छ त्यति नै ल्याउने जस्तै आफ्नो क्षमताअनुसारको ज्ञान हासिल गर्ने मात्र हो भन्दै अक्षरब्रह्मयोगको ज्ञान उपदेश गर्दै श्रीकृष्ण योगेश्वरले बताएको भावअनुसार यस अध्यायको रहस्य यहीं समाप्त गर्नुभएको छ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे अक्षरब्रह्मयोग नामक गीता रहस्य अष्टमोऽध्यायः समाप्तम् ॥

ॐ श्रीपरमात्मने नमः

अथ नवमोऽध्यायः

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ।।१।।

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ।।२।।

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परन्तप ।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ।।३।।

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ।।४।।

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभून्न च भूतस्थो ममात्मा भूतभावनः ।।५।।

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ।।६।।

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ।।७।।

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ।।८।।

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ।।९।।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ।।१०।।

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहश्वरम् ।।११।।

मोघाशा मोघकर्माणो मोघज्ञाना बीचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ।।१२।।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ।।१३।।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ।।१४।।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ।।१५।।

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ।।१६।।

पिताहमस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च ।।१७।।

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ।।१८।।

तपाम्यहमहं वर्षं निगृह्णम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जु ।।१९।।

त्रैविद्या मां सोमपाः पूतपापा यत्रैरिष्टा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोक मश्नन्ति दिव्यान्दिवि देवभोगान् ।।२०।।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ।।२१।।

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानं योगक्षेमं वहाम्यहम् ।।२२।।

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ।।२३।।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ।।२४।।

यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ।।२५।।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ।।२६।।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ।।२७।।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ।।२८।।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ।।२९।।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्त्वयः सम्यग्व्यवसितो हि सः ।।३०।।

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ।।३१।।

मां हि पार्थ व्यापाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रीयो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ।।३२।।

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ।।३३।।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ।।३४।।

श्रीमद्भगवद्गीता रहस्य

यो अध्याय राजविद्या राजगुह्ययोग नामले चिनिन्छ । यसबाट ज्ञानको प्रभावको विषय र यो जगत्को उत्पत्तिको विषयमा बढी ज्ञान गराउन जोड दिइएको छ । जुन घरमा भगवान्को चर्चा हुँदैन त्यो घर मसानघाट सरह हो भनेर शास्त्रहरूमा वर्णन गरिएको छ ।

प्रस्तुत अध्यायमा योगी कस्तो हुन्छ । योगीले कसरी ज्ञान हासिल गर्दछ ? भन्ने विषयमा श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! विज्ञान सहित ज्ञान हासिल गर्नु नै सर्वश्रेष्ठ ज्ञान हो । राजविद्या त्यसैलाई भनिन्छ । कल्याण गर्ने विद्या राजविद्या हो । यो विद्या परमात्मासँग सम्बन्धित धर्मसँग सम्बन्धित कर्म गरेपछि फल प्राप्त हुन्छ । श्रद्धायुक्त भएर गरेको ज्ञान त्यसै खेर जाँदैन । म अव्यक्त स्वरूपमा सर्वत्र एवं सबैमा स्थित छु । वस्तुतः सबै भूत ममा आश्रित छन् । तर म उनीहरूमा छैन अथवा मलाई उनीहरूले जान्दैनन् ।

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ।। (गीता ९-१)

हे अर्जुन, तिमी मेरो प्रिय मित्र हौ । शिष्य पनि हौ । तिमी दोषरहित छौ । तिमीले कहिले पनि मेरो ईर्ष्या गरेनौ त्यसैकारण तिमीलाई विज्ञानसहित परम गोपनीय ज्ञान एवं मेरो अनुभव भन्दछु । यस ज्ञानलाई जानेर तिमी संसारको दुःखबाट मुक्त हुनेछौ । जो भगवान् सम्बन्धी ज्ञान पूर्ण शक्तिशाली हुन्छ त्यो अक्षरब्रह्म म नै हुँ । जुन राजविद्या अत्यन्त उत्तम छ धर्मले सहित छ, साधन गर्ने मुमुक्षुका लागि सुगम पनि छ । प्रत्यक्ष फल प्रदान गर्न सक्षम छ, अविनाशी छ । त्यस्तो अति गोप्य विद्यालाई नबुझेर त्यस विद्याको महत्त्वको ज्ञान नहुने व्यक्ति धर्ममा अश्रद्धा गरेर धर्मदेखि विमुख भएर संसारको जन्म र मृत्युको चक्रमा घुमिरहन्छन् ।

अज्ञानी व्यक्तिहरूले मलाई जान्दैनन् । म निरहङ्कार परमात्मा यो सबै संसार जगत्मा व्याप्त छु । जस्तै- पानीमा चिसो (बरफ) र दूधमा घिउ भए जस्तै परमात्मा पनि यो सबै संसारमा व्यापक छ । सबै भूतमा म छु । यो जगत्को धारण पनि मैले नै गर्दछु । तर मेरो आत्मा भूतमा छैन । म निर्लिप्त छु । अलग छु । जस्तै- आकाशबाट उत्पन्न हुने वायु (हावा) सदै आकाशमा नै घुम्दछ आकाशमा नै स्थित हुन्छ त्यस्तै यो जगत् भूत पनि मेरै सङ्कल्पद्वारा उत्पन्न भएको हो ममा नै स्थित छ त्यही जान ।

हे अर्जुन ! यो चराचर जगत् संसार मैले नै रचना गर्दछु। कल्पको आदिकालमा फेरि सबै भूत कल्पको अन्तमा पनि मेरो प्रकृतिमा नै समाहित हुन्छ। लीन हुन्छ । यो सम्पूर्ण दृश्यमान जगत् मेरो अधीनमा छ। मेरै इच्छाअनुसार सञ्चालित हुन्छ। बारम्बार सृष्टि हुन्छ। प्रकट हुन्छ। मेरै इच्छाले अन्त्यमा विनाश पनि हुन्छ। तर त्यति गर्दागर्दै पनि सारा कर्महरूले मलाई बन्धनमा पार्न सक्दैनन्। म यी भौतिक पदार्थदेखि तटस्थ छु। अनासक्त छु। हे कुन्ती पुत्र ! यो भौतिक संसार मेरो प्रकृतिको मायाशक्तिले मेरै निर्देशनानुसार चर-अचर सबै प्राणीहरू उत्पन्न हुन्छन्। त्यसै प्रकृतिका अधीनमा रहेर बारम्बार उत्पत्ति र विनाश हुन्छन्। मेरो शक्ति मेरो परम भावलाई र मेरो तत्त्वलाई नजान्ने अल्पज्ञानी मानिस मलाई यो मनुष्य हो केही होइन भनेर साधारण मानिस मात्र हो भन्दछन्। किनकि म अधर्मको नाश गर्न र धर्मको स्थापना गर्न मनुष्य रूपमा बारम्बार आउँछु जान्छु। मूढ बुद्धि भएकाले मलाई पहिचान गर्न सक्दैनन्। गीता अध्याय ७-२४ मा पनि मैले यो कुरा बताइसकेको छु। जो व्यक्ति आसुर स्वभावले व्याप्त छन्, अज्ञानी छन्, राक्षसी प्रवृत्ति जसमा छ, त्यस्ता व्यक्ति व्यर्थको आशा गरिराख्दछन्। शास्त्रनिषेध कर्मलाई कर्म गरेको छु भन्ने ठान्दछन्, अनि म ज्ञानी छु भनेर आफूलाई मान्दछन्। त्यस्ता व्यक्ति मेरो प्रकृतिको मायाको मोहिनी रूपबाट प्रभावित हुन्छन्। त्यसैको आश्रय लिन्छन्। यो कुरा प्रस्टसँग आसुरी स्वभावको विषयमा कस्तो कस्तो प्रवृत्तिलाई आसुरी स्वभाव मानिन्छ। आसुरी स्वभाव राक्षसी प्रवृत्तिका कस्ता लक्षण हुन्छन्। यसको विस्तृत रूपमा भगवान्ले यसै गीताको १६ अध्यायको ४ श्लोकमा र ७ श्लोक देखि २१ श्लोकसम्म बताउनुभएको छ। हे कुन्तीपुत्र ! जो दैविक प्रकृतिमा आश्रित बुद्धिमान् महात्माहरू छन् तिनीहरूले मलाई सबै भूतका सनातन रचयिता कारण कहिले नाश नहुने 'अक्षरब्रह्म' स्वरूप मानेर अथवा जानेर अनन्यभक्ति भावले निरन्तर भजन गर्दछन्। त्यस्तै दैविक प्रकृति भएका बुद्धिमानीको सम्बन्धमा पनि १६ अध्यायको १ श्लोकदेखि ३ श्लोकसम्म विस्तृत रूपमा वर्णन गरिएको छ।

जो व्यक्ति ज्ञानी छन्। मेरो भक्तिमा दृढ निश्चित छन्। त्यस्ता व्यक्तिहरू मेरो नामको मेरो गुणको निरन्तर कीर्तन गर्दछन्। मलाई प्राप्त गर्नका लागि प्रयत्न गर्दछन्। अनन्य प्रेम गरेर मेरो ध्यान नित्य मेरो उपासना गर्दछन्। बारम्बार मलाई प्रणाम गर्दछन्, आराधना गर्दछन्।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ।।
अहं क्रतुरहं यज्ञः स्वधाहममौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ।। (गीता ९-१५ र १६)

ज्ञान योगी ज्ञानको अनुशीलन रूपी यज्ञ अथवा ज्ञान यज्ञमा लागेका अन्य भक्तहरूमध्ये कसैले मलाई द्वेतभावमा कसैले अद्वैतभावमा कसैले मलाई विश्वरूप अथवा विराट्रूप भावमा अनेक प्रकारले मेरो उपासना गर्दछन्। भक्तिभाव गर्दछन्। ममा अनेक प्रकारले आस्था राख्ने मेरा भक्तहरू पृथक् पृथक् भावबाट मेरो आराधना गर्दछन्। किनभने म नै श्रौत यज्ञ हुँ म नै स्मार्त यज्ञ हुँ, मनै स्वधा तर्पण हुँ। म नै औषधि हुँ। म नै मन्त्र हुँ। म नै धारण गर्नेवाला हुँ। अग्नि पनि मनै हुँ। हवन रूप पनि आहुति म हुँ। आज्य पनि म हुँ। हवन कृया पनि मनै हुँ। म बेगर केही छैन। मैले नै सबै धारण गरेको छु। हे अर्जुन त्यही जान। त्यस्तै यो जगत् संसारको धाता भनेको धारण गर्ने कर्मको फल प्रदान गर्नेवाला पनि म हुँ, पिता पनि म हुँ, माता पनि म हुँ। जान्ने योग्य पवित्र ओमकार अक्षर ब्रह्म पनि म हुँ। ऋग्वेद, सामवेद, यजुर्वेद पनि म नै हुँ हे अर्जुन ! यही जान।

मभन्दा बाहेक अरू केही छैन यस सम्बन्धमा गीताको १३ अध्यायको १२ देखि १७ श्लोक अध्ययन गर्दा प्रस्ट बुझ्न सकिन्छ। हे अर्जुन ! म प्राप्त गर्न योग्य परमधाम पालन-पोषण गर्ने वाला सबैको स्वामी सबैको राम्रो-नराम्रो देख्ने साक्षी, सबैलाई शरण दिने निवास स्थान सबैको उत्पत्ति स्थान विज, कसैसँग बदलामा केही लिन नचाहने शुद्ध अरूको कल्याण मात्र चिताउने प्रलयकालमा प्रलय पनि आफैँमा स्थित गराउने आधार निधान अति सूक्ष्मभन्दा सूक्ष्म अविनाशी अव्यक्त कारण पनि म नै हुँ।

मैले नै सूर्य रूपले सबैलाई प्रकाश दिन्छु, मैले नै तपाउँछु। मैले नै वर्षालाई आकर्षण गर्दछु अनि वर्षा गराउँछु। हे अर्जुन ! म नै अमृत हुँ म नै मृत्यु पनि हुँ। सत् पनि म नै हुँ असत् पनि मनै हुँ।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ।। (गीता ९-२१)

जुन तीनै वेदमा वर्णन गरिएअनुसारको आश्रय लिने र सकाम कर्म गर्ने मानिसले कर्मको प्रभावले विशाल स्वर्गलोकको भोग गरेर आनन्द प्राप्त

गर्दछन् तथा देवता सरह स्वर्गलोकमा प्राप्य वर्णन गर्न पनि कठिन ऐश्वर्यको भोग गर्दछन् । पुष्पक विमान, नन्दन वनको रमण भ्रमण आदि सबै भोग गर्दागर्दै उनीहरूलाई समय बितेको पनि थाहा नै हुँदैन । त्यही भौतिक सुविधा सबै भोग गर्दागर्दै जब उनीहरूको पुण्य क्षण हुन्छ तब उनीहरू फेरि मर्त्यलोकमा नै आउँछन् । पुनः जन्म लिन्छन्, पुनः सकाम कर्म गर्दछन् अनि फेरि स्वर्ग जान्छन् । पुण्य सकिन्छ फेरि मर्त्यलोकमा आएर जन्म लिन्छन् । जो व्यक्त मुमुक्षु छन् मोक्षको आकाङ्क्षा राख्दछन् जसले गीताको अध्ययन गरेको कृष्णको तत्त्व बुझेका छन् । जसले वेदान्त उपनिषद्को अध्ययन गरेका छन्, जसले ब्रह्मसूत्रको अध्ययन गरेका छन् । जसले योगवाशिष्ठको अध्ययन गरेका छन्, जसले ब्रह्मज्ञान ब्रह्म तत्त्व ॐकार ब्रह्म अक्षर ब्रह्मको तत्त्व बुझेका छन् त्यस्ता व्यक्ति स्वर्ग जान मन गर्दैनन् । तिनीहरू वेदलाई नाघेर ज्ञानमार्ग, भक्तिमार्ग अथवा उपासनामार्गमा निष्काम कर्ममा नियतकर्म, क्रियात्मककर्म, यज्ञकर्मको महत्त्वलाई बुझेर मोक्षको इच्छा राख्दछन् ।

मुमुक्षुहरू कृष्णको तत्त्व बुझ्न एवं योगेश्वर कृष्णलाई जान्न चाहन्छन् किनभने कृष्णतत्त्व भनेको पराज्ञान हो । त्यो ज्ञान एकपटक हासिल गरेपछि सधैँलाई पुग्ने हुनाले त्यसैले कृष्णले मेरो धाममा गएपछि फेरि फर्कन पर्दैन भन्नुभएको हुँदा मुमुक्षुहरू कृष्णतत्त्व बुझ्न प्रयासरत हुन्छन् । त्यसकारण हे अर्जुन ! तिमी पनि मेरो तत्त्व बुझ्ने कोसिस गर । हे अर्जुन जसको म बाहेक अरू लक्ष्य केही छैन । जसले ममा अनन्यभावले श्रद्धा राखेर मेरो चिन्तन गर्दछन्, मेरै उपासना गर्दछन्, नित्य निष्काम भावले मेरै भजन गर्दछन् त्यस्ता मेरा भक्तको सबै आवश्यकता म पूरा गर्दछु । तिनीहरूसँग भएका वस्तुको संरक्षण पनि मैले नै गरिदिन्छु । तिनीहरूको आवश्यकता पूरा गर्नुका साथै रक्षा पनि तिनीहरूको मैले नै गर्दछु । साथै ममा नै तिनीहरू प्राप्त हुन्छन् । जसले सकाम भावले विधि नपुऱ्याई अरू देवताहरूको पूजा गर्दछन् तर श्रद्धा गरेर पूजा गर्दछन् भने अज्ञानले गरेका हुन् तर पूजा मेरै गरेका हुन् । किनभने सम्पूर्ण यज्ञको भोक्ता स्वामी म नै हुँ । तिनीहरूले मेरो तत्त्वको ज्ञान नभएर स्वर्ग जान्छन् । फेरि त्यसै लोकमा झर्दछन् । पुनः जन्म लिन्छन् ।

हे अर्जुन ! यो राजविद्या ब्रह्मज्ञानको बोध गराउने विद्या ज्ञानमा सर्वश्रेष्ठ परा विद्या मानिन्छ जुन अक्षरदेखि पर छ । यो विद्या जानेपछि अरू

विद्याको आवश्यकता पर्दैन । जसले देवताहरूको पूजा गर्दछ उसले देवताहरू प्राप्त गर्दछ । जसले पितृहरूको पूजा गर्दछ उसले पितृहरू प्राप्त गर्दछ। भूतको पूजा गर्नेले भूतलाई प्राप्त गर्दछ । जो मेरो भक्त छ त्यसले मेरो पूजा गर्दछ । त्यो मेरो भक्तलाई फेरि जन्म लिनु पर्दैन त्यसले मोक्ष प्राप्त गर्दछ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्वा पयन्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ।। (गीता ९-२६)

जसले पनि प्रेम र अनन्य ममा श्रद्धा गरेर मेरो भक्तले पात, फूल, पानीले मात्र पनि मलाई अर्पण गर्दछ निष्कामभावले मेरो पूजा गर्दछ भने त्यस्ता भक्तले अर्पण गरेको वस्तु म सगुण साकार रूप अथवा साक्षात्काररूपले प्रकट भएर प्रेमपूर्वक ग्रहण गर्दछु ।

मेरो पूजा गर्ने विधि अत्यन्त सजिलो छ । निर्धनभन्दा निर्धन व्यक्तिले पनि यो विधि अपनाउन सक्दछन् । यसमा कुनै व्यक्ति पनि को ठूलो को सानो कसको के योग्यता भन्ने आदि केही भेद हेरिँदैन । यसमा एउटै मात्र पूजा गर्न आवश्यक मानिन्छ त्यो हो शुद्ध भक्तिभाव एवं भगवान्प्रति अनन्य भावले श्रद्धा प्रेम हुनु नै हो । यो विधि कतिसम्म सरल छ भने मानिसले प्रेमपूर्वक भक्ति भावना राखेर श्रद्धासहित अलिकति जल एवं वनस्पति एक पातको अथवा एक थुँगा फूलले पनि प्रसन्न हुने महानायक योगेश्वर कृष्ण अश्रद्धाले एवं प्रेमविना चढाएको वस्तु जस्तै मूल्यवान् भए पनि ग्रहण गर्नुहुँदैन। वास्तवमा भन्ने हो भने भगवान्लाई कसैबाट केही पाउने चाहना नै छैन। भगवान् प्रेमको र भक्तिभाव श्रद्धाको मात्र चाहना गर्नुहुन्छ । तैपनि आफ्ना भक्तले श्रद्धापूर्वक अर्पण गरेको वस्तु ग्रहण गर्नुहुन्छ ।

कृष्णलाई प्राप्त गर्ने सबभन्दा ठूलो साधन भनेकै भक्तिभाव मानिएको छ । गीतामा भक्तिमा र श्रद्धा प्रेममा धेरै जोड दिइएको पाइन्छ । यसमा भक्ति शब्दको पटक-पटक उल्लेख गरेको छ । यसमा भक्तिको आधार भूत सिद्धान्तबाहेक अरू कुनै वस्तुले उहाँलाई कसैबाट केही कुरा स्वीकार गराउन सकिँदैन । भक्तिको कुनै कारण हेतु हुँदैन । भक्ति सनातन प्रक्रिया हो । भक्ति परब्रह्मेश्वरको सेवाका लागि गरिने प्रत्यक्ष कर्म हो । भगवान् कृष्णले यहाँ समस्त यज्ञको स्वामी एक मात्र भोक्ता आफूमात्र भएको कुरा स्थापित गर्न खोज्नुभएको छ । अब आफू नै सबै यज्ञको लक्ष्य भोक्ता भएपछि कस्तो कस्तो सामग्रीबाट पूजा आराधना गर्ने भन्ने कुरा पनि कमभन्दा कम सरल उपायले पनि मलाई प्राप्त गर्न सकून् सबै मुमुक्षुले र सबै यो जन्म-मृत्यु-जरा-

व्याधिको भवसागरबाट पार पाऊन् भन्नेमा नै यो राजविद्या राजयोगलाई जोड दिइएको पाइन्छ। अब अगाडि भगवान्ले अर्जुनलाई भन्नुहुन्छ- हे अर्जुन ! तिमी जो कर्म गर्दछौ त्यो सबै मलाई नै अर्पण गर। जो तिमी खान्छौ त्यो पनि मलाई नै अर्पण गर। जो होम गर्दछौ त्यो पनि मलाई अर्पण गर। जो दान गर्दछौ जो तपस्या गर्दछौ त्यो सबै मलाई अर्पण गर। यसप्रकार जसका समस्त कर्म सबै भगवान्मा अर्पण हुन्छन् यस्ता संन्यासयुक्त भएको योगी शुभ-अशुभ दुवै कर्म फलबाट मुक्त हुन्छन्। त्यसपछि त्यस्ता कर्मयोगी ममा नै प्राप्त हुन्छन्।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ।। (गीता ९-२९)

हे अर्जुन ! म सबै चराचर जगत्मा भएका जीवमा समान भावले व्यापक रूपमा छु। मेरो न कोही प्रिय छ न मेरो कोही अप्रिय छ। मेरा लागि सबै बराबर छन्। न म कसैसँग द्वेष गर्दछु न म कसैको पक्ष नै लिन्छु। मेरा लागि सबै बराबर छन्। तर जसले भक्ति श्रद्धा प्रेम भावले सेवा आराधना गर्दछ त्यो मेरो प्रिय पात्र बन्दछ। मेरो मित्र त्यस्तो भक्त ममा नै मिल्दछ। म त्यसमा हुन्छु। यहाँ 'मयि ते अहं तेषु' भन्ने शब्दबाट के प्रस्ट हुन्छ भने म नै तिनीहरूमा छु। तिनीहरू ममा छन् जो ममा अनन्यभावले मेरो चिन्तन गर्दछन्, मलाई भज्दछन्, भनेर भगवान्ले स्वयं भन्नुभएको छ। हे अर्जुन सेवाभरिमा भक्ति सेवामा यति शक्ति छ कि अत्यन्तै जघन्य पाप कर्म गर्ने दुराचारी पनि मेरो अनन्य भावबाट भक्तिपूर्वक मेरो सेवा आराधनामा संलग्न छ भने त्यसलाई साधु नै मान्नुपर्दछ। किनकि ऊ भक्तिभावमा अडिग भइसकेको हुनुपर्दछ। भगवान्को सेवाभक्तिभन्दा ठूलो शक्ति साधन भवसागर पार गर्ने अरू केही छैन भन्ने कुरा उसले बुझेको हुन्छ। त्यस्ता व्यक्तिले शीघ्र धर्मको तत्त्व एवं मेरो कृष्णतत्त्व बुझेर सदा परम शान्ति प्राप्त गर्दछन्। हे अर्जुन, मेरो भक्तिको बीज त्यसै खेर जाँदैन। उसले अवश्य मुक्ति प्राप्त गर्दछ।

हे अर्जुन ! मेरो आराधना पूजा गर्न सबैलाई समान अधिकार छ। स्त्री, वैश्य, शूद्र जस्तै पापयोनि चाण्डाल किन नहोस् जो भए पनि मेरो आराधना गरेर मेरो शरणमा आउनेले त्यसै खेर जानु पर्दैन। परम गति प्राप्त गर्दछन्। त्यस्ता पापयोनि आदिमा रहेकाले पनि मेरो भक्ति आराधना गर्दा कल्याण हुन्छ भने त जो पुण्यवान्, धर्मात्मा, ब्राह्मण, राजर्षिहरू मेरो भक्तिमा लागेका मेरा

भक्तहरूलाई त के भन्नु । तिनीहरू त मेरो आराधना पूजा ध्यान गरेर मुमुक्षु नहुने त कुरै भएन अथवा मोक्ष प्राप्त गर्दछन् । हे अर्जुन ! तिमी पनि त्यसकारण यो क्षणभङ्गुर सुखरहित यो मनुष्य शरीर प्राप्त गरेका छौ । यसबाट पार पाउन नित्य निरन्तर मेरो भजन गर र जन्ममृत्युबाट पार हुनेछौ ।

मलाई सधैँ भजन गर, मेरै चिन्तन गर, मेरै ध्यानमा चित्त लगाउन मेरै भक्त वन, मेरै पूजा गर, मलाई प्रणाम गर । यसरी ममा पूर्णतया तल्लीन भएपछि तिमीले निश्चय नै मलाई प्राप्त गर्न सक्नेछौ भनेर राजविद्या अत्यन्त गोप्य ज्ञानको उपदेश गर्नुभएको छ ।

ॐ तत्सदिति श्रीम्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे रांजविद्या राज गुह्ययोग नामक गीतारहस्य नवमोऽध्यायः समाप्तम् ॥

ॐ श्रीपरमात्मने नमः

अथ दशमोऽध्यायः

श्रीभगवानुवाच

भूय एव महाबारो श्रृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ।।१।।

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ।।२।।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ।।३।।

बुद्धिर्ज्ञानमसम्मोहः क्षमा सत्यं दमः शमः ।
सखं दुःखं भवोऽभावो भयं चाभयमेव च ।।४।।

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ।।५।।

महर्षयः सप्त र्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ।।६।।

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ।।७।।

अहं सर्वस्य प्रभवो मत्तः सर्व प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ।।८।।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ।।९।।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ।।१०।।

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ।।११।।

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ।।१२।।

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ।।१३।।

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ।।१४।।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।
भूतभावन भूतेश देवदेव जगत्पते ।।१५।।

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ।।१६।।

कथं विद्यामहं योस्त्वां सदा परिचिन्तयन् ।
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ।।१७।।

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ।
भूयः कथय तृप्तिर्हि श्रृण्वतो नास्ति मेऽमृतम् ।।१८।।

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरु श्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ।।१९।।

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ।।२०।।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ।।२१।।

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ।।२२।।

रुद्राणां शङ्करश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनांपावकश्चास्मि मेरुः शिखरिणामहम् ।।२३।।

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ।।२४।।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणं हिमालयः ।।२५।।

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ।।२६।।

उच्चैः श्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ।।२७।।

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ।।२८।।

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितृणामर्यमा चास्मि यमः संयमतामहम् ।।२९।।

प्रलदचास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ।।३०।।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्त्रोतसामस्मि जाह्नवी ।।३१।।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ।।३२।।

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ।।३३।।

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ।।३४।।

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ।।३५।।

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ।।३६।।

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ।।३७।।

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यनां ज्ञानं ज्ञानवतामहम् ।।३८।।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ।।३९।।

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परन्तप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ।।४०।।

यद्यद्विभूतिमत्सत्तव श्रीमदूर्जितमेव वा ।
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ।।४१।।

अथवा बहुनैतेन किं ज्ञातेन त्वार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ।।४२।।

श्रीमद्भगवद्गीता रहस्य

यो अध्याय विभूति योग नाम भएको अध्याय हो भनेर चिनिन्छ । यस अध्यायमा भगवान्को विभूतिको विषयमा एवं योगशक्तिको महत्त्व, त्यसको वर्णन, त्यसबाट प्राप्त हुने फल, भक्तियोगको महिमासमेतको विस्तृत रूपमा श्रीकृष्णले अर्जुनलाई उपदेश गरेको कुरा उल्लेख गरिएको छ । नवमोऽध्यायःमा अतिगोप्य राजविद्या राजयोगको उपदेश श्रीकृष्णले

गर्नुभयो । अब अगाडि भन्नुहुन्छ- हे अर्जुन ! तिमी मेरो अतिप्रिय शरणागत शिष्य हौ त्यसकारण तिमीलाई मेरो विभूतिको विषयमा ज्ञान गराउँदछु । यो अत्यन्तै रहस्यमय छ ।

भूय एव महाबाहो श्रृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ।। (गीता १०-१)

हे महाबाहु अर्जुन ! तिमीलाई तिम्रा हितका लागि तिमीलाई अतिप्रिय मानेर अतिप्रिय वचन परम श्रेष्ठ वचन उपदेशात्मक ज्ञान दिन्छु । अहिलेसम्म दिएका ज्ञानमध्ये सबैभन्दा उत्तम छ श्रेष्ठ छ। यो उपदेश श्रीकृष्णले अर्जुनलाई गर्दै हुनुहुन्छ तर कतिपय अज्ञानी व्यक्तिले श्रीकृष्णलाई भगवान् मान्न पनि तयार नभएको कुरा पनि चर्चामा बेला बखत आउने गर्दछ । यसै प्रसङ्गमा भगवान् शब्दको व्याख्या परिभाषा 'पराशरमुनि'ले यसरी गर्नुभएको छ । जोसँग सम्पूर्ण शक्ति हुन्छ जोसँग सम्पूर्ण यश हुन्छ जोसँग सम्पूर्ण धन हुन्छ जोसँग सम्पूर्ण ज्ञान हुन्छ जोसँग सम्पूर्ण सौन्दर्य हुन्छ । जोसँग सम्पूर्ण त्याग हुन्छ । त्यस्ता महापुरुषलाई भगवान् भन्दछन् । यी उल्लेखित छ विषय योगेश्वर श्रीकृष्णमा सबै विद्यमान छन् । श्रीकृष्ण यो धराधाममा प्रकट भएदेखि नै उहाँले यी ६ वटै उल्लिखित क्षमताको प्रत्यक्ष प्रदर्शन गरिसक्नुभएको हुँदा नै उहाँलाई पराशर जस्ता महान् ऋषिमुनिहरूले भगवान्को रूपमा स्वीकार गरेका थिए। पहिला नै सप्तमोऽध्यायःको प्रारम्भसँगै भगवान्ले आफ्ना विभिन्न शक्तिहरूले कसरी कार्य गर्दछन् भन्ने बारेमा सम्पूर्ण ज्ञान गीता, ७-८-९ अध्यायमा गराइसक्नुभएको छ । अब यो अध्यायमा उहाँले अर्जुन समक्ष आफ्ना विशिष्ट ऐश्वर्यहरूको वर्णन गर्नुहुन्छ । त्यसलाई नै विभूति योग भनिन्छ। पहिलेका अध्यायमा दृढ विश्वास र श्रद्धाका साथ आराधना एवं साधना गरेको खण्डमा भक्ति स्थापना हुन सक्दछ भन्ने विभिन्न शक्तिहरूको र विषयहरूको व्याख्या गरी सक्नभएको छ । पुनः यस अध्यायमा पनि आफ्ना अभिव्यक्ति आफ्ना ऐश्वर्य आफ्ना विभूतिको विषयमा चर्चा गर्नुभएको छ। किन यसो गरिएको हो भने मानिसले भगवान्को विषयमा जतिजति सुन्दै जान्छ जतिजति अध्ययन गर्दै जान्छ जतिजति भगवान् सम्बन्धी चर्चा-परिचर्चा गर्दै जान्छन् जतिजति भगवान्को कीर्तन भजन ससङ्गत गर्दै जान्छन् । त्यतित्यति भगवान्का भक्तिमा दृढ हुँदै जान्छन् ।

त्यसै कारण विद्वान् मानिसहरूलाई भक्तहरूको सत्सङ्गमा रहेर निरन्तर भगवान्का लीला चर्चाहरू सुन्नुपर्दछ । यसो गर्नाले भक्ति भावनाको विकास हुन्छ भन्दछन् । हे अर्जुन ! तिमी पनि सधैँ भगवान्को लीलाको विषयमा चर्चा परिचर्चा सत्सङ्गत गर । मेरो लीला अपार छ । मेरो उत्पत्ति र ऐश्वर्यको विषयमा न त देवताहरूले नै जान्दछन् । न त ऋषिमुनिहरूले नै जान्दछन् । किनकि देवताहरूको र ऋषि-महार्षिहरूको पनि उत्पत्तिको स्रोत म नै हुँ । कारण पनि म नै हुँ ।

जसले मलाई अजन्मा जन्म रहित जसको आदि छैन, अन्त्य छैन । सबै चराचरका कारण जसको केही विषयमा लिप्सा छैन सर्वत्र व्यापक रूपमा भए पनि कसैले प्रत्यक्ष रूपमा देख्न सक्दैन । त्यस्ता महान् ईश्वरको तत्त्व जसले जान्दछ त्यो पुरुष अथवा त्यो मानिस सबै पापदेखि सबै खाले बन्धनदेखि मुक्त छ । हे अर्जुन ! तिमी त्यही जान मलाई र मेरो तत्त्वलाई जान्ने मानिस मेरा भक्तहरू ज्यादै थोरै छन् ।

बुद्धिर्ज्ञानमसम्मोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ।। (गीता १०-४)

जीवात्माका विभिन्न किसिमका राम्रा-नराम्रा गुणहरूको उत्पत्ति कृष्णबाटै हुन्छ । जस्तै- निश्चय गर्ने कुनै विषयको राम्रो-नराम्रो छुट्याउने शक्ति जसलाई बुद्धि भनिन्छ । यथार्थ ज्ञान जसले आत्मा र अनात्मलाई छुट्याउँछ । त्यसलाई ज्ञान भनिन्छ । सामान्यतया जो शिक्षाबाट हासिल गरिने ज्ञानले पदार्थको मात्र ज्ञान गराउँछ । यस्ता ज्ञानलाई वेदान्तमा गीतामा यहाँ ज्ञानका रूपमा स्वीकार गरिएको छैन । यहाँ ज्ञानको अर्थ नै आत्मा र अनात्मपदार्थ बीचको अन्तर थाहा पाउनु हो । आधुनिक शिक्षामा आत्मा विषयमा कुनै ज्ञान दिइँदैन, केवल भौतिक पदार्थ र शारीरिक आवश्यकताको सम्बन्धमा मात्र ज्ञान दिइन्छ । तर यहाँ भगवान्ले अर्जुनलाई आत्मा परा विद्याको ज्ञानको महत्त्वलाई बढी जोड दिएर उपदेश गरेको पाइन्छ । गीताले अर्जुनलाई प्रतिनिधि पात्र मात्र बनाएर सम्पूर्ण मानवजातिलाई ज्ञानको ज्योतिले प्रकाश पार्न एवं सबैलाई जन्म-मृत्यु जरा-व्याधिबाट मुक्त गर्न कोसिस गरिएको छ ।

यहाँ असम्मोहको अर्थ हो सन्देह शङ्का र भ्रमबाट मुक्त हुनु हो । त्यसबाट मुक्त भएपछि विस्तारै मोहबाट मुक्त हुन्छ । यहाँ क्षमा भनिएको छ सहनशीलता नै क्षमा हो, सत्य हो भनेर यहाँ उल्लेख गरिएको पाइन्छ । सत्य

भनेर मानिस अथवा जीवको हितका लागि जे जस्तो छ त्यसलाई जस्ताको तस्तै प्रस्तुत गर्ने अनि आफूले जो कुरा बोलिन्छ त्यसलाई जीवन भएर शरीर रहेसम्म त्यसको व्यवहारमा पालना गर्नुलाई नै यहाँ सत्य भनिएको हो ।

दम भनेर इन्द्रियहरूलाई आफ्नो नियन्त्रणमा राख्न सक्नु एवं शम भनेर मनलाई आफ्नो सङ्कल्प विकल्पबाट फर्काएर स्थिर गर्न सक्नु अथवा मनलाई संयममा राख्नु । जस्तोसुकै सुख होस् अथवा जस्तो दुःख, कष्ट होस् समान भावले ग्रहण गर्न सक्नु दुःखमा बढी खुसी पनि नहुनु र दुःख-कष्ट पर्दा बढी निराश पनि नहुनु । यस्तो क्षमता राख्न सक्ने योगीले ब्रह्म ज्ञान गर्न सफल हुन्छ समर्थ हुन्छ । हे अर्जुन ! तिमी पनि योगी वन नियत कर्म गर, निष्काम कर्म गर, यज्ञ कर्म गर, निरन्तर मेरो चिन्तन गर । त्यसो गऱ्यौ भने तिमीलाई शान्ति मिल्नेछ । हे अर्जुन ! जुन मैले बताएँ शम, दम, सुख, दुख, अहिंसा, समता सन्तोष, तप, दान, कीर्ति, अपकीर्ति, आदि जति पनि प्राणीहरूमा हुने गुण-अवगुण भाव मबाटै प्राप्त हुनेछन् ।

त्यस्तै चराचर जगत्को सृष्टि पनि मैले नै गरेको हुँ । पहिले ब्रह्मालाई उत्पन्न गराएर ब्रह्मद्वारा सनतकुमार आदि चार र सप्तऋषि, एघार रुद्र आदि मनुष्यजातिका पूर्वज सबै मबाटै अर्थात् मेरा मनबाट उत्पन्न भएका हुन् र विभिन्न लोकमा निवास गर्ने सम्पूर्ण जीवात्माहरू तिनैबाट उत्पन्न भएका हुन् । त्यसैले ब्रह्मालाई पितामह भन्दछन् । मलाई पितामहका पनि पिता प्रपितामह भन्दछन् । यसको विस्तृत चर्चा आगामी एकादशोऽध्यायःमा गरिएको छ । मेरा यी सबै विभूति ऐश्वर्य योगलाई एवं मेरो योग शक्ति तत्त्वलाई जसले जान्दछ केही शङ्का नगरी बुझ्दछ जसमा पूर्ण विश्वास गर्दछ त्यस्ता व्यक्ति मेरा परमभक्त हुन्छन् । त्यसमा केही सन्देह रहँदैन । मेरो योग शक्तिको तत्त्व बुझ्ने भनेको यो दृश्य देखिने सबै संसार जगत् माया मात्र हो । एक वासुदेव कृष्णमात्र सर्वत्र परिपूर्ण र नित्य हुन्छ । अरू सबै नाशवान् छन् । वासुदेव श्रीकृष्ण नै यो जगत् संसारको उत्पत्तिका कारण हुनुहुन्छ । उहाँबाटै सबै वस्तुहरू उत्पन्न पनि हुनुहुन्छ । अध्यात्मतत्त्व भौतिकतत्त्वको उत्पत्तिको स्रोत पनि उहाँ नै हो भनेर बुद्धिमान् मानिसहरू मेरै भजन गर्दछन् । मेरै पूजा गर्दछन् । मेरै भक्तिमा निरन्तर लागिरहन्छन् । जो मेरा भक्तहरू छन् तिनीहरू निरन्तर मेरै चिन्तन मनन गर्दछन् । आपसमा पनि मेरै चर्चा-परिचर्चा गर्दछन् । मेरो प्रभाव र गुण सम्झेर सबै आफूलाई ममा नै समर्पण गर्दछन् । सन्तुष्ट रहन्छन् । सदा ममा नै रमण गर्दछन् ।

त्यस्ता भक्तलाई मैले तत्त्वज्ञान बुद्धि प्रदान गर्दछु । तिनीहरू ममा नै प्राप्त हुन्छन् । उनीहरूले पनि प्रेमसहित मेरो भजन आराधना निरन्तर गर्दछन् ।

त्यस्ता मेरा भक्तको अज्ञानरूपी अन्धकार हटाउन म स्वयं तिनीहरूको हृदयमा निवास गरेर ज्ञानको ज्योतिद्वारा अज्ञानबाट उत्पन्न हुने अन्धकार नाश गरिदिन्छु ।

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ।। (गीता १०-१२)

अर्जुन भन्दछन्- हजुर परबह्म हुनुहुन्छ । परमधाम हुनुहुन्छ । परमसत्य पनि हजुर नै हुनुहुन्छ । शाश्वत हुनुहुन्छ । दिव्य हुनुहुन्छ । जन्म रहित अजन्मा हुनुहुन्छ र महात्मा हुनुहुन्छ । हजुरलाई नारद, असित, देवल, व्यास, जस्ता ऋषिहरूले यही सत्यको पुष्टि गरिराखेका छन् र स्वयं हजुरले पनि मसँग यही कुरा बारम्बार बताइरहनुभएको छ ।

हे कृष्ण ! हजुरले मसँग भन्नुभएको कुरा म सत्य मान्दछु । हे प्रभु हजुरको लीलामय स्वरूपको हजुरको तत्त्व न त दानवले जानेका छन् न त देवताहरूले । सबै चराचर भूत जीवलाई उत्पन्न गर्ने सबैका उद्गमका श्रोत सबै प्राणी मात्रका स्वामी हे देवताहरूका पनि देवता हे ब्रह्माण्डका अधिपति स्वयं हजुर मात्र आफ्नो अन्तरङ्गशक्तिद्वारा आफूले आफैँलाई जान्नुहुन्छ । आफ्नो प्रकृतिको शक्तिद्वारा धर्मको स्थापना गर्न र अधर्मको नाश गर्न पटक-पटक प्रकट हुनुहुन्छ ।

त्यो कुरा पहिले गीता ४ अ. ६ शलोकमा बताइसक्नुभएको छ । तर पनि मैले हजुरको शक्ति विभूतिका बारेमा म अनभिज्ञ छु जुन विभूतिद्वारा यस संसारमा व्याप्त भएर हजुर रहनुभएको छ । कृपापूर्वक ती सम्पूर्ण विभूतिका बारेमा एकएक गरेर मलाई बताउनुहोस् । साथै मैले हजुरको निरन्तर चिन्तन मनन कसरी गरूँ हे परम योगी ! हजुरलाई मैले कसरी जानुँ । मैले हजुरलाई कुन कुन रूपमा स्मरण गरूँ विस्तारपूर्वक मलाई बताउनुहोस् । हजुरको योगशक्ति तथा ऐश्वर्यका बारेमा हजुरका अमृतरूपी शब्द वाणी जति सुने पनि मेरो मन तृप्त हुँदैन । जति सुन्यो त्यति सुन्ने आकांक्षा बढी नै राख्दछ प्रभु ।

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरु श्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ।। (गीता १०-१९)

हे कुन्तीपुत्र अर्जुन ! तिम्रा लागि केही मात्र बताउँछ । मेरा आत्मा विभूति ऐश्वर्यहरू त धेरै छन् । तिनको त कहीं अन्त छैन तर 'प्राधान्यतः' भनेर मुख्यमुख्य ऐश्वर्यले युक्त रूपको वैभवको वर्णन गर्दछु । तर मेरा विभूतिको वर्णन गरेर समाप्ति कहिल्यै पनि हुँदैन । किनकि ती न भगवान्लाई थाहा छ न जीवात्मालाई जीवात्माका इन्द्रियहरू सीमित छन् । त्यसैले ती सीमित इन्द्रियहरूका सहायताले कृष्णका समस्त कृयाकलाप ऐश्वर्य विभूतिलाई बुझ्न असम्भव हुन्छ मुख्य मुख्य मात्र भन्दछु भनेर प्राधान्यतः शब्द प्रयोग गर्नुभएको छ । हे अर्जुन ! म सबै जीवात्माका आत्मामा स्थित सबैको आत्मा म हुँ त्यस्तै सबै अथवा सम्पूर्ण जीवात्माको आदि, मध्य र अन्त्य पनि म नै हुँ । तर मेरो अन्त्य छैन । हे अर्जुन ! द्वादश आदित्यहरूमा म विष्णु हुँ, ज्योतिहरूमा म तेजस्वी सूर्य हुँ । वायुहरू उनन्चासमा म मरीचि हुँ, नक्षत्रहरूमा म चन्द्रमा हुँ । वेदहरूमा म समवेद हुँ । देवताहरूमा देवताका राजा इन्द्र म हुँ । मानिसहरूका इन्द्रियहरूमा म मन हुँ । प्राणीहरूको जीवनशक्ति चेतना म हुँ । त्यस्तै रुद्रहरूमा म शङ्कर हुँ । देवताहरूको कोषाध्यक्षहरूमा म कुवेर हुँ । वसुहरूमा म अग्नि हुँ र सम्पूर्ण पर्वतहरूमा म सुमेरु हुँ । त्यस्तै हे अर्जुन ! म वेद विहित कर्म गर्ने पुरोहितमा म बृहस्पति हुँ । सेनापतिहरूमा म कार्तिकेय हुँ । जलाशयमा म समुद्र हुँ । महर्षिहरूमा म भृगु हुँ, वाणीमा अथवा शब्दमा एक अक्षर ओमकार हुँ । सबै प्रकारका यज्ञहरूमा पवित्र जप यज्ञ हुँ । समस्त अचल वस्तुहरूमा म हिमालय पर्वत पनि म नै हुँ ।

हे अर्जुन ! त्यस्तै वृक्षहरूमा अश्वत्थ भनेको पिपलको रुख हुँ । देवर्षिहरूमा नारद मुनि हुँ । गन्धर्वहरूमा चित्ररथ म हुँ । सिद्ध मुनिहरूमा कपिल मुनि हुँ । त्यस्तै घोडाहरूमा समुद्र मन्थन गर्दा लक्ष्मीसँग निक्लेको उच्चैःश्रवा घोडा हुँ । हात्तीहरूमा ऐरावत हुँ, मनुष्यहरूमा म राजा हुँ ।

त्यस्तै हतियारहरूमा म वज्र हुँ । गाईहरूमा म कामधेनु हुँ । शास्त्र विधिबाट सन्तान उत्पत्तिको कारण म नै कामदेव हुँ । सर्पहरूमा म वासुकि हुँ । नागहरूमा म शेषनाग हुँ । जलचरका देवतामा म वरुण देवता हुँ । पितृहरूमा अर्यमा हुँ । कठोर शासन गर्नेमा 'यमराज' पनि म नै हुँ ।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ।। (गीता १०-३०)

हे अर्जुन दैत्यहरूमा म भक्त प्रह्लाद हुँ। दमनकारीमा काल समय नै हुँ। पशुहरूमा पशुहरूको राजा सिंह हुँ। पन्छीहरूमा म पंछीको राजा गरुड म नै हुँ।

कश्यप ऋषिकी पत्नी दिति र अदिति दुई दिदीबहिनी थिए। अदितिका छोराहरू आदित्य भनिए भने दितिका सन्तानलाई दैत्य भनियो। आदित्यहरू सबै भगवान्का भक्त थिए। तर दैत्यहरू सबै नास्तिक थिए। प्रह्लाद दैत्यकुलमा जन्मिएका भए पनि भगवान्का भक्त थिए। प्रह्लादकी आमा कयाधुका गर्भमा प्रह्लाद भएको समयमा देवताहरूले आक्रमण गर्दा हिरण्यकशिपु देवताहरूसँग युद्ध गर्ने शक्ति आर्जन गर्नका लागि तपस्यामा गएका थिए। त्यसै बखतमा इन्द्रले कयाधुलाई गिरफ्तार गराएर अथवा समातेर ल्याएका थिए। बाटामा अचानक नारदसँग भेट भयो र इन्द्रसँग यस्तो स्त्री जातिलाई कैद गर्न नीतिले, धर्मले तिमीलाई दिँदैन भनेर नारदले भन्दा यसको गर्भमा शत्रुको बीज छ त्यसकारण गिरफ्तार गरेको हुँ भनेपछि नारद भन्छन्, यिनको गर्भमा भगवान्को महान् भक्त छ। त्यसपछि इन्द्रले छोडिदिए। ती कयाधुलाई नारदले आश्रममा राखेर भगवान् सम्बन्धी ब्रह्मज्ञान गराउँदा प्रह्लादले पनि गर्भमै त्यो ब्रह्मज्ञान, ब्रह्मतत्त्व, कृष्णतत्त्वको ज्ञान गरेको प्रसङ्ग श्रीमद्भागवतको सप्तम स्कन्ध उल्लेख गरिएको छ। त्यही गर्भमै सबै ब्रह्म ज्ञान प्राप्त गरेका हुँदा दैत्यहरूमा म प्रह्लाद हुँ दैत्य कुलमा जन्मे पनि उनलाई अन्तर्मुखी भगवान्का प्रतीक प्रतिनिधि मानिन्छ, उनले ज्ञानको प्रतिनिधित्व गर्दछन् भने। उनका पिता हिरण्यकशिपु बहिर्मुखी थिए। त्यसैकारण हिरण्यकशिपुलाई विज्ञानको प्रतीक मानिन्छ। त्यस्तै दमन गर्नका लागि अनेक भौतिक नियमहरू छन्। हातहतियार यन्त्रहरू छन् तर समयले यस भौतिक जगत्का सबै कुरालाई क्षीण बनाइदिन्छ। त्यसैले काल अथवा समय कृष्णको प्रतिनिधि हो। त्यस्तै पशुहरूमा सिंह सबैभन्दा बलियो र हिंस्रक जनावर हो भने लाखौँ प्रकारका चराहरूमा विष्णुको वाहन गरुड पक्षीको राजा मानिन्छ, ठूलो मानिन्छ त्यो पनि म नै हुँ, हे अर्जुन भनेर भगवान्ले यहाँ भन्नुभएको पाइन्छ।

त्यस्तै सबैभन्दा तीव्र गतिमा बहने र पवित्र गर्ने म वायु (हावा) पनि म नै हुँ। शस्त्रधारीमा श्रीराम पनि म नै हुँ। जलचर माछाहरूमा मगर गोही पनि म नै हुँ। नदीहरूमा पवित्र गङ्गा नदी पनि म नै हुँ।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ।। (गीता १०-३२)

हे अर्जुन ! सम्पूर्ण सृष्टिको आदि, मध्य र अन्त्य पनि म नै हुँ सम्पूर्ण विद्याहरूमा अध्यात्मविद्या हुँ पराविद्या हुँ र तर्क शास्त्रहरूमा सारभूत सत्य म नै हुँ ।

यहाँ भगवान्ले सृष्टिको विषयमा अर्जुनलाई आफ्नो विभूतिको विषयमा बुझाउँदै हुनुहुन्छ । सबैभन्दा पहिले सम्पूर्ण भौतिक तत्त्वको सृष्टि भयो । यसको व्याख्या गोपालतापिनी उपनिषद्मा उल्लेख भएअनुसार भगवान् विष्णुका विभिन्न रूपमध्ये सर्वप्रथम ऐश्वर्यशाली कारणोदकशायी विष्णु जो गोलोकमा निवास गर्नुहुन्छ उहाँ नै श्रीकृष्ण हुनुहुन्छ । दोस्रो गर्भोदकशायी विष्णु वैकुण्ठमा रहेर सबै लोकको पालन-पोषण गर्नुहुन्छ । तेस्रो क्षीरोदकशायी विष्णु क्षीरसागरमा निवास गरेर सृष्टिको क्रम ब्रह्माजीद्वारा बढाउनुहुन्छ । शिवजीको रूपद्वारा यसको सम्भार गराउनुहुन्छ । जगत्को सृष्टि सञ्चालन संहार गर्ने यी सबै अधिकारीहरू भगवान्कै भौतिक गुणका अवतार हुन् । त्यसै कारण भगवान् श्रीकृष्ण नै समग्र सृष्टिका प्रारम्भ आदि, मध्य र अन्त्य हुनुहुन्छ । त्यस्तै भातिक जगत्का पदार्थको ज्ञान संसारको ज्ञानलाई अपरा ज्ञान अथवा विद्या भनिन्छ । त्यस्तै आत्मसम्बन्धी ज्ञान ब्रह्मको ज्ञानलाई पराविद्या भनिन्छ । ती पनि सबै मबाटै भएका हुन् । म बेगर यो संसार जगत्मा अरू केही छैन । यो कुरा तत्त्वज्ञानी महापुरुषले मात्र जान्दछन् । तिमी पनि तत्त्वज्ञानी बन अर्जुन भनेर श्रीकृष्णले विभूतियोगको उपदेश गरेको पाइन्छ ।

त्यस्तै हे अर्जुन ! अक्षरहरूमा म ॐकार हुँ, समासमा द्वन्द्वसमास हुँ । संस्कृतमा धेरै समास भएका शब्दहरू छन् जसमध्ये राम र कृष्ण, जस्ता दुई शब्दको जोड भएका शब्दलाई द्वन्द्व समास भनिन्छ । म अक्षय नाश नहुने समय पनि म नै हुँ र सृष्टिकर्ताको रूपमा ब्रह्मा पनि म नै हुँ । सबैतिर मुख भएको महाकाल विराट् स्वरूप सबैलाई धारण गर्ने पोषण गर्ने संहार गर्ने पनि म नै हुँ ।

त्यस्तै सबैको आहार मृत्यु पनि म हुँ । पुनः भविष्यमा उत्पन्न गर्ने पनि म नै हुँ । स्त्रीहरूमा कीर्ति, लक्ष्मी, वाणी, स्मृति, बुद्धि, धृति, क्षमा समेत सबै म नै हुँ ।

त्यस्तै हे अर्जुन ! सामवेदका ऋचाहरूमा जो राम्रो लयमा गीत गायन हुन्छ, त्यसमा बृहत्साम हुँ। छन्दमा म गायत्री छन्द हुँ, महिनाहरूमा म मार्गशीर्ष हुँ र ऋतुहरूमा म वसन्त ऋतु हुँ।

त्यस्तै छलकपटमा जुवा हुँ। प्रभावशाली मानिसहरूको प्रभाव पनि म नै हुँ। जसले विजय प्राप्त गर्दछ त्यो विजय तत्त्व पनि म नै हुँ। जसले केही विषयमा निश्चय गर्दछ, त्यो निश्चय पनि म नै हुँ। सात्त्विक पुरुष जो छ तिनीहरूको सात्त्विक भाव पनि म नै हुँ। त्यस्तै वृष्णिवंशी यादवकुलमा म वासुदेव हुँ। पाण्डवहरूमा म अर्जन हुँ। मुनिहरूमा म वेदव्यास हुँ। महान् विचारकहरूमा (उशना) शुक्राचार्य हुँ।

अराजकतालाई नियन्त्रण गर्ने दमन गर्नेमा म दण्ड हुँ। अथवा निर्णय गर्ने शक्ति हुँ। जित इच्छा गर्नेहरूमा नीति हुँ। जसलाई गुप्त राख्नुपर्ने सवालमा म मौन हुँ। रक्षक हुँ। ज्ञानीहरूको तत्त्वज्ञान जान्ने शक्ति पनि म नै हुँ।

हे अर्जुन ! यी सबै जीव (भूत) हरूको उत्पत्ति कारण पनि म नै हुँ। यस्तो कुनै पनि चर-अचर कोही पनि जीव म बाहेक कोही छैनन्। सबैको बीज म नै हुँ। म विना कोही पनि रहन सक्दैन।

हे परन्तप अर्जुन ! मेरा दिव्यविभूतिको कुनै अन्त्य छैन तर मैले त तिमीलाई ज्ञान होस् भनेर आफ्ना विभूति बिस्तारै एकदमै संक्षेपमा बताएको हुँ।

यो संसारमा जेजे ऐश्वर्ययुक्त विभूतियुक्त कान्तियुक्त वस्तु छन् ती सबै मेरा तेज शक्तिको अंशबाट अभिव्यक्त भएका हुन्। प्रकाश भएका हुन्। अर्जुन तिमी त्यही जान।

हे अर्जुन ! सम्पूर्ण विभूतिको ज्ञानको आवश्यकता किनेर के नै हुन्छ र मैले त आफ्नो एउटा मात्र अंशले यो चराचर सम्पूर्ण ब्रह्माण्डमा व्याप्त भएर मैले धारणा गर्दछु यही जान।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे विभूति योग नामक गीता रहस्य दशमोऽध्यायः समाप्तम्।

ॐ श्रीपरमात्मने नमः

अथ एकादशोऽध्यायः

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसञ्ज्ञितम् ।
यत्त्वयोक्त वचस्तेन मोहोऽयं विगतो मम ।।१।।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ।।२।।

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ।।३।।

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ।।४।।

श्रीभगवानुवाच

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ।।५।।

पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ।।६।।

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ।।७।।

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ।।८।।

सञ्जय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ।।९।।

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ।।१०।।

दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चयमयं देवमनन्तं विश्वतोमुखम् ।।११।।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ।।१२।।

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ।।१३।।

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ।।१४।।

अर्जुन उवाच

पश्यामि देवांस्तव देव देहे
सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थ
मृषींश्च सर्वानुरगांश्च दिव्यान् ।।१५।।

अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर ! विश्वरूपम् ।।१६।।

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ।। १७।।

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ।।१८।।

अनादिमध्यान्तमनन्तवीर्यं
मनन्तबाहुं शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ।।१९।।

द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ।।२०।।

अमी हि त्वां सुरसङ्घा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति ।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ।।२१।।

रुद्रादित्या वसवो ये च साध्या
विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसङ्घा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ।।

रूपं महत्ते बहुवक्त्रनेत्रं
महाबाहो बहुबाहूरूपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ।।२३।।

नभःस्पृशं दीप्तमनेकवर्णं
व्यात्ताननं दीप्तविशालनेत्रम् ।
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ।।२४।।

दंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश ! जगन्निवास ।।२५।।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसङ्घैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ।।

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि ।
केचिद्विलग्ना दशनान्तरेषु ।
सन्दृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ।।२६-२७।।

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ।।२८।।

यथा प्रदीप्तं ज्वलनं पतङ्गा
विशन्ति नाशाय समृद्धवेगाः ।
तथैव नाशाय विशन्ति लोका
स्तवापि वक्त्राणि समृद्धवेगाः ।।२९।।

लेलिह्यसे ग्रसमानः समन्ता
ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णो ।।३०।।

आख्याहि मे को भवानुग्ररूपो
नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ।।३१।।

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः ।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ।।३२।।

तस्मात्त्वमुतिष्ठ यशो लभस्व
जित्वा शत्रून्भुङ्क्ष्व राज्यं समृद्धम् ।
मयैवैते निहताः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ।।३३।।

द्रोणं च भीष्मं च जयद्रथं च
कर्णं तथान्यानपि योधवीरान् ।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा
युद्ध्यस्व जेतासि रणे सपत्नान् ।।३४।।

सञ्जय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं
सगद्गदं भीतभीतः प्रणम्य ।।३५।।

अर्जुन उवाच

स्थाने हृषीकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च ।
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ।।३६।।

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।
अनन्त ! देवेश ! जगन्निवास !
त्वमक्षरं सदसत्तत्परं यत् ।।३७।।

त्वमादिदेवः पुरुषः पुराण
स्त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ।।३८।।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ।।३९।।

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व ।
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्व समाप्नोषि ततोऽसि सर्वः ।।४०।।

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण ! हे यादव ! हे सखेति ।
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ।।

यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु
एकोऽथवाप्यच्युत तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ।।४१-४२।।

पितासि लोकस्य चराचरस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ।।४३।।

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीड्यम् ।
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ।।४४।।

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देवरूपं
प्रसीद देवेश जगन्निवास ।।४५।।

किरीटिनं गदिनं चक्रहस्त
मिच्छामि त्वां द्रष्टुमहं तथैव ।
तेनैव रूपेण चतुर्भुजेन
सहस्रबाहो ! भव विश्वमूर्ते ।।४६।।

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं
रूपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ।।४७।।

न वेदयज्ञाध्ययनैर्न दानै
र्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरूप्रवीर ।।४८।।

मा ते व्यथा मा च विमूढभावो
दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रूपमिदं प्रपश्य ।।४९।।

सञ्जय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रूपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं
भूत्वा पुनः सौम्यवपुर्महात्मा ।।५०।।

अर्जुन उवाच

दृष्टेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ।।५१।।

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ।।५२।।

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।
शक्य एवंविधो द्रष्टुं दृष्ट्वानसि मां यथा ।।५३।।

भक्त्या त्वनन्यया शक्य अहमेवविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप ।।५४।।

मत्कर्मकृन्मत्परमो मद्भतः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ।।५५।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई विश्वरूप दर्शन योग अध्याय भनेर बुझिन्छ। विश्वरूप दर्शनका लागि अर्जुनको प्रार्थनाबाट श्रीकृष्ण प्रसन्न भै अगाडि बढ्दछन्। दशम अध्यायबाट भगवान्का प्रमुख विभूति एवं ऐश्वर्यको ज्ञान गरेपछि अर्जुनको मोह अज्ञान हटेर जान्छ र अर्जुनमा अरू बढी उत्सुकता बढ्दछ र सुनेको कुराले मात्र अर्जुनले भगवान्को विषयमा ज्ञान गर्ने कुरा पूर्ण भएको ठान्दैनन्। त्यो प्रत्यक्ष देख्न चाहन्छु भनेर भन्दछन्।

मदनुग्रहाय परमं गुह्यमध्यात्मसञ्ज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ।। (गीता ११-१)

अर्जुन भन्दछन्- हे केशव ! हजुरले मलाई ठूलो अनुग्रह गरेर अध्यात्म विद्याको ज्ञान ब्रह्म तत्त्वको अत्यन्त रहस्यात्मक अत्यन्त गोपनीय मर्मस्पर्शी उपदेश गरेर मेरो मोह अज्ञान र भ्रम समाप्त भयो। मैले आजसम्म मेरो सखा मात्र सम्झेको थिएँ। यस उपदेशले सबै सृष्टिका कारणका पनि मूल कारण हजुर नै भएको मैले बल्ल बुझेँ। जसबाट यस भौतिक जगत्को उत्पत्ति

भयो । ती महाविष्णुका पनि कारण श्रीकृष्ण नै हुनुहुँदो रहेछ । कृष्ण अवतार मात्र हुनु हुन्न उहाँ त सबै अवतारका स्रोत हुनुहुन्छ । यसभन्दा पूर्वको अध्यायमा पनि यस कुराको व्याख्या भइसकेको छ । यहाँ जहाँसम्म अर्जुनको प्रसङ्ग छ उनी भन्दछन्- "अब मेरो भ्रम सबै हट्यो ।" अब अर्जुनले कृष्ण साधारण मानिस मात्र नभएर सबै वस्तुका मूल स्रोत हुन् भन्ने महसुस गरे किनकि अर्जुन अत्यन्त प्रबुद्ध व्यक्ति थिए । कृष्ण जस्ता महान् व्यक्तित्वलाई आफ्ना मित्रका रूपमा पाउँदा उनी साह्रै प्रसन्न छन् । तर अर्जुनले कृष्णको विषयमा पनि केही सोच्न थाले । मैले कृष्णलाई सबै सृष्टिका मूल कारण स्रोत मानेको छु । उहाँ हुनुहुन्छ पनि । तर मैले भैं सबैले नबुझ्न सक्दछन् । नमान्न सक्दछन् । त्यसैले यस अध्यायमा सबैका दृष्टिमा कृष्णको अलौकिक शक्ति स्थापित गराएर सबैका दृष्टिमा पनि कृष्ण नै यो जगत् संसारका मूल कारण स्रोत हुन् भन्ने प्रमाणित गराउने उनको भित्री मनसाय भएको देखिन्छ ।

त्यसैकारण अर्जुनले कृष्णसँग आफ्नो विराट् स्वरूपमा उपदेश गरेका आफ्ना विभूति शक्तिको प्रत्यक्ष दर्शन दिन अनुरोध गर्दछन् र तर्क पेस गर्दछन् । हे प्रभु देख्नु र सुन्नुमा फरक छ जुन प्रत्यक्ष देखेर जति अनुभव गर्न सकिन्छ, सुनेर मात्र हुँदैन भन्ने कुरा राख्दछन्, अनुरोध गर्दछन् । वास्तवमा अर्जुनले जस्तै कृष्णको विराट् स्वरूपको दर्शन गर्दा मानिसहरू भयभीत हुन्छन् । त्यसैले कृष्णले अर्जुनलाई विराट् स्वरूपको दर्शन गराइसकेपछि त्यो विराट् स्वरूपलाई फेरि आफ्नो वास्तविक रूपमा रूपान्तरित गर्नुभयो । कृष्णले अर्जुनलाई बारम्बार भन्नुहुन्थ्यो । त्यो उनका लागि नै भन्नुहुन्थ्यो भन्ने कुरा अर्जुनलाई विश्वास थियो । अतः यो सृष्टि संसार जे भैरहेको छ त्यो सबै कृष्णका कृपाले भैरहेको छ भन्ने तथ्यलाई अर्जुनले हृदयदेखि नै स्वीकार गरेर कृष्ण सम्पूर्ण कारणका पनि कारण हुनुहुन्छ र परमात्मा बनेर हरेक जीवका हृदयमा हुनुहुन्छ भन्ने अर्जुनलाई पूर्ण विश्वास भयो र फेरि भन्न थाले ।

हे पुरुषोत्तम ! मैले हजुरले जे भन्नुभयो सो कुरा सत्य हो भन्ने जानेको छु तर हजुरको ऐश्वर्य, शक्ति, ज्ञान, बल, तेज युक्त विराट् रूप देख्न म योग्य छु र मैले देख्न सक्दछु भनेँ एवं हजुरले त्यस्तो ठान्नुहुन्छ भन्ने त्यो विराट् स्वरूप प्रत्यक्ष रूपमा मलाई दर्शन गराउनुहोस् भनेर अर्जुनले भनिसकेपछि भगवान् भन्नुहुन्छ - हे पार्थ ! अब तिमी सयकडौं हजारौं नाना प्रकारको वर्ण,

नाना प्रकारको आकृति, अलौकिक मेरो दिव्य विराट् स्वरूप हेर । हे अर्जुन ममा द्वादश आदित्य (अदितिका पुत्र), आठ बसु एकादश रुद्र, अश्विनी कुमार, उनन्चास मरुदगण वायु एवं अरू पनि तिमीले यसभन्दा पहिले कहिले पनि नदेखेको आश्चर्यमय रूपहरू पनि हेर ।

साथै यस मेरा शरीरमा एकै ठाउँमा स्थित चराचर सम्पूर्ण संसारलाई हेर देख । अरू पनि जो तिमी देख्न चाहन्छौं सबै हेर । तर तिम्रा यी प्राकृतिक आँखाले अथवा यिनी दृष्टिले देख्न भने सन्देह गराएको छ । देख्न सक्दैनौ । त्यसकारण तिमीलाई म दिव्य चक्षु अथवा अलौकिक आँखा दिन्छु । त्यसबाट तिमीले मेरो ईश्वरीय योग शक्ति सम्पूर्ण विभूतिलाई हेर भनेर दिव्य दृष्टि दिनुभयो योगेश्वर कृष्णले ।

हे योगेश्वर वेदव्यासले सञ्जयलाई पनि त्यस्तै दिव्य दृष्टि प्रदान गरेर दिव्य दृष्टिबाट जति अर्जुनले विराट् स्वरूपको दर्शन पाए त्यति नै सञ्जयले पनि विराट् स्वरूपको दर्शन पाए ।

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ।। (गीता ११-९)

सञ्जय भन्दछन् - धृतराष्ट्रसँग हे राजन ! महायोगेश्वर एवं सबैको पापको नाश गर्ने भगवान् श्रीकृष्णले अर्जुनलाई मेरो दिव्य विराट् स्वरूप हेर भनेर अर्जुनलाई परम ऐश्वर्य युक्त दिव्य विराट् स्वरूप देखाउनुभयो । हे राजन ! अर्जुनले उक्त विश्वरूपमा असङ्ख्य मुख, असङ्ख्य आँखा, अनन्त आश्चर्यजनक दृश्यहरू देखे । विश्वरूप अनेक दिव्य आभूषणद्वारा विभूषित हुनुहुन्थ्यो । उहाँ अनेक दिव्य हतियारद्वारा सुसज्जित हुनुहुन्थ्यो ।

दिव्य मालाहरूले सुशोभित हुनुहुन्थ्यो र अनेक प्रकारका दिव्य सुगन्धित द्रव्यहरू लेपन गरिएको थियो । सबै कुरा आश्चर्यमय थियो । तेजोमय थियो । असीमित थियो एवं सर्वत्र फैलिएको थियो । त्यस्तै आकाशमा एकै पटक हजारौं सूर्य उदाउँदा जति प्रकाश हुन्छ जाज्वल्यमान उज्यालो दिव्य विराट् स्वरूप थियो । त्यस समयमा अर्जुनले भगवान्को विराट् स्वरूपमा हजारौं हजार भागमा विभाजित भएर रहेको ब्रह्माण्डको असीमित विस्तारलाई एकै ठाउँमा देखे । त्यसपछि अर्जुन भ्रमित भए, रोमाञ्चित भए । चकित भएका अर्जुनले शिर झुकाएर भगवान्को प्रार्थना गर्न थाले ।

पश्यामि देवांस्त्व देव देहे सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थ मृषींश्च सर्वानुरगांश्च दिव्यान् ।।(गीता ११-१५)

अर्जुन भन्दछन् - हे प्रभु अत्यन्त प्रिय भगवान् कृष्ण मैले त हजुरका शरीरमा सबै देवताहरू अनेक प्रकारका अन्य जीवात्माहरू पनि एकत्रित भएको देख्दैछु । त्यस्तै कमलको फूलको आसनमा विराजमान ब्रह्मा एवं महादेव, सम्पूर्ण ऋषिमुनिहरू, सर्पहरू पनि सबै देख्दैछु, त्यस्तै हे सम्पूर्ण विश्व ब्रह्माण्डका स्वामी ! हजुरका अनेक हातहरू, अनेक मुख, अनेक पेट, अनेक आँखासहित सबैबाट युक्त भएको चारैतिर जताततै हजुरको फैलिएको रूप देख्दैछु । त्यसको कतै आदि, मध्य, अन्त्य छैन । त्यस्तो विश्व विराट् अनन्त रूप देखिरहेको छु । त्यस्तै त्यो रूप कस्तो छ भने प्रज्वलित अग्निको ज्वाला अथवा सूर्यको अपार प्रकाश जस्तै चम्किलो ज्योति जस्तै मुकुट युक्त गदा र चक्रले युक्त सदा देखिरहुँ जस्तो तर देख्नलाई धेरै कठिन त्यस्तो रूप देखिरहेको छु ।

अनुमान गर्न नसकिने रूप हजुरको छ । त्यस्तै हजुर जान्ने योग्य परम अक्षर परब्रह्म परमेश्वर परमात्मा यस जगत्का परम आश्रय नै हुनुहुन्छ । हजुर नै अनादि धर्मका रक्षक हुनुहन्छ । हजुर नै अविनाशी सनातन परम पुरुष नै हुनुहुँदो रहेछ यस्तो मेरो मत छ प्रभु भनेर अर्जुन भन्दछन् ।

त्यस्तै हजुर आदि, मध्य र अन्त्य रहित हुनुहुन्छ, हजुरको महिमा अनन्त छ । हजुरका असङ्ख्य हातहरू छन् । सूर्य र चन्द्रमा हजुरका आँखा हुन् । मैले त हजुरलाई मुखबाट आगोका ज्वाला निस्किरहेको र आफ्नै तेजले सारा संसारलाई जलाउन लागिरहे जस्तो देख्दैछु । त्यस्तै हजुर एक हुनुहुन्छ तापनि आकाशमण्डलमा विभिन्न लोकहरू र बीचका सम्पूर्ण भागहरूमा सर्वत्र फैलिनुभएको छ । हजुरको यो डरलाग्दो र आश्चर्य जनक रूप देखेर तीनै लोक व्याकुल भइरहेका छन् । त्यस्तै हजुरको यो रूप देखेर सम्पूर्ण देवगणहरू हजुरको शरणागत बन्दै हजुरमा नै प्रवेश गर्दैछन् । तीमध्ये केही अत्यन्त भयभीत छन् । हात जोडेर प्रार्थना गरिरहेका छन् । महर्षिहरू तथा सिद्धहरूको समुदाय कल्याण होस्, शान्ति होस् भन्दै वेदका ऋचाहरू उच्चारण गदै हजुरको स्तुति गरिरहेका छन् । त्यस्तै भगवान् शिवका सबै रूप एकादश रुद्रहरूले आदित्यहरूले, वसुहरूले, साध्यहरूले विश्वदेव,

अश्विनीकुमारहरूले वायु, पितृ, गन्धर्वहरूले यक्ष, असुर, सिद्ध र देवताहरूले आश्चर्य मानेर हजुरलाई नै हेरिरहेका छन् ।

हे भगवान् ! हजुरका धेरै अनुहार, धेरै आँखा, धेरै हात, धेरै गोडा, धेरै पेट र भयङ्कर दाँतहरूसहितको हजुरको विराट् स्वरूपलाई देखेर देवताहरूका साथै सबै व्याकुल भैरहेका छन् । मेरो पनि त्यही स्थिति छ । त्यस्तै हजुरको आकाशलाई छुन खोजेको देदीप्यमान अनेक वर्ण त्यस्तै जतातते फैलिएको ठूल्ठूला आँखा देख्नलाई अति कठिन हुने ठूल्ठूला खुलेका मुख र अनेक रूपरङ्गले युक्त हजुरको विराट् रूपलाई देखेर मेरो मन डराइरहेको छ । म व्याकुल भएको छु र मेरो मानसिक स्थिति पनि सन्तुलनमा छैन । हे देवेश ! हे जगन्ननिवास भगवान् ! कृपया मदेखि प्रसन्न हुनुहोस् । हजुरको यस प्रकारको विकराल दाँत दन्किएको आगोको ज्वालाजस्तो अनुहार देखेर मैले आफूलाई सन्तुलित राख्न सकेको छैन । म सबैतर्फबाट दिग्भ्रमित भएको छु । हे प्रभु आफ्ना सम्पूर्ण सहयोगी राजाहरूका साथमा धृतराष्ट्रका छोराहरू तथा भीष्म, द्रोणाचार्य, कर्ण र हाम्रा तर्फका प्रमुख योद्धासमेत हजुरको मुखमा प्रवेश गरिराखेका छन् । अझ कसैका शिरका टुक्रा हजुरका दाँतमा अड्किएका छन् । कसैका धुलो-पिठो परेका छन् । त्यस्तो मैले देखिरहेको छु । त्यस्तै जसरी नदीका तरङ्गहरू समुद्रमा प्रवाहित हुन्छन् । त्यस्तै गरी यी सम्पूर्ण महान् योद्धाहरू पनि हजुरको प्रज्वलनशील मुखमा प्रवेश गर्दैछन् । त्यस्तै जसरी पुतली किरा-फट्याङ्ग्रा आफ्नै विनाशका लागि अत्यन्त दौडेर आगोमा पर्दछन् । बत्तीमा जल्दछन् त्यसैगरी सबै लोकका व्यक्तिहरू भनेर यहाँ योद्धाहरूलाई सङ्केत गरिएको छ । सबै पूर्ण गतिका साथ हजुरका मुखमा प्रवेश गरेका छन् । त्यस्तै हजुरले सबै लोकका मानिसहरूलाई बलिरहेको आगो समानको मुखद्वारा खाँदै सबै तर्फबाट चाट्दै हुनुहुन्छ । तपाईंको उग्र प्रकारको तेजद्वारा ढाकेर चर्का किरणसहित भयङ्कर रूपमा प्रकट हुनुभएको छ । हे देवताका पनि देवता ! यस्तो उग्र रूपमा प्रकट हुने भयङ्कर रूप भएको हजुर को हुनुहुन्छ ? मलाई भन्नुहोस्, हजुरलाई बारम्बार नमस्कार गर्दछु । कृपया बताउनुहोस् । मदेखि प्रसन्न हुनुहोस् । हजुर आदिपुरुष हुनुहुन्छ । हजुरको उद्देश्य के हो ? मलाई थाहा छैन म जान्न चाहन्छु ।

गीता ११-३२ मा अर्जुनले बडो दीन भएर पुनः अनुरोध गरिसकेपछि भगवान् भन्नुहुन्छ- हे अर्जुन ! म संसारलाई ध्वस्त पार्ने काल हुँ । म अहिले यहाँ सबैलाई नाश गर्न आएको छु । तिमी विना पनि यी दुवै तर्फका

सैनिकहरू सारा मारिनेछन् भनेर जब श्रीकृष्णले भन्नुभयो । बल्ल अर्जुन पूर्ण रूपमा म केही रहनेछु म निमित्त मात्र रहेछु । यो सबै खेल भगवान्कै रहेछ परम सत्यले अनेक वस्तुलाई ब्रह्माण्डलाई समेत समाप्त पारिदिन्छ भन्ने कुरा वेदले पनि स्पष्ट पारेको छ । परम सत्य भनेको ब्रह्म हो । त्यही ब्रह्म श्रीकृष्ण हुनुहुन्छ र कृष्णलाई सम्पूर्ण रूपमा अर्जुनले अब बुझे चिने । अब भगवान्ले भन्नुहुन्छ- हे अर्जुन ! उठ लड्नका लागि तयार होऊ । विजयको यश प्राप्त गर । शत्रुहरूलाई जितेर सम्पन्न राज्यको भोग गर । तिनीहरूलाई मैले अगाडि नै मारिसकेको छु । अतः तिमी लडाइँको एउटा माध्यम मात्र बनिदेऊ । मैले द्रोण, भीष्म, कर्ण, जयद्रथ र अन्य महान् योद्धाहरूलाई अगाडि नै संहार गरिसकेको छु । तिमी तिनीहरूलाई मार विचलित नहोऊ, केबल युद्ध मात्र गर । तिमीले यस युद्धमा आफ्ना शत्रुको विनाश गर्नेछौ ।

यस्ता कुरा अर्जुनलाई भगवान् कृष्णले भनिसकेपछि सञ्जयले धृतराष्ट्रलाई सुनाउँछन्- राजन भगवान्का यी वचनहरू सुनेर अर्जुनले थरथर काँप्दै हात जोडेर बारम्बार प्रणाम गरेर डराई डराई गद्गद स्वरमा यसो भने कि हे हृषिकेश ? हजुरको नाम सुनेर दुनियाँ हर्षित भइरहेको छ र हरेक व्यक्ति हजुरप्रति आसक्त भइरहेका छन् । सिद्ध पुरुषहरू हजुरलाई सादर अभिवादन अर्पण गरिराखेका छन् र दुर्जन असुरहरू डरले सबै दिशातिर भागाभाग गरिरहेका छन् । भागिरहेका छन् । यो मैले ठिकै मानेको छु । हजुर सबैका स्रष्टा हुनुहुन्छ । त्यसकारण उहाँहरूले हजुरलाई सादर प्रणाम किन नगरून् । हे अनन्त ! हे देवेश ! हे जगन्निवास ! हजुर समस्त कारणका पनि कारण अविजेता, अविनाशी, सत्, चित, आनन्द स्वरूप यो भौतिक जगत्को आदिकारण हुनुहुन्छ । त्यस्तै हजुर प्राचीन आदिवेद हुनुहुन्छ । यो विश्व ब्रह्माण्डका परम आधार हुनुहुन्छ । हजुर सबै वस्तुका ज्ञाता स्वयं सम्पूर्ण रूपले ज्ञेय पनि र भौतिक गुणहरूभन्दा माथि रहने सबैका आधार हुनुहुन्छ । यो सम्पूर्ण सृष्टिमा व्याप्त हुनुहुन्छ । त्यस्तै हजुर नै वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा, सृष्टिका प्रथम जीव बह्मा र प्रपितामह (बूढा हजुरबुबा) पनि हजुर नै हुनुहुन्छ । त्यसैले वारम्बार हजारौं प्रणाम गर्दछु । हजुरलाई अगाडि, पछाडि र चारै तर्फबाट नमस्कार छ । हे अनन्त शक्ति हजुर त पराक्रमका स्वामी हुनुहुन्छ । शाश्वत व्यापक हुनुहुन्छ । सबै थोक हुनुहुन्छ । हजुरलाई एक मित्र ठानेर हजुरको महिमालाई नजानी अज्ञानवश मैले हजुरलाई दुस्साहस पूर्ण हे सखा, हे कृष्ण, हे यादव, यस्ता शब्द प्रयोग गरेर सम्बोधन गरें । प्रेमवश, मूर्खतावश, मैले जे गरें त्यसमा क्षमा पाऊँ । यतिमात्र नभएर

सँगै विश्राम गर्दा, सँगै सुत्दा, बस्दा वा सँगसँगै भोजन गर्दा कहिले एक्लै र कहिले साथीहरूका बीचमा ठट्टाका रूपमा कैयौं पटक मैले हजुरको अनादर गरें हुम्ला यस्ता मेरा सबै अपराध क्षमा गरिदिनु होला हे अच्युत !

त्यस्तै हजुर यो चराचर जगत्का सृष्टिकर्ता पिता हुनुहुन्छ। परम आध्यात्मिक गुरु हुनुहुन्छ। हजुर बराबर कोही पनि छैन। हजुरभन्दा बढी हुने त सम्भव नै छैन। हजुर असीम शक्तिशाली प्रभु यो तीनै लोकमा हजुरभन्दा ठूलो अरू को हुन सक्दछ र अथवा हुन सक्दैन। यसको तात्पर्य के हो भने जसरी छोराहरूका लागि पिता पूजनीय हुन्छ। त्यस्तै कृष्ण सबैका पिता सरह मानिएका हुन्। त्यस्तै अध्यात्मिक गुरु किन भनिएको हो भने भगवान् श्रीकृष्णले नै ब्रह्माजीलाई पहिले ब्रह्मज्ञानको उपदेश गर्नुभएको हो र त्यही परम्परा ब्रह्माबाट नारद, नारदबाट वेदव्यास हुँदै आएको गुरु-शिष्य परम्परा यहाँ पनि स्वयं श्रीकृष्णले अर्जुनलाई उपदेश गर्नुभएको हुँदा यहाँ आध्यात्मिक गुरु भनिएको हो। भौतिक जगत्मा होस वा आध्यात्मिक जगत्मा श्रीकृष्ण बराबर अरू कोही गुरु हुन सक्दैन। त्यसैले यो अलौकिक अध्यात्मको ज्ञान दिन कृष्णको शक्ति नभै कसैले सक्दैन। यो कुरा 'श्वेतास्वतर उपनिषद्मा' पनि उद्धृत गरेको पाइन्छ।

त्यस्तै, हे ! कृष्ण हजुर प्रत्येक जीवात्माका पूजनीय पमेश्वर हुनुहुन्छ। त्यसैले म हजुरलाई सविनय सादर प्रणाम गर्नुका साथै कृपाको याचना पनि गर्दछु। जसरी बाबुले छोराको धृष्टतालाई सहन गरिदिन्छ, जसरी एउटा मित्रले आफ्नो साथीको धृष्टतालाई सहिदिन्छ त्यस्तै पतिले आफ्नी प्रिय पत्नीको त्रुटिलाई सहिदिन्छि, त्यसै गरी हजुरले पनि मलाई कृपा गरेर मेरो त्रुटिहरूलाई सहन गरिदिनु होस्। हे देवेश ! पहिले कहिल्यै न देखेको हजुरको विराट् स्वरूपको दर्शन गरेर म अति हर्षित छु तर भयले विचलित पनि भएको छु। व्याकुल पनि भएको छु।

यसकारण अब हजुरले आफ्नो चतुर्भुज विष्णु रूपको कृपया मलाई दर्शन गराउनु होस् र मदेखि प्रसन्न पनि हुनुहोस्। हे जगन्निवास प्रभु ! मैले हजुरको मुकुट धारण गरेको हातमा शङ्ख, चक्र, गदा, धारण गरेको रूप देख्न चाहन्छु, दर्शन गर्न चाहन्छु। हे विश्वरूप ! हे सहस्रबाहु, हे विश्वमूर्ति ! मलाई देखाउनुहोस्। भनेर अर्जुनले प्रार्थना गरिसकेपछि भगवान् श्रीकृष्ण भन्नुहुन्छ- हे प्रिय अर्जुन ! तिमीदेखि म प्रसन्न भएर आफ्नो अन्तरङ्ग बलले तिमीलाई यही भौतिक जगत्मा मेरो अलौकिक तेजोमय विराट् रूप जसको

आदि छैन अन्त्य छैन जसको सीमा छैन त्यस्तो रूप तिमी बेगर आजसम्म कसैले पनि पहिले देखेका थिएनन् ।

हे अर्जुन ! यस मनुष्य लोकमा तिमीभन्दा पहिले मेरो यो विराट् रूपलाई कहिले कसैले देखेका थिएनन् । किनकि यो विश्वरूप देख्न वेदको अध्ययन गरेर नगर्न सकिन्छ न यज्ञ गरेर गर्न सकिन्छ । न दान गरेर दर्शन गर्न सकिन्छ । न कर्म गरेर, न त उग्र तपस्या गरेर नै पनि तिमी बेगर कसैले पनि यस रूपमा देख्न सक्दैनन् ।

मेरो यस प्रकारको रूप देखेर तिमी यस्तो व्याकुल र मूढ अवस्थामा हुनु नपर्ने हो । अब भयरहित भएर प्रेमपूर्वक खुसी भएर शङ्ख, चक्र, गदा, पद्म, धारण गरेको चतुर्भुज रूपको दर्शन गर । यही श्रीकृष्णले भनेको कुरा सञ्जयले राजा धृतराष्ट्रलाई सुनाउँछन् । श्रीकृष्ण वासुदेवले अर्जुनलाई चतुर्भुज रूपको दर्शन गराएर अर्जुनलाई सान्त्वना दिएर आफ्नो सुन्दर स्वरूपमा आउनुभयो । यस प्रकार श्रीकृष्णलाई आफ्नो मौलिक रूपमा देखेपछि अर्जुन पुनः भन्दछन्-

हे जनार्दन ! हजुरको यो अत्यन्त सुन्दर मानवीय शरीर देखेर स्थिर चित्त एवं प्रसन्न भएको छु र आफ्नो सही स्वरूपमा फर्किएको छु प्रभु !

हे अर्जुन ! जुन रूप तिमीले देख्यौ यो मेरो रूप देख्न पाउन् निकै कठिन छ । देवताहरू पनि यो रूपको दर्शन पाउने अवसर प्राप्त गर्नका लागि सधैँ लालायित रहिरहन्छन् । किनभने यो रूप हेर्न अति नै दुर्लभ छ । आफ्ना दिव्य दृष्टिद्वारा मेरो दिव्य जुन रूपको दर्शन तिमीले गरिराखेका छौ यसलाई वेदाध्ययनद्वारा न गम्भीर तपस्याद्वारा न दान यज्ञद्वारा न पूजा आराधनाद्वारा बुझ्न देख्न सकिन्छ । यी साधनद्वारा कसैले पनि मलाई यस रूपमा देख्न सक्दैनन् । हे अर्जुन ! म जुन रूपमा तिम्रा अगाडि उभिएको छु त्यस रूपमा मलाई बुझ्न केवल अनन्य भक्ति चाहिन्छ । भक्तिद्वारा नै मलाई प्रत्यक्ष देख्न सकिन्छ । केवल यही विधिले मात्र तिमी मसँग सम्बन्धित ज्ञानको रहस्यभित्र प्रवेश गर्न सक्दछौ । किनकि शम, दम, उपरति, तितिक्षा आदिको ज्ञान नभएसम्म विवेकको उदय हुँदैन । विवेकको उदय नभएसम्म वैराग्य हुँदैन । वैराग्य नभएसम्म ज्ञान हुँदैन । ज्ञान नभएसम्म भक्ति हुन सक्दैन । त्यसैले नवधा भक्तिमध्ये पनि माधुर्य भक्तिलाई उच्चकोटिको भक्ति मानिएको छ । जुन भक्तिमा गोपिनीहरू सफल भए । यसै कारण यहाँ कृष्णले अर्जुनलाई मेरो प्रत्यक्ष दर्शन भक्तिले मात्र हुन सक्दछ, भन्नुभएको हो ।

हे अर्जुन ! जुन व्यक्ति सकाम कर्म र मानसिक कल्पनाका कल्मषबाट मुक्त भएर जो मेरा लागि कर्तव्य कर्म काम गर्दछ जसले मलाई आ-आफ्नो जीवनको परम लक्ष्य बनाएर आसक्त रहित भएर सम्पूर्ण जीवत्मासँग मैत्रीभाव राख्दछ त्यस्ता भक्तले निश्चय नै मलाई प्राप्त गर्न सक्दछ। सारांशमा भन्नु पर्दा कृष्णले आफ्नो अस्थायी विश्वरूपको र सधैँ सर्वपक्षीय काल रूप एवं चर्तुबाहु विष्णु रूप पनि देखाउनुभयो । यसरी विचार गर्दा श्रीकृष्ण नै यी सम्पूर्ण संसार रूपहरूका मूल स्रोत कारण हुनुहुन्छ । कृष्ण केवल अथवा कुनै आदि विश्वरूप वा विष्णु रूपको मात्र अभिव्यक्ति हुनुहुन्न कृष्ण सबै रूपका मूल हुनुहुन्छ । विष्णु त सयौं हजारौं हुनुहुन्छ तर भक्तका लागि कृष्णको दुई भुजाधारी मूल श्याम सुन्दर रूपबाहेक अरू त्यति महत्त्व पूर्ण मानिँदैन । त्यस्तै ब्रह्म संहितामा भक्तिको विषयमा बताइएको पाइन्छ । जो भक्तिपूर्वक वा प्रेमपूर्वक कृष्णको श्याम सुन्दर रूपप्रति समर्पित छ त्यस्ता भक्तले उहाँलाई सधैँ आफ्नो हृदयमा विराजमान भएको पाउँदछन् । कृष्णबाहेक अरू केही देख्दैनन् । यसबाट के बुझ्न सकिन्छ भने यही कृष्णरूप नै शाश्वत वास्तविक रूप हो भन्ने कुराको पुष्टि यो एकादश अध्यायको निचोड तात्पर्य यही हो भन्ने बुझ्न सकिन्छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रमविद्यायां योगशास्त्रे विश्वरूप दर्शन योग नामक गीता रहस्य एकादशोऽध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ द्वादशोऽध्यायः

अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ।।१।।

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ।।२।।

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ।।३।।

सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ।।४।।

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ।।५।।

ये तु सर्वाणि कर्माणि मयि सन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मा ध्यायन्त उपासते ।।६।।

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि न चिरात्पार्थ ! मय्यावेशितचेतसाम् ।।७।।

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ।।८।।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ।।

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ।।१०।।

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ।।११।।

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ।।१२।।

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ।।१३।।

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ।।१४।।

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ।।१५।।

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपत्यागी यो मद्भक्तः स मे प्रियः ।।१६।।

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ।।१७।।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ।।१८।।

तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ।।१९।।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ।।२०।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई भक्ति योग नामक अध्याय भनेर बुझिन्छ। यस अध्यायमा भगवान्का भक्तकै विषयमा कति किसिमका भक्त हुन्छन्। सर्वश्रेष्ठ भक्त कस्तालाई भनिन्छ भन्ने प्रसङ्गमा गीता ११ अध्यायको अन्तिम श्लोक ५५ मा मेरो अनन्य भक्त ममा नै एकाकार हुन्छ। अथवा मलाई सुलभ तरिकाले प्राप्त गर्दछ भनेपछि अर्जुनका मनमा कौतूहल उत्पन्न हुन्छ र यस अध्यायको प्रारम्भमा नै अर्जुनले आफ्नो जिज्ञासा मेटाउन यस प्रकार प्रश्न गर्दछन्।

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ।। (गीता १२-१)

हे केशव ! हजुरको निरन्तर हजुरमा नै तत्पर भएर हजुरको राम्रोसँग उपासना गर्ने भक्त एक थरी छन्। तिनीहरूले सगुण साकार रूपमा नै हजुरको उपासना गर्दछन्। हजुरकै चिन्तन गर्दछन् भने केही भक्तहरू (अक्षरमा) अथवा इन्द्रियहरूभन्दा पर जो अव्यक्त निराकार ब्रह्मको उपासना गर्दछन्। तिनीहरू दुईमध्ये कुन भक्त उत्तम योगी मानिन्छ अथवा उत्तम मानिन्छ सिद्ध योगी भक्त मानिन्छ भनेर अर्जुनले प्रश्न गर्दछन्।

भगवान् भन्नुहुन्छ - हे अर्जुन ! मनलाई एकाग्र गरेर मनभित्र वृत्ति लगाएर निरन्तर विशुद्ध भावले सकाम कर्म र मानसिक कल्पनाका कल्मषबाट मुक्त भएर मेरो विशुद्ध भक्ति सेवामा लागेको छ मेरो ध्यान गर्दछ भजन गर्दछ। जो मेरो लागि काम गर्दछ काम निष्काम जसको हुन्छ। त्यस्तै नियत कर्म, क्रिया कर्म, यज्ञ कर्म, शुद्ध भावले गर्दछ। मलाई नै आफ्नो जीवनको परम लक्ष्य बनाउँदछ। ममा श्रद्धा भाव राख्दछ, जसले प्रत्येक जीवात्मासँग मैत्रीभाव राख्दछ मलाई सगुण रूप परमेश्वरको रूपमा मान्दछ। त्यस्तो भक्त योगीले निश्चय नै मलाई प्राप्त गर्दछ। म पनि त्यस्तालाई उत्तम कोटीको योगी मान्दछु। साथै जसले आफ्नो इन्द्रियहरूलाई नियन्त्रण गरेर सबै प्रति समान भाव राख्दै भगवान् निराकार हुनुहुन्छ मन बुद्धिभन्दा पर अव्यक्त कल्पना गर्न नसकिने स्वरूपको पनि वर्णन गर्न नसकिने सदा एक सरह एकैनास रहने सत्, चित्, आनन्द स्वरूप ब्रह्मलाई निरन्तर ध्यान गर्दै भजन गर्ने सम्पूर्ण जीव भूत भावमा दया भाव राख्ने हित चिताउने सबैमा समान भाव राख्ने त्यस्ता योगीले पनि अन्तमा मलाई प्राप्त गर्दछन्।

परमेश्वरको अव्यक्त तथा निराकार रूप ब्रह्मप्रति आसक्त भएर चित्त लगाएको व्यक्तिलाई भन्दा भक्ति योगी र सगुण साकारवादीलाई अध्यात्ममा प्रगति गर्न सजिलो हुन्छ। किनकि अव्यक्त निराकारवादीले शरीरलाई महत्त्व दिँदैनन्। आत्मा नै सबै हो भनेर भन्दछन्। त्यसैले शरीर धारण गरेर निराकार को उपासना गर्न अलि कठिन भएको हो। जसलाई ज्ञान योग, साङ्ख्य योग, संन्यास योग पनि भनिन्छ। यस विषयमा अध्याय २ गीता ३.५ श्लोक र अध्याय ३ गीता ३ श्लोकमा पहिलो चर्चा गरिसकिएको छ। फरक यति मात्र हो भक्तलाई भगवान्सँग साक्षात्कार गर्न सजिलो पर्दछ। ऊ समर्पित हुन्छ। त्यसैले भक्तको सबै जिम्मा पनि भगवान्ले नै लिनुहुन्छ। तर ज्ञानीले पनि प्राप्त गर्ने त भगवान्लाई नै हो तर उसले ज्ञानद्वारा, तपस्याद्वारा अथवा योगद्वारा प्राप्त गर्दछ तर उसमा कर्मफलको कतै आसक्ति रह्यो भने भगवान्लाई साक्षात्कार गरेर पनि पुनः जन्ममृत्युको चक्रमा आउने सम्भावना रहिरहन्छ। तर जो सबै कर्म फलको आसक्ति त्याग गरेर ममा समर्पण छ भने उसले पनि मलाई प्राप्त गर्दछ। परन्तु जो मेरो भक्त छ ममा नै निर्भर छ सबै आफूले गरेका कर्म ममा नै अर्पण गर्दछ। मेरो सगुण साकार रूपको निरन्तर अनन्त भक्ति भाव ममा राखेर भाव चिन्तन गर्दछ। भजन गर्दछ त्यस्ता व्यक्तिलाई मैले जन्म मृत्युबाट मुक्त गरिदिन्छु।

हे अर्जुन ! ममा नै मन लगाऊ। ममा नै बुद्धि लगाऊ, स्थिर बन। यसमा कुनै संशय शङ्का नगर त्यति गरेपछि तिमी ममा नै निवास गर्नेछौ।

यदि तिमीले ममा मनलाई स्थिर अचल गर्न सक्दैनौ भने, समर्थ छैनौ भने हे अर्जुन मेरो नामको मनन गुणको चिन्तन, भजन, श्रवण, मेरा कृति सम्बन्धी शास्त्र अध्ययन चेष्टाको अभ्यास गर योगद्वारा मलाई प्राप्त गर्ने इच्छा पनि गरी राख मलाई प्राप्त गर्न सक्नेछौ। त्यस्तै भक्ति योगको विधि अभ्यास पनि गर्न असमर्थ छौ र गर्न सक्दैनौ भने मेरा लागि कर्म गर्ने प्रयत्न गर किनकि मेरो निमित्त कर्म गर्नाले पनि तिमीले पूर्णता प्राप्त गर्नेछौ, सिद्धि पाउनेछौ। यदि तिमी मलाई प्राप्त गर्नका लागि मेरै आश्रय लिएर उपयुक्त योग साधन गर्न तत्पर भएर सबै कर्म फल आसक्तिलाई पूर्ण रूपमा त्यागेर मलाई सम्झेर आत्मामा स्थित हुने प्रयत्न गर। यसमा पनि अथवा यो बताइएको अभ्यास पनि गर्न सक्दैनौ भने ज्ञानको अनुशीलनमा लाग तर ज्ञानभन्दा मेरो निष्काम ध्यान श्रेष्ठ छ, ध्यानभन्दा कर्म फलको त्याग झन्

श्रेष्ठ छ। किनभने यस प्रकारको त्यागबाट मानिसले तत्काल मानसिक शान्ति प्राप्त गर्न सक्दछ। आफूलाई सन्तुलनमा राख्न सक्दछ।

जो मानिस सबै भूत जीवहरूमा द्वेष भावबाट रहित भएर अथवा कसैसँग पनि रिस, राग, नगरी केही कुरामा अथवा कुनै वस्तुमा विषयमा स्वार्थ नराखी सबैसँग प्रेम भाव राख्ने सबैको हित कल्याण, चिताउने, सबैमा दया, करुणा राख्ने इच्छा, आकांक्षा, ममता रहित, अहंकार रहित, भएर सुख, दुखमा समानभाव, क्षमावान् आफूप्रति कसैले अपराध नै गर्दछ भने पनि सहन गर्ने क्षमता राख्न सक्ने र आफ्नो शरीरलाई वशमा राख्न समर्थवान् हुने तथा ममा दृढ भक्तिमा निश्चय ममा नै मन बुद्धि अर्पण गर्ने बुद्धिमान् भक्त योगी मलाई अतिशय प्रिय हुन्छन्।

त्यस्तै जसबाट अरू कुनै जीवलाई कष्ट कुनै किसिमको पुग्दैन र जो अरू कसैबाट पनि विचलित हुँदैन र जो सुख र दुःख डर र त्रास हुँदा र नहुँदामा पनि समान रहन्छ त्यस्तो व्यक्ति मलाई अतिप्रिय हुन्छ, हे अर्जुन ! जो मानिस आकांक्षाबाट रहित अथवा कुनै किसिमको इच्छा आकांक्षा नराख्ने शुद्ध आत्मा भएको बाहिर-भित्र एकै स्वभाव व्यवहार भएको कसैको पनि पक्ष-विपक्षमा नरहेको दुःखबाट सन्तानबाट छुटकारा भएको सधैँ खुसी प्रेममा नै रमाउने सम्पूर्ण प्रयत्न सवै आसक्ति शुभ-अशुभ सबै परित्याग गरेका जो त्यस्तो शान्त मेरो भक्त छ त्यो पनि मलाई अति प्रिय हुन्छ।

त्यस्तै न कहिले हर्षित हुन्छ, न कहिले दुःखित हुन्छ, न कहिले केही कुनै कुराको शोक गर्दछ न त केही चीजको कामना नै गर्दछ, जसले शुभ कर्म अशुभ सम्पूर्ण कर्मको पनि त्याग गर्दछ त्यस्तो भक्तियुक्त मानिसमलाई प्रिय लाग्दछ। जो योगी शत्रु, मित्रमा, मान, अपमानमा सर्दी, गर्मीमा सुख, दुःखादि, द्वन्द्व झगडामा पनि समान रूपमा रहन सक्ने सबै किसिमका आसक्तिदेखि रहित, जो निन्दा, स्तुतिलाई पनि समान बराबरी सम्झने मननशील, जस्तो निन्दा हुँदा पनि मौन रहने कुनै किसिमले शरीरको निर्वाह भएसम्म सन्तुष्ट रहने कुनै स्थान वस्तुमा ममता नराख्ने नगर्ने आसक्ति नगर्ने आसक्तिबाट रहित स्थिर, बुद्धिमान् भक्तिमान् पुरुष मलाई प्रिय लाग्दछ। हे अर्जुन ! त्यस्तै जो श्रद्धायुक्त मानिस भन्नाले वेद शास्त्रमा श्रद्धा राख्ने गुरुजन तथा परमेश्वरका वचन वाणीमा श्रद्धा प्रत्यक्ष राख्ने विश्वास राख्नेलाई वेदान्तमा श्रद्धा यहाँ पनि गीता वेदान्तकै स्रोत भएको हुँदा श्रद्धा भनेर यी सबै विषयलाई मान्नुपर्ने हुन्छ। त्यस्तै मेरो परायण अथवा मैले माथि बताएका धर्ममय

अमृतरूपी उपदेश वचन निष्काम कर्म, नियत कर्म, यज्ञ कर्म, भक्ति योग, ज्ञान योग, सबै प्रेम भावले ग्रहण गरेर ममा समर्पण रहने भक्त मलाई अति नै प्रिय हुन्छ त्यसै कारण तिमी पनि मैले गरेका उपदेश समर्पण भावले आत्मसात् गरेर ममा प्राप्त होऊ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रमविद्यायां योगशास्त्रे भक्ति योग नामक गीता रहस्य द्वादशोऽध्याय समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ त्रयोदशोऽध्यायः

श्रीभगवानुवाच

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ।।१।।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ।।२।।

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे श्रृणु ।।३।।

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ।।४।।

महाभूतान्यहङ्कारो बुद्धिरव्यक्तमेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ।।५।।

इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ।।६।।

अमानित्वमदम्भित्वमहिंसा क्षन्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ।।७।।

इन्द्रियार्थेषु वैराग्यमनहङ्कार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ।।८।।

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ।।९।।

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ।।१०।।

अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमितिप्रोक्तमज्ञानं यदतोऽन्यथा ।।११।।

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ।।१२।।

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।।१३।।

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ।।१४।।

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ।।१५।।

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ।।१६।।

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ।।१७।।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ।।१८।।

प्रकृतिं पुरुषं चैव विद्धयनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसम्भवान् ।।१९।।

कार्यकरणकर्तृत्वे तुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ।२०।।

पुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ।।२१।।

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ।।२२।।

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ।।२३।।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ।।२४।।

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ।।२५।।

यावत्सञ्जायते किञ्चित्सत्त्वं स्थावरजङ्गमम् ।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ।।२६।।

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ।।२७।।

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ।।२८।।

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथा त्मानमकर्तारं स पश्यति ।।२९।।

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ।।३०।।

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ।।३१।।

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ।।३२।।

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ।।३३।।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ।।३४।।

श्रीमद्भगवद्गीता रहस्य

तृतीय षडङ्गले जीव र ब्रह्मको एकत्वको ज्ञान गर्दछ ।

यस अध्यायलाई क्षेत्र क्षेत्रज्ञ विभाग योग भनेर बुझिन्छ । गीताको १८ अध्यायमध्ये अध्याय १ देखि ६ अध्यायसम्मलाई प्रथम षडङ्ग भनिन्छ, ७ अध्यायदेखि १२ अध्यायसम्म द्वितीय षडङ्ग भनिन्छ । अब १३ अध्यायदेखि १८ अध्यायसम्मलाई तृतीय षडङ्ग भनिन्छ । प्रथम षडङ्गमा जीव के हो, जीवको अवस्था कस्तो छ, अनि जीवको वास्तविक स्वरूप के हो र जीवले आफ्नो वास्तविक स्वरूप कसरी पहिचान गर्न सक्दछ ? आदि विषयको ज्ञान जस्तै विषादयोग, मोहग्रस्त, अवस्था, परिवारिक सम्बद्ध मोह आदिका बारेमा गीताले ज्ञान गराएको छ र त्यसका लागि कर्म काण्ड, मार्ग, उपासना तथा भक्ति योग मार्ग, ज्ञान तथा साङ्ख्य योग मार्गको ज्ञान गराउँदै, नियत कर्म, निष्काम कर्म क्रिया, कर्म, यज्ञ कर्म, यज्ञका प्रकार द्रव्य यज्ञ, तपोयज्ञ, योग यज्ञ र ज्ञान यज्ञ आदिको विधिको ज्ञान गराएको छ र वर्णव्यवस्था सृष्टिको समेत ज्ञान गराउँदै कर्मयोग, ज्ञान कर्म संन्यास योगका साथै आत्मसंयम योगको समेत उपदेश गरेर जीवको स्वरूपको पूर्ण ज्ञान गराइसकेपछि प्रथम षडङ्ग समाप्त हुन्छ ।

त्यस्तै द्वितीय षडङ्गमा ईश्वरको स्वरूपको विषयमा ब्रह्म भन्नु, ईश्वर भन्नु, कृष्ण भन्नु, राम भन्नु, शिव भन्नु, जसरी बुझे पनि म नै हुँ भनेर ज्ञान, विज्ञान विषयमा उपदेश गरेको पाइन्छ । यसबाट भौतिक जगत् र आध्यात्मिक सम्पूर्ण जति पनि पदार्थ छन् सर्वत्र कारणरूपले भगवान्को व्यापकता छ भन्ने ज्ञान उपदेश गराएको पाइन्छ । त्यस्तै अक्षरदेखि पर अथवा अव्यक्त, व्यक्त, सबैमा ईश्वर छ भन्ने सम्बन्धमा उपदेश गरेको पाइन्छ । त्यसतै राजविद्याराज गुह्य भनेर आजसम्म कसैलाई नबताएको गोप्य एवं ज्येष्ठ श्रेष्ठ ज्ञान भनेर ब्रह्मकै विषयमा उपदेश गरेको पाइन्छ । त्यस्तै ब्रह्म बेगर अरू कसैको केही सत्ता छैन अस्तित्व छैन । अरू सबै नाशवान् हुन् एक ब्रह्म नै नित्य छ, त्यो कस्तो छ भने सत् चित् आनन्द स्वरूप छ भनेर सर्वव्यापक ब्रह्मको त्यो ब्रह्म म हुँ त्यही जान भनेर

भगवान्ले अर्जुनलाई उपदेश गरेको पाइन्छ। अर्जुनले हजुरले बताएका कुरा मलाई प्रत्यक्ष देख्ने इच्छा छ भनेपछि विश्व विराट् रूपको प्रत्यक्ष दर्शन गर्न पाउँछन् र जीवरूपी अर्जुनले त्यो ब्रह्मको ज्ञान कसरी प्राप्त गर्न सक्दछन् भन्दा भगवान्को भक्तिद्वारा नै साकार ईश्वर र निराकार दुवै रूप भक्त उपासकले मलाई प्राप्त गर्दछन्। तर जति भक्ति योगीले मलाई प्राप्त गर्न सुलभ छ अरूलाई अथवा ज्ञानमार्गीलाई हुँदैन। मलाई प्राप्त गर्न त तिनीहरूमा यी यी आचरण आवश्यक हुन्छन् र ती आचरण गरेपछि मलाई प्राप्त गर्न सक्दछन् भनेर द्वितीय षडङ्गमा ईश्वरको वास्तविक ज्ञानमा नै समाप्त हुन्छ। यसरी यी ६ अध्यायहरूमा भक्ति योगलाई नै महत्त्व दिएको पाइन्छ। अब तृतीय षडङ्गको पहिलो अध्याय (१३-१)

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्र इति तद्विदः ।।

इदं शरीरं त्रयोदशोऽध्यायः हो। यस अध्यायको पहिलो श्लोक 'इदं शरीरं कौन्तेय' भन्ने हो। यस अध्यायमा गीताको पहिलो श्लोक धृतराष्टले सञ्जयसँग हे सञ्जय ! मेरा छोरा र पाण्डवका छोराले धर्मक्षेत्र कुरुक्षेत्रमा के गरिराखेका छन् भनेर सोधेको त्यो धर्मक्षेत्र र कुरुक्षेत्रको उत्तर बल्ल यहाँ आएर श्री कृष्णले अर्जुनलाई उपदेश गरेर बताउनुहुन्छ। हे अर्जुन यो शरीरलाई क्षेत्र भनिन्छ, यस शरीरलाई जसले जान्दछ त्यसलाई क्षेत्रज्ञ भनिन्छ। अब यहाँ क्षेत्र शब्दलाई सामान्यतया शरीर भनिएको छ तर क्षेत्र भनेको खेत पनि हो। अमरकोषअनुसार संस्कृतमा जस्तै खेतमा छरेको अन्नको बीउ समयअनुसार कर्मरूपी मल-जल उपयुक्त समयमा उपयुक्त तरिकाले प्राप्त भयो भने उपयुक्त समयमा अन्नको जे जस्तो बीज रोपिएको छ त्यसको त्यस्तै मुताबिक फलरूपी अन्न प्राप्त हुन्छ। त्यस्तै हाम्रो क्षेत्ररूपी शरीरमा कस्तो कर्मरूपी बीज रोप्दछौं अथवा कर्म गर्दछौं त्यस्तै संस्काररूपी फल अथवा कर्मफल समयमा प्राप्त हुन्छ, अथवा हामी पाउँदछौं। यसैकारण यस शरीरलाई क्षेत्र भनिएको हो। यस शरीरलाई राम्रोसँग जान्ने शरीरभित्र रहेर पनि केही कुरामा आसक्ति नराखी साक्षी भावले हेरिरहने जो आत्मा छ त्यसलाई क्षेत्रज्ञ भनिन्छ। हे अर्जुन ! यो कुरा मैले मात्र तिमीलाई भनेको हैन।

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ।। (गीता १३-४)

ऋषिमुनि महापुरुषले वेदमा पनि यही कुरा उल्लेख गरेका छन्। ब्रह्मसूत्रमा पनि यही कुराको वर्णन गरिएको छ। हे अर्जुन क्षेत्रमा अथवा शरीरमा जीवात्मा पनि मलाई नै जान। क्षेत्र, क्षेत्रज्ञ अथवा विकार सहित प्रकृति र पुरुषलाई जसले तत्त्व सहित जान्दछन्। तिनले ध्यानद्वारा कर्मयोग, निष्काम कर्म योग नियत कर्म योग, समर्पण भक्तियोगको माध्यमबाट जान्दछन् अनुभव गर्दछन्, त्यही ज्ञान हो। त्यस्तै जो क्षेत्र छ त्यो विकार युक्त छ। त्यो मेरो त्रिगुणात्मक प्रकृति हो। त्यो क्षेत्रज्ञ छ त्यो तटस्थ छ शुद्ध छ। प्रभावशाली छ, त्यो सबै तिमीलाई म बताउँछु तिमी सुन। तिमीलाई यो ज्ञान भएपछि ब्रह्म ज्ञान हुनेछ। जो मैले बताउँछु उक्त साधन ब्रह्म ज्ञानका साधन हुन् तिमी .त्यही जान।

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ।। (गीता १३-७-११)

विनम्र, अभिमान शून्यता अहिंसा, सहनशीलता, सरलता, सुयोग्य, गुरुको शरण, पवित्रता, स्थिरता, आत्मसंयम, इन्द्रिय तृप्तिका विषयहरूको परित्याग, अहंकारको अभाव, जन्म, मृत्यु, वृद्धावस्था र रोगजन्य दोषहरूको ज्ञान (अनुभूति) अनासक्ति सन्तान, पत्नी, घर आदि कुराहरूको जञ्जालबाट मुक्ति, राम्रा-नराम्रा घटनाप्रति समभाव, मप्रतिको निरन्तर तथा शुद्ध भक्ति, एकान्त वासको चाहना, भौतिकवादी जनसमुदायबाट पर हुने इच्छा, अध्यात्म ज्ञानमा स्थिर हुन आत्मसाक्षात्कारको महत्त्वलाई स्विकार्नु र दार्शनिक रूपले परम सत्यको खोजी गर्नु जस्ता सम्पूर्ण कार्यलाई म ज्ञान मान्दछु र यसबाहेक अन्य जुनसुकै सबै अज्ञान विषय हुन् भनेर म घोषणा गर्दछु भनेर श्रीकृष्णले अर्जुनलाई ब्रह्म ज्ञान एवं तत्त्व ज्ञानको उपदेश गर्नुभएको छ।

अब त्यस्तै हे अर्जुन ! तिमीलाई जान्नैपर्ने विषयका बारेमा भन्दछु। जुन कुरा जानेपछि तिमीले नित्य अमृत तत्त्वको आस्वादन गर्नेछौं। मेरा अधीनमा रहेको आत्मा अथवा ब्रह्म अनादि यो भौतिक जगत् संसारको प्रभाव र कारण भन्दा पर छ। जसलाई परमात्मा भनौं, ब्रह्म भनौं उहाँका हात, पाउ, आँखा, शिर, अनुहार, कान सर्वत्र फैलिएका छन्। यसरी परमात्मा हरेक वस्तुमा व्याप्त भएर रहनुभएको छ। त्यस्तै ती परमात्मा सम्पूर्ण इन्द्रियका मूल कारण भए पनि परन्तु इन्द्रियदेखि रहित अलग्गै हुनुहुन्छ। त्यस्तै सबै खाले आसक्ति रहित हुनुहुन्छ। त्यस्तो भएर पनि सबैका धारणकर्ता पोषणकर्ता हुनुहुन्छ। त्यस्तै निर्गुण भएर पनि सबै गुण र भोगका स्वामी हुनुहुन्छ।

अविभक्तञ्च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभाविष्णु च ।। (गीता १३-१६)

त्यस्तै उहाँ चराचर सम्पूर्ण जगत् सम्पूर्ण जीवका अथवा जीवात्माहरूबीच विभाजित भए जस्तो देखिए पनि उहाँ कहिले विभाजित हुनुहुन्न । उहाँ प्रत्येक जीवत्माका पालनकर्ता भए पनि उहाँले सबैको विनाश पनि गर्नुहुन्छ र विकास पनि गर्नुहुन्छ भन्ने कुरा बुझ्नुपर्दछ । किनकि उहाँ ब्रह्म रूप भएर सबैको सृष्टि अथवा उत्पन्न गर्नुहुन्छ । फेरि विष्णुको रूप भएर धारण पालन पोषण गर्नुहुन्छ । पुनः उहाँ नै रुद्रको रूप धारण गरेर संहार गर्नुहुन्छ । यही जान्नुपर्दछ । त्यस्तै उहाँ परब्रह्म ज्योतिका पनि ज्योति हुनुहुन्छ । प्रकाशका पनि प्रकाशमान हुनुहुन्छ । उहाँ माया अथवा भौतिक संसारबाट अति पर हुनुहुन्छ । उहाँ परमात्मा बोध स्वरूप जान्न योग्य ज्ञानगम्य हुनुहुन्छ । उहाँलाई जान्न प्रत्यक्ष देख्न सकिँदैन । उहाँ अप्रकट हुनुहुन्छ । उहाँ नै ज्ञान हुनुहुन्छ । उहाँ नै ज्ञानका विषय पनि हुनुहुन्छ । उहाँ नै ज्ञानको लक्ष्य पनि हुनुहुन्छ । उहाँ हरेकका हृदयमा विराजमान हुनुहुन्छ । उहाँ नै प्रत्येक जीवात्माको शक्तिको स्रोत पनि हुनुहुन्छ ।

हे अर्जुन ! तिमीलाई मैले यसै अध्यायको श्लोक ५ र ६ मा क्षेत्रको स्वरूप अथवा शरीरको स्वरूप जो प्रकृतिका तत्त्वबाट बनेको छ त्यसको विषयमा बताएँ । त्यस्तै श्लोक ७ देखि ११ सम्मको रहस्यमा मैले ज्ञान अथवा ज्ञानको साधनका विषयमा पनि तिमीलाई बताएँ । त्यस्तै श्लोक १२ देखि १७ सम्म जो जान्नुपर्ने विषय ज्ञेय अथवा ब्रह्मको स्वरूपका विषयमा बताएँ । संक्षेपमा जो मेरो भक्त छ उसले क्षेत्र क्षेत्रज्ञको ज्ञान, स्वरूपको राम्रोसँग ज्ञान गरेको खण्डमा भलिभाँति मेरो स्वरूपको ज्ञान तत्त्वको ज्ञान गर्दछन् । त्यस्ता भक्त ममा प्राप्त हुन्छन् । तिमी पनि यो मेरो स्वरूपको ज्ञान गर । हे अर्जुन ! तिमी मुख्य रूपमा दुई विषय राम्रोसँग जान ज्ञान गर । ती हुन् : (१) पुरुष (२) प्रकृति । पुरुष भनेको म हुँ प्रकृति भनेको मेरो माया हो । अनादि कालदेखि यी दुई छन् यही जान । त्यही मेरो मायाबाट त्रिगुणात्मक सत्त्व, रज, तमबाटै राग, द्वेष, ईर्ष्या, विकार उत्पन्न हुन्छन् । साथै चराचर सम्पूर्ण पदार्थ पनि प्रकृतिबाटै उत्पन्न हुन्छन् त्यही जान ।

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ।। (गीता १३-२०)

प्रकृतिलाई सम्पूर्ण भौतिक कार्य र कारणको पनि कारण मानिन्छ र जीवात्मालाई संसारका दुःख र सुखको भोगको कारण पनि मानिन्छ। यहाँ कार्य भन्ने र कारण भन्ने शब्दले के बुझाउँछ भने आकाश, वायु, जल, अग्नि, पृथ्वी तथा शब्द, स्पर्श, रूप, रस, गन्ध, यिनीहरूको नाम कार्य हो भने त्यस्तै बुद्धि, अहंकार, मन, श्रोत्र, त्वक्, रसना, नेत्र र घ्राण, एवं वाक्, हस्त, पाद, उपस्थ र गुदा यी इन्द्रियहरूलाई कारण भनिन्छ। त्यस्तै प्रकृति शब्दले माया एवं मायाका त्रिगुणात्मक शक्ति सत्त्व, रजः, तमः, नै जान्नुपर्दछ। यिनै कार्य, कारण र प्रकृतिको माध्यमबाट नै जीवात्माले दुःख-सुखको भोग गर्दछ।

त्यस्तै प्रकृतिमा नै रहने जीवात्माले प्रकृतिबाट उत्पन्न भएको त्रिगुणात्मक पदार्थको भोग गर्दछ। त्यसै तीन गुणको कर्मको फलअनुसार नै अर्को जन्ममा जन्म लिन्छ। जस्तै सत्त्व गुणको सम्पर्कबाट जन्म लियो भने देव योनिमा जन्म लिन्छ। रजोगुणको सम्पर्कबाट जन्म लियो भने मनुष्य योनिमा जन्म लिन्छ। त्यस्तै तमोगुणको प्रभाव अथवा सम्पर्कबाट जन्म लियो भने पशु आदि नीच योनिमा जन्म लिन्छ। यही सत्त्व, रज, तम, गुण प्रकृतिका नियमअनुसार नै भोग गर्दछ। त्यही कारण बन्दछ।

यस्तै यस शरीरमा रहने आत्मा वास्तवमा उहाँ नै हुनुहुन्छ। आत्मा शरीरमा साक्षी भावले रहने भएकाले द्रष्टा-उपद्रष्टा भनिन्छ। सबै कुरा गर्ने-नगर्ने भन्ने अनुमति दिने भएकाले अनुमन्ता भनिन्छ। सबैको धारण पोषण गर्ने भएको हुँदा भर्ता भनिएको हो। जीव रूपले रहने भएको हुँदा भोक्ता पुरुष भनिएको हो। ब्रह्म आदि चराचर सबैका स्वामी भएको हुनाले महेश्वर भनिएको हो। साथै सत्, चित्, आनन्द रूप भएको हुँदा परमात्मा भनिएको हो। त्यही परमात्मा भनेर चिनिनुहुन्छ।

त्यस्तै जुन मनुष्यले पुरुष र प्रकृतिका सत्त्व, रजः, तमोगुण सहित प्रकृति जड हो, मायाको कार्य भएको हुँदा त्यो नाशवान् छ, अनित्य छ भनेर तत्त्वसहित जसले जान्दछ। त्यस्तो व्यक्ति कर्तव्य कर्म गर्दागर्दै पनि फेरि जन्ममृत्युमा आउनु पर्दैन।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ।। (गीता १३-२४)

परम पुरुष परमात्मालाई कति मानिस शुद्ध चित्त भएर सूक्ष्म ध्यानको माध्यमबाट आफ्नो हृदयमा देख्दछन्। अन्य कतिले ज्ञान योगको माध्यमद्वारा

देख्दछन् । कतिपयले कर्म योगको माध्यमद्वारा प्राप्त गर्दछन् । यसको विस्तृत रूपमा पहिले नै गीता अध्याय ६ मा श्लोक ११ देखि ३२ सम्म ध्यानको विषयमा वर्णन गरिएको छ । त्यस्तै अध्याय २ मा श्लोक ११ देखि ३० सम्म ज्ञानयोगको विषयमा विस्तृत वर्णन गरिएको छ । त्यस्तै कर्मयोगको विषयमा अध्याय २ को ४० श्लोकदेखि समाप्त पर्यन्त अथवा ७२ श्लोकसम्म विस्तृत वर्णन गरिएको छ ।

त्यस्तै आध्यात्मिक ज्ञानबाट अपरिचित व्यक्तिहरूले अरूबाट सुनेर भगवान्को पूजा गर्न थाल्दछन् । त्यस्ता व्यक्ति पनि जो शुद्ध मनोवृत्ति भएका छन् तिनीहरू पनि जन्ममृत्युको पथलाई पार गर्दछन् । हे अर्जुन ! जति पनि चर-अचर, स्थावर, जङ्गम जति प्राणी उत्पन्न भएका छन् । ती सबै क्षेत्र र क्षेत्रज्ञको संयोग अथवा पुरुष र प्रकृतिबाट भएका हुन् । यही जान । जसले यो नाशवान् चराचर भूतमा नाशरहित एकनास स्थित परमेश्वरलाई मात्र आत्मामा देख्दछ त्यसैले यथार्थ देख्दछ । जो मानिसले सबैमा समान भावले रहेको परमेश्वरलाई सबैतिर सबै जीवात्मामा देख्दछ त्यसैले आफ्नो मनद्वारा आफूलाई अधः पतन गराउँदैन । यसरी ऊ परम लक्ष्यमा पुग्दछ । त्यस्तै जसले प्रकृतिद्वारा उत्पन्न भएको शरीरद्वारा नै सम्पूर्ण कार्यहरू भएको देख्दछ र आत्माले केही नगरेको देख्दछ, त्यही नै वास्तविक द्रष्टा हो । त्यसैले यथार्थ देख्दछ । जुन समयमा विवेकी मानिसले पृथक् पृथक् भएका जीवात्मालाई एकै परमात्मा स्थित देख्दछ र उसै परमात्माबाट जीवात्माको विस्तार भएको देख्दछ त्यस्तो व्यक्ति परमात्मामा अथवा ब्रह्ममा प्राप्त हुन्छ ।

हे अर्जुन ! ज्ञानी शाश्वत दृष्टि भएका मानिसले यो अविनाशी आत्मा निर्गुण छ अविनाशी छ, दिव्य छ, नित्य छ, भौतिक गुणहरूभन्दा पर छ भन्ने देख्न सक्दछ । भौतिक शरीरको सम्पर्कमा रहे पनि यो आत्माले न केही गर्दछ न केही कुनै वस्तुमा लिप्त रहन्छ भन्ने जान्दछ ।

त्यस्तै आकाश सर्वव्यापी छ तर सूक्ष्म हुनाले कुनै वस्तुमा लिप्त हुँदैन, त्यसै गरी ब्रह्म दृष्टिमा स्थित भएको आत्मा शरीर भित्र रहेर पनि शरीरमा लिप्त हुँदैन ।

हे अर्जुन ! जुन प्रकारले एकै सूर्यले सम्पूर्ण ब्रह्माण्डलाई प्रकाशित गरेको छ । त्यस्तै यो आत्माले पनि सम्पूर्ण क्षेत्र यो शरीरलाई प्रकाशित गरेको छ ।

त्यस्तै नै क्षेत्र शरीर र क्षेत्रज्ञ आत्मा हो । आत्मा र शरीरको भेदलाई जस्तै क्षेत्र जड छ, विकार युक्त छ, क्षणिक छ, नाशवान छ । त्यस्तै क्षेत्रज्ञ आत्मा नित्य छ, चेतन छ, अविकारी, अविनाशी छ भन्ने तत्त्वलाई ज्ञान चक्षुद्वारा जसले जान्दछन् बुझ्दछन् अनुभव गर्दछन् त्यस्ता परमयोगी महात्माले परब्रह्म परमात्मालाई प्राप्त गर्न सफल हुन्छन् ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगेशास्त्रे क्षेत्र क्षेत्रज्ञ विभाग योग नाम गीता रहस्य त्रयोदशोऽध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ चतुर्दशोऽध्यायः

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सद्धिमितो गताः ।।१।।

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ।।२।।

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभतानां ततो भवति भारत ।।३।।

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्तियाः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ।।४।।

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ।।५।।

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ।।६।।

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ।।७।।

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ।।८।।

सत्त्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ।।९।।

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ।।१०।।

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदातदा विद्याद्विवृद्धं सत्त्वमित्युत ।।११।।

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ।।१२।।

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ।।१३।।

यदा सत्त्वे प्रवृद्धे तु पल्यं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ।।१४।।

रजसि प्रलीनस्तमसि मूढयोनिषु जायते ।।१५।।
कर्मणः सकृतस्याहुः सात्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ।।१६।।

सत्त्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ।।१७।।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुण वृत्तिस्था अधो गच्छन्ति तामसाः ।।१८।।

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ।।१९।।

गुणानेतानतत्यि त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ।।२०।।

अर्जुन उवाच

कैर्लिङ्गस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ।
किमाचारः कथं चैतांस्त्रीन्गुणानत्त्वितते ।।२१।।

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।
न द्वेष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ।।२२।।

उदासीनवदासीनो गुणैर्यो न बीचाल्यते ।
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ।।२३।।

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ।।२४।।

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ।।२५।।

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ।।२६।।

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ।।२७।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई गुणत्रय विभाग योग नामले बुझिन्छ। पहिलेका अध्यायहरूमा नियत कर्मको ज्ञानदेखि तत्त्वज्ञानसम्म आउँदा आत्मज्ञान पनि उपदेश भइसक्यो। तेह्र अध्यायमा आएर क्षेत्र र क्षेत्रज्ञको पनि ज्ञान तिमीलाई भनिसकें। अब हे अर्जुन ! ज्ञानमा पनि अति उत्तम ज्ञान तिमीलाई बताउँछु भनेर श्रीकृष्णले उपदेश गर्नुहुन्छ।

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ।। (गीता १४-१)

भगवान् श्रीकृष्णले भन्नुहुन्छ - ज्ञानमा पनि अति उत्तम ज्ञान परम ज्ञान भन्दछु। जुन ज्ञान जानेर ज्ञान हासिल गरेर सम्पूर्ण मुनिजन महात्माहरू यस भवसागर संसारबाट मुक्त भएर परम सिद्धि परम आनन्दमा प्राप्त भएका छन्। जुन ज्ञान प्राप्त गरेर त्यस ज्ञानको आश्रय लिएर अथवा धारणा गरेर मेरै स्वरूप प्राप्त गरेका महापुरुष यो सृष्टिको आदिमा पनि जन्म लिनु पर्दैन

र प्रलय कालमा पनि व्याकुल हुँदैनन् । त्यस्तै हे भारत ! ब्रह्म नामक भौतिक वस्तु नै जन्मको स्रोत हो । मूल प्रकृति सम्पूर्ण भूत अथवा जीवात्माहरूको योनि हो । अथवा गर्भाधानको स्थान हो मैले त्यस योनिमा चेतन समूहलाई अथवा तत्त्वलाई स्थपना गर्दछु । त्यस्तै जड र चेतनको संयोगबाट सबै जीवात्माको उत्पत्ति हुन न जन्म न सम्भव भएको हो ।

हे अर्जुन ! हे कुन्ती पुत्र ! यो भौतिक संसार जगत्मा जे जति जीव योनिहरू जन्म लिन सम्भव देखिएका छन् ती सबैको बीजदाता पिता म नै हुँ । यो कुरा तिमीले बुझ्नुपर्दछ । त्यस्तै हे महाबाहु अर्जुन ! भौतिक प्रकृति सत्त्व, रज, र तम यी तीन गुणले युक्त छ । जब सनातन जीवात्माहरू यी तीन प्रकृतिका सम्पर्कमा आउँदछन् अथवा जन्म लिन्छन् ती गुणहरूले तिनीहरूलाई शरीरमा बाँधिदिन्छन् । हे अर्जुन ! यी तीन गुणहरूमा सत्त्व गुण अरूभन्दा पवित्र भएको हुनाले अथवा निर्मल भएको हुनाले यो प्रकाश मय छ । विकार रहित छ । त्यसकारण मानिसहरूलाई पापबाट मुक्त गराउँछ । अनि यस गुणमा अवस्थित व्यक्ति सुख र ज्ञान भावद्वारा बाँधिन्छ अथवा त्यसको अभिमानबाट मुक्त हुन्छन् ।

त्यस्तै जुन व्यक्तिमा रजोगुणको प्रभाव बढी छ त्यो व्यक्ति असीमित आकांक्षा तथा तृष्णाद्वारा रजोगुणको जन्म हुने भएकाले त्यसकारण देहधारी जीवात्मा सांसारिक कर्म र कर्मका फलमा बाँधिन्छन् ।

हे अर्जुन ! सबै देहधारीलाई अज्ञानबाट उत्पन्न हुने तमोगुण नै जीवात्मालाई मोहमा पार्दछ । त्यसले प्रमाद, पागलपन, निद्रा, आलस्यको वृद्धि गराउँदछ । त्यसले गर्दा जीवात्मा मूढ भएर बाँधिन्छ । त्यस्तै हे अर्जुन ! सत्त्वगुणले मानिसलाई सुखमा आबद्ध गरिदिन्छ । रजोगुणले सकामकर्म अथवा कर्म फलमा आबद्ध गराउँछ । तमोगुणले ज्ञानलाई ढाकेर मानिसलाई पागलपनप्रति आबद्ध गराउँछ । हे अर्जुन ! यस्तै कहिले रजोगुण र तमोगुणलाई जितेर सत्त्वगुण प्रमुख हुन्छ । कहिले रजोगुणले सत्त्वगुण र तमोगुणलाई जितेर आफू माथि हुन खोज्दछ । कहिले रजोगुण र सत्त्वगुणलाई तमोगुणले पराजित गरेर आफू माथि हुन चाहन्छ । यसरी सधैं आफू प्रमुख बन्नका लागि गुणहरूमा प्रतिस्पधा भई नै रहन्छ । जीवात्मालाई विभिन्न शुभकर्म अशुभकर्ममा पुऱ्याउने मायाका यी त्रिगुण हुन् । त्यस्तै जुन समयमा शरीरका सबै द्वारहरू अथवा इन्द्रियहरूमा अन्तस्करणमा चेतना शक्ति

उत्पन्न हुन्छ प्रकाशित हुन्छ। विवेक हुन्छ, त्यस समयमा सत्त्वगुण व्यक्त भएको अथवा सत्त्वगुणको वृद्धि भएको भनेर जान्नुपर्ने हुन्छ।

त्यस्तै हे अर्जुन ! रजोगुणको वृद्धि जब हाम्रो शरीरमा हुन्छ त्यस अवस्थामा अत्यन्त आसक्ति, आकांक्षा, सकाम कर्मको चाहना प्रवृत्ति, क्रियाकलापको वृद्धि हुन्छ। विषय भोगको लालसा हुन्छ। अशान्तिको वृद्धि हुन्छ। यस्तो अवस्था भयो आयो भने ममा रजोगुणको वृद्धि भएको छ भनेर जान्ने अनुभव गर्नुपर्ने हुन्छ।

त्यस्तै जब हाम्रो शरीरमा तमोगुणको वृद्धि हुन्छ त्यस अवस्थामा अन्तस्करण र इन्द्रियहरूमा अप्रकाश कर्म गर्नमा अप्रवृत्ति, आलस्य, प्रमाद नचाहिँदा सोच, चेष्टा, निद्रा आदि अन्तस्करणमा मोह यस्ता प्रवृत्ति उत्पन्न हुन लागे भने ममा तमोगुणको वृद्धि भएको रहेछ भन्ने जान्नु अनुभव गर्नुपर्ने हुन्छ।

त्यस्तै हे अर्जुन ! जब सत्त्व गुणको वृद्धि भएको अवस्था जुन मनुष्यको मृत्यु हुन्छ। त्यस्तो मनुष्य उत्तम राम्रो कर्म गर्ने हुन्छ र निर्मल दिव्य स्वर्गादि लोकमा प्राप्त हुन्छ अथवा स्वर्ग जान्छ।

त्यस्तै रजोगुणको वृद्धि भएको अवस्थामा जुन मानिसको मृत्यु हुन्छ त्यस्ता व्यक्तिले सकाम कर्म इच्छा-आकांक्षा बढी राख्ने आसक्ति बढी गर्नेहरूका बीचमा जन्म लिन्छ। त्यस्तै तमोगुणको वृद्धि भएको अवस्थामा जुन व्यक्ति मानिसको जन्म हुन्छ त्यस्ता व्यक्तिहरू अथवा मानिसहरूको जन्म पशु आदि योनि मूढबुद्धि भएकोमा हुन्छ।

कर्मणः सकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ।। (गीता १४-१६)

पुण्य कर्म श्रेष्ठ कर्मको परिणाम सात्त्विक सुखप्रद ज्ञान विवेक वैराग्य जस्तो निर्मल फल मानिन्छ। राजस कर्मको फल दुःखदायी इच्छा, आकांक्षा-राग-द्वेष बढाउने खालको हुन्छ। तमोगुणमा रहेर सम्पन्न गरिएका कर्मको फल मूर्खता पूर्ण अज्ञानजन्य हुन्छ।

जस्तै- ऋषिमुनिहरू सुखपूर्ण अवस्थामा हुन्छन् त्यसै अवस्थामा रहन्छन्। तिनीहरूको सत्त्व गुणको अवस्थामा गरिएको कर्म फलको कारण शुद्ध हुन्छन्। सम्पूर्ण मोहबाट मुक्त हुन्छन्। किनकि सबैभन्दा ठूलो दुःख

भनेकै असन्तुष्टि सङ्ग्रह, इच्छा, आकांक्षा नै हो भने सबभन्दा ठूलो सुख भनेको सन्तोष, शान्ति, इच्छा मुक्त कामना रहित रहन सक्नु हो ।

भौतिक सुख प्राप्तिका लागि गरिएका कर्महरू व्यर्थ हुन्छन् । जस्तै आगोमा घिउ राखियो भने सानो आगो रहेछ भने थोरै बेर आगो निभेजस्तो हुन्छ । एकै छिन आगो बल्नबाट शान्त भएजस्तो अथवा निभेजस्तो देखिन्छ तर केही बेरपछि आगोमा घिउ जब तात्दछ चार गुणा बढी ठूलो भएर ज्वाला बल्दछ । ठीक त्यस्तै हो भौतिक सम्पत्ति पनि । केही पाउँदा एकै छिन सुखको अनुभव भए जस्तो हुन्छ । केही समयपछि फेरि आकांक्षा, इच्छा बढेर आउँछ । त्यो भएको सम्पत्ति नाश हुन्छ । थोरै हुन्छ पुनः दुःख हुन्छ । फेरि अरू भौतिक सम्पत्ति आर्जन गर्ने इच्छा, आकांक्षा बढ्दछ । त्यो प्राप्त हुन्छ प्राप्त हुँदा सुख भए जस्तो हुन्छ, त्यही नाश हुँदा पुनः दुःख हुन्छ । त्यसकारण यो रजोगुणबाट प्राप्त हुने वस्तु विषय वासना दुःखकै कारण हो । मानौं कसैले ठूलो घर बनाउने चाहना गर्नेबित्तिकै त्यसले त्यसका लागि लगानीकर्ताले पैसा जुटाउन आर्जन गर्न प्रशस्त दुःख गर्नुपर्दछ । साथै घर बनाउने मजदुरहरूले पनि दुःख-कष्ट शारीरिक श्रम गर्नुपर्दछ । त्यहाँ पनि दुःखै भयो । भौतिक जगत्मा रजोगुणको जहाँ प्रभाव पर्दछ त्यहाँ दुःखै दुःख छ । त्यसैले भगवद्गीतामा भनिएको छ - "रजोगुणमा रहेर सम्पन्न गरिने कुनै पनि कार्यमा निश्चय नै ठूलो कष्ट उठाउनुपर्दछ । त्यसबाट क्षणिक सुख भए जस्तो एक छिनलाई प्राप्त होला, तर त्यही घर पुनः भत्किन सक्दछ । नाश हुन जान्छ । पुनः दुःखको दुःखै दुःख भन्दा अरू रजोगुणबाट प्राप्त हुने अरू केही छैन । त्यो क्षणिक सुख वास्तविक सुख हैन ।

त्यस्तै जहाँसम्म तमोगुणको सम्बन्ध छ कर्म गर्ने कर्ता ज्ञानविहीन हुन्छ त्यसैले उसका सबै क्रियाकलापले अन्तमा दुःख नै निम्त्याउँछ । अज्ञानकै कारणले ऊ पछि पशु जीवनतिर धकेलिन्छ । पशु माया शक्तिका अधीनमा रहने हुनाले पशुहरूले यो बुझ्दैनन् तापनि पशु जीवन सर्वदा दुःखमय नै हुन्छ । निरीह पशुहरूको वध गर्ने कार्य पनि तमोगुणकै कारणले हुने गर्दछ । जुन माया शक्तिका गुण सत्त्व, रज, तमलाई जसले बुझ्न सक्दछ त्यस्तालाई नै ज्ञानी तत्त्ववेत्ता महापुरुष योगी भनिन्छ ।

त्यस्तै सत्त्व गुणबाट वास्तविक ज्ञानको विकास हुन्छ । ज्ञान उत्पन्न हुन्छ । रजोगुणबाट लोभको उत्पत्ति र विकास हुन्छ । त्यस्तै तमोगुणको

प्रभावबाट प्रमाद, आलस्य, मोह, निद्रा, पागलपन, मूर्खता, भ्रम आदि उत्पन्न र विकास हुन्छन् ।

त्यस्तै सत्त्वगुणमा अवस्थित भएको व्यक्ति स्वर्गादि उच्च लोकमा जाँन्छन् । त्यस्तै रजोगुणमा अवस्थित अथवा रहने व्यक्ति अथवा राजसी पुरुष यसै पृथ्वी अथवा मनुष्य लोकमा नै रहन्छन्, बस्दछन् । त्यस्तै तमगुण भनेका निद्रा, प्रमाद, आलस्यादि यी गुण हुन् । तामस पुरुष तलतिर कीट, पशु आदि नीच योनिमा जन्म लिएर नरकतर्फ जान्छन् ।

जसले यो जगत्मा काम गर्ने कर्ता प्रकृतिका तीन गुणभन्दा बाहेक अरू केही छैन र अरू केही हैन भन्ने कुरा जसले ज्ञान चक्षुले देख्दछ, बुझ्दछ । त्यस्ता व्यक्तिले मात्र सम्पूर्ण गुणहरूभन्दा पर रहेको परमेश्वरलाई जान्दछ र त्यस्तो योगीले अन्त्यमा मेरै दिव्य स्वभावलाई प्राप्त गर्दछ भनेर श्रीकृष्णले अर्जुनलाई उपदेश गर्नुभएको कुरा उल्लेख गरिएको पाइन्छ ।

गणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ।। (गीता १४-२०)

भौतिक शरीरसँग सम्बन्धित प्रकृतिका तीन गुण सत्त्व, रजः, तमः, यी तीनलाई पार गर्न सक्ने मानिस जन्म, मृत्यु, जरा व्याधि त्यसबाट हुने कष्टबाट पनि मुक्त हुन सक्दछ । यसै जीवनलाई अमृतत्व प्राप्त गर्न सफल हुन्छ । यहाँ देह शब्दले शरीरको उत्पत्ति, पृथ्वी, जल, तेज, वायु, आकाश, पाँच कर्मेन्द्रिय, पाँच ज्ञानेन्द्रिय, पाँच इन्द्रियका विषय, पाँच प्राण बुद्धि, अहंकार र मन यही तेइस तत्त्वको पिण्डरूप यो स्थल शरीर प्रकृतिबाट उत्पन्न भएको सत्त्व, रज, तमगुणहरूको कार्य क्षेत्र हो । तीन गुणको उत्पत्तिको कारण पनि त्यही हो भन्ने कुरा यी तीन गुणपार गरेर शरीर प्रकृतिबाट बनेको हो भन्ने कुरा राम्रोसँग जसले बुझ्दछ त्यस योगीले यसै शरीरमा नै परमानन्द प्राप्त गरी सबै खालका दुःख-कष्टबाट मुक्त हुन्छ ।

यहाँनिर अब अर्जुनको मनमा प्रश्न उठ्दछन् कि हे प्रभु त्यो तीन गुण सत्त्व, रजः, तमः पार गरेको भन्ने अर्थमा यहाँ अतीत शब्द आएको छ । अतीत भनेको पार भएर भन्ने अर्थ बुझाउँछ । अर्जुनले यहाँ तीन प्रश्न गर्दछन् । त्यो तीन गुण पार गरेको व्यक्तिको कस्तो कस्तो लक्षण हुन्छ ? (१) अनि कस्तो आचरण हुन्छ ? (२) अनि मनुष्य कुन कुन उपायले यी तीन गुणबाट पार पाउँछ ? (३) भनेर सोधिसकेपछि जस्तै ब्रह्मनिष्ठ श्रोत्रिय गुरुले आफ्नो

अनुशासित अज्ञाकारी शिष्यलाई प्रश्न गर्दा प्रसन्न भएर उत्तर दिएर ज्ञानको उपदेश गरे सरह यहाँ पनि श्रीकृष्ण भगवान् प्रसन्न भएर यसप्रकार उपदेश गर्नुहुन्छ ।

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।
न द्वष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ।। (गीता १४-२२)

भगवान् भन्नुहुन्छ- जसले प्रकाश सत्त्वगुणको प्रभावलाई रजोगुणको प्रभाव आसक्ति र मोह जस्ता कुरा उपस्थित हुँदा द्वेष, वा घृणा, नि गर्दैन फेरि यी वस्तुहरू लुप्त हुँदा यिनको चाहना पनि गर्दैन । दुःखी पनि हुँदैन । भौतिक गुणहरूका यी सम्पूर्ण प्रतिक्रियाबाट जो अविचलित तथा निश्चल रहन्छ, केवल गुणहरू मात्रै क्रियाशील रहन्छन् भन्ने जानेर जो दिव्य र तटस्थ रहन्छ, जो सुख र दुःखलाई समान ठानेर आफैँमा स्थित छ, जसले माटोको डल्लो, ढुङ्गा र सुनलाई समान दृष्टिले देख्दछ, इच्छित र अनिच्छित, अवस्था उपस्थित हुँदा पनि जो समान भावमा रहन्छ । जो धीर छ जो निन्दा र प्रशंसा मान र अपमानमा पनि समान रहन्छ, जसले शत्रु र मित्र दुवै पक्षप्रति समान व्यवहार गर्दछ । जसले सम्पूर्ण भौतिक क्रियाकलापको परित्याग गरेको छ । त्यस्तो व्यक्तिलाई प्रकृतिका गुणदेखि पर रहेको भनिन्छ ।

त्यस्तै जुनसुकै परिस्थितिमा पनि अबीचलित भावबाट पूर्ण रूपले परब्रह्मेश्वरको ध्यानमा भक्तिभावले संलग्न हुने व्यक्ति भौतिक प्रकृतिका गुणहरूलाई तत्काल पार गरेर ब्रह्मको स्तरमा पुग्दछ ।

हे अर्जुन ! सत्त्वगुण किनकि अविनाशी परब्रह्म अमृत स्वरूप नित्य, धर्मको अखण्ड, स्वरूप आनन्दको आश्रय प्रदान गर्ने अविनाशी, शाश्वत र परम सुख प्रदान गर्ने स्वाभाविक अवस्था स्वरूप, निराकार ब्रह्मको आधार पनि म नै हुँ यही जान भनेर अर्जुनलाई श्रीकृष्णले उपदेश गरेको पाइन्छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे गुण त्रय विभाग योग नामक गीता रहस्य चतुर्दशोऽध्यायः: समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ पञ्चदशोऽध्यायः

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।।१।।

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा गुणप्रवृद्धा विषयप्रवालाः ।।
अधश्च मूलान्यनुसन्ततानि कर्मानुबन्धीनि मनुष्यलोके ।।२।।

न रूपमस्येह तथोपलभ्यते, नान्तो न चादिर्न च सम्प्रतिष्ठा ।
अश्वत्थमेनं सुविरुढमूल, मसङ्गशस्त्रेण दृढेन छित्वा ।।३।।

ततः पदं तत्परिमार्गितव्यं, यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये, यतः प्रवृत्तिः प्रसृता पुराणी ।।४।।

निर्मानमोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसञ्ज्ञैर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ।।५।।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।।६।।

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।।७।।

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ।।८।।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ।।९।।

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ।।१०।।

यतन्तो योगीनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ।।११।।

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ।।१२।।

गामाविश्व च भूतानि धारयाम्यय हमोजसा ।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ।।१३।।

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ।।१४।।

सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तःस्मृतिर्ज्ञानमपोहनं च ।
वैदेश्च सर्वैरहमेव वेद्यो वेदान्तकृद्वदविदेव चाहम् ।।१५।।

द्वाविमा पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ।।१६।।

उत्तमः पुरुषास्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ।।१७।।

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ।।१८।।

यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ।।१९।।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ।।२०।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको पञ्चदशोऽध्यायः पुरुषोत्तम योग नामले चिनिन्छ। किनकि यसभन्दा पहिलेको चौध अध्यायमा प्रकृति र पुरुषको विषयमा बीज र गर्भाधान सम्बन्धमा त्रिगुणात्मक प्रकृति र त्यसको व्यापकता र त्यसको महत्त्वका विषयमा ज्ञान भैसकेपछि यस अध्यायमा अब ऊर्ध्वमूल भनेर चराचर जगत् अथवा सृष्टि धर्मको मूल के हो त मूल भनेको सुरुवात अथवा जरोको विषयमा नै ज्ञान अथवा उपदेश गरिएको पाइन्छ।

ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।। (गीता १५-१)

आदि पुरुष परमेश्वर मूल हुनुहुन्छ जसलाई अश्वत्थ भनेर पिपलको रुखको कल्पना गरिएको छ। त्यस रुखको मुख्य हाँगो रूप ब्रह्मा हुन् भने अन्य हाँगाबिँगा संसारका प्राणीहरू हुन्। वेदहरू त्यस रुखका पातहरू हुन्। यस्तो संसाररूपी वृक्षलाई जसले त्यसको मर्म भावना सहित तत्त्वलाई जान्दछ त्यस्ता ज्ञानीले वेदको तात्पर्यलाई जान्दछन्।

त्यस्तै यहाँ भगवान् भन्नुहुन्छ - त्यो वृक्ष कस्तो छ भने माथितिर फेद वा जरा भएको तलतिर हाँगाहरू फैलिएको र वेदका ऋचारूपी पातहरू भएको एउटा अविनाशी पिपलको वृक्ष छ यस्तो वृक्षलाई जसले चिन्दछ त्यसलाई वेदको ज्ञाता मानिन्छ अथवा भनिन्छ।

यसबाट के बुझिन्छ भने मूल भनेको आदि पुरुष वासुदेव भगवान् नै नित्य अविनाशी अनन्त सबैका आधार मूल भएकै कारण सबैभन्दा माथि नित्यधाममा सगुण रूपले रहने बस्ने हुनाले ऊर्ध्व भनिएको हो। प्रकृतिका स्रष्टा मायापति सर्वशक्तिमान् परमेश्वर नै यो संसाररूपी वृक्षका मूल कारण हुनुहुन्छ। त्यसै कारण त्यो वृक्षलाई ऊर्ध्व मूल भएको अथवा उँभो मूल भएको अथवा जरा भएको भनिएको हो।

आदि पुरुष परमेश्वरबाट नै उत्पन्न हुने भएकाले नित्य धामदेखि तल ब्रह्मलोकमा निवास गर्ने हिरण्यगर्भ रूप ब्रह्मालाई परमेश्वरका अपेक्षा अध भनिएको हो। उहाँ ब्रह्माले नै संसारको सृष्टि गरेर विस्तार गर्ने भएको हुँदा ब्रह्मालाई मुख्य शाखा अथवा मुख्य हाँगो भनिएको हो। तलका शाखा पनि भनिएको हो। यो परम्परा अनादिकालदेखि चलिआएको छ।

यसैकारण यसलाई अविनाशी पनि भनिन्छ । यिनै ब्रह्मलाई शाखा रूप हाँगा भनिएर तिनै ब्रह्माबाट प्रकट भएका यज्ञादि कर्मद्वारा यो संसाररूपी वृक्षको रक्षा एवं वृद्धि गराउने वेद पनि उत्पत्ति र विस्तार गर्ने भएको हुनाले वेदलाई त्यसै वृक्षका पात भनिएको हो । यसरी सबैभन्दा माथि परब्रह्मेश्वर भएको र उहाँबाट विस्तारै तलतिर सृष्टि हुँदै आएको हुँदा नै ऊर्ध्व मूल भनेर भगवान्को महिमाको विस्तार एवं महत्त्वलाई ज्ञान गराउने उद्देश्य यहाँ गरिएको पाइन्छ ।

त्यस्तै यस वृक्षका अथवा रुखका हाँगाबिँगाहरू माथि र तलतिर फैलिएका छन् । प्रकृतिका तीन गुण सत्त्व, रज, तमहरूद्वारा यो वृक्षको पालन-पोषण भएको छ । इन्द्रियका विषयहरू यसका हाँगाबिँगा हुन्, यो वृक्षका जराहरू पनि तलतिर फैलिएका छन् । ती सबै मानव समाजका सकाम कर्मद्वारा बाँधिएका छन् । किनकि मानिस विषय वासनाले गर्दा उसको ज्ञान पुरा ढाकिएको छ, ज्ञान नभएसम्म उसले आफ्नो वास्तविक स्वरूपको केही थाहा पाउन सक्दैन । त्यस्तै यो संसाररूपी वृक्षको स्वरूपको अनुभव यो जगत् संसारमा बसेर गर्न सकिँदैन । यसको आदि कहाँ हो, अन्त कहाँ छ र आधारशिला कता छ भन्ने कुरा कसैलाई थाहा छैन । तैपनि मानिसले सङ्कल्पका साथ विवेकद्वारा उत्पन्न भएको विरक्तरूपी हतियारद्वारा अज्ञानलाई काट्न सके त्यसपछि उसले यस्तो ठाउँको खोजी गर्न सक्नु पर्दछ । जहाँ पुगेपछि फर्कनु पर्दैन । त्यस्ता ठाउँमा पुगेर मानिस भगवान्का शरणमा बल्ल पुग्न सक्दछ । जहाँबाट अनादिकालदेखि प्रत्येक वस्तुको प्रारम्भ र विस्तार पनि हुँदै आएको छ । यहाँ जो पिपलरूपी परब्रह्मेश्वर नै मूल हुनुहुन्छ । यसका जराहरू माथितिर फर्केका छन् । तर हामी विपरीत दिशातिर एवं भौतिक विस्तारतिर अलमलिएका छौं । हामीले खोज्नुपर्ने आध्यात्मिक चिन्तनबाट हो । अब हामीले यसको कारण पत्ता लगाउनुपर्दछ । त्यसतर्फ लागेको खण्डमा हामी त्यो मूल फेला पार्न सक्दछौं । जस्तै- म मेरो पिताको छोरा हुँ भन्ने सबैलाई थाहा छ । त्यस्तै मेरो पिताजी पनि कसैको छोरा हुनुहुन्छ । त्यस्तै पिताको पनि पिताजी पनि कसैको छोरा हुनुहुन्छ । त्यस्तै पिताको पनि पिता खोज्दै जाने हो भने मानिस आफ्ना आदिपिता ब्रह्माजीसम्म पुग्दछ । त्यस्तै ब्रह्माजी पनि गर्भोदकशायी विष्णुबाट उत्पन्न हुनुभएको हो । यसरी खोजी गर्दै जाँदा जब मानिस अन्त्यमा जब भगवान्सँग पुग्दछ । मानिसको अनुसन्धान पनि सकिन्छ । त्यो कुरा त भगवान्ले आफ्नो विभूति योग दशम अध्यायमा बताइसक्नुभएको छ भने सबैको उत्पत्तिको

कारण म हुँ भनेर आगामी यसै अध्यायको श्लोक ७ मा जीव सबै मेरै अंश हुन् भनेर भन्नुभएको छ। त्यसै कारण त्यो वृक्षरूपी ब्रह्मको मूल पत्ता लगाउन आत्मज्ञान हुन आवश्यक छ।

जो व्यक्ति झूटो प्रतिष्ठा मोह कुसङ्गतिबाट मुक्त छन्, जसले भौतिक वासनालाई नाश पारेका छन् विषयदेखि मुक्त छन् सुख र दुःखको द्वन्द्वबाट मुक्त छन् र जो मोह रहित भएर परम पुरुषका शरणमा जानका लागि तत्पर छन्। तिनीहरूले नै शाश्वत पद आनन्द प्राप्त गर्न सक्दछन्।

हे अर्जुन ! मेरो जो परमधाम छ त्यो धाम न त सूर्यद्वारा प्रकाशित हुन्छ न त चन्द्रमाद्वारा प्रकाशित हुन्छ। न अग्निद्वारा न बिजुलीद्वारा नै प्रकाशित हुन्छ। त्यो स्वतः प्रकाश स्वरूप छ। जो त्यहाँ पुग्दछन् तिनीहरू फेरि कहिल्यै यस पृथ्वीमा फेर्केर आउँदैनन्।

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।। (गीता १५-७)

संसारका सबै जीवहरू मेरै सूक्ष्म अंश हुन्। बुद्ध जीवन पाएका कारणले तिनीहरू मन लगायत ६ वटा इन्द्रियहरूसँग कठोर सङ्घर्ष गरिराखेका छन्। तिनीहरू मेरा सनातन अंश भए पनि प्रकृतिमा मस्थित मन र इन्द्रियहरूले तिनीहरूलाई आकर्षण गरिराखेका छन्। यस जीवात्माले आफ्नो स्वरूपको पहिचान गर्न नसक्दा जीवात्मा मन र इन्द्रियहरू केही गर्न सकेका छैनन्। किनभने जीवात्मा तीनवटा मायाका स्वरूप जाग्रत्, स्वप्न, सुषुप्तिमा मजाले क्रीडा गरी बसेको छ। त्यसैकारण उसले आफ्नो स्वरूपलाई भुलेको छ।

यहाँनिर जीवका तीनवटा सहर के हुन् भन्दा जाग्रत्, स्वप्न, सुषुप्ति हुन। त्यसैले 'पुरत्रये क्रीडति यस्तु जीवः' भनेर उपनिषद्ले उल्लेख गरेको पाइन्छ। त्यो जीवले मनेले जे जे गराउँछ त्यही नै गर्दछ। त्यसकारण जीवले आफ्नो स्वरूप भुलेको छ। जीवको स्वरूप भनेको जुन स्वरूप आत्मा अथवा ब्रह्मको हो सत् स्वरूप, चित् स्वरूप, आनन्द स्वरूप हो भने जीवको पनि त्यही हो त्यसै कारण भगवान्ले यहाँ 'ममैवांशो जीवलोके' भनेर भन्नुभएको हो। भगवान्को अंश जीवात्मा कसरी रहेको छ भने छुट्टाउनै नसकिने अवस्थामा छ। जस्तै महाकाशमा घटाकाश छुट्टाउन सकिँदैन घडामा भएको आकाश पनि माहाकाश नै हो। त्यस्तै माटाको भाडोबाट माटो निकालेको खण्डमा त्यो भाडाको अस्तित्व रहँदैन। कपडाबाट धागो निकालियो भने त्यो

कपडाको अस्तित्व रहँदैन। त्यस्तै जीवात्माबाट त्यो भगवान्को अंश निकालिदिँदा त्यो मानिस अथवा जीवात्मको अस्तित्व हुँदैन अथवा त्यो मुर्दा हुन्छ। चलायमान हुँदैन। त्यसैले भगवान्ले मनै सबै जीवको सनातन अंश हुँ भन्नुभएको छ।

त्यस्तै यहाँनिर प्रश्न आउँछ मृत्यु हुने त शरीर पिण्डको मात्र हो शरीरको मृत्युपश्चात् यो जीवात्मा कहाँ जान्छ त भन्दा जसरी वायुले कुनै खाले पनि गन्धलाई त्यसको स्थानबाट आफूले ग्रहण गरेर वायु जहाँ जान्छ त्यहीँ लैजान्छ, ठीक त्यस्तै गरी जीवात्माले पनि शरीरको मृत्यु भैसकेपछि मनसहित इन्द्रियलाई आफैँले ग्रहण गरेर जुन शरीरमा आफूले कर्मफलअनुसार जन्म लिने हो त्यसै शरीरमा लिएर जान्छ। त्यस्तै यो जीवात्माले कान, आँखा, छाला, जिब्रो, नाक र मनको समेत आश्रय लिएर विषय, वासनाको भोग गर्दछ।

त्यस्तै यो मूढ जीवात्मा आफ्नो शरीर त्याग्दाको अवस्था कस्तो हुन्छ एवं शरीरमा रहेर विषय वासना भोग गर्दाको अवस्था कस्तो हुन्छ भनेर केही थाहा पाउन सक्दैन, देख्न सक्दैन प्रकृतिका गुण सत्त्व, रजः, तमः द्वारा मायाको कारणले गर्दा। तर जो ज्ञानी छन् त्यस्ताले ज्ञान चक्षुद्वारा देख्न सक्दछन्।

त्यस्तै आत्मा साक्षात्कार गरेका प्रयत्नशील योगीहरूले यी सबै कुरा स्पष्ट रूपमा देख्न सक्दछन्। तर जसको मन विकसित भएको छैन र जसलाई आत्मा साक्षात्कार पनि भएको छैन। तिनीहरूले जति प्रयत्न गरे पनि कहाँ के भैरहेको छ भन्ने देख्न सक्दैनन्। त्यो देख्नु भनेको आत्मज्ञान हुनु हो। आत्मज्ञान नभएसम्म केही जान्दैनन्।

भगवान् भन्नुहुन्छ - पृथ्वीमा अथवा प्रत्येक लोकमा प्रवेश गरेर आफ्ना शक्तिले सबै भूतलाई मैले धारण गर्दछु। त्यस्तै म चन्द्रमामा अमृत रूपले प्रवेश गरेर सबै वनस्पति अथवा औषधिलाई पुष्टि अथवा जीवन रस प्रदान गर्दछु। त्यस्तै म समस्त जीवका शरीरमा रहने वैश्वानर पाचन अग्निका रूपमा मेरो पूर्ण अंश रहेर प्राण र अपान वायुलाई सन्तुलित राखेर चार प्रकारका खाद्य वस्तुलाई पचाउँछ। जस्तै - भोज्य पेय, भक्ष्य, लेह्य, चोष्य, भक्ष्य भनेको चबाएर खाने भात रोटी आदि भोज्य पेय भनेको दूध, पानी आदि, लेह्य भनेको चाट्ने चट्नी आदि चोष्य भनेको उखु, फलफूल आदि चार प्रकारको अन्नलाई पचाउने काम गर्दछु। त्यस्तै म नै प्रत्येक जीवका हृदयमा अवस्थित छु अथवा बसेको छु, मबाट नै स्मृति ज्ञान र विस्मृति ज्ञानहरू

हुन्छन् । मनै बुद्धिहरूद्वारा जान्न योग्य छु निश्चय नै म वेदान्तको संकलनकर्ता पनि हुँ र मनै सबै अथवा समस्त वेदको ज्ञाता पनि हुँ ।

त्यस्तै यस संसारमा दुई प्रकारका जीवहरू छन् क्षर र अक्षर । क्षर भनेको जीवात्मा हुन् । जो भगवान्सँग एकाकार हुने जीवलाई अच्युत भनिएको छ । एक हुनु भनेको आफ्नो निजी सत्ता नहुनु हैन बरु दुवैका बीचमा भिन्नता नहुनु मात्र हो । त्यस्तै भौतिक जगत्मा प्रत्येक जीव च्युत हुन्छ भने आध्यात्मिक जगत्मा प्रत्येक जीव अच्युत (अक्षर) भनिन्छ । त्यस्तै सम्पूर्ण प्राणीहरूको शरीर नाशवान् छ जीवात्मा अविनाशी भनिन्छ ।

यस संसारमा यी दुईदेखि बाहेक उत्तम पुरुषोत्तम अरू नै हुनुहुन्छ । त्यो को हो भने सर्वश्रेष्ठ अविनाशी परम पुरुष परमात्मा हुनुहुन्छ । जो तिनै लोकमा प्रवेश गरेर सबै चराचरलाई पालन-पोषण गर्नुहुन्छ । यसै कारण अविनाशी परमेश्वर भनिएको हो ।

त्यसै कारण ती परम पुरुषलाई कठोपषिद्को २-२-१३ तथा श्वेताश्वतर उपनिषद्को ६-१३ मा अत्यन्त राम्रोसँग बुझ्ने तरिकाले उहाँको विशेषताका बारेमा वर्णन गरिएको छ । यस सृष्टिमा असङ्ख्य जीवहरू छन् । ती सबैमा एउटै परम पुरुष परमात्मा हुनुहुन्छ । उपनिषद्को मन्त्रांश यस्तो छ 'नित्यो नित्यानां चेतनश्चेतनानाम्' तात्पर्य के हो भने बद्ध जीव र मुक्त जीव गरी दुवै प्रकारका समस्त जीवहरूमा एउटै परम पुरुष भगवान् हुनुहुन्छ । उहाँले नै ती सबैको पालन गर्नुहुन्छ र तिनलाई तिनीहरूकै विविध कर्मअनुसार भोग गर्ने सुविधा पनि प्रदान गर्नुहुन्छ । उनै भगवान् परमात्माका रूपमा सबैका हृदयमा निवास पनि गर्नुहुन्छ । उहाँलाई राम्रोसँग बुझेको बुद्धिमान् व्यक्तिले मात्र जीवनमा शान्ति प्राप्त गर्न सक्दछ ।

म त्यसैले सर्वश्रेष्ठ नाशरहित जड पदार्थबाट दिव्य अतीत छु साथै अविनाशी छु जीवत्माभन्दा उत्तम छु । यसकारण लोकमा एवं वेदमा म पुरुषोत्तम नामले प्रसिद्ध छु विख्यात छु भनेर अर्जुनलाई उपदेश गर्नुभएको छ । त्यस्तै हे भारत ! हे अर्जुन ! जुन व्यक्ति संशय रहित भएर मलाई नै तत्त्वसहित पुरुषोत्तम भगवान्को रूपमा जान्दछ त्यस्ता ज्ञानीले सबै कुरा जानेको मानिन्छ । त्यस्तो व्यक्तिले आफूलाई सधैँ मेरै पूर्ण भक्तिमा संलग्न गराइराख्दछ यही जान ।

त्यस्तै हे निष्पाप अर्जुन ! यो ज्ञान वैदिक शास्त्रको सबैभन्दा गोपनीय अंश हो । जसलाई अहिले मैले प्रकट गरें जसले यसलाई राम्ररी बुझ्दछ ज्ञान गर्दछ त्यो व्यक्ति बुद्धिमानी ज्ञानी मानिन्छ र उसको जीवन उसको प्रयास सफल भएको मानिन्छ, पूर्ण भएको मानिन्छ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे पुरुषोत्तम योग नामक गीता रहस्य पञ्चदशोऽध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ षोडशोऽध्यायः

श्रीभगवानुवाच

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ।।१।।

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम ।।२।।

तेजः क्षमा धृतिः शौचमद्रोहोनातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ।।३।।

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ।।४।।

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ।।५।।

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रृणु ।।६।।

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ।।७।।

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसम्भूतं किमन्यत्कामहैतुकम् ।।८।।

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ।।९।।

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ।।१०।।

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिताः ।।११।।

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्चयान् ।।१२।।

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ।।१३।।

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ।।१४।।

आढयोऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशोमया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ।।१५।।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ।।१६।।

आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ।।१७।।

अहङ्कारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ।।१८।।

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्त्रमशुभानासुरीष्वेव योनिषु ।।१९।।

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ।।२०।।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ।।२१।।

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ।।२२।।

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ।।२३।।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ।।२४।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई दैवासुर सम्पद्विभाग-योग भनिन्छ । यसमा फलसहित दैवी सम्पदा एवं आसुरी सम्पदाको विषयमा वर्णन गरिएको छ । पञ्चदशोऽध्यायको आरम्भमा नै यो भौतिक जगत्रूपी पिपलको रुखको वर्णन गएिको छ । त्यसबाट निस्कने जराहरूको तुलना जीवका शुभ कर्म अशुभ कर्महरूसँग गरिएको छ । जसमा दैवी सम्पदा छ त्यसको यस प्रकारको लक्षण हुन्छन् भने जसमा आसुरी सम्पदा अथवा आसुरी स्वभाव छ त्यस्ताको यस प्रकारको लक्षण हुन्छन् भनेर बताइएको पाइन्छ ।

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ।। (गीता १६-१-३)

हे अर्जुन ! अब दैवी सम्पदा आत्मसात् गरेर जन्म लिएका अथवा उत्पन्न भएका मानिसको स्वभाव निम्न प्रकारको हुन्छ जसमा निर्भयता, आत्मा शुद्धि, आध्यात्मिक ज्ञानको अनुशीलन, दान, आत्मा संयम, यज्ञपरायणता, वेदाध्ययन, तपस्या, सरलता, अहिंसा, सत्यता, क्रोध विहीनता, त्याग, शान्ति, अर्काको दोष देख्न नचाहने, समस्त जीवमा करुणा, लोभ, विहीनता, भद्रता, लज्जा, दृढ सङ्कल्प, तेज, क्षमा, धैर्य, पवित्रता, ईर्ष्या तथा मनका अभिलाषाबाट मुक्त आदि सबै दिव्य गुणहरू केवल दैवी सम्पदा अथवा दैवी प्रकृतिले सम्पन्न व्यक्ति देवता तुल्य हुन्छ त्यस्ता मानिसमा यी स्वभाव पाइन्छन् ।

त्यस्तै आसुरी सम्पदा अथवा आसुरी स्वभाव भएका मानिसको प्रवृत्ति र लक्षण यस प्रकारका हुन्छन् । दम्भ, घमण्ड, अभिमान, क्रोध, कठोरता, अज्ञान

आदि रजोगुण जुन मानिसहरूमा हुन्छन् तिनीहरू आसुरी सम्पदा एवं आसुरी स्वभाव लिएर उत्पन्न हुन्छन् अथवा जन्म लिन्छन् ।

त्यस्तै दैवी सम्पदा दैविक भाव मुक्तिका लागि हुन भने आसुरी सम्पदा आसुरी भाव भएका मनुष्यलाई बन्धनमा पार्ने कारण हुन्छन् । तर हे अर्जुन ! तिमी कुनै शोक नगर किनभने तिमी दैवी सम्पदालाई अँगालेर उत्पन्न भएका हौ ।

त्यस्तै हे अर्जुन ! यस जगत्मा जीवात्माको सृष्टि अथवा मनुष्य समुदाय दुई प्रकारका छन् । एक दैवी प्रकृति अथवा दैवी स्वभाव भएका अर्काथरी आसुरी प्रकृति भएका अथवा आसुरी स्वभाव भएका त्यसमा दैवी प्रकृति भएकाको स्वभाव र लक्षणको विषयमा त विस्तारपूर्वक भनिसकेँ अब आसुरी प्रकृति अथवा स्वभाव भएका मनुष्य समुदायको विषयमा विस्तारपूर्वक भन्दछु तिमी सुन । त्यस्तै आसुरी स्वभाव भएका मानिसहरूले प्रवृत्ति मार्ग र निवृत्ति मार्ग के हो भन्ने दुवै जान्दैनन् । त्यसकारण उनीहरूमा न त बाहिरी आचरणमा, व्यवहारमा शुद्धता हुन्छ न त भित्र आत्मामा नै शुद्ध भाव हुन्छ । त्यसैले उनीहरू न त राम्रो कार्य गर्दछन् न सत्य बोल्दछन् न सत्य व्यवहार गर्दछन् न त राम्रो आचरण नै गर्दछन् । न तिनीहरूमा सत्यता नै हुन्छ ।

त्यस्तै तिनीहरू यो जाग्रत् संसार मिथ्या हो । यसको कुनै आधार छैन र यसलाई नियन्त्रण गर्ने कुनै ईश्वर पनि छैन र यो ईश्वरले सृष्टि गरेको पनि हैन । तिनीहरूको भनाइमा यो सबै संसार केवल इच्छाद्वारा उत्पन्न भएको हो र काम वासनाबाहेक यसको अरू कुनै कारण छैन । तिनीहरूका अनुसार यो दृश्य जगत् आकस्मिक भौतिक क्रिया-प्रतिक्रियाको प्रतिफल मात्र हो । पदार्थ अथवा शरीर र आत्मामा कुनै भिन्नता छैन भनेर तिनीहरू ईश्वर भगवान्को सत्तालाई स्वीकार नै गर्दैनन् । त्यस्तै खाले निष्कर्षको अनुसरण गर्दछन् । तिनीहरूमा मिथ्या ज्ञान हुन्छ । तिनीहरूमा राम्रो स्वभाव राम्रो ज्ञान नष्ट भै सकेको हुन्छ । तिनीहरू बुद्धिविहीन हुन् अथवा मन्द बुद्धिका हुन् । सबैको अपकार गर्नमा नै आसुर स्वभावका मानिसहरू लागिरहेका हुन्छन् । संसारको विनाश गर्ने अनुपयोगी र भयावह कार्यमा सदा संलग्न हुन्छन् ।

त्यस्तै आसुरी स्वभाव भएका मानिस कहिल्यै सन्तुष्ट नहुने काम वासनाको आश्रय लिएर गर्व गर्दछन् मग्न हुन्छन् । मिथ्या आफ्नो प्रतिष्ठामा आफैँ डुबेका हुन्छन् । आसुरी स्वभावका व्यक्तिहरूले मोहग्रस्त भएर क्षणभङ्गुर नाशवान् वस्तुप्रति आकर्षित हुँदै अपवित्र कर्म गर्न सङ्कल्प लिन्छन् ।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ।। (गीता १६-१६)

त्यस्तै आसुरी स्वभाव भएका मानिसहरूले इन्द्रियहरूको तृप्ति नै मानव सभ्यताको प्रमुख आवश्यकता हो भन्ने विश्वास गर्दछन् । त्यसैकारण मृत्युकालसम्म पनि तिनीहरूलाई अपार धन कमाउने इच्छा भई नै रहेको हुन्छ । लाखौं चिन्ताको जालमा बाँधिएर काम तथा क्रोधमा लीन भएर इन्द्रिय तृप्तिका लागि अवैध ढंगले अथवा जसरी पनि धन सङ्ग्रहमा नै लाग्दछन् । त्यस्तै तिनीहरू सोच्न थाल्दछन् मोह ग्रस्त भएर अज्ञानवश निरन्तर आज मसँग यति धन पैसा छ अब फेरि आफ्ना योजनाअनुसार यति यति धन बढी कमाउँछु । यस समय मसँग यति छ भविष्यमा बढेर झन् धेरै हुनेछ ।

त्यस्तै त्यो मेरो शत्रु हो र मैले त्यसलाई मारिदिएँ । मेरा अरू शत्रु पनि मैले मारिदिनेछु । अथवा मारिनेछन् । म सबै वस्तुको मालिक हुँ । म भोक्ता हुँ, ममा सिद्धि छ, म शक्तिमान् छु, सुखी छु, म सबैभन्दा धनी छु । मेरा वरिपरि मेरा कुलीन नातागोताहरू छन् । म जत्तिको शक्तिशाली र सुखी कोही पनि छैन । म यज्ञ गर्नेछु, दान गर्नेछु दान दिनेछु र आनन्द मनाउनेछु । यसरी यस्ता अज्ञानी व्यक्ति मोहग्रस्त भएर आसुरी भावमा नै रमाइरहन्छन् । मभन्दा ठूलो म भन्दा शक्ति भएको कोही छैन भनेर ईश्वर पनि मनै हुँ यस्तो भाव राख्दछन् ।

यसरी नै अनेक प्रकारका मोह चिन्ताहरूबाट ग्रसित भएर उद्विग्न हुँदै मोह जालमा अल्झिँदै सदावहार इन्द्रिय भोगमा अति आसक्त हुनेहरू कामभोगकै कारणले नरकमा खस्दछन् । जो आसुरी भावले ग्रस्त व्यक्तिहरू छन् तिनीहरू आफूले नै आफ्नो प्रशंसा गर्दै मभन्दा श्रेष्ठ ठूलो कोही छैन भन्ने ठान्दछन् । म जस्तो धनी म जस्तो बुद्धि भएको कोही छैन । मलाई सबैले मान्दछन् । आफ्नै घमण्डले युक्त भएर शास्त्र विधि रहित भएर विधिविधानलाई पालन नगरी केवल नामका लागि मात्र अत्यन्त घमण्डपूर्वक यज्ञ गर्ने गर्दछन् ।

त्यस्तै आसुरी भाव भएका व्यक्ति अहंकार, बल, घमण्ड, काम क्रोधले मोहित भएर आफ्ना र अरूका शरीरमा रहेका भगवान्सँग ईर्ष्या गर्दछन् । सही धर्मको निन्दा पनि गर्न थाल्दछन् ।

मैले त्यस्ता द्वेष, ईर्ष्या गर्ने पापाचारी क्रूरकर्मी पापी अधर्मीहरूलाई वारम्बार आसुरी योनिमा पठाइदिन्छु। हे कुन्ती पुत्र अर्जुन ! त्यसपछि वारम्बार आसुरी योनिमा जन्म लिने व्यक्तिहरू ती पापिष्ठ हुने भएकाले कहिल्यै मलाई प्राप्त गर्न सक्दैनन्। तिनीहरू क्रमश झन् पछि झन् निन्दनीय गति वा अधर्म योनिमा पुग्दछन्। तिनीहरूको मुक्ति हुन सक्दैन।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ।। (गीता १६-२१)

त्यस्ता व्यक्ति सधैँ काम, क्रोध र मोहमा नै रहने हुँदा ती काम क्रोध, लोभ यी तीन नरकका द्वारहरू हुन्। त्यसकारण प्रत्येक बुद्धिमान् मानिसले यिनलाई त्याग्नुपर्दछ। किनभने यिनबाट आत्माको पतन मात्र हुन्छ।

आसुरी जीवहरूको वर्ण कस्तो हुन्छ भनेर यहाँ वर्णन गरिएको छ। पहिलो प्राथमिकता त मानिसले आफ्नो काम तृप्त गर्न चाहन्छ, यदि त्यो पूरा भएन भने तिनीहरूमा काम, र लोभ उत्पन्न हुन्छन्। त्यसबाट त्यसको बुद्धि भ्रष्ट हुन्छ। बुद्धि भ्रष्ट भएपछि त्यसको सर्वनाश हुन्छ। त्यसकारण बुद्धिमान् मानिसं आसुरी योनिमा जान चाहना गर्नु हुँदैन। यी तीनवटै शत्रुलाई परित्याग गर्नुपर्दछ अन्यथा यिनीहरूले आत्मालाई पतनको बाटोमा पुऱ्याउँदछन्। जसले गर्दा भवसागर बन्धनबाट मुक्ति पाउने कुनै सम्भावना नै हुँदैन।

हे कुन्ती पुत्र अर्जुन ! यी तिनै नरकका द्वारदेखि मुक्त जो परम पुरुष छ त्यसले आफ्नो कल्याणका लागि आचरण गर्दछ अथवा भगवान्को आराधनामा लाग्न थाल्दछ। त्यसबाट त्यसको सत् बुद्धिको उदय हुन्छ र उसले परम गति प्राप्त गर्दछ अथवा मलाई प्राप्त गर्दछ।

त्यस्तै जुन मानिसले शास्त्र विधि अथवा वेदको विधिलाई त्यागेर आफ्नो इच्छाअनुसार कामनाअनुसार आफ्नो आचरण गर्दछ, व्यवहार गर्दछ त्यस्तो व्यक्ति अथवा त्यस्तो पुरुषले सिद्धि प्राप्त गर्न सक्दछ न त परम गति प्राप्त गर्न सक्दछ। न त त्यस्ता व्यक्तिलाई सुख नै प्राप्त हुन सक्दछ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ।। (गीता १६-२४)

यसैकारण मानिसले शास्त्र विधिअनुसार के कर्तव्य हो के अकर्तव्य हो भन्ने बुझ्नुपर्दछ। शास्त्रीय विधिविधानलाई जानेर शास्त्र नै प्रमाण हो भन्ने

मानेर नियतकर्म नै गर्न योग्य छ भन्ने कुरा जानेर बुझेर जसले कर्म गर्दछ त्यसले गर्दा ऊ माथि उठ्न सकोस् अथवा उसले परम गति प्राप्त गर्न सकोस् ।

त्यसैकारण बद्ध जीव र मुक्त जीवमा यही अन्तर शास्त्रले बताएको छ कि बद्ध जीवमा अपूर्ण इन्द्रिय, ठग्ने प्रवृत्ति त्रुटि गर्ने प्रवृत्ति, मोह ग्रस्त हुने स्वभाव जस्ता चार दोष हुन्छन् तर शास्त्रमा र झुकाव राख्ने जीवमा यी दोषहरू हुँदैनन् । यी नै चार दोषले गर्दा बद्ध जीवले शास्त्रीय विधि विधानहरूको निर्माण गर्न सक्दैनन् । तसर्थ शास्त्रमा उल्लेखित विधि विधानहरू यी दोषबाट मुक्त हुनु स्वाभाविक हो ।

त्यसैकारण ठूला-ठूला आचर्य महापुरुष महात्माहरू पनि कुनै परिवर्तन नगरी यी शास्त्र विधिलाई स्वीकार गर्दछन् । त्यसकारण हे अर्जुन तिमी पनि शास्त्रको विधानलाई जानेर त्यसै अनुरूप कर्म गर्नुपर्दछ । मुक्त हुने त्यही शास्त्रको प्रमाण हो । त्यही जान्नुपर्दछ ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे दैवासुरसम्पद्विभाग योग नामक गीता रहस्य षोडशोध्यायः समाप्तम् ।

ॐ श्रीपरमात्मने नमः

अथ सप्तदशोऽध्यायः

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ।।१।।

भगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्विकी राजसी चैव तामसी चेति तां श्रृणु ।।२।।

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ।।३।।

यजन्ते सात्विका देवान्यक्षरक्षांसि राजसाः ।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ।।४।।

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः ।
दम्भाहङ्कारसंयुक्ताः कामरागबलान्विताः ।।५।।

कर्शयन्तः शरीरस्थं भूतग्राममचेतसः ।
मां चैवान्तःशरीरस्थं तान्विद्धयासुरनिश्चयान् ।।६।।

आहारस्त्वपि सर्वस्य त्रिविधा भवति प्रियः ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ।।७।।

आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकाप्रियाः ।।८।।

कट्वम्ललवणात्युष्णतीक्ष्णरुक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ।।९।।

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ।।१०।।

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ।।११।।

अभिसन्धाय तु फलं दम्भार्थमपि चैव यत् ।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ।।१२।।

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तमसं परिचक्षते ।।१३।।

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ।।१४।।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उज्यते ।।१५।।

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ।।१६।।

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभर्युक्तैः सात्त्विकं परिचक्षते ।।१७।।

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ।।१८।।

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ।।१९।।

दात्व्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ।।२०।।

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्वय वा पुनः ।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ।।२१।।

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ।।२२।।

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ।।२३।।

तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ।।२४।।

तदित्यनभिसन्धाय फलं यज्ञतपःक्रियाः ।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ।।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ।।२६।।

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ।।२७।।

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ।।२८।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई श्रद्धा त्रय विभाग योग भनिन्छ। यस अध्यायमा जब अर्जुनले नरकका द्वारको विषयमा ज्ञान प्राप्त गरिसकेपछि १६ अध्यायको २३ श्लोकमा जसले शास्त्र विधि छोडेर आफ्नो मनोमानी आचरण गर्दछ भने त्यस्ता व्यक्तिले न त सिद्धि प्राप्त गर्न सक्दछ, न त परम गति नै प्राप्त गर्न सक्दछ भनेर गरेको उपदेशले अर्जुनका मनमा प्रश्न उठ्दछ, प्रश्न यस प्रकार छ।

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ।। (गीता १७-१)

हे कष्ण ! जुन व्यक्तिले शास्त्रको विधि विधानलाई त्याग गर्दछ तर श्रद्धा युक्त भएर देवताहरूको पूजा आराधना गर्दछ। त्यस्ताको कस्तो स्थिति हुन्छ।

त्यो व्यक्ति सात्त्विक भावको हुन्छ अथवा राजसी भावको हुन्छ । अथवा तामस स्वभावको हुन्छ भनेर गरेको प्रश्नको उत्तरमा बडो गम्भीर भएर भगवान् श्रीकृष्णले त्यसको उत्तरमा तर्क युक्त उपदेश गर्नुहुन्छ ।

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां श्रृणु ।। (गीता १७-२)

भगवान् श्रीकृष्णले भन्नुहुन्छ - हे अर्जुन ! देहधारी जीवले आफूले आर्जन गरेको गुणअनुसार उसको श्रद्धा पनि त्यस्तै सत्त्वगुणी, रजोगुणी र तमोगुणी गरी तीन प्रकारको हुन्छ । अब यसबारे म तिमीलाई बताउँछु । तिमी सुन । जसले शास्त्रका विधि नियमलाई जानेर पनि आलस्य गरेर पालन गर्दैनन् कसैले नजानेर पालन गर्दैनन् ती प्रकृतिका गुणद्वारा शासित हुन्छन् । तिनीहरूले आफ्ना पूर्व जन्मका सत्त्वगुणी, रजोगुणी र तमोगुणी कर्मअनुसार विशेष प्रकारको स्वभाव प्राप्त गर्दछन् । यसबाट माथि उठ्न जीवले शास्त्रविधिअनुसार प्रमाणिक गुरुका संसर्गमा रहेर सत्सङ्गत उपदेशको माध्यमबाट मानिसले आफूलाई तमोगुणबाट रजोगुणमा रजोगुणबाट सत्त्वगुणमा परिवर्तन गर्न सक्दछ । त्यसै कारण शास्त्रको चिन्तन मनन गरेर आफूलाई प्रकृतिको उच्चतर गुणको स्थितिमा पुऱ्याउन सक्दछन् ।

त्यस्तै हे अर्जुन ! विभिन्न गुण अन्तर्गत आफ्नो आफ्नो अस्तित्वअनुसार मानिसले एउटा विशेष प्रकारको श्रद्धा वृद्धि गरेको हुन्छ । त्यो विशेष श्रद्धा पनि उसले आर्जन गरेका गुणअनुसारको नै हुन्छ । यस श्लोकमा श्रद्धा शब्द विशेष रूपमा लिएको पाइन्छ । मानिस जस्तोसुकै होस् तर प्रत्येकमा एउटा विशेष किसिमको श्रद्धा रहेकै हुन्छ । तर उसले आर्जन गरेको स्वभावअनुसार उसको श्रद्धा सात्त्विक, राजसी र तामसी कुनै पनि प्रकारको हुन सक्दछ । जान्नुपर्ने कुरा के छ भने आफ्नो श्रद्धा जस्तो छ त्यस्तै प्रकारको व्यक्तिसँग उसले सङ्गत गर्दछ । वास्तवमा बुझ्ने हो भने जीव भगवान्को अंश हो त्यो आफ्नो अंशलाई अज्ञानको कारणले बुझ्न नसकेर प्रकृतिका गुणभन्दा मौलिक रूपमा पर भए तापनि प्रकृतिका प्रभावमा पर्दछ । जीवले मुक्ति पाउन सक्दैन । त्यसैकारण आफ्नो हृदयमा सत्त्वगुणलाई नै स्थान दिएर सत्त्वगुणकै प्रभावमा रहेर आचरण गरौं । धार्मिक श्रद्धाको वास्तविक सिद्धान्त शुद्ध सत्त्वगुणमा अडिएको हुन्छ । तर हृदयमा कलुषित भाव भएको हुँदा विभिन्न प्रकारका धार्मिक सिद्धान्त देखिएका हुन् । त्यसैकारण विभिन्न प्रकारका श्रद्धाअनुसार पूजाआजा पनि विभिन्न प्रकारका छन् ।

त्यसैले सत्त्वगुणी व्यक्तिहरू देवताको पूजा गर्दछन् । रजोगुणीहरू राक्षस र यक्षको पूजा गर्दछन् । अनि तमोगुणीहरू भूतप्रेतहरूको पूजा गर्दछन् ।

त्यस्तै जो व्यक्ति दम्भ अभिमान अहंकारले वशीभूत भएर शास्त्रको नीति विरुद्ध कठोर व्रत एवं तपस्या गर्दछन् । जुन काम र आसक्तिद्वारा प्रेरित छन् र जुन भौतिक शरीर तथा शरीरभित्र रहने परमात्मा परमेश्वरलाई कष्ट दिन्छन् । त्यस्ता मूर्खहरू असुर भनिन्छन् अथवा आसुर स्वभावका मानिन्छन् ।

त्यस्तै प्रत्येक व्यक्तिलाई चाहिने भोजन पनि प्रकृतिको गुणअनुसार तीन प्रकारका हुन्छन्- सत्त्व, रजः र तमः । त्यस्तै यही कुरा यज्ञ, तपस्या, दानमा पनि लागू हुन्छ । अब तिनका बीचमा हुने भेदका विषयमा पनि सुन ।

जुन भोजनले आयु बढाउँछ, जीवनलाई शुद्ध पार्दछ, बल, स्वास्थ्य, सुख तथा तृप्ति प्रदान गर्दछ । त्यस्तो भोजन सत्त्वगुणी व्यक्तिहरूलाई रुचि हुन्छ । अथवा मन पर्दछ । यस प्रकारको भोजन रसमय हुन्छ । स्वादिष्ट हुन्छ, स्वस्थकर हुन्छ हितकारी हुन्छ । चिल्लो हुन्छ, युक्त हुन्छ र हृदयलाई आनन्द दिने किसिमको हुन्छ ।

त्यस्तै अत्यधिक तीतो, अमिलो, नुनिलो, तातो, पिरो, सुक्खा, तातोपन उत्पन्न गराउने भोजन रजोगुणी व्यक्तिलाई मन पर्दछ । यस्तो भोजनले दुःख, शोक, तथा रोग उत्पन्न गराउँदछ ।

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ।। (गीता १७-१०)

त्यस्तै भोजन गर्नुभन्दा धेरै पहिले पकाएको स्वादरहित बिग्रिएको सडेगलेको र जुठो अथवा छोडेको चिसो बासी अभक्ष्य मन नपर्ने यस्तो खानेकुरा तमोगुणी मानिसलाई प्रिय लाग्दछ अथवा मन पर्दछ । त्यस्तो आहार-विहार गर्ने मानिसको बुद्धि पनि मूढ हुन्छ ।

आहारको उद्देश्य आयु बढाउनु मस्तिष्कलाई शुद्ध पार्नु तथा शरीरमा शक्ति बढाउनु । यही यसको मुख्य उद्देश्य हो । त्यसैकारण जस्तो आहार गऱ्यो त्यस्तै बुद्धि हुन्छ । त्यस्तै सोच हुन्छ । त्यस्तै कल्पना हुन्छ । त्यसैले शुद्ध खानुपर्दछ भनेर वेदशास्त्रले बताएको हो । यहाँ पनि भगवान्ले अर्जुनलाई त्यही उपदेश गर्नुहुन्छ कि सत्त्वगुणीलाई यस प्रकारको भोजन रुचिकर हुन्छ,

रजोगुणीलाई यस प्रकारको भोजन रुचिकर हुन्छ। तमोगुणीलाई यस प्रकारको भोजन रुचिकर हुन्छ भनेर ज्ञान गराउनुभएको छ।

यस्तै भगवान् श्रीकृष्णले यज्ञको विषयमा पनि यस प्रकार उपदेश गर्नु भएको छ। जस्तै- कुनै फलको इच्छा-आकांक्षा नराखी केवल नियत यज्ञ शास्त्र विधिअनुसार कर्तव्य सम्झेर मनलाई संयममा राखेर गरिने यज्ञ नै सात्त्विक यज्ञ हो।

त्यस्तै हे भरत श्रेष्ठ ! अहंकार तृप्तिका लागि कुनै भौतिक लाभको इच्छा राखेर गरिने यज्ञ राजसी यज्ञ हो भनेर जान्नुपर्दछ। त्यस्तै कुनै शास्त्रीय निर्देशनको पालन नगरी प्रसाद वितरण नगरी, वैदिक मन्त्रहरूको पनि उच्चारण नगरी एवं पुरोहितहरूलाई दक्षिणा नदिई श्रद्धारहित भएर गरिने यज्ञलाई तामसी यज्ञ भनिन्छ।

त्यस्तै विभिन्न किसिमका तपस्याको विषयमा उपदेश गरेको पाइन्छ। त्यस्तै परमेश्वर, ब्राह्मण, गुरु, मातापिता आदि गुरु जनको पूजा गर्नु र पवित्रता, सरलता, ब्रह्मचर्यको र अहिंसाको पालना गर्नु शारीरिक तपस्या हो। त्यस्तै यहाँ गुरु शब्दले माता, पिता, आचार्य त्यस्तै आफूभन्दा ठूलो मान्यजनलाई सम्झनुपर्दछ। त्यस्तै साँचो सबैलाई प्रिय लाग्ने हितकारी तथा अरूलाइ क्षुब्ध नपार्ने वाचन बोल्नु र वैदिक साहित्यको नियमित अध्ययन स्वाध्याय गर्नु वाणीको तपस्या हो।

त्यस्तै सन्तोष लिन सक्नु, सधैँ प्रसन्न रहनु, शान्त भाव सदा भगवान्को चिन्तन गर्नु, मनलाई निग्रह गर्न सक्नु, अन्तस्करणमा शुद्धता राख्नु, गम्भीरता, आत्मसंयम, आत्माशुद्धता यी सबै मनका तपस्या भनिएको छ।

कुनै फलको चाहना नगरी श्रद्धा युक्त भौतिक लाभको चाहना नभएका योगीहरूले सधैँ परमेश्वरका चिन्तनमा संलग्न भएका मानिसद्वारा सम्पन्न गरिने यी तीन प्रकारका तपस्यालाई सात्त्विक तपस्या भनिन्छ।

त्यस्तै आदर-सम्मान र पूजा प्राप्त गर्नका लागि अहंकारपूर्वक सम्पन्न गरिएको तपस्यालाई राजसी तपस्या भनिन्छ। त्यस्तो तपस्या क्षणिक र अस्थिर हुन्छ।

त्यस्तै मूर्खतावश आफैँलाई कष्ट दिएर अरूलाई हानि पुऱ्याउन वा अरूको विनाश गर्नका लागि जुन तपस्या गरिन्छ त्यस्ता तपस्यालाई तामसी तपस्या भनिन्छ।

त्यस्तै दानको विषयमा पनि तीन प्रकारको शास्त्रले निर्देशन गरेको पाइन्छ । कुनै दान गर्दा पनि जुन दान कुनै प्रत्युपकारको आशा नराखी केवल कर्तव्य सम्झेर ठीक ठाउँमा ठीक समयमा उपयुक्त पात्रलाई प्रदान गरिन्छ त्यस दानलाई सात्त्विक दान मानिन्छ ।

त्यस्तै दानको सट्टामा केही पाउने आशा राखेर वा कर्म फलको आशा इच्छा राखेर मन नलागी नलागी दिईने दानलाई राजसी दान मानिन्छ अथवा भनिन्छ ।

त्यस्तै अपवित्र स्थानमा अनुचित समयमा तिरस्कारपूर्वक कुपात्रलाई राम्रोसँग ध्यान नदिई आदर नगरी दिएको दानलाई तामसी दान भनिन्छ ।

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ।। (गीता १७-२३)

सृष्टिको आदिकालदेखि नै ॐ तत् सत् यी तीन शब्द परमब्रह्मका सूचक बन्दै आएका छन् । ब्रह्मलाई सन्तुष्ट पार्नको निमित्त यज्ञ गर्दा ब्राह्मणहरूले वैदिक मन्त्रको पाठसँग यी तीनवटा साङ्केतिक शब्दहरूको उच्चारण गर्दछन् ।

यसमा केको ज्ञान गराउन खोजिएको छ भने तपस्या, दान, यज्ञ र आहार । यी कुराहरू तीन तीन विषयमा विभाजित छन् । ती हुन्- सत्त्व, रजः र तमः । यिनीहरू उत्तम, मध्यम र निम्न कोटीका हुन् । तर सबै भौतिक प्रकृतिका गुणबाट बाँधिएका छन् । साथै कलुषित छन् । भए तापनि यिनीहरू ब्रह्म वा ॐ तत् सत् वा भगवान्लाई लक्ष्य गरेर अघि बढेमा आध्यात्मिक उन्नतिका साधन हुन पुग्दछन् । यस्तो कुरा शास्त्रमा बताइएको पाइन्छ । किनभने ॐ तत् सत् यी तीन शब्दहरू परम सत्य भगवान्कै सूचक हुन् । वैदिक मन्त्रहरूमा ॐ शब्दको सधैँ प्रयोग भएको पाइन्छ ।

त्यस्तै शास्त्रको विधिअनुसार कर्म नगर्ने व्यक्तिले परब्रह्म प्राप्त गर्न सक्दैन । उसले केही अस्थायी फल प्राप्त गर्न सक्ला तर जीवनको अन्त्यमा परम गति प्राप्त गर्न सक्दैन ।

कारण के हो भने दान, यज्ञ तथा तपस्याहरू सत्त्व गुणमा रहेर गरिने कुरा हुन् अथवा विषय हुन् । त्यसैले रजोगुण र तमोगुणमा रहेर गरिने कर्म निम्न कोटीका हुन्छन् । यसको प्रमाण ऋग्वेदको 'ॐ इत्येतद् ब्रह्मणो नेदिष्ठ नाम' भन्ने यो मन्त्रले प्रथम लक्ष्यलाई सूचित गर्दछ । अनि त्यस्तै छान्दोग्य

उपनिषद् ६-८-७ को 'तत्त्वमसि'ले दोस्रो लक्ष्यलाई सूचित गर्दछ। अनि त्यस्तै छा-दोग्य उपनिषद् ६-२१ को 'सदेव सौम्य' यस मन्त्रले तृतीय लक्ष्यको सूचक के हो यिनी तीन मिलेर ॐ तत् सत् हुन्छ भनेर उपनिषद्मा उल्लेख गरको पाइन्छ।

त्यस्तै योगीहरूले ब्रह्म प्राप्तिका लागि शास्त्रीय विधिअनुसार यज्ञ, दान र तपस्याहरूको समस्त क्रियाहरूको शुभारम्भ सधैँ ॐ शब्दको उच्चारणबाट गर्दछन्। त्यस्तै मानिसले कर्मफलको इच्छा नराखी विभिन्न प्रकारका यज्ञ, तप र दानहरू 'ॐ तत् सत्' शब्दको उच्चारणसँगै सम्पन्न गर्नुपर्दछ। यस्ता दिव्य कर्महरूको उद्देश्य नै भवबन्धनबाट मुक्त हुनु हो।

हे पृथापुत्र अर्जुन ! त्यस्तै भक्तिमय यज्ञको लक्ष्य नै परम सत्य हो। यसैलाई सत् शब्दद्वारा सङ्केत गरिन्छ। यस्तो यज्ञ सम्पादन गर्ने कर्तालाई पनि 'सत्' भनिन्छ। यसप्रकार परम पुरुष भगवान्लाई प्रसन्न राख्न गरिने यज्ञ तप, दान, सबै कर्महरू 'सत्' भनिन्छन्।

हे पार्थ ! परमेश्वर भगवान् प्रतिको श्रद्धा, प्रेम, भक्तिविना यज्ञ, दान, तपस्या जे गरे पनि त्यो अस्थायी हुन्छ। त्यसलाई असत् भनिन्छ र त्यस्तो यज्ञ होम, दान, तपस्याको कुनै महत्त्व छैन र त्यस्तो असत् कर्म यस जन्म र पर जन्म दुवैका लागि व्यर्थ हुन्छ। त्यसबाट कुनै लाभ हुन सक्दैन।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रद्धा त्रय विभाग योग नामक गीता रहस्य सप्तदशोऽध्यायः समाप्तम्।

ॐ श्रीपरमात्मने नमः

अथ अष्टादशोऽध्यायः

अर्जुन उवाच

संन्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ।।१।।

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं बीचक्षणाः ।।२।।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ।।३।।

निश्चयं श्रृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः सम्प्रकीर्तितः ।।४।।

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ।।५।।

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ।।६।।

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ।।७।।

दुःखमित्येव यत्कर्म कायक्लेश भयात्यजेत् ।
सकृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ।।८।।

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ।।९।।

न द्वेष्टयकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ।।१०।।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ।।११।।

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु सन्यासिनां क्वचित् ।।१२।।

पञ्चैतानि महाबाहो कारणानि निबोध मे ।
साङ्ख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ।।१३।।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ।।१४।।

शरीरवाङमनोभिर्यत्कर्म प्रारभते नरः ।
न्याय्य वा विपरीतं वा पञ्चैते तस्य हेत्वः ।।१५।।

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः ।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ।।१६।।

यस्य नाहङ्कृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमा''ल्लोकान्न हन्ति न निबध्यते ।।१७।।

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसङ्ग्रहः ।।१८।।

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसङ्ख्याने यथावच्छृणु तान्यपि ।।१९।।

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तंविभक्तेषुतज्ज्ञानं विद्धि सात्विकम् ।।२०।।

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ।।२१।।

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ।।२२।।

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्विकमुच्यते ।।२३।।

यत्तु कामेप्सुना कर्म साहङ्कारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदायहृतम् ।।२४।।

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषाम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ।।२५।।

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्धयसिद्धयोर्निर्विकारः कर्ता सात्त्विक उच्यते ।।२६।।

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ।।२७।।

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उज्यते ।।२८।।

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं श्रृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनञ्जय ।।२९।।

प्रवृत्तिं च निवृत्तिं कार्यकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्विकी ।।३०।।

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ।।३१।।

अधर्मं धर्मामिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ।।३२।।

धृत्या यया धारयते मनःप्राणेन्द्रियक्रियाः ।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्विकी ।।३३।।

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ।।३४।।

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ।।३५।।

सुखं त्विदानीं त्रिविधं श्रृणु मे भरतर्षभ ।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ।।३७।।

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।
तत्सुखं सात्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ।।३६।।

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ।।३८।।

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ।।३९।।

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ।।४०।।

बाह्मणक्षत्रियविशां शूद्राणां च परन्तप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ।।४१।।

शमो दमस्तपः शौचं क्षन्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ।।४२।।

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ।।४३।।

कृषिगौरक्ष्यवाणीज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ।।४४।।

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ।।४५।।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।।४६।।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ।।४७।।

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत् ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ।।४८।।

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ।।४९।।

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समाजसेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ।।५०।।

बुद्धया विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ।।५१।।

विविक्तसेवी लघ्वाशी यत्वाक्कायमानसः ।
ध्यानयोगपरो नितयं वैराग्यं समुपाश्रितः ।।५२।।

अहङ्कारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ।।५३।।

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ।।५४।।

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ।।५५।।

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ।।५६।।

चेतसा सर्वकर्माणि मयि सन्न्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ।।५७।।

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहङ्कारान्न श्रोष्यसि विनङ्क्ष्यसि ।।५८।।

यदहङ्कारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ।।५९।।

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ।।६०।।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारुढानि मायया ।।६१।।

तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्यस्यसि शाश्वतम् ।।६२।।

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि कथा कुरु ।।६३।।

सर्वगुह्यतमं भूयः श्रृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ।।६४।।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।।६५।।

सर्वधर्मान्परित्यज्य मामेकं शरणं ब्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ।।६६।।

इदं ते नातपस्काय नाभक्ताय कदाचन ।
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ।।६७।।

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ।।६८।।

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ।।६९।।

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः ।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ।।७०।।

श्रद्धावाननसूयश्च श्रृणुयादपि यो नरः ।
सोऽपि मुक्तः शुभांल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम् ।।७१।।

कच्चिदेतच्छ्रुतं पाथ त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसम्मोहः प्रनष्टस्ते धनञ्चय ।।७२।।

अर्जुन उवाच

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं त्व ।।७३।।

सञ्जय उवाच

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ।।७४।।

व्यासप्रसादाच्छ्रुत्वानेतदुह्यमहं परम ।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ।।७५।।

राजन्संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम् ।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ।।७६।।

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ।
विस्मयो मे महान् राजन्हृष्यामि च पुनः पुनः ।।७७।।

यज्ञ योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम् ।।७८।।

श्रीमद्भगवद्गीता रहस्य

गीताको यस अध्यायलाई मोक्ष संन्यास योग नामले चिनिन्छ । त्यस्तै गीताका खास विषय वस्तु १७ अध्यायसम्म नै धेरै कुराको वर्णन भैसकेको हुँदा यो अध्याय उपसंहार अध्याय पनि हो किनभने सबै अध्यायहरूमा अध्ययन

गरेका विषयको विश्लेषण यस अध्यायमा गरिएको छ । त्यसकारण उपसंहार पनि भनिएको हो ।

सन्न्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ।। (गीता १८-१)

यहाँ अर्जुनले १७ सत्र अध्यायसम्म उपदेश सुनिसकेपछि अर्जुनले भगवान्सँग यस प्रकार प्रश्न गर्दछन्- हे महाबाहु परमेश्वर ! म संन्यासको तत्त्व के हो ? त्यो बुझ्न चाहन्छु । त्यस्तै हे हृषीकेश त्यागमय जीवन कस्तो हो ? त्यो पनि बुझ्न चाहन्छु । संन्यास र त्यागको तत्त्व पृथक्, पृथक् रूपमा जान्ने मेरो इच्छा छ । मलाई विस्तृत रूपमा बताउनुहोस् भनेर अनुरोध गर्दछन् ।

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं बीचक्षणाः ।। (गीता १८-२)

कतिपय विद्वान्हरू काम्य कर्मको त्यागलाई त्याग मान्दछन् । कतिपय मानिस त्यागलाई संन्यास सम्झन्छन् । तर जो विचारवान् मानिस सबै कर्मका फलको त्याग नै त्याग हो भन्दछन् । तर काम्य कर्म भनेको के हो भन्ने प्रश्न उत्पन्न हुन सक्दछ । त्यसमा काम्य कर्म भनेर स्त्री, पुत्र, धन, प्रिय वस्तु प्राप्त गर्न र कुनै रोगादि सङ्कट निवारण को कामना गरेर गरिने यज्ञ, कर्मलाई नै काम्य कर्म भनिएको हो ।

त्यस्तै ईश्वरको भक्ति, देवताहरूको पूजा, माता, पिता गुरुजनको सेवा यज्ञ, दान र तप, तथा वर्णाश्रम धर्मअनुसार गृहस्थको निर्वाह एवं आफ्नो शरीर सम्बन्धी आहार विहार इत्यादि सबै कर्तव्य कर्म मानिन्छन् । अब यी सबैमा यस लोकमा र परलोकमा पनि कुनै कामनाको चाहना नराख्नु सम्पूर्ण कामनाको त्यागको नाम नै कर्मफलको त्याग मानिन्छ ।

त्यस्तै केही विद्वान्हरू सबै प्रकारका सकाम कर्मलाई दोष जस्तै ठानेर त्याग्नुपर्दछ भन्दछन् । त केही सन्तहरू भने यज्ञ, दान, तपस्या जस्ता कर्मलाई कहिल्यै पनि त्याग गर्न हुँदैन भन्दछन् ।

त्यस्तै हे भरत श्रेष्ठ अर्जुन ! अब त्यागको विषयमा मेरो निर्णय यस प्रकार छ । हे पुरुषहरूमा बाघ जस्ता अर्जुन शास्त्रमा पनि तीन प्रकारको त्यागको वर्णन गरिएको छ ।

यज्ञ, दान, तपस्या जस्ता कर्महरू त्याग गर्नु हुँदैन । यदि कसैले मोहमा परेर आफ्नो कर्मको त्याग गर्दछ भने त्यस्तो त्यागलाई तामसी त्याग भनिन्छ । त्यस्तो त्याग तमोगुणीले मात्र गर्दछन् ।

जसले शारीरिक कष्टका डरले आफ्नो निर्धारित कर्म (अथवा नियत कर्म) लाई दुःखमय ठानेर त्याग गर्दछ त्यस्तो त्यागलाइ रजोगुणी त्याग भनिन्छ । त्यस्तो कर्मले मानिसलाई कहिल्यै त्यागको उचाइमा पुऱ्याउँदैन ।

त्यस्तै हे अर्जुन ! जसले गर्नुपर्ने कर्तव्य मात्र ठानेर आफ्नो निर्धारित कर्म (अथवा नियत कर्महरू गर्दछ र सबै प्रकारका फलको आसक्ति तथा सांसरिक मोह सङ्गतिलाई सम्पूर्ण रूपले त्यागिदिन्छ त्यस्तो त्यागलाई सात्त्विक त्याग भनिन्छ । त्यही नै कर्म फलको त्याग हो ।

जो व्यक्ति सत्त्वगुणमा अवस्थित छ । त्यस्तो बुद्धिमान् त्यागी व्यक्ति न त अशुभ कर्मलाई घृणा गर्दछ, न त शुभ कर्मप्रति आसक्त नै हुन्छ । त्यस्तो व्यक्ति कर्मका विषयमा संशय रहित हुन्छ । किनकि एउटा शरीरधारी मनुष्यका लागि सम्पूर्ण कर्महरूको परित्याग गर्न सम्भव छैन । त्यसकारण जसले कर्मका फलको परित्याग गर्दछ त्यही नै वास्तविक त्यागी हो ।

त्यस्तै कर्म फलको त्याग नगर्नेहरूले मृत्यु पछि इच्छित, अनिच्छित र मिश्रित, गरी तीन प्रकारका कर्म फल भोग्नुपर्दछ । तर संन्यास वा त्यागीलाई भने सुख र दुःखका यस्ता प्रतिफल भोग्नु पर्दैन । त्यस्तै हे महाबाहु अर्जुन ! वेदान्त दर्शनअनुसार सम्पूर्ण कर्महरू सम्पन्न हुनका लागि पाँचवटा कारणहरू छन्, अब मसँग तिनीहरूको बारेमा सिक भनेर भगवान्ले उपदेश गर्नुहुन्छ ।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम् ।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ।। (गीता १८-१४)

यसमा वर्णन गरिएको छ कि कर्म स्थान भनेको शरीर हो, कर्ता जीवात्मा, विभिन्न इन्द्रियहरू धेरै प्रकारका चेष्टा प्रयास, र परमात्म यिनीहरू नै कर्मका पाँचवटा कारक तत्त्व मानिन्छन् । जस्तै जसको आश्रय लिएर कर्म गरिन्छ त्यसलाई 'अधिष्ठान' भनिन्छ । जुन इन्द्रिय साधनद्वारा जो कर्म गरिन्छ त्यसको नाम 'करण' हो त्यस्तै शुभाशुभ कर्मको संसारको नाम 'दैव' भनेको परमात्मालाई नै बुझ्नुपर्ने हुन्छ । त्यस्तै मानिसले आफ्नो शरीर, मन र

वचनले जे जति राम्रा नराम्रा कर्महरू गर्दछन् । ती सबै यी पाँच तत्त्वहरूका कारणले नै सम्पन्न हुन्छन् ।

त्यस्तै यी पाँच कारणहरूलाई नमानेर जसले आफैँलाई कर्ता ठान्दछ । त्यो व्यक्ति निश्चय नै बुद्धिमान् हुन सक्दैन । त्यस्ता व्यक्तिले वस्तुलाई यथार्थ रूपमा देख्न सक्दैनन् ।

जो व्यक्ति मिथ्या अहंकारबाट प्रेरित हुँदैन प्रभावित हुँदैन । जसको बुद्धि आसक्त छैन । केही कुरामा अथवा विषयमा त्यसले यो संसारमा मानिसलाई मारेर पनि नमारे जस्तो हुन्छ र ऊ आफ्नो कर्मद्वारा पनि बाँधिदैन । यस श्लोकमा भगवान्ले अर्जुनलाई यसरी सम्झाउनुहुन्छ । अथवा उपदेश गर्नुहुन्छ कि हे अर्जुन ! जुन मानिसको अन्तस्करणमा म नै कर्ता हुँ भन्ने भाव रहँदैन । जसको बुद्धि सांसारिक पदार्थ र कर्म फलमा लिप्सा हुँदैन त्यस्तो पुरुषले संसारलाई मारेर पनि न त उसले मारेको ठहर्छ न त त्यस्तो मानिसलाई पापको बन्धनले नै बाँध्न सक्दछ । जस्तै यहाँ प्रश्न उठ्न सक्दछ मारेर पनि पाप नलाग्ने भनेको के हो ? भन्दा जस्तै अग्निले जलेर, वायुले उडाएर, पानीमा डुबेर कसैको मृत्यु भयो भने त्यो मरेको त देखिन्छ तर त्यो पानीले आगाले वायुले हिंसा गरेको ठहरिँदैन । त्यस्तै जसका मनमा अभिमान छैन स्वार्थ रहित छ । केवल संसारको हितका लागि मात्र उसका सम्पूर्ण क्रियाकलाप हुन्छन् । त्यस्ता मानिसका इन्द्रियहरूद्वारा कुनै प्राणीको हिंसा भएको लोकमा देखिए पनि त्यो वास्तवमा हिंसा हुँदैन । किनभने हिंसा हुन आसक्ति कुनै स्वार्थ, अहंकार नभैकन कुनै प्राणीको अथवा कुनै किसिमको पनि हिंसा हुनै सक्दैन । त्यस्तै म गर्ने वाला हुँ म कर्ता हुँ भन्ने अभिमान नभइकन गरिने कर्म वास्त्वमा अकर्म नै ठहर्छ । त्यसै कारण त्यो पापको बन्धनमा पर्दैन ।

यो कुरा बुझ्न ब्रह्मको तत्त्व जान्नुपर्दछ । त्यो ब्रह्मतत्त्व आत्मातत्त्व जान्नलाई यी पाँच कारण बताइएको हो । त्यो जसले जान्दछ त्यो ज्ञाता भयो । जसद्वारा जानिन्छ त्यो ज्ञान भयो । जो जानिन्छ त्यो ज्ञेय भयो । जो जान्नका लागि कर्म गर्दछ त्यो कर्ता भयो । जुन जुन साधनबाट कर्म गरिन्छ त्यो करण भयो । त्यो सबै गर्नेको नाम क्रिया हो । यी सबै क्रिया गरेर जान्नु भनेको त्यही आत्मा हो । त्यसैबाट जीवको उद्धार हुन्छ । यहाँ अर्जुनको लडाइँ नगर्ने इच्छा अहंकारले उत्पन्न भएको हो । अर्जुनले आफूलाई कर्मको कर्ता आफूलाई मानेका छन् । जे जति भित्र-बाहिर भएको छ त्यो सबै परमात्माको

निर्देशनअनुसार नै भएको भन्ने सोचेका छैनन् । यही नै अहंकारको कारण हो । त्यसै कारण भगवान्ले अर्जुनलाई भन्नुहुन्छ - तिमी युद्ध मात्र गर अरू सबै मलाई जिम्मा देऊ । कर्म गर, कर्म फलको अधिकारी तिमी न होऊ, तिमी निमित्त मात्र बन भनेर उपदेश गर्नुभएको पाइन्छ ।

त्यस्तै ज्ञान र ज्ञानको विषय र ज्ञाता यी तीन तत्त्वहरू कर्म गर्न प्रेरित गर्ने कारण हुन् भने इन्द्रियहरू करण, कर्म र कर्ता यी तीन तत्त्व कर्मका अङ्ग हुन् ।

त्यस्तै प्रकृतिका भन्दा भिन्दै तीन गुण अनुरूप नै ज्ञान, कर्म र कर्ताका तीन-तीन भेद भएका हुन् । अब तिमीले मबाट तिनका भेदका विषयमा सुन ।

जुन ज्ञानबाट मनुष्यहरू अलग-अलग जीवात्माहरूमा एकैनासको कहिले नाश नहुने विभाग रहित समान भावले रहेको परमात्मालाई देख्दछन् । त्यो ज्ञान सात्त्विक ज्ञान हो भनेर जान बुझ अथवा सम्झ ।

त्यस्तै जुन ज्ञानद्वारा मानिसले हरेक भिन्दाभिन्दै शरीरमा जीवलाई अथवा जीवात्मालाई देख्दछ त्यस्तो ज्ञानलाई तिमी राजसी ज्ञान भनेर जान बुझ । त्यस्तै यदि मानिस सत्यको जानकारी बिनै एकै प्रकारको अतितुच्छ कार्यलाई नै सबै कुरा त्यही हो भनेर मान्छ र त्यसैमा आसक्त हुन्छ भने त्यस्तो ज्ञान तामसी हो ।

त्यस्तै कर्मको विषयमा पनि कुनै फलको इच्छा नराखी राग, द्वेष, आसक्ति, अहंकार रहित भएर नियमित रूपले गरिने कर्मलाई सात्त्विक कर्म भन्दछन् । तर आफ्नै इच्छा पूर्तिका लागि अहंकारको भाव राखेर कठिन परिश्रमपूर्वक गरिएको कर्मलाई रजोगुण वा राजसी कर्म भन्दछन् । त्यस्तै शास्त्रका आदेश नियमहरूसँग सम्बन्धित नभई भावी बन्धनको वास्ता नगरी हिंसा वा अर्कालाई दुःख दिनका लागि मोहवश गरिने कर्म तामसी हो ।

त्यस्तै जो व्यक्ति प्रकृतिका गुणहरूको सम्पर्कबाट मुक्त भएर निरहंकारी अहंकार रहित भएर तथा धैर्यशील र अत्यन्त उत्साही बनेर सफलता र असफलतामा विचलित नभई कर्म गर्दछ । त्यस्ता मानिसलाई सत्त्वगुणी कर्ता भनिन्छ । त्यस्तै कर्म र कर्म फलप्रति आसक्त हुँदै फल भोग गर्न चाहने लोभी, सदैव ईर्ष्यालु, अपवित्र र सुख र दुःखमा विचलित हुने कर्तालाई राजसी भनिन्छ ।

त्यस्तै सधैँ शास्त्र नियम विरुद्ध काम गर्न तत्पर, भौतिकतावादी भएको, एकोहोरो जिद्दी गर्ने, ठग र अर्काको अपमान गर्न निपुण, सधैँ खिन्न भैरहने, ढिलो सुस्त काम गर्ने तथा अल्छी कर्तालाई तमोगुणी भनिन्छ ।

त्यस्तै भगवान् श्रीकृष्णले ज्ञान र धैर्यको विषयमा अर्जुनलाई बताउनुहुन्छ । हे धनञ्जय ! भौतिक प्रकृतिका तीन गुणअनुसार हुने विभिन्न प्रकारका ज्ञान र धैर्य कस्तो हुन्छ सुन तिमीलाई विस्तारपूर्वक भन्दछु ।

हे पार्थ ! जुन ज्ञान अथवा बुद्धिद्वारा मानिसले के गर्नुपर्दछ । गर्न हुन्छ र के गर्नु हुँदैन, के केसँग डराउनुपर्दछ र केसँग डराउनु हुँदैन । के कुराले बन्धनमा पार्दछ र कुन कुरा विषयले मुक्ति दिन्छ भन्ने जान्दछ त्यसलाई सात्त्विक बुद्धि अथवा सात्त्विक ज्ञान भन्दछन् ।

त्यस्तै हे पृथापुत्र अर्जुन ! अज्ञानको अन्धकार र भ्रमका अधीनमा परेर धर्मलाई अधर्म र अधर्मलाई धर्म मान्ने तथा सधैँ गलत दिशातर्फ जान प्रयत्न गर्ने बुद्धिलाई तामसी बुद्धि भन्दछन् ।

त्यस्तै हे पार्थ ! त्यो सङ्कल्पलाई सात्त्विक भनिन्छ, जो अखण्ड हुन्छ । जसद्वारा अचल भएर योगाभ्यास गरिन्छ । अथवा धारण गरिन्छ र जसले मन, प्राण र इन्द्रियहरूका क्रियाकलापलाई नियन्त्रण गर्दछ अथवा नियन्त्रणमा राख्न सक्दछ । कुनै अवस्थामा पनि विचलित हुँदैन । हुन दिँदैन । तर हे अर्जुन ! जुन सङ्कल्प स्वप्न, डर, शोक विषाद र मोहभन्दा माथि उठ्न सक्दैन, त्यस्तो बुद्धिविहीन सङ्कल्प तामसी वा तमोगुणी हो ।

त्यस्तै जुन धारणाले गर्दा मानिस धर्म, अर्थ र कामको प्रतिफलमा आसक्त रहन्छ लिप्त रहन्छ त्यस्तो धारण राजसी हो ।

हे भरत श्रेष्ठ अर्जुन ! अब मबाट तीन प्रकारका सुखका बारेमा बुझ अथवा सुन, बद्ध जीव अभ्यासद्वारा पहिले नै ती सुखहरूमा रमाउँछ र कहिलेकाहीँ तिनै सुखद्वारा ऊ सबै प्रकारका दुखको अन्त्यसम्म पनि पुग्दछ । त्यस्तो सुख राजस सुख हो ।

त्यस्तै जो सुरुमा विष जस्तो लागे पनि अन्त्यमा अमृत समान हुन्छ र मानिष लाई आत्मसाक्षात्कारका लागि उठाउँछ त्यस्तो सुखलाई सात्त्विक सुख भनिन्छ ।

त्यस्तै विषयसँग इन्द्रियहरूको सम्पर्क हुँदा इन्द्रियहरूबाट जुन सुख प्राप्त हुन्छ र जुन सुख सुरुमा अमृत जस्तो भएपनि अन्त्यमा विष जस्तो दुखदायी हुन्छ त्यो रजोगुणी सुख हो । त्यस्तै जुन सुख आत्मसाक्षात्कारप्रति अन्धो छ । जो सुरुदेखि अन्त्यसम्म मोहको छ र जो निद्रा, आलस्य, मोहबाट उत्पन्न हुन्छ त्यो तामसी सुख हो ।

त्यस्तै यस लोकमा होस् वा स्वर्गमा देवताहरूका बीचमा होस् प्रकृतिका तीन गुणबाट पूर्ण रूपले मुक्त जीव कोही पनि छैन । त्यस्तै हे अर्जुन ! ब्राह्मण, क्षत्रिय, बैश्य र शूद्रहरू प्रकृतिका गुणअनुसार र तिनका आफ्नै स्वभावबाट उत्पन्न गुणहरूद्वारा विभाजित छन् ।

त्यस्तै शान्तिमयता, आत्मसंयम, तपस्या, पवित्रता, सहनशीलता, इमानदारिता, ज्ञान, विज्ञान र धार्मिकता यी ब्राह्मणका स्वाभाविक गुण हुन् । जसद्वारा ब्राह्मणले काम गर्दछन् । त्यस्तै वीरता, शक्ति, सङ्कल्प, उद्यमशीलता, युद्धमा उत्साह, उदारता र नेतृत्व क्षमता यी क्षत्रिय कर्मका स्वाभाविक गुण हुन् ।

त्यस्तै कृषि, गाईपालन, अथवा पशुपालन, व्यापार, यी वैश्यहरूका स्वभाविक कर्म हुन् भने शारीरिक परिश्रम र अरूको सेवा शूद्रका स्वाभाविक कर्म हुन् ।

त्यस्तै आफ्ना आफ्ना कर्मका गुणहरूको अनुसरण गर्दै गएमा हरेक व्यक्तिले सिद्धि प्राप्त गर्न सक्दछन् । कृपया ती कर्महरू कसरी गरिन्छन् भन्ने विषयमा तिमी अब विस्तारपूर्वक सुन ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।। (गीता १८-४६)

जुन परमेश्वरबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति आफ्नै स्वभावअनुसारको कर्मद्वारा हुन्छ उद्गम स्थान अथवा स्रोत भनेको भगवान् नै हुनुहुन्छ । ती भगवान् सर्वव्यापक हुनुहुन्छ । कसरी हुनुहुन्छ भने जस्तै बरफमा पानी व्याप्त हुन्छ । त्यस्तै प्रत्येक जीवमा प्राणीमा भगवान्को अंश व्याप्त छ । त्यसैले १५ अध्यायको श्लोक ७ मा 'ममैवांशो जीवलोके जीवभूतः' भनेर आफैँ भन्नुभएको छ । त्यस्ता भगवान्को अहोरात्र पलपलमा सदा चिन्तन, मनन अर्चना गरेमा मानिसले सिद्धि प्राप्त गर्दछ ।

भगवान् सबै जीवमा व्यापत हुनुहुन्छ भन्ने कुराको पुष्टि 'ब्रह्म सूत्र'ले पनि गरेको पाइन्छ ।

ब्रह्मसूत्रको दोस्रो सूत्र 'जन्माद्यस्य यतः' भनेर बताइएको हुँदा भगवान् सर्वत्र व्यापक भएको स्पष्ट बुझ्न सकिन्छ । भगवान्को मन, वाणी, शरीर भगवान् नै सबै वस्तु हुनुहुन्छ भन्ने चिन्तन गर्नु नै भगवान्को अर्चना अथवा पूजा मानिन्छ । त्यस्तै कर्तव्य कर्मको पालन भगवान्ले बताएअनुसार गर्नु नै भगवान्को पूजा मानिन्छ ।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ।। (गीता १८-४७)

राम्रोसँग सम्पन्न गरिएको अर्काको कर्म अथवा व्यवसायलाई अपनाउनु भन्दा त्रुटिपूर्ण ढङ्गले गएिको भए पनि आफ्नै कर्ममा लाग्नु श्रेयस्कर हुन्छ राम्रो हुन्छ । आफ्नो स्वभावअनुसार निर्देशित कर्म कहिल्यै पनि पापबाट प्रभावित हुँदैन ।

यहाँ भगवान्ले स्वभावका आधारमा, गुणका आधारमा आफ्ना आफ्ना कर्म नै राम्रो हुन्छ त्यसरी नै कर्मका आधारमा वर्ण व्यवस्था गरिएको हो । अध्याय ४ को १३ अनुसार त्यसैलाई यहाँ इङ्गित गरेको पाइन्छ । आफ्नो स्वभाव कर्म र क्षमताअनुसार नै ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रको वर्ण व्यवस्था गरिएको हो । त्यसैले आफ्नो स्वधर्म कर्म गर्दा नै पापबाट मुक्त भनिएको हो । अर्को कुरा भगवान्को इच्छाअनुसारको कर्म अथवा भगवान् कसरी प्रसन्न हुनुहुन्छ भन्ने उद्देश्य राखी समर्पण भाव एवं भक्तिसहितको कर्म नै श्रेयस्कर कर्म हो ।

त्यस्तै हे कुन्ती पुत्र अर्जुन ! दोषपूर्ण नै भए पनि आफ्नो स्वभावका साथमा उत्पन्न भएको कर्म परित्याग गर्नु हुँदैन । स्वधर्म, सहजकर्म, स्वकर्म, नियतकर्म, स्वभावजन्यकर्म भनेर इत्यादि नामले चिनिन्छ । यी कर्महरू त्याग गर्नु हुँदैन । किनभने जुनसुकै उद्यम पनि धुवाँले आगोलाई जसरी ढाक्दछ त्यसरी नै ढाकिएका हुन्छन् । जस्तै भगवान्लाई शिरोधार गरेर अथवा भगवान्को आज्ञानुसार अथवा भगवान्लाई प्रसन्न पार्न गरिने कर्म ब्राह्मणले पूजा-अर्चना गर्दा पनि केही पाप कर्म हुन सक्दछन् । त्यस्तै वैश्यले व्यापार गर्दा झूट बोल्दछन् त्यसकारण कुनै पनि कर्म दोष रहित हुन सक्दैनन् ।

तापनि कर्म परित्याग गर्न हुँदैन । तिमी युद्ध गर तिमी पापमा पर्ने छैनौ । भनेर उपदेश गरेको पाइन्छ ।

त्यस्तै सर्वत्र कुनै पनि किसमको भौतिक भोगको आशा नगर्ने अथवा वास्ता नगर्ने बुद्धिमान् आत्मसंयमी तथा अनासक्त व्यक्तिले सांख्य योग अथवा संन्यासको अभ्यासद्वारा कर्म फलबाट मुक्तिको सर्वोच्च अवस्था प्राप्त गर्न सक्दछन् । त्यस्ता व्यक्तिको मानसिकतामा कर्म वास्तविक रूपमा भगवान्कै लागि काम गर्दैछु भनेर गर्ने व्यक्ति सन्तुष्ट हुन सक्दछ । त्यो आनन्दमा सदा रमाइराख्दछ ।

हे कुन्ती पुत्र ! यसरी कर्म गरेर सिद्धि प्राप्त आनन्द प्राप्त गरेको व्यक्तिले कसरी परमसिद्धि प्राप्त गर्न सक्दछ । कसरी ब्रह्मलाई अर्थात् ज्ञानको सर्वोच्च स्तरलाई प्राप्त गर्न सक्दछ यो कुरा तिमीलाई संक्षेपमा भन्दछु सुन ।

बुद्धया विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्यदस्य च ।।
विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ।।
अहङ्कारं बलं दर्प कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ।। (गीता १८-५१-५३)

जो व्यक्ति आफनै् बुद्धिद्वारा निर्मल भएर धैर्यपूर्वक मनलाई नियन्त्रण गर्दै इन्द्रिय तृप्तिका सबै विषयहरूलाई त्यागेर, राग र द्वेषबाट मुक्त भएर जो एकान्त स्थलमा निवास गर्दछ जो अल्प आहार गर्दछ, शरीर, मन र वाणी शक्तिलाई जसले नियन्त्रण गर्दछ । जो सधैं समाधिमा रहन्छ । जो विरक्त छ । जो अहंकार, बल, घमण्ड, काम, क्रोध, भौतिक वस्तुको सङ्ग्रह र मिथ्या स्वामित्व भावबाट जो मुक्त छ, अनि जो शान्त छ, त्यस्तो व्यक्ति निश्चय नै आत्मसाक्षात्कारको स्थितिमा आरूढ हुन्छ ।

त्यस्तै यसरी दिव्यस्थितिमा अवस्थित व्यक्तिले तुरुन्तै परमब्रह्मको अनुभूति गर्दछ र पूर्णतया आनन्दित हुन्छ । उसले कहिल्यै शोक पनि गर्दैन र कुनै वस्तुको चाहना पनि गर्दैन । उसले हरेक जीवात्माप्रति समभाव राख्दछ । त्यस अवस्थामा उसले मेरो शुद्ध भक्ति प्राप्त गर्दछ ।

त्यस्तै केवल भक्तिद्वारा मात्रै मानिसले म (भगवान्)लाई यथार्थ रूपमा बुझ्न सक्दछन्। यस प्रकारको भक्तिद्वारा पूर्णरूपले मेरै (भगवान्को) भावनामा भावित भएको व्यक्ति भगवद्धाममा प्रवेश गर्न सक्दछ।

त्यस्तै मेरा शुद्ध भक्तहरू मेरा संरक्षकमा रहेर सबै प्रकारका कार्यहरू गर्दै मेरा कृपाले नित्य तथा अविनाशी धाममा पुग्दछन्। त्यसै कारण हे अर्जुन ! बुद्धिद्वारा सबै किसिमका कर्महरू समस्त कार्यका लागि ममा नै निर्भर होऊ। सधैँ मेरै संरक्षणमा कर्म गर। यस प्रकारको भक्तिमा रहेर म प्रति चौबिसै घण्टा पूर्णरूपले चिन्तन गर्दै मेरो चेतनाले युक्त होऊ।

यदि उपयुक्त प्रकारबाट मेरो चेतनामा आउँदछौ भने मेरा कृपाले बद्ध जीवका सम्पूर्ण विघ्न-बाधाहरूलाई पार गर्नेछौ। यदि अहंकारवश यस्तो चेतनामा रहेर काम गर्दैनौ र मेरो चिन्तन र मेरा बारेमा कुनै केही गर्दैनौ भने तिमी नष्ट हुनेछौ।

त्यस्तै यदि तिमी यहाँ मेरो निर्देशनअनुसार काम गर्दैनौ र युद्ध गर्दैनौ भने तिमी गलत दिशातिर निर्देशित हुनेछौ। तिम्रो स्वभावले नै तिमीलाई युद्धमा लगाउने छ।

त्यस्तै हे कौन्तेय ! अहिले तिमी मोहमा परेर मेरो निर्देशनअनुसार जुन काम गर्न मानिराखेका छैनौ। त्यही काम तिम्रो आफ्नै स्वभावबाट उत्पन्न कर्मका वशमा परेर गर्न बाध्य हुनेछौ।

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारुढानि मायया ।। (गीता १८-६१)

हे अर्जुन ! परमेश्वर हरेकका हृदयमा विराजमान हुनुहुन्छ र भौतिक शक्तिबाट बनेको यन्त्र जस्तो शरीरमा रहेर समस्त जीवात्मालाई आफ्नो मायाद्वारा घुमाइरहनुभएको छ।

त्यसैकारण हे भारत ! तिमी पूर्ण रूपले उहाँको शरणमा जाऊ। उहाँको कृपाद्वारा तिमीले दिव्य शक्ति र परम शाश्वत धाम प्राप्त गर्नेछौं।

यसप्रकार मैले तिमीलाई गोपनीयभन्दा पनि गोपनीय ज्ञान भने यसलाई पूर्णतया राम्रोसँग चिन्तन मनन गर। त्यसपछि तिम्रो जे इच्छा हुन्छ त्यही अनुसार गर। त्यस्तै तिमी मेरो अत्यन्त प्रिय मित्र भएको हुनाले तिम्रो हितका

लागि म तिमीलाई सबैभन्दा गोपनीय ज्ञान वा परम उपदेश दिँदैछु । त्यो अतिमहत्त्वपूर्ण छ, सुन ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।। (गीता १८-६५)

हे अर्जुन ! तिमी सधैँभरि मेरो चिन्तन गर । मेरो भक्त बन । मेरो पूजा गर । मेरो ध्यान गरेर मलाई नमस्कार गर । यसो गर्नाले तिमी मसँग मिल्नेछौ, आउनेछौ । तिमी मेरा अत्यन्त प्रिय मित्र भएकाले तिमीलाई यो वचन दिन्छु अथवा सत्य प्रतिज्ञा गर्दछु भनेर भन्नुभएको छ ।

यहाँ यस श्लोकमा भगवान्ले उपदेश गर्नुभएको के हो भने मेरो चिन्तन-मनन गर । मेरै ध्यान गर । मेरो पूजा गर । मलाई नमस्कार गर र मेरो भक्त बन । भन्नुको तात्पर्य भक्त सच्चा छ अथवा भएपछि भगवान्मा नै मिलन हुन्छ भनेर वेदले पनि बारम्बार बताइराखेको छ । तर त्यही कुरा साक्षात् श्रीकृष्णले नै प्रतिज्ञा गर्नुहुन्छ अर्जुनसँग । यसबाट के प्रस्ट हुन्छ भने अहोरात्र चौबिसै घण्टा कृष्णकै चिन्तन अर्जुनकै रूपमा रहेर गर्नुपर्दछ । भगवान्को प्रतिज्ञा त सामान्य त हैन । हुन सक्दैन । किनकि अर्जुन अघिल्लो जन्ममा नर थिए भगवान् नारायण हुनुहुन्थ्यो । यस जन्मका मात्र सखा नभएर धेरै जन्मदेखि नै सखा भएको हुनाले भन्नुहुन्छ । तिमी सखा पनि हौ । शिष्य पनि हौ । भक्त पनि हौ त्यसैले तिमी मेरो अति प्रिय छौ । त्यसकारण तिमीलाई अति गोप्य ज्ञान बताउँछु भनेर पहिले भन्नुभयो र यो मैले बताएअनुसार गर्यौ भने 'माम् एष्यसि' ममा नै आउनेछौ भनेर भन्नुभएको छ ।

त्यस्तै अर्जुनका चरण चिह्नको अनुसरण गर्ने जुनसुकै भक्त पनि कृष्णको प्रिय पात्र बन्न सक्दछ । अर्जुनले जस्तै सिद्धि प्राप्त गर्न पनि सक्दछ । यी सबै कुराबाट के बुझ्न जरुरी छ भने मनलाई कृष्णमा एकाग्र गराउनुपर्दछ भन्ने कुरामा जोड दिएको पाइन्छ । अब मनमा कृष्णको स्थापना गर्नका लागि भगवान्को स्वरूपको नै ध्यान नगरीकन त मनमा स्थापना गर्न सकिँदैन । त्यसैले कस्तो रूपभन्दा हातमा बाँसुरी लिनु भएका अथवा (मुरली) कृष्णको स्वरूप दुई हात भएका दुई भुजाधारी शिरमा मयूरको पङ्ख धारण गर्ने सुन्दर मुहार भएको कृष्णको शरीर श्याम वर्ण छ । यस्तो कृष्णको रूपको वर्णन ब्रह्मसंहिता आदि अन्य संस्कृत साहित्यमा पनि गरेको पाइन्छ । यसबाट के सिद्ध हुन्छ भने भगवान्को मौलिक स्वरूप कृष्ण हो र मुमुक्षु हुने इच्छा गर्ने

भक्तले आफ्नो मनलाई कृष्णमा स्थिर गर्न यसै मौलिक स्वरूपको नै चिन्तन मनन निदिध्यासन गर्नुपर्दछ साथै आफ्नो मन केन्द्रित गर्नुपर्दछ । यसैलाई नै भक्ति भनिन्छ ।

उपयुक्त माथि उल्लेखित मनलाई कृष्णमा नै केन्द्रित गरिसकेपछि सबै प्रकारका धर्महरूलाई त्यागेर मेरो शरणमा आऊ म तिमीलाई सम्पूर्ण पाप कर्महरूबाट उद्धार गर्दछु नडराऊ भनेर श्रीकृष्ण भगवान्ले अर्जुनलाई सारा गीताको उपदेश १८ दिनसम्म गरिसकेपछि अब त अर्जुनमा पक्का ब्रह्मज्ञान भयो भन्ने जानेर सान्त्वना दिनुहुन्छ । साथै अर्जुनलाई भन्नुहुन्छ । यो गोपनीय ज्ञान जो तिमीले पायौ त्यो ज्ञान जसले मलाई साधारण मनुष्य मात्र हो भन्ने ठान्दछ । यो मेरो गीतामा विश्वास गर्दैन जो मेरो भक्त छैन र मेरो भक्तहरूलाई श्रद्धा गर्दैन, तप गर्दैन, मेरो जसले द्वेष गर्दछ । मेरो अभक्तलाई भक्तिमा संलग्न नभएकालाई इच्छा नगर्नेलाई यो गोपनीय ज्ञान कहिले पनि नभन्नु भनेर उपदेश गर्नुभएको छ । त्यस्तै यो परम रहस्यमय गोपनीय ज्ञान जसले मेरा भक्तहरूलाई भन्दछ सुनाउँछ त्यसले मेरो शुद्ध भक्ति प्राप्त गर्दछ र त्यस्तो भक्त अन्त्यमा मेरो धाममा पुग्दछ त्यसमा कुनै संशय छैन । त्यस्तै यो मेरो परम रहस्यात्मक ज्ञानलाई मेरो भक्तसम्म पुऱ्याउने मानिस मनुष्यहरूमा ऊभन्दा प्रिय मेरो लागि अर्को मेरो सेवक छैन र पछि पनि ऊभन्दा प्रायः अर्को हुँदैन । त्यो मेरो त्यति प्रिय कार्य गर्ने ठहर्ने छ ।

साथै मेरो विचार यस्तो छ कि जसले हामी दुईबीचको यो पवित्र वार्तालापको अध्ययन मनन गर्दछ त्यसले आफ्नो बुद्धिद्वारा अथवा ज्ञान यज्ञद्वारा मेरो पूजा ध्यान गरेको ठहर्नेछ ।

यस संवादलाई जसले ईर्ष्यारहित भएर, श्रद्धायुक्त भएर सुन्दछ त्यो व्यक्ति सम्पूर्ण पापकर्महरूबाट मुक्त हुन्छ र पुण्यात्माहरू निवास गर्ने पवित्र लोकमा पुग्दछ ।

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसम्मोहः प्रनष्टस्ते धनञ्जय ।। (गीता १८-७२)

हे पार्थ हे धनञ्जय ! भनेर एक ब्रह्मनिष्ठ, गुरुले आज्ञाकारी शिष्यलाई जसरी अध्यापन गराइसकेपछि सोध्दछन् त्यस्तै यहाँ तिमीलाई मैले बताएको कुरा ज्ञान भयो कि भएन भनेर जसरी गुरुकुल परम्परामा सोधिन्छ त्यस्तै यहाँ पनि भगवान् श्रीकृष्णले अर्जुनलाई पूरा अठार अध्यायसम्म ज्ञानको उपदेश

गरिसकेपछि भन्नुहुन्छ- तिमीले एकाग्र चित्तले यो ज्ञान सुन्यौ के ? तिम्रो अज्ञान मोह तिमीमा भएको संशय नाश भयो ? त्यस्तै गीता १८-७३ मा

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ।।

भनेर अर्जुनले वडो नम्रताका साथ भने- हे कृष्ण हे अच्युत हजुरका कृपाले गर्दा मेरो मोह, मेरो सन्देह, मेरो अज्ञान नष्ट भयो र मैले फेरि मेरो स्मृति प्राप्त गरें । म अहिले दृढ छु र संशय रहित भएको छु । अब हजुरको आज्ञाअनुसार काम युद्ध गर्न तयार छु । गीताको ज्ञानले प्रवाह गर्न खोजेको सन्देश के हो भने जीवलाई आफ्नो स्वरूपको ज्ञान गराउनु हो । त्यसका लागि गीताको प्रतिपाद्य वस्तु भनेको 'तत्त्वमसि' हो । यो वेदको महावाक्य हो । तत्को अर्थ ब्रह्म त्वंको अर्थ जीव असि भनेको तिमी त्यही ब्रह्म हो । यो क्रिया पदको अर्थ अथवा तिमी ब्रह्म हौ । त्यसलाई सिद्ध गर्नका लागि सात विषयको ज्ञान गर्नुपर्ने हुन्छ । ती सात विषय (१) अधिकारी निर्णय (२) गुरुपसदनं (३) पदार्थद्वय (४) तदैक्य (५) विरोधपरिहार (६) साधन (७) फल । यहाँ अर्जुन आधिकारिक थिए नै चार साधनको ज्ञान अर्जुनमा थियो । त्यस्तै गुरुपसदन भनेर भनेकोमा 'शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम्' भनेर गीता २-७ मा गुरुको शरणमा गएकै छन् । त्यस्तै पदार्थद्वय भनेको ब्रह्मको प्रतीक श्रीकृष्ण र जीवको प्रतीक अर्जुन भएर संवाद भएको छ, उपदेश गरिएको छ ।

त्यस्तै तदैक्य भनेर आसुरी भावले मोहग्रस्त अर्जुनलाई ब्रह्मको ज्ञान गराउने उद्देश्य गीतामा प्रमुख विषय नै छ । जीवलाई ब्रह्मको ज्ञान गराएर जीवले आफ्नो स्वरूप जो ब्रह्मको स्वरूप सत् स्वरूप, चित्, स्वरूप, आनन्द स्वरूपको ज्ञान गराएर तदैक्य गराउने प्रयास भएको छ । त्यस्तै विरोध परिहारमा पनि ब्रह्मका स्वरूप जे हो त्यही जीवको स्वरूप हो भनेर गीता १५-७ मा "ममैंवांशो जीवलोके जीवभूतः सनातनः" भनेर स्वयं श्रीकृष्णले भन्नुभएको छ । त्यस्तै सारा उपनिषद्ले ब्रह्मसूत्रले पनि जीव भगवान्को अंश नै हो भनेर उद्घोष गरेका छन् । त्यस्तै अद्वेतवादीहरू पनि ब्रह्म एक छ द्वितीय छैन भनेर मत प्रकट गर्दछन् ।

यति हुँदाहुँदै पनि वैष्णवहरू जीव भगवान् हुन सक्दैन ऊ दास हो 'सोऽहम्' हैन 'दासोऽहं' भनेर मत जाहिर गर्दछन् । त्यस्तो विरोध हुँदाहुँदै पनि मेरो चिन्तन गर, आराधना गर, पूजा गर, ध्यान गर । ममा नै मिल्ने छौ भनेर ठोकुवा गर्नुहुन्छ । त्यस्तै कर्म, उपासना, भक्ति र ज्ञान अन्तरङ्ग साधन र

बहिरङ्ग नियत कर्म, निष्काम कर्म, क्रिया कर्म, यज्ञकर्म आदि साधनको पनि प्रयोग गरेर कृष्णले उपदेश गर्नुभएको पाइन्छ ब्रह्म ज्ञान गराउन । अब रह्यो फल फल भनेको यी सबै विधिको प्रयोग गराएर ब्रह्मज्ञानरूपी फल अर्जुनले प्राप्त गरेर हे अच्युत ! मेरो मोह हजुरको कृपाले नष्ट भयो, म सबै संशयबाट मुक्त भएँ, अनि मैले पुनः मेरो स्मृति प्राप्त गरें, म हजुरको आदेशअनुसार युद्ध गर्दछु । गीताले अर्जुनलाई माध्यम बनाएर सांसारिक मोह भवसागरमा डुबेका जीवलाई उद्धार गर्नका लागि दिएको सन्देश यस रहस्यमा पनि गीतारूपी समुद्रबाट एक अञ्जुली बराबर भए पनि जलरूपी ज्ञान दिने प्रयास गरिएको छ ।

जस्तै- अर्जुनले मेरो मोह नष्ट भयो, म अब युद्ध गर्दछु अथवा तपाईंको आज्ञा पालन गर्दछु भन्दछन् । त्यसपछि राजा धृतराष्ट्रले आफ्ना सहयोगी आफैँ दिव्य चक्षु, वेदव्यासबाट दिलाएका संजयसँग युद्धका विषयमा जिज्ञासा राख्दछन् । सञ्जयले राजा धृतराष्ट्रसँग यसप्रकार भन्दछन् - हे राजन ! व्यासका कृपाले मैले कृष्ण र अर्जुनको अत्यन्त गोपनीय वार्ताहरू योगेश्वर कृष्णबाट सुनें । कृष्ण स्वयं अर्जुनसँग यी कुरा भन्दै हुनुहुन्थ्यो कि जब म बारम्बार कृष्ण र अर्जुनका बीच भएको यो अद्भुत तथा पवित्र वार्तालाप सम्झेर प्रतिक्षण म गद्गद हुँदै हर्षले विभोर हुन्छु । हे राजन ! भगवान् कृष्णको अद्भुत रूप सम्झेर म झन् झन् आश्चर्यचकित हुन्छु र बारम्बार हर्षित हुन्छु ।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ।। (गीता १८-७८)

यसकारण हे राजन ! जहाँ योगेश्वर कृष्ण हुनुहुन्छ र जहाँ परम धनुर्धारी अर्जुन छन् । निश्चय नै त्यहाँ ऐश्वर्य र विजय हुन्छ जहाँ अलौकिक शक्ति र नैतिकता पनि रहन्छ त्यहीँ अटल हुन्छ भन्ने मेरो विश्वास छ । भनेर सञ्जयले धृतराष्ट्रलाई सुनाउँदछन् ।

गीताको समग्रमा सार तत्त्व रहस्य भनेको गीताको प्रथम षडङ्गले जीवको अवस्थाको ज्ञान गराउनुका साथै कर्म गर्न प्रेरणा प्रदान गर्दछ र जीवको प्रतीक यहाँ अर्जुन हुन् । त्यस्तै द्वितीय षडङ्गले ब्रह्मको स्वरूपको ज्ञान प्रदान गर्दछ र ब्रह्म निर्गुण होता पनि गीतामा सगुण रूपमा ब्रह्मको प्रतीक श्रीकृष्ण हुन् । त्यस्तै तृतीय षडङ्गले अज्ञानरूपी जीवलाई विभिन्न प्रकारले ब्रह्मको ज्ञान गराएर जीव र ब्रह्मको एकत्व गराई मोक्ष प्रदान

गराउँदछ र 'सामवेद' को 'तत्वंअसि' महावाक्यले तिमीनै ब्रह्म हौ भनेर गीताको संक्षेपमा सारभूत तत्त्व, अर्थ यही र हो गीताले जीव कल्याणका लागि दिन खोजेको सन्देश पनि यही हो, अस्तु ।

ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे मोक्ष संन्यास योग नामक गीता रहस्य अष्टादशोऽध्यायः समाप्तम् ।

उपसंहार

प्रत्येक महापुरुषहरूले गीताको अर्थ र भावना बुझ्न चाहन्छन् । वास्तवमा गीताको अर्थ के हो ? सत्य के हो ? खोज्न चाहन्छन् । जान्न चाहन्छन् । महापुरुषहरूले उद्देश्य र कार्य समाजमा चलेको कुप्रथा विकृतिलाई हटाएर राम्रो प्रथा, राम्रो रीतिथिति बसाल्न खोज्दछन् । पहिलेका महापुरुषहरूले त्यस्तै रीतिथिति बसालेर समाजलाई उत्थान गर्नका लागि राम्रो उपदेश गरे । समाजमा भएका विकृति, कुरीति हटाएर स्वच्छ समाजको निर्माण गरे । मार्गनिर्देश गरे । त्यसैअनुसार समाज परिष्कृत हुँदै गयो । समाजमा रहने बस्ने सबैको जीवनस्तर उठ्दै गयो आत्मज्ञानतर्फ दीक्षित पनि हुँदै गए ।

त्यसपछिका मानिसहरूले महापुरुषहरूको उपदेश मार्गनिर्देशनको चर्चा-परिचर्चा गर्न थाले र महापुरुषहरूका उपदेश सबैमा जानकारी एवं ज्ञान गराउनका लागि प्रत्येकका घर घर गएर उपदेश महावाणीहरू मार्गनिर्देश गर्न असजिलो हुने भएकाले एक एक (सेन्टर) स्थानहरूमा भेला भएर ती उपदेश महान्वाणीको विषयमा चर्चा-परिचर्चा गर्ने जसलाई सत्सङ्गत भनिन्छ त्यो गर्ने हेतुले एक ठाउँमा भेला भएर सामूहिक रूपमा गर्ने एवं सम्झनाका लागि मूर्ति राख्ने कार्य हुँदै गयो । पछि गएर तिनै सम्झनाका लागि राखिएका मूर्तिहरूलाई पूजा गर्न थालियो । त्यही मूर्तिको पूजा गरेपछि सबै कुरा हुन्छ भनेर त्यही प्रथालाई निरन्तरता दिन थालियो । त्यसै समयदेखि मूर्तिपूजा गर्ने परम्परा बस्यो, रामकृष्ण परमहंस, कबीर, गुरुनानक, इसु, मुहम्मद, भगवान्बुद्ध आदि महापुरुषहरूले समाजदेखि माथि उठेर उपदेश, मार्गदर्शन गरेका थिए ।

समाज सुधारका लागि पछिका मानिसहरूले महापुरुषहरूका उपदेश महावाणीहरूलाई अङ्गीकार नगरेर पथ प्रदर्शक नभएर, उनीहरूको जन्मस्थान, मृत्युस्थान, उनीहरू गएको स्थान आदि स्थानहरूलाई तीर्थ मानेर तिनै स्थानहरूमा मूर्ति स्थापना गरेर मूर्तिपूजा गर्न थालियो । त्यसैबाट यो मूर्तिपूजाको परम्परा चलेको हो । त्यस परम्परा कुरीतिलाई समाजबाट विस्थापित गर्ने सत्य के हो ? गर्नुपर्ने के हो ? भन्ने कुरा खोजेर राम्रो समाजको सुरुआत गर्ने उद्देश्यले योगेश्वर श्रीकृष्णले गीतामा यही कुराको खण्डन गरेर

असत्य वस्तुको अस्तित्व कहिल्यै हुँदैन रहँदैन । त्यस्तै सत्य वस्तुको अस्तित्व कहिल्यै मेटिँदैन भनेर गीतामा प्रस्टसँग उपदेश गरेको पाइन्छ । जस्तै गीता २-१६ मा

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ।।

नासतो विद्यते भावो भनेर समाजमा असत्यको अस्तित्व हुँदैन, सत्य कहिले पनि हराउँदैन, तत्त्वदर्शी महापुरुषहरूले यो कुरो जानेका हुन्छन् । भनेर उल्लेख गरेको पाइन्छ । त्यस्तै गीता १८ अ. मा त्याग र संन्यासको विषयमा तत्त्व बताइएको छ । उदाहरण दिनुभएको छ भगवान् श्रीकृष्णले अग्निको त्याग गरेर अग्निलाई नछोएर मात्र त्याग हुँदैन । संन्यास मानिँदैन । न त योगी नै हुन सक्दछ । चिन्तनलाई छोडेर कर्मयोग, ज्ञानयोग वेगर अथवा त्यसलाई छोडेर संन्यास हुन सक्दैन । कर्ममा विश्वास नगरी ज्ञान मार्ग, भक्ति मार्ग, दुवै मार्ग कुनैमा पनि कर्मको त्याग्ने विधान छैन । कर्म त अनिवार्य गर्नै पर्दछ । कर्म गर्दागर्दा साधकको साधना यति सूक्ष्म हुन्छ कि उसमा सवै सङ्कल्पको अभाव हुन्छ तब मात्र ऊ बल्ल पूर्ण संन्यास हुन्छ । साधना कर्म बेगरको बीच बाटोमा संन्यासको विधि केही छैन । केवल क्रिया मात्र त्याग गरेर अथवा अग्निको मात्र त्याग गरेर संन्यास हुन सक्दैन । न त योगी नै हुन सक्दछ । जस्तै गीताको अध्याय २, ३, ५, ६, १८ अध्यायमा संन्यास त्यागको विषयमा देख्न सकिन्छ । त्यस्तै भ्रान्ति, अनेक भ्रम कर्मको सम्बन्धमा पनि पाइन्छ । जस्तै- गीता अध्याय २-३९ मा

एषा तेऽभिहिता साङ्ख्ये बुद्धिर्योगे त्विमां श्रृणु ।
बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ।।

भनेर पनि बताइएको पाइन्छ । त्यस्तै कृष्णले अर्जुनलाई भन्नुहुन्छ- अहिलेसम्म तिमीलाई बुद्धि योग एवं साङ्ख्य योग बताएँ । अब तिमीलाई निष्काम कर्मको विषयमा बताउँछु । राम्रोसंग सुन भनेर भन्नुहुन्छ । यो सुनेर बुझेपछि तिमी कर्मको बन्धनबाट मुक्त हुन सक्दछौ । यसको आचरणले त महान भवसागर जन्म-मृत्युको भयदेखि तिमीलाई मुक्त गर्ने हुन्छ, उद्धार गर्दछ । यस निष्काम कर्मयोगको आचरणले तिम्रो सोचमा पनि परिवर्तन आउँदछ । निश्चयात्मक क्रिया एउटै हो । बुद्धि एउटै हो । विषय एउटै हो, दिशा पनि एउटै हो तर अविवेकीको बुद्धि अनेक हुन्छ र बाँडिन्छ । यस कारण

कर्मको नामबाट अनेक क्रियाको विस्तार हुन्छ । त्यसैले तिमीले नियत कर्म भनेको शास्त्र विहित कर्म अथवा निश्चित कर्म गर, क्रिया धेरै छन् । त्यसमा नलाग तिनी कर्म हैनन् कर्म त निर्धारित दिशा हो । कर्म यस्तो वस्तु हो जो कैयौं जन्मजन्मान्तरदेखि आएको हो । शरीरको यात्रालाई अन्त्य गर्दिन्छ । एक जन्मले मात्र शरीरको यात्रा कहाँ पूरा हुन्छ र अथवा हुँदैन हे अर्जुन ! यज्ञ नै कर्म हो । यज्ञ के हो ? नियत कर्म के हो ।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ।। (गीता ३-९)

ले यज्ञको प्रक्रिया नै कर्म हो भनेर बताएको पाइन्छ । यसको अतिरिक्त जो काम कर्म गरिन्छ त्यो त यस लोकको बन्धन हो । नियत कर्म निष्काम कर्मले त यस बन्धनबाट मुक्त गर्दछ । अब यज्ञ के हो ? भन्दा जसलाई क्रिया गरेर कर्म सम्पन्न हुन्छ त्यो यज्ञ हो । अध्याय ४ को १३, १४ मा

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ।।
न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ।।

कर्म र वर्ण व्यवस्थाको विषयमा लिप्सा, अथवा फलको आशा नगरीकन गरिने कर्मलाई नै बढी महत्त्व दिएको पाइन्छ । त्यस्तै न्यास, ध्यान, चिन्तन, मनन, इन्द्रिय-संयम, मनोनिग्रह आदि विभिन्न तरिकाबाट परमात्मामा प्रवेश पाउन सकिन्छ । त्यसैबाट यज्ञ सम्पन्न गर्न सकिन्छ । यज्ञ भनेर यहाँ कुनै धन पैसाबाट हुने द्रव्य यज्ञलाई खासै महत्त्व दिएको पाइँदैन । द्रव्य यज्ञ त एक करोड आहुति गरेर पनि गर्न सकिन्छ । तर त्यसको केही महत्त्व गीताले मान्दैन । गीताले निर्दिष्ट गरेको अथवा निर्धारित गरेको कर्म अथवा सम्पूर्ण यज्ञ मन इन्द्रियहरू र अन्तस्करणबाट गरिने क्रिया सम्पन्न हुने कर्म नै यज्ञ हो भनेर ४ प्रकारका यज्ञ भएको गीता ४-२८ ले बताएको छ । त्यसको पूर्ण हुने यज्ञ जसको सृष्टि कर्ता छ त्यस अमृत तत्त्वलाई जसले जान्दछ त्यही जानकारीको नाम नै ज्ञान हो । त्यो ज्ञानको पान गर्ने योगी नै सनातन ब्रह्ममा मिलन हुन्छ । अब जसमा मिल्न थियो । उसमा मिलेपछि उसलाई केही चाहिँदैन । उसलाई ब्रह्मको साक्षात्कार ज्ञान हुन्छ । ऊ कर्म बन्धनबाट मुक्त हुन्छ । यही नै गीताले दिन खोजेको ज्ञान हो । दर्शन हो, गीताले निर्धारित यज्ञको कार्य रूप दिनु नै कर्म को शुद्धता हो । आराधना, कर्म नियत

कर्म, तदर्थकर्म, यज्ञार्थ कर्म, निष्काम कर्मबाहेक गीतामा अरू केही कर्म कृष्णले बताएको पाइँदैन । यसैलाई प्रत्येक स्थानमा जोड दिएको पाइन्छ । अध्याय ६ मा यसैलाई कार्य कर्म भनिएको छ । अध्याय १६ मा काम, क्रोध लोभ त्यागेर मात्र कर्मको सुरु गर्नु पर्दछ भन्नु भएको छ । त्यही कर्म परम फलदायक हुन्छ, श्रेयस्कर हुन्छ भन्नुभएको पाइन्छ । सांसारिक कर्ममा जो जति व्यस्त हुन्छ, त्यति नै त्यसमा काम, क्रोध, लोभ, मोह बढी हुन्छ । यसै नियतलाई शास्त्रीय विधिको नाम भनेको पाइन्छ । गीता आफैँमा शास्त्र हो पूर्ण हो । त्यसैमा सर्वोपरि शास्त्र वेद हो । वेदको सार उपनिषद् हो । यी सबैको सारांश कृष्णको वाणी गीता हो । त्यस्तै १७ र १८ अध्यायमा पनि शास्त्र विधिबाट निर्धारित कर्म, नियत कर्म, पुण्य कर्म, कर्तत्य कर्म, यी मध्ये नियत कर्ममा नै जोड दिएको पाइन्छ । श्रीकृष्णले यस्तो जोड दिंदादिंदै पनि हामी त्यो कुरा नबुझेर उल्टो अर्थ गरेर नियत कर्मको मर्मलाई राम्रोसँग मनन नगरेर नबुझेर अनेक अर्थ लगाएर उल्टो, सुल्टो अर्थ गरेर उनकै अर्थमा ढालेर त्यसको वास्तविक मर्मलाई नबुझेर यज्ञको नाम आउनेबित्तिकै हामी नियत यज्ञको अर्थको भावना अथवा मर्म नबुझेर पितृयज्ञ, भूतयज्ञ, पञ्चयज्ञ, विष्णुका नाममा गरिने यज्ञ, शिवका नाममा गरिने यज्ञ आदि नाम लिएर गर्दछौं । त्यस्तै फलको कामना नगरेपछि निष्काम कर्म भयो भनेर अर्थ गर्ने गर्दछौं । जो पनि संसारमा गरिन्छ त्यो कर्म हो । केही त्याग्न जरुरी छैन । फलको त्याग गरेपछि सबै पूर्ण हुन्छ । त्यही निष्काम कर्म हुन्छ । नारायणलाई समर्पण गरेपछि त्यही समर्पण भयो । त्यही हो समर्पण योग भनेको भनेर अर्थ लगाउँछौं । यही नै गल्ती गरेर आफ्नो मन गढन्ते अर्थ गरेर यज्ञ आदि गरेर हामीहरू हाम्रो मनलाई मस्तिष्कलाई त्यस्तो प्रभावले भरेर राखेका छौं । हाम्रो मनमस्तिष्कमा जमेर रहेको अर्थ त्यही नै हाम्रो आजको समस्या हो । अब त्यो कति समयदेखि मन मस्तिष्कमा जरा गाडेर रहेको विश्वास हामीहरू झट्ट त्याग्न खोज्दा पनि त्याग गर्न सक्दैनौं । किनभने त्यो पूजा पद्धतिले हामीहरूलाई मन मस्तिष्कदेखि नै जकडिएर भित्रैदेखि बसेको छ । बाहिरको ज्ञान मात्र भएको भए हामीहरू तुरुन्त त्याग गर्न सक्दथियौं होला तर यी प्रभावहरू हाम्रा भित्रै जमेको हुँदा हामी त्याग गर्न असमर्थ छौं । त्यही नै हामीहरूको अशान्तिको जड हो । गीतामा बुझ्नुपर्ने कुरा युद्ध र यज्ञकर्म यी दुईको अर्थ यथार्थ रूपमा बुझेको खण्डमा अर्जुनले वर्ण व्यवस्था, वर्णसङ्कर, कर्मयोग, ज्ञान योग, नियत कर्मको ज्ञान यदि हुन्थ्यो भने अर्जुन लड्न नमानेर धनुष्वाण फालेर रथमा बस्ने अवस्था आउने थिएन । ठीक

आज हाम्रो समाजको प्रत्येक जीवको अवस्था त्यस्तै छ । गीतामा श्रीकृष्णले हाम्रो समाजलाई कर्म गर्न उठ, युद्ध गर, युद्ध गर्नु तिम्रो कर्म हो भनेर कर्मको शिक्षा दिएर लड्न तयार पार्नुभएको छ र अर्जुनलाई कर्म मार्गमा दृढ गराउनुभएको छ । त्यो महाभारतको युद्ध भयो । गीतामा युद्ध गर अर्जुन भनेर वारम्बार गीता अध्याय २, ३, ११, १५ र १८ का १५, १६ वटा श्लोकहरूमा बताइएको छ । युद्ध गर भन्ने त बारम्बार आउँछ, तर यिनमा कहीं कतै बाहिर मारकाटको समर्थन छैन । सबै श्लोकमा यथार्थ नियत कर्म गरेर साधना गर यसका माध्यमबाट चित्तलाई सबैतिरबाट समेटेर हृदयमा भगवान्को ध्यान गरेर हाम्रो शरीरमा भएका राग, द्वेष, काम, क्रोध मोह आदि भएका विकारलाई टिक्न नदिई ती विकारहरूसँग संघर्ष गर्नु नै युद्ध हो । त्यस्ता विकारहरूको अन्त गर्नु निर्मूल पार्नु नै युद्ध जित्नु हो । हामीमा अर्जुनका जस्तो परिस्थिति नभए तापनि हामी आज पनि अशान्तिमा छौं । यसैलाई हटाउनका लागि नियत कर्मको विधान गरिएको हो । ठूल्ठूला युद्ध त विश्वमा धेरै भैरहेका छन् । विश्वलाई मासिरहेका छन् । ध्वस्त बनाइरहेका छन् । कसैले जितिरहेका छन्, कसैले हारिरहेका छन् । तर त्यो युद्ध जितेकाले पनि शान्ति प्राप्त गर्न सकेको छैन । शान्ति जसले आफ्नो काम, क्रोध, लोभ, मोह, राग, द्वेष, रिस एवं मनलाई जित्न सक्दछ, त्यसैले युद्ध जितेको ठहर्दछ । त्यही महाभारतको युद्ध जित्नु हो । हामी भित्र धर्म क्षेत्र पनि छ । कुरुक्षेत्र पनि यहीँ छ । धर्मक्षेत्र भनेको धर्म अथवा आत्मा सत्य हो । आत्मा हो भने कुरुक्षेत्र भनेको काम क्रोधादि असत्य हो । हाम्रो शरीर हो । असत्यलाई परास्त गरेर सत्यको स्थापना गर्नु अधर्मलाई हटाएर धर्मको स्थापना गर्नको लागि नै नियत कर्मको विधान बनाएको हो र गीताको सार तत्त्व पनि त्यही हो । त्यस्तै हे अर्जुन ! वर्णधर्मको व्यवस्था मैले नै बनाएको हो । गीताअनुसार गुण र अवगुण कर्मको आधारमा वर्ण व्यवस्था बनाएको हो । वर्णको व्यवस्था आकृति हैन जाति हैन । गुण र क्षमताको आधारमा गरिएको हो । कर्मको आधारमा गरिएको हो । ब्राह्मण पनि उसलाई तोकिएको कर्म तोकिएको समयमा गर्न सकेन भने त्यो ब्राह्मण हुन सक्दैन । त्यस्तै शूद्रले पनि तोकिएको कर्म तोकिएको समयमा पूरा गऱ्यो भने ब्राह्मण हुन सक्दछ भनेर बनाएको हो । त्यसैले वर्णव्यवस्था जातको हिसाबले गरिएको हैन । कर्म र क्षमताको आधारमा गरिएको हो । उसको कर्म भनेको नियत कर्मको विधान कर्म हो । त्यही कर्मलाई चार वर्णमा बाँढिएको हो । चिन्तनमा त सबै लाग्दछन् तर २ घण्टा ध्यानमा बसेर पनि २० मिनेटको लाभ लिन नसक्ने

क्षमता कम भएकोलाई शूद्रकोटिमा राखियो । त्यसभन्दा अलि क्षमतावान् क्रमशः वैश्यकोटिमा निर्धारण गरियो । त्यस्तै त्यो भन्दा अलि क्षमता बढी भएकालाई क्षत्रियकोटिमा राखियो । त्यसभन्दा अलि बढी क्षमतावान्लाई ब्राह्मणकोटिमा राखिएको हो । ब्राह्मण पनि दोष मुक्त छैनन् । सबै वर्ण व्यवस्था क्षमताअनुसार गरिएको हो । चिन्तनको क्षमताअनुसार गरिएको हो । वृत्तिअनुसारको आकृति हो । जस्तो वृत्ति उस्तै आकृति ब्राह्मण पनि ब्रह्ममा प्रवेश गरिसकेपछि अथवा आत्मज्ञान भैसकेपछि ब्राह्मण रहँदैन । जस्तो वृत्ति त्यस्तै वर्ण पुरुष श्रद्धामय हो सबै कर्मको क्षमताको आन्तरिक मापदण्ड वर्ण हो । तर बाहिर समाजमा जन्मेको आधारमा वर्ण बाँधिन थालेपछि यो विकृति आएको छ । वर्ण नितान्त कर्मको क्षमताका आधारमा मैले वर्ण व्यवस्था गरेको हो । भनेर श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ ।

चातुवर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ।। (गीता ४-१३)

ले गुणकर्मविभागशः भनेर प्रस्टसँग चतुवर्णको व्यवस्था आएको हो । कर्म समाजमा आयो ज्ञान भयो भने बल्ल वर्णको ज्ञान हुन्छ । त्यस्तै कर्मको ज्ञान भएपछि वर्णको ज्ञान हुन्छ । यस व्यवस्थालाई नजानेर यसबाट च्युत हुनु नै वर्णसङ्कर हो । आत्मा नै शुद्ध वर्ण हो । यो शुद्ध आत्माबाट विचलित भएर प्रकृतिमा मिसिनु अथवा प्रकृतिको मायामा हराउनु नै वर्णसङ्कर हो । श्रीकृष्णले स्पष्टसँग भन्नुभएको छ कि, नियत कर्मको ज्ञान नगरेसम्म त्यस स्वरूपको अनुभूति कसैले पनि गर्न सक्दैन । अरू नियत कर्मदेखि बाहेक ज्ञान गरेर न लाभ छ न हानि । गर्न केही आवश्यकता छैन । तर पनि कर्म गरिरहनुपर्दछ । कर्म गर्नुपर्दछ । मैले पनि तीनै लोकमा प्राप्य वस्तु सबै प्राप्त गर्न सक्दछु प्राप्त छन् । प्राप्त गर्न केही बाँकी छैन । तर मैले कर्म गरिराखेको छु । गीता ३-२२ ले पार्थ लोक संग्रहका लागि पछि आउनेले पनि कर्म गरुन् भनेर मैले पनि कर्म गरिराखेको छु । स्त्रीहरू विग्रिएर वर्णसङ्कर हुन्छन् भन्ने त सुनेको मात्र हो । स्वरूपस्थ महापुरुषको देखेर पछि आउनेले कर्म गरेनन् भने सबै प्रकृतिमा भट्केर उद्धार नभएर वर्णसङ्कर हुन्छन् । त्यसैले मैले कर्म गरेको छु । त्यसै कारण हे अर्जुन ! तिमीले पनि कर्म गर्नुपर्दछ । तिम्रो कर्म भनेको युद्ध गर्नु हो त्यो गर "अधर्मलाई आसुरी शक्तिलाई परास्त गर । यही कर्म गरेर मात्र तिमीले शान्ति पाउन सक्दछौं । ब्रह्म प्राप्त गर्न सक्दछौ । ज्ञान योग, कर्मयोग, भक्ति योग, नियत कर्म, आराधना जे गरे पनि उसका

गर्ने दृष्टिकोण दुई छन् । एक आफ्नो शक्तिलाई सम्झेर हानि लाभ के हुन्छ त्यो जानेर आफैँ निर्णय गर्ने कर्म ज्ञान योग हो । यस मार्गलाई जानेर आज मेरो यो स्थिति छ भने आफै निर्णय गरेर गरिने कर्म नै ज्ञान योग हो । त्यसैलाई साङ्ख्य योग पनि भनिन्छ । सम्पूर्ण समर्पण भाव लिएर हानि लाभलाई त्यागेर निष्काम भावले गरिने कर्म, कर्तव्य कर्मलाई कर्मयोग अथवा भक्ति उपासना योग भनिन्छ । यसमा निष्काम भाव हुन्छ । समर्पण भाव हुन्छ । परब्रह्मेश्वरमा नै निर्भर भएर कर्म गरिन्छ । साङ्ख्ययोग, ज्ञानयोग, संन्यासयोगबाट पनि सत्य मिल्दछ, शान्ति मिल्दछ । भक्ति उपासना, निष्काम कर्मबाट पनि त्यही शान्ति मिल्दछ जसले यी दुवैलाई एक देख्दछ त्यही तत्त्वज्ञानी योगी हो ।

त्यही तत्त्वदर्शी हो दुवैमा कामनाको त्याग एउटै हो । परिणाम पनि एकै हो । केवल कर्म गर्ने दृष्टिकोण मात्र दुई देखिएका हुन् । एक परमात्मा छ । त्यसको स्वरूप पनि एकै छ । आत्मा नै परमात्मा हो त्यही अमृत तत्त्व हो । त्यो आत्मा सनातन छ । सबैमा छ, त्यही जान्न सबैले खोज्दछन् । कतिले प्राप्त गर्न सक्दछन् कतिले सक्दैनन् । त्यो कर्ममा भर पर्दछ । जति पनि संसारमा आफूलाई हिन्दु भन्ने छन् ती सबै सनातन धर्म मान्ने सनातन पथमा हिड्ने नै हुन् । तर ती सबै कामना र विषयका वशीभूत भएर आफ्नो ज्ञान गुमाएर अट्किरहेका छन् । विश्वभर जहाँ भएर रहे पनि सनातनी छन् तिनीहरूको कामनाले गर्दा बुद्धि हरण भएर अज्ञानी भएका हुन् । उनीहरूलाई आसुरी स्वभावले बाँधेको छ । तिनीहरूमध्येमा सत्त्वगुणीले देवता भनेर पूजा गर्दछन् । रजोगुणीहरूले यक्ष, राक्षस र आसुरी शक्तिको पूजा गर्दछन् । तिनीहरूमध्ये तमोगुणीहरूले भूत, प्रेतको पूजा गर्दछन् । तर जसले श्रद्धाभाव राखेर पूजा गर्दछ, मनै उपस्थित भएर त्यस्ता सबैलाई मैले नै वर दिन्छु, फल दिन्छु । देवताको नाम अन्त कहीं छैन देवत्व मानिसभित्र छ त्यो आत्मा हो । मनै सर्वत्र सबैका आत्मामा छु । म सबैको अन्तस्करण हृदयमा छु । ईश्वर सबैका हृदयमा बस्दछन् । केवल उसैका शरणमा जाऊँ हे अर्जुन । पूजाको समान हृदयमा नै गर भनेर कृष्णले अर्जुनलाई उपदेश गरेको पाइन्छ । यति शिक्षा अर्जुनलाई दिँदा दिँदै पनि मानिसहरू देवी-देवताका मूर्ति बनाएर पूजा गर्न थाले । शिला पूजा गर्न थाले । त्यसका साथसाथै सँगै कृष्णको पनि मूर्ति राखेर पूजा गर्न थाले । त्यस्तै बुद्धले जीवनभर कृष्णको साधनामा सिद्धान्तमा नै बल पुग्ने गरी मूर्तिको विरोध गर्दै आएका थिए । त्यस्ता बुद्धको पनि मूर्ति बनाएर पूजा गर्न थालियो । बुद्धले आफ्ना मुख्य अनुयायी शिष्य आनन्द सँग

भनेका थिए हे आनन्द ! तथागतको अनुसरण गर्ने हो मूर्ति पूजा गर्ने हैन भनेर आफ्ना अनुयायीलाई भनेका थिए । तर पनि अनुयायीहरूले मूर्तिपूजा गर्ने, बत्ती बाल्ने गर्न थाले । त्यही परम्परा चलेर आयो । तर त्यो आसुरी शक्ति हो त्यही जान अर्जुन भनेर उपदेश गरेको पाइन्छ । महापुरुषहरूको सम्झना रहिरहोस् भनेर मन्दिर बनेका हुन् । तर पूजा गर्न लागियो । उनीहरूको पथ उनीहरूले देखाएको बाटो स्मरण रहिरहोस् भनेर गरेको पाइन्छ । यहाँ देवता, स्त्री, पुरुष, मनुष्य, केही फरक छैनन् । जस्तै- पहिलो जन्ममा सीता ब्राह्मण कन्या थिइन्, सीता तपस्या गर्दागर्दा त्यो जन्ममा भगवान् रामलाई प्राप्त गर्न कोसिस गरिरहिन् तर प्राप्त गर्न सकिनन् र अर्को जन्ममा रामलाई प्राप्त गरिन् । त्यस्तै मीरा राजकुलमा जन्मे पनि भगवान्लाई प्राप्त गरिन् । त्यस्तै महापुरषहरूको मन्दिर, मस्जिद, गुम्बा, चर्च, बनाएर महापुरुषहरूको स्मरण गर्ने उद्देश्य लिएर बनाएको हो । मूर्तिमा फूल चढाउने, बत्ती बाल्ने, त्यति गरेपछि सबै भयो भनेर आफ्नो कर्तव्यलाई भुलेर बस्ने त्यसैलाई कल्याण मान्ने गर्दा आफ्नो लक्ष्यदेखि धेरै टाढा पुऱ्याइदिन्छ । त्यही रूढिवादी परम्परा हो । मन्दिरमा गएर पनि मूर्तिमा फूलमात्र चढाउने कार्यले केही उपलब्धि हुँदैन । मन्दिर पुगेपछि पनि त्यहाँ महापुरुषहरूका उपदेश नपाए पछि त्यसबाट केही उपलब्धि हुन सक्दैन । त्यस्तै पुस्तक पनि उपदेश जस्तै आवश्यक छ किनभने पुस्तक पनि मार्ग निर्देशक हो । त्यही माहापुरुषहरूको उपदेशहरूको राम्रो पक्ष जो हाम्रो जीवनमा पथ प्रदर्शक यी हुन् नभुलियोस् भनेर लिपिबद्ध गरेर पुस्तक बनाएको हो । तर त्यो पुस्तकमा भएको मार्ग निर्देशन ग्रहण नगरी आफ्नो जीवनमा नउतारेर केवल पुस्तकको मात्र संग्रह गरेर त्यहीं पुस्तकको पूजा गरेर ढोगेर मात्र केही लाभ छैन भनेर श्रीकृष्णले अर्जुनलाई उपदेश गरेको पाइन्छ । पुस्तकको अध्ययन गर्न आवश्यक जबतक छ अथवा रहन्छ त्यो पुस्तकमा भएको मार्गदर्शन ग्रहण गरेर आफ्नो जीवनमा उतार्नका लागि जब पुस्तकमा भएको इष्टवस्तु आत्माले ग्रहण गर्दछ त्यसपछि पुस्तक नै आत्मा हुन्छ । त्यही समयसम्म पुस्तकको आवश्यकता पर्दछ । पुन विस्मृत हुन थाल्यो भने पुस्तक फेरि पढ्नुपर्दछ र त्यसैलाई देख्दै पढ्दै अगाडि बढ्नुपर्दछ ।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ।। (गीता २-१६)

सत्य वस्तु सत्य नै हुन्छ। असत्य वस्तु सत्य हुन सक्दैन। त्यस्तै यो आत्मालाई कसैले क्षमताअनुसार आश्चर्यका रूपमा हेर्दछ कसैले आश्चर्यका रूपमा बुझ्दछ कसैले बुझ्न खोजेर पनि बुझ्न सक्दैन। कसैले आश्चर्य कै रूपमा सुन्दछ। त्यो आत्मा अजय छ अमर छ। सनातन छ अचिन्तन छ अगोचर छ। त्यस्ता आत्मालाई प्राप्त गर्न चित्तको निरोध गरेर त्यस आत्मालाई पाउन सक्ने विधि विशेष नै कर्म हो। त्यो पाउनु नै धर्म हो। यस नियत कर्मको माध्यमबाट चारै वर्णले ब्रह्म ज्ञान प्राप्त गर्न सक्छ। क्षमताको आधारमा नै वर्ण व्यवस्था गरिएको हो।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।।
श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ।। (गीता १८-४६, ४७)

स्वभावमा आउने क्षमताका आधारमा कर्ममा लाग्नु नै धर्म हो। स्वधर्ममा मर्न पनि श्रेयस्कर छ। तर कपडा बदले झैँ धर्म बदल्ने धर्म परिवर्तन गर्ने क्षमताको आर्जन नगरी कर्ममा लाग्दा कर्मले पनि हानि गर्न सक्दछ। स्वधर्म छोड्नु राम्रो होइन। कर्म जहाँ पुगेर छुट्दछ त्यहींबाट फेरि सुरुवात हुन्छ। तबमात्र त्यो कर्म लक्ष्यमा पुग्दछ। धर्मात्मा त्यो हो एक परमात्मामा मात्र अनन्य भावले लागिरहन्छ साथै जहाँबाट सबैको उत्पत्ति हुन्छ त्यो पहिचान गरेर त्यसको आराधना गर्दछ। नियत कर्मद्वारा मेरो शरणमा आउँदछ। एक धर्ममा नै लागिरहन्छ। सृष्टिमा धर्म एकै मात्र छ दुई छैनन्। त्यही पहिचान गरेर जो मुमुक्षु लाग्दछ, त्यसैले सफलता हासिल गर्दछ। कुन महात्मा कुन बाटोबाट गएर भगवान्लाई प्राप्त गर्न सफल भए, त्यो महापुरुषहरूको उपदेशबाट सिकेर निश्चयात्मक कर्मको माध्यमबाट नै मलाई प्राप्त गर्न सक्दछन्। त्यस्तै निश्चयात्मक बुद्धि एकै हुन्छ। अनेक बुद्धि गर्ने मानिसले पार पाउन कठिन हुन्छ। त्यसैले निश्चयात्मक बुद्धि गर।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ।। (गीता २-४१)

त्यस्तै यो सनातन धर्ममा विचलन आउनु यसको क्षय हुँदै जानु यस सनातन धर्ममा ह्रास हुँदै जानुमा पहिलो कारण त मुसलमानहरूको आक्रमणबाट पनि धर्म परिवर्तन जबरजस्ती गराइयो। आज आएर त्यस्तै इसाईबाट भएको छ। त्यस्तै हाम्रो सनातन धर्ममा कुप्रथा, कुरीति, रूढि,

परम्पराका कारण पनि जस्तै खानपान, छुवाछुत जस्ता पक्ष हाम्रो सनातन धर्ममा एवं नेपालमा चलेको कुप्रथाले गर्दा पनि धर्म परिवर्तन गर्नेमा प्रोत्साहन मिल्यो । साथै हाम्रा धर्म गुरु भन्नेहरूले पनि धर्मको मर्म र भावना एवं धर्मको सैद्धान्तिक पक्ष दार्शनिक पक्ष, धर्म के हो ? अधर्म के हो ? धर्मको आचरण कसरी गर्नुपर्दछ ? यज्ञ भनेको के हो ? यज्ञ कति किसिमका हुन्छन् ? वेदको निर्देश के कस्तो छ ? यस्ता कुरामा ध्यान नदिई कर्मकाण्डलाई मात्र महत्त्व दिएर त्यही जनमानसमा ज्ञान गराएको कारणले नै यो धर्म दबेर गयो । धर्म परिवर्तन गराउने लहर नै चलेको कारणले धर्म कमजोर भएको हो । त्यसैलाई उत्थान गरी धर्मको मर्यादा कार्य राख्न र सनातन धर्मको महत्त्वलाई बुझाउने उद्देश्य नै यस श्रीमद्भगवत्गीता रहस्य पुस्तकले लिएको छ । र त्यही कुरीति, रूढि परम्पराको अन्त्य गराउने नीति नै गीताले लिएको देखिन्छ । धर्म परिवर्तनको नाममा आत्महत्या नै भएको छ । अब के बुझ्न आवश्यक छ भने कुन बाटो महात्मा महापुरुषहरूले लिएका छन्, त्यही बाटो निश्चित बाटो हो भनेर नबुझेर आज यो दशा भएको छ, हाम्रो समाजको ।

त्यस्तै अर्को पक्ष हो गृहस्थ धर्ममा रहेका मानिसहरू सोच्दछन् धर्मको स्वरूप के हो ? गृहस्थहरूले कसरी गर्न सक्दछन् धर्म त एकान्तमा बस्ने चिन्तन गर्ने ध्यान गर्ने मात्र धर्म हो । इन्द्रिय संयम गरेर मात्र ध्यान गर्ने नै धर्म हो त्यो त गृहस्थबाट सम्भव छैन, गीता त साधुहरूको मात्र पहुँचमा हुन्छ भन्ने जस्तो धारणा छ । तर त्यस्तो होइन गीता गृहस्थबाटै गीताको सुरुवात हुन्छ । जन्म हुन्छ । अर्जुन गृहस्थ थिए ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ।। (गीता ४-३६)

भनेर श्रीकृष्णले भन्नुभएको छ । श्रद्धावान् लभते ज्ञानम् भन्ने ज्ञानबाट गीताको सुरुवात भएको हो । मूलतः यसका पथिक जो थिए तिनीहरूका साथै जसले साधना गर्न खोज्दछ तिनीहरूका लागि पनि गीता हो । जस्तै

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ।।६-३७।।
प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ।।६-४५।

गीताले सबै मानिसको उद्धार गर्दछ, सबैमा समान व्यवहार राख्दछ, सम्पत्ति नभए पनि जसले श्रद्धा राख्दछ। श्रद्धापूर्ण कर्म गर्दछ।

त्यसको कर्मफल त्यसै खेर जाँदैन किनकि कर्मको बीज त्यसै नाश हुँदैन। अथवा उसले कर्मअनुसारको फल प्राप्त नै गर्दछ हे अर्जुन भनेर श्रीकृष्णले उपदेश गरेको पाइन्छ। श्रद्धा युक्त भएर कर्म गर्ने व्यक्ति अर्को जन्ममा पनि राम्रो कुलमा जन्म लिएर मुक्ति प्राप्त गर्दछ। मेरो भजन त्यसै खेर जाँदैन।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्त्वयः सम्यग्व्यवसितो हि सः ।।
मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ।। (गीता ९-३०, ३२)

दुराचारीले पनि तत्त्व ज्ञान प्राप्त गरेपछि मुक्ति प्राप्त गर्दछ। मेरोमा आश्रृत स्त्री होस्, पुरुष होस्, उच्च जाति होस् या निचो होस् सबै मानव मात्र मेरो लागि समान छन्। गीता सबैका लागि हो। ज्ञानी योगी मेरो स्वरूप हो।

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णा
न्यन्यानि संयाति नवानि देही ।।(गीता २-२२)

आत्मा अमर छ शरीर कपडा फेरे जस्तै हो फेरिराख्दछ आत्माले। शरीरको यात्रा एक जन्मले सकिँदैन, त्यस्तै संसारमा दुई प्रकारका पुरुष छन्, एउटा क्षर, अर्को अक्षर। समस्त प्राणीका शरीर क्षर हुन् अथवा परिवर्तनशील पुरुष हो भने मन इन्द्रियदेखि पर कूटस्थ जो हुन्छ। त्यही आत्मा हो। त्यही अक्षर पुरुष हो। उसको कहिले पनि नाश हुँदैन त्यही भजनको अवस्था हो। त्यही तुरीय अवस्था हो। त्यही ब्रह्म हो। स्त्रीलाई कहिले सम्मान कहिले अपमान हुँदै गएको पाइन्छ। तर गीतामा स्त्री-पुरुष समान हुन्छन्। केही फरक मानिँदैन। यही गीताको अपौरुषेयवाणी हो। गीता सबैका लागि समान छ, सनातन छ, सनातन भनेर आत्मालाई भनिन्छ आत्मा सबैमा छ त्यसकारण गीता सनातन सबैको हो। गीताले परम कल्याण प्रदान गर्दछ। विधिको पनि निर्माण गर्दछ।

त्रैविद्या मां सोमपाः पूतपापा यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोक मश्नन्ति दिव्यान्दिवि देवभोगान् ।।
अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ।। (गीता ९-२०, २२)

जो सकाम भावबाट मेरो आराधना गर्दछ उसले स्वर्गप्राप्त गर्दछ। जसले निष्काम भाव राखेर मेरो भजन गर्दछ त्यो मलाई नै प्राप्त हुन्छ। अथवा मोक्ष प्राप्त गर्दछ।

किनभने वक्ता त एकै हुन्छ तर श्रोता धेरै हुन्छन्। ती सबैले एकैनासको ज्ञान प्राप्त गर्न सक्दछन् भन्ने हुँदैन, त्यस्तै जसको गति क्षमता छ त्यसले त्यति नै ज्ञान प्राप्त गर्न सक्दछ। त्यस्तै जसले जस्तो कर्म गर्दछ त्यही अनुसारको फल प्राप्त गर्ने हो। प्रकृतिमा पनि जे छ त्यही नै प्रकृतिबाट आउने हो। प्रकृतिमा नै नभएको वस्तु कसैले प्राप्त गर्न खोजे पनि प्राप्त गर्न सक्दैन। परिवर्तन हुने पनि भएकै वस्तुमा हो। तर जो साधनपथमा केही प्राप्त गर्न प्रयास गर्दछ भने त्यसले केही न केही त प्राप्त गर्दछ नै। प्रयासमा नै नलागेकाले केही प्राप्त गर्न सक्दैन। त्यस्तै गीतामा एक कुरुक्षेत्र छ त्यो बाहिर छ। अर्को धर्मक्षेत्र छ त्यो भित्र छ, कुरुक्षेत्रले बाहिर भौतिक वस्तुको ज्ञान गराउँछ। धर्मक्षेत्रले आत्माको ज्ञान गराउँछ, त्यस्तै कुरुक्षेत्रले आसुरीभाव अधर्मको प्रतिनिधित्व गर्दछ भने धर्मक्षेत्रले दैवीभाव एवं धर्मको प्रतिनिधित्व गर्दछ। ती खोज्न बाहिर जानुपर्दैन। हामी भित्रै छन्, आसुरी-भाव, काम, क्रोध, लोभ, मोह ईर्ष्यालाई परास्त गर्नु नै कुरुक्षेत्रको युद्धमा विजय गर्नु हो। त्यस्तै गीताले श्रेय र प्रेयको पनि ज्ञान गराउँछ। भगवान्को तत्त्व श्रेयस्कर छ, त्यसका अलावा अरू प्रिय करण छन्, तर त्यसले दिने परिणाम सुखद हुँदैन यही ज्ञान समाजलाई गीताले दिन खोजेको पाइन्छ।

त्यस्तै काम, क्रोध, लोभ, मोह, ईर्ष्याका लागि कहीं स्कुल खुलेको त छैन, तर तिनी प्रकृतिबाट उत्पन्न हुन्छन्। यी विकार विकृति सबैमा छन्। यसलाई श्रीकृष्णले र गीताले केही गर्न सक्दैनन् प्रकृतिद्वारा नै समाज चल्ने हो।

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ।। (गीता ३-३४)

तत्त्वदर्शी महापुरुषले, यज्ञ, तत्त्व जान्ने विधि, परमात्मा यी तीनै प्रेरक मानिन्छन् । ती तीनै जान्न योग्य छन्, यस्ता ज्ञान गर, जान अर्जुन भनेर भन्नु भएको पाइन्छ । तत्त्व ज्ञान गर्न बाधा इन्द्रिय जन्य काम क्रोध नै हुन् । त्यस्तै गीता १६-१६ मा

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ।।

भनेर आसुरी सम्पत्तिको वर्णन गरेको पाइन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो ज्ञानको विषयमा भ्रमित छ त्यस्ता व्यक्ति नरकमा गिर्दछन् । मलाई द्वेष गर्ने पनि नरकमा खस्दछन् । नरकका ढोका तीन छन् ती हुन् काम, क्रोध, लोभ, यही नरकका द्वार हुन् । गीतालाई सुनेर पढेर मात्र केही हुन सक्दैन । गीतालाई आफ्नो जीवनको व्यावहारिक यथार्थमा उतार्न सक्नुपर्दछ । तब मात्र गीताले दिन खोजेको ज्ञान प्राप्त गर्न सकिन्छ । त्यस्तै नरक भनेको के हो ? भन्ने प्रश्न आउन सक्दछ । त्यो भनेको बारम्बार कीट, पतङ्ग, पशु आदि योनिमा जन्म लिनु नै नरक हो ।

प्रथमोऽध्यायःमा अर्जुन विषाद शक्ति योगले ग्रस्त भएर मूढबुद्धि अज्ञानको कारण पिण्ड दान नभएपछि पितृ नरक जान्छन् भनेर भ्रमित भएर, नरसंहाररूपी युद्ध गर्दिन । त्यसबाट स्त्रीहरू विधवा हुन्छन् दूषित त्यसबाट वर्ण सङ्कर वंश हुन्छन् । त्यसबाट पित्तृहरू नरक जान्छन् । वर्ण कुल बिग्रन्छ भन्नु यी सबै कुरा अज्ञानको कारण हो । युद्धबाट शरीर मात्र नाश हुने हो । आत्मा त अमर छ स्थायी छ त्यो मर्ने हैन, शरीर त मानिसले कपडा फेरे जस्तो आत्माले शरीर फेर्ने मात्र हो । जहाँ आत्माले पुन शरीर धारण गर्दछ, त्यहाँ त्यसले खान त पाइहाल्दछ । यो पिण्डपानी पितृले पाउँदैनन् भन्नु सबै अज्ञान कै कारण हो भनेर श्रीकृष्णले भन्नु भएको छ । गीताले दिन खोजेको ज्ञान पनि त्यही हो । त्यस्तै यहाँ म भनेको आत्मा हो । आत्माले त्यो शरीर बदल्ने हो । आत्मा मर्दैन आत्मा मेरो अंश हो ।

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।।
शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ।। (गीता १५-७, ८)

यो आत्मा मेरो अंश हो । आत्मा सनातन छ अज छ । सबै जीव मेरै अंश हुन् । जीवात्माले इन्द्रिय सहित मन अर्को शरीर धारण गर्दछ, वायुले गन्ध धारण गरे झैं भोग गर्दछ । बीचमा कतै विराम छैन । त्यहाँ खान पाइहाल्छ । यहाँ प्रश्न उठ्न सक्दछ, पिण्ड दान किन गरिन्छ यो अज्ञान मात्र हो भनेर भगवान्ले अर्जुनलाई उपदेश गरेको पाइन्छ ।

पाप र पुण्य के हो ? यस प्रश्नमा समाजमा अनेक प्रकारका भ्रम छन् शङ्का-उपशङ्का छन् । पाप भन्ने खासमा आफूभित्र भएको रजोगुणबाट उत्पन्न, कामना वासना, लोभ, मोह, क्रोध, इच्छा आकांक्षा नै पाप हो । मन, बुद्धि, इन्द्रियहरू काम, क्रोधका वासस्थान हुन् । भोगबाट कहिले पनि तृप्त नहुने पापी हो ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ।। (गीता ४-३४)

भगवान्को शरण लिएर तत्त्व ज्ञानी महापुरुषबाट तत्त्व ज्ञान प्राप्त भएपछि भगवान्को जप ध्यान आराधनाबाट पाप क्षय हुन्छ । यही श्रीकृष्णले बताउनुभएको छ ।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ।। (गीता ३-१३)

यज्ञशेष बचेको खाने योगी सम्पूर्ण पापबाट मुक्त हुन्छ । अरू जो आत्मालाई चिन्न नसकेर शरीरका लागि कामना गर्दछन् ती पापी हुन् । तिनीहरू पापै खान्छन् । जसले यज्ञको चिन्तन गर्दैन ती पापबाट छुट्न सक्दैनन् । जसमा त्यो ज्ञान छ शरीर नाशवान हो, ब्रह्म नै स्थायी हो आत्मा नै स्थायी हो । जसले जन्मको कामना गर्नु पाप हो भन्ने जान्दछ अमृत तत्त्वको स्मरण गर्दछ, सबै प्रकारले मलाई नै जान्दछ त्यस्तो व्यक्ति मेरो शरणमा आएर जरा, मरण, जन्म, मृत्यु, व्याधिबाट माथि उठ्दछ । शास्वत ब्रह्मको जानकारी गर्दछ ।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ।। (गीता १०-३)

जसले मलाई अजन्मा जन्म, मृत्युदेखि रहित जान्दछ त्यस्तो योगी मुक्त हुन्छ भनेर श्रीकृष्णले भन्नुभएको छ । श्रद्धालाई तोड्नु पाप हो । श्रद्धालाई जोड्नु धर्म हो । जो अमृत तत्त्व प्राप्त गर्ने सम्पूर्ण कर्म सम्पूर्ण धर्म मलाई

जान्ने ती सबै मुक्त हुन्छन् । तीनै ज्ञानवान हुन्छन् बारम्बार जन्म मृत्यु नै पाप हो । जन्म, मृत्युबाट माथि उठ्नु नै धर्म हो । अथवा पुण्य हो । त्यस्तै सत्य बोल्नु, आफ्नो सत् कमाई खानु स्त्री जातिलाई मातृवत् देख्नु, इमानदारी रहनु हुनु सबैको सहयोगी हुन् र साक्षत् आत्मा भगवान्लाई प्राप्त गर्नु नै पुण्य हो ।

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ।। (गीता ४-१)

यही योग सूर्यलाई सुनाएको थिएँ । तर त्यस अवस्थामा यद्यपि म कृष्णको रूपमा थिइनँ तर अन्य कहीं कृष्णको उल्लेख गरेको पनि पाइँदैन । तर पनि महापुरुष एकै हुन् । चाहे राम, चाहे, कृष्ण, कवीर, ऋषभदेव, बुद्ध, इसु, मुहम्मद, मीरा, सीता, जो हुन् महापुरुष सबैले अलग अलग उपदेश गराए पनि त्यो ज्ञान एउटै हो । जुन सम्प्रदायमा भए पनि सन्त निरपेक्ष हुन्छ । उसको निन्दा गर्न मिल्दैन त्यसले हानि गर्दछ । जसले भने पनि भनेको त्यो योग श्रीकृष्णकै हो । ईश्वरले नै भनेको हो । सन्तको नजरमा सबै महापुरुषहरू एकै हुन् । एउटै मार्गमा हुन्छन् । महापुरुषहरू पूर्व अथवा पश्चिमी काला अथवा गोरा जुन जातिमा जुन रङ्गमा जुन देशमा जन्मे पनि त्यस्ता सन्तको शरीर एक घर मात्र हो । आत्मा सबैको एउटै हो । उनीहरूमा भेद गर्नु हुँदैन । उनीहरू शुद्ध आत्मा स्वरूप हुन् । आफ्नो लक्ष्यमा अटल हुन्छन् । यही कुरा भगवान् कृष्णले गीता १५-१६ मा प्रस्ट गर्नुभएको छ । त्यस्ता महापुरुषहरूमा हिन्दु, मुस्लिम, इसाई आदिको कुनै भेद छैन । उनीहरू निरपेक्ष नै हुन्छन् । यस्ताको निन्दा गर्नु भेद देख्नु पाप हो । सम्प्रदायमा सीमित रहनु पाप हो ।

वेद गीतामा वेदको वर्णन प्रसङ्ग धेरै आउँछ ।
त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ।।
यावानर्थ उदपाने सर्वतः सम्प्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ।। (गीता २-४५, ४६)

हे अर्जुन वेदमा मुख्य गरी प्रकृतिका तीन भेद गुणहरूका सम्बन्धमा उल्लेख छ । त्यसैले तिमी यी तीन गुणभन्दा पर जाऊ अथवा माथि उठ सम्पूर्ण द्वैतभावबाट मुक्त होऊ, त्यस्तै समस्त लाभ र इच्छाका चिन्तनबाट पनि मुक्त होऊ र आत्ममा स्थित होऊ । जसरी एउटा सानो कुवाको काम

विशाल जलाशयबाट तुरुन्त पूरा हुन्छ। त्यसै गरि वेदका पछाडि रहेको प्रयोजन परब्रह्मलाई जाने पछि स्वतःपूर्ण हुन्छ।

वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाद्यम् ।। (गीता ८-२८)
मलाई राम्रोसँग जानेपछि अरू जान्न बाँकी रहँदैन ।
ऊर्ध्वमूलमधः शाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।। (गीता १५-१)

संसारको मूल नै ब्रह्म हो। ब्रह्म माथि छ त्यसैबाट सबै फैलिएको हो। त्यस्तै ओमकारको जपको विधान समेत सबै तत्त्व ज्ञान गीता ७-८। ८-१३। ९-१७। १०-२५। १०-३३। १७-२३। २४,। ४-१। त्यस्तै कृष्णले भन्नुभएको छ- म नै परम चेतन बीज हुँ। प्रकृति माता हुन्। यहाँ सूर्य व्यक्ति हैन बीज हो भन्दा अर्जुनलाई मोह नष्ट नभएकाले प्रश्न गर्दछन् र जब भगवान्ले तत्त्व ज्ञान गराइसकेपछि बल्ल मेरो मोह नष्ट भयो। अब युद्ध गर्दछु भन्दछन्। यही नै मनुस्मृति हो। मनुका समयमा लेख्ने प्रचलन थिएन त्यसैले मनुले वेदलाई जान्ने हुनाले श्रुति भनिएको हो। त्यस्तै गीतालाई स्मृति ग्रन्थ भनेर नामकरण गरिएको हो। गीता धर्म शास्त्र हो। गीतालाई अपहेलना गर्ने सिधै नरकमा जान्छ। गीता त्याग्नेले कहिले शान्ति पाउन सक्दैन।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ।। (गीता १५-२०)

यो ज्ञान वैदिक शास्त्रको सबैभन्दा गोप्य हो भन्नुभएको छ। गीतालाई। त्यस्तै गीता १६-२२, २३, २४ यही शास्त्र को प्रमाण हो। तिमी ममा निवास गर। गीता नै मनुस्मृति हो। समाजमा भएका अरू शास्त्र कथित शास्त्र मात्र हुन्। मनु समयमा अरू कुनै शास्त्र थिएनन्। यो गोपनीय शास्त्र हो। किनभने अरू शास्त्र जो लेखिएका छन् तिनीमा भगवान्को नाम मुक्तिका विधि केही लेखिएको पाइँदैन। समाज उचो-निचो भेद गरेका विषयमा अथवा भौतिक विषयमा लेखेका शास्त्रहरू मात्र छन्। सदा रहने जीवन सदा रहने शान्ति गीताले मात्र प्रदान गर्दछ। गीता स्वयं भगवान्को वाणी हो तर अरू शास्त्र मनुष्य कोटीका महापुरुषले लेखेका हुन्। मनुका नामबाट प्रचलित

वर्तमान कालमा भएका स्मृतिमा मनुकालीन वातावरण छैन । मूल मनुस्मृति, गीता एकै भगवान्लाई सत्य मान्दछन् । वर्तमान कालमा प्रचलित स्मृतिहरू धेरै छन् । तीनले केवल व्यावहारिक संसारको र वातावरणको मात्र उल्लेख र संरक्षण गरेको पाइन्छ । भगवान् परमात्माको तत्त्व नामसम्म उल्लेख छैन । भगवान्को शक्तिको मुक्तिको मोक्षको वर्णन सम्बन्धी ज्ञान उल्लेख गरेको कहीँ पाइँदैन । ती कथित राजा-महाराजका वर्णन स्मृतिहरू राजाका संरक्षणमा लेखिएका हुन् । तीनमा विषय वासना, भौतिक पदार्थ दरबार, सांस्कृतिक सडक आदि जगत्को विषयमा मात्र लेखिएका पाइन्छन् । न तिनी स्मृतिहरूमा मोक्षको उपायको सम्बन्धमा नै प्रकाश पारिएको छ । न त कुनै महापुरुषहरूको विषयहरू केही आन्तरिक-बाह्य व्यावहारिक तथा न कुनै आध्यात्मिक विषय लोकरीति समेतको ध्यान राखेर लेखिएको छ । न त यथार्थ वेद रीतिको ज्ञान राखेर लेखिएको छ । त्यसकारण ती सबै अपरा ज्ञान मात्र हुन् ।

महापुरुषहरू सबैको एकरूपता पाइन्छ, जस्तै- वशिष्ठ, शुक्राचार्य माहात्मा बुद्ध, मुषा, श्रीकृष्ण, राम, गुरुगोविन्द सिं आदि सहस्र महा पुरुषहरूले सामाजिक विकृतिलाई हटाएर समाजमा सुव्यवस्था कार्य गराउने व्यवस्थाकारहरू नै मानिनुहुन्छ भने । त्यस्तै श्रीकृष्णले गीतामा यथार्थ ज्ञान समय सान्दर्भिक ज्ञान समाजमा उपयोगी ज्ञान एवं नियत कर्म योगको साधनाको माध्यमबाट मानिसलाई शान्ति एवं मोक्षको बाटो गीता ज्ञानको उपदेश गरेर देखाउनुभएको छ । त्यस्तो ज्ञान एकचोटि प्राप्त गरेपछि अथवा एकचोटि विजय पाएपछि सधैँलाई पुग्ने ज्ञान गीताले दिएको छ । योगेश्वर श्रीकृणले शाश्वत परिचय दिएर जो क्षेत्र क्षेत्रज्ञको अशान्ति लडाइँ सधैँका लागि निराकरण गरिदिनुभएको छ । गीताले आफूभित्र भएको प्रकृति पुरुषको लडाइँको अन्त्य गरेको छ । मनुष्य मात्रको यथार्थ अनन्त जीवनको संरक्षण गरेको छ । अन्तमा हे अर्जुन ! तिमी मेरो अत्यन्त प्रिय मित्र भएको हुँदा यो अति गोप्य ज्ञान तिमीलाई दिएको छु । गीतामा कहीँ पनि संशय छैन । भेदभाव छैन । गीता सनातन छ । अपौरुषेय छ, समान छ, गीता यथार्थ छ । अस्तु गीता रहस्य समाप्तम् ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ।।
ॐ स नाववतु । सह नौ भुनक्तु । सह वीर्य करवावहै ।
तेजस्वि नावधीतमस्तु । मा विद्विषावहै ।।

सच्चिदानन्द परब्रह्म सबै प्रकारले सदासर्वदा परिपर्ण हुनुहुन्छ । यस जगत्लाई पनि परब्रह्मले नै पूर्ण गर्नुभएको छ, किनकि यो पूर्ण उनै पुरुषोत्तम ब्रह्मबाट नै उत्पन्न भएको हो । यस कारण परब्रह्मको पूर्णताले गर्दा जगत् पूर्ण छ, यसैले परिपूर्ण पनि छ, पूर्णबाट पूर्ण निकाल्दा पनि त्यो पूर्ण नै रहन्छ ।

हे परमात्मा परब्रह्मेश्वर हजुरले हामी गुरु-शिष्य दुवैका साथसाथै सबै प्रकारले रक्षा गर्नुहोस् ।

हामी दुवैका साथै समुचित रूपले पालन पोषण गर्नुहोस् । हामी दुवैले सँगै बल पराक्रम गर्न सकौँ । हामी दुवैले अध्ययन गरेको विद्या तेजपूर्ण होओस् । कहीँ कतै कसैबाट विद्यामा पराजित हुनु नपरोस् र हामी दुवै जीवनभर स्नेह प्रेम सद्भावमा रहिरहन सकौँ । हाम्रो मनभित्र कहिले पनि द्वेष नआओस् । हे परब्रह्म ! आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीन तापबाट निवृत्ति होओस् ।

श्रीमद्भगवद्गीता सहस्य समाप्तम्

ॐ शान्तिः शान्तिः शान्तिः ।

NEPAL SANSKRIT UNIVERSITY
वाल्मीकि विद्यापीठ
पुस्तकालय
ACC. 2562

लेखक परिचय



नाम : मतिराज शर्मा भुसाल

जन्म मिति : २००१ साल

जन्म स्थान : सन्धिखर्क नगरपालिका ५, वाङ्गला, अर्घाखाँची

शिक्षा : व्याकरणमा शास्त्री
नेपाली एम.ए.
अधिवक्ता

अनुभव : क) पूर्वराजपरिषदको सम्माननीय सदस्य
ख) कानून व्यवसायमा लामो अनुभव
ग) विभिन्न क्षेत्रमा समाजसेवा

रुचि : अध्यात्म चिन्तन मनन, वेदान्त दर्शन अध्ययन एवं लेखन, प्रवचन, सत्सङ्गत

प्रकाशित कृति : आजका मानव र आत्मबोध, २०७४
वेदान्त दर्शन रहस्य, २०७६

www.ratnabook.com

RATNA PUSTAK BHANDAR

Shreemadbhagawadgeeta Rahasya
(Geeta Secrets)
Matiraj Sharma Bhusal
Rs. 350.00

Philosophy

ISBN 978-9937-33227

9 789937 332279